छोड्या वाण र इन्द्रजीत विरको ❀ शीरै खसाया जसै ।
इन्द्रादीहरु पुष्प-वृष्टि खुशि भै ❀ खुप् गर्न लाग्या तसै ॥२११
हर्षैले नगरा बज्या, पृथिविको ❀ जुन् भारि हो त्यो गयो ।
हर्षैले जय शब्दको ध्वनि पनी ❀ ताहाँ बहूतै भयो ॥
लक्ष्मण्ले पनि शंखको ध्वनि र खुप् ❀ टंकार् धनूको गर्‍या ।
वानर्ले बहुतै गर्‍या स्तुति तहाँ ❀ आनन्दमा सब् पर्‍या ॥२१२
लक्ष्मण्जी सब फौज् लियेर रघुनाथ्- ❀ ज्यूका हजूरमा गया ।
पाऊमा परि दण्डवत् गरि तहाँ ❀ सब् बिन्ति गर्दा भया ॥
खूशी खुप् हुनुभो सुनेर रघुनाथ् ❀ हूकूम् भयो बेस् गर्‍यौ ।
मार्‍यौ इन्द्रजितै त आज तिमिले ❀ सव्शत्रुको मूल् हर्‍यौ ॥२१३
मेरो शत्रु अवश्य छैन अब वीर्, ❀ जुन् वीर हो सो गयो ।
त्यस् रावण्कन मार्नलाइ सजिलो ❀ यै वीर मर्दा भयो ॥
ऐह्ले युद्ध हुँदा म मार्छु सहजै ❀ भन्या हुकूम् यो भयो ।
सब् सम्चार सुनेर रावण पनी ❀ मूर्छा परी गैगयो ॥२१४

❀





अथ क्षेपकः

श्रीसती-सुलोचना

वात्स्यायनले भने–

शेष्जीका मुखदेखि श्री हरिकथा ❀ सुन्दै थिये झट् तहाँ ।
मन् भो सुत्र सुलोचना सति-कथा ❀ फेरी उसै बीच्महाँ ।।
हे शेष्जी ! प्रभुका चरित्र जति छन् ❀ बाँकी नराखी तथा ।
सून्याँ, सुत्र म पाउँ यस् बखतमा ❀ सत्ती सुलोचन्-कथा ।।१

शेषले भने–

वात्स्यायन् ऋषिकावचन्जबसुन्या ❀ श्रीशेषजीले तहाँ ।
आज्ञा भो मुनिजी ! म भन्छु सुनिल्यौ ❀ तिम्रा अगाडीमहाँ ।।
रावण्-पुत्र बलिष्ठ नाम जसको ❀ श्रीमेघनाद् वीर् थियो ।
स्वर्गैमा गइ इन्द्रदेव जसले ❀ वश्मा गराईलियो ।।२
जस्का तागतले भुवन् जगतमा ❀ हल्चल् मचाईदियो ।
तेस्कारण् भइ लोकका बिचमहाँ ❀ श्रीइन्द्रजित् नाम् भयो ।।
पापी रावण धेर् अधर्मि हुनगै ❀ श्रीजानकीजी हर्‍यो ।
सोही कारण वीर् पराक्रमि हुँदा ❀ सम्मर्-भुमीमा पर्‍यो ।।३
एक्दिन् लक्ष्मण इन्द्रजित् दुइजना ❀ शस्त्रै लियी खुप् तहाँ ।
पृगे लड्न निमित्त हाँक् दिइ दिई ❀ युद्धै भुमी- बीच्महाँ ।।
भारी वीर पराक्रमी अति ठुलो ❀ वीर्-इन्द्रजित् जो थियो ।
वर्षाका सरि बाण् समर् भुमिमहाँ ❀ वर्षाउँदो त्यो भयो ।।४

भारी हल्चल मच्च गो लषणका ❀ फौजैमहाँ तेस् घरि ।
राम्राम्राम्भनिविष्णुलोकबिचमा ❀ जान्थे पटापट् मरी ॥
यो हाल् देखि ति भक्तलक्ष्मणजिले ❀ ठूलो प्रतिज्ञा गरे ।
गर्छू प्रण् यसलाइ मार्न अहिले ❀ भन्ने इरादा धरे ॥५
भक्तैवत्सल राम हुन् यदि भन्या ❀ यो कष्ट टारीदिनू ।
शक्ती यो मेघनादको यस घरी ❀ खैँची प्रभूले लिनू ॥
येती बात् भनि बाण् चढाइ धनुमा ❀ हान्दा त बेग्ले गयो ।
काटी इद्रजितैको शिर् अनि भुजा ❀ ऊडेर आकाश् गयो ॥६
बस्थिन् रानि सुलोचना महलमा ❀ साथ्मा सखी ली तहाँ ।
आई गिर्न गयो श्रीइन्द्रजितको ❀ बाहू अगाडीमहाँ ॥
देखी झट् पतिका कोमल् कर तहाँ ❀ सूलोचनाले जसै ।
कोलाहल् गरि चित्तलाइ तिनले ❀ व्याकुल् गराइन् तसै ॥७
राम्राम् के गति भैगयो पतिजिको ❀ साह्रै अभागी भयाँ ।
जस्को छैन पती ति हुन्छ विगती ❀ सोही गती भैगयाँ ॥
ताजुब् हो तर ती पती रणमहाँ ❀ गिर्नूभयो हो भनी ।
विश्वास् छैन मलाइ कत्ति अहिले ❀ वर्दान् विफल् भो भनी ॥८
जस्ले बाह्र बरष्तलक् वनमहाँ ❀ सुत्तै नसुती रती ।
जस्ले इन्द्रियलाइ वश् गरि लिनन् ❀ तपस् गरी खुब् अति ॥
जस्ले लोभ र मोह त्याग् गरि सबै ❀ भोक् प्यास् नमानी रती ।
तेस्तै कोहि मिलेछ लौ यदि भन्या ❀ मानेछ मेरा पति ॥९
वर्दान् यस्रितको हुदाँ शिवजिको, ❀ पर्दैन विश्वास् यहाँ ।
तेस्ता त्यागि पुरुष् म यस् बखतमा ❀ देख्दीनँ संसार्महाँ ॥

केही दुद् मनमा लियेर उ बखत् ❀ यो बात भन्छिन् तहाँ ।
प्यारी हूँ प्रभुकी पतिव्रत भने ❀ मेरा अगाडीमहाँ ॥१०
खूलस्ता सब हाल भङ्ग भुजले ❀ लेखी जमीनैमहाँ ।
एकाग्रै मनलाइ पारिदिनुहोस् ❀ सब्का अगाडीमहाँ ॥
येती बिन्ति गरी ति चुप् भइगइन् ❀ साम्ने अगाडी तहाँ ।
थर्थर् काँपि उठ्यो ति इन्द्रजितको ❀ बाहू उसै बीचमहाँ ॥११
पञ्जा खूब फिजारि भङ्ग करले ❀ माग्यो इशारा गरी ।
लेख्नै हो भनि एक् सखी उठि गई ❀ ल्याई दिइन् झट् खरी ॥
पाई तेस् करले खरी उस घरी ❀ लेखीदियो खर्खरी ।
लेख्यो आफ्नु गती पढिन् जब सती ❀ रूँदी भइन् धर्धरी ॥१२
राम्का भाइ लषन् बलिष्ठ बलवान् ❀ आई लडे रणमहाँ ।
काटी हात गिऱ्यो तिमी नजिकमा ❀ शिर् पूग्यो राम्पाउमा ॥
यो वाणी जब लेखियो जमिनमा ❀ पल्टीगयो कर् जसै ।
थालिन् रून सुलोचना उस बखत् ❀ छाती पिटी खुब् तसै ॥१३

अहो, संसार् लोप् भो विनुपति हुने हो कुन गति ।
दुखी हुन्छन् नारी विपति अति भारी विनु-पति ॥
जउन् बाहू-बल्ले त्रिलोक वश भो हे प्रियपति ।
जउन् बाहू-बल्ले कुबेर वश भो लौ धनपति ॥१४॥
जउन् बाहू-बल्ले यमपुरि सहज् वश् गरिलियो ।
जउन् बाहू-बल्ले सकल रिपुको नाश् गरिदियो ॥
जउन् बाहू-बल्ले नरपति सहज् वश् गरिलियो ।
सोही बाहू ऐल्हे कटित हुनगै यो गति भयो ॥१५॥

यस्तारीत्सितधेर् विलाप् गरि गरी ❀ सूलोचना फेर् तहाँ ।
भन्छिन् हे पतिजी ! मलाइ अहिले ❀ लैजानुहोस् सङ्महाँ ॥
रोई रोइ फुकालि सब् ति गहना ❀ सूलोचनाले तहाँ ।
दूखी ब्राह्मणलाइ दान् गरिदिइन् ❀ फेरी उसै बीच्महाँ ॥१६
सर्वस्वै सब दान् गरीवरि सकी ❀ डोली मगाऊ भनी ।
आज्ञा भो सखिलाइ फेरि उ बखत् ❀ आये ति डोले पनि ॥
आहू श्रीपतिको लिई सँगमहाँ ❀ चढिन् ति डोलीमहाँ ।
रुन्थे सब् पुरवासि आइ नजिकै ❀ सुर्ता लिई मन्महाँ ॥१७
विस्मात्चाल्सँगपुग्नगो डोलि जसै ❀ लंकापुरीमा तहाँ ।
साहै कंकल स्वर् गर्‍यो महलका ❀ चौतर्फ फाटक् महाँ ॥
आवाज् यस् रितको हुँदा दशदिशै ❀ कुर्लेर ऊठ्यो तहाँ ।
हे वीर् हो ! पुरवासि आइ नजिकै ❀ सुर्ता लिई मन्महाँ ॥१८
लौ लौ लौ अब के भयो कसो गरौं ❀ हे ! वीर हो सब् यहाँ ।
शस्त्रै अस्त्र लियेर आउ अहिले ❀ मेरा अगाडीमहाँ ॥
मार्छू काट्छु निभाउँछू रिपुकनै ❀ भन्दै अगाडी सर्‍यो ।
खूँडा हातमहाँ लियेर दशशिश् ❀ फाटक्महाँ झट्झर्‍यो ॥१९
क्रोधले पूर्णभयेर लाल्गेडिसमान् ❀ आँखो बनाई गयो ।
देख्यो सामुमहाँ बुहारि उसले ❀ लाज्ले भुतुक्कै भयो ॥
सोध्यो रावणले बुहारि अहिले ❀ कुन् कारणैले यहाँ ।
आयौ आफ्नु महल् छोडेर तिमिले ❀ मेरा अगाडीमहाँ ॥२०
आज्ञा यो ससुराज्युको हुन गई ❀ क्यै घुम्टो हाली तहाँ ।
हात् जोडी विनतीगरीन् ति सतिले ❀ सब्का अगाडीमहाँ ॥

सुलोचनाले भनिन्-

ठुलो नाम् लंकाका पति भनि हजुर्को भुवनमा ।
रहेको यो दासी विपति भुगती रुन्छु जगमा ॥२१॥
हरे ! तिन्कै ब्वारी पति बिछुड भै रुन्छु धर्धरी ।
हजुरको कीर्तिले भुवन तिन लोक् काँप्छ थर्थरी ॥
प्रबल्-शक्ती राम्का लषण भनि नाम् भाइ जसका ।
तिनैले यो हालत् गिरिदिया हजुर्की बुहारिका ॥२२॥
अकस्मात् आयो हात् महल-बिचका आँगनमहाँ ।
खरी दीदा हात्मा खुरु-खुरु लेख्यो भूमितलमा ॥
अहो ! प्यारी जान्छू शिर कर अलग् भैगो रणमा ।
यो हात् आयो याहाँ शिर उडि पुग्यो राम्चरणमा ॥२३॥
सुन्यौ प्यारी ! भारी पृथिवि भइ गो पाप हुनगो ।
सोही तारण्-कारण् भुवनपति औतार लिनुभो ॥
जउन् वीर्ले मेरो गतिमति नराख्री मार्‍यो पहिले ।
उनै दूई वीर्ले दशशिश बुवा मार्छ अहिले ॥२४॥
यही रीत्का धेरै लेखनि लेखिदी हस्त पतिले ।
सोही बाहू साथ्मा लिइकन चल्याँ याहि गतिले ॥
म पाऊँ शिर् नाथ्का विनति प्रभुमा गर्छु अहिले ।
लिई इज्जत् नाथ्का कुन रित तहाँ जानु मइले ॥२५॥
यस्तो बिन्ति सुनी ति पुत्रवधुको ❀ क्रोधले नयन् लाल् गरी ।
हात्को खड्ग उठाइ भन्छ दशशिश् ❀ सुर्ता नल्यौ ब्वाहरी ॥
सुर्ता धेर् तिमिले नलेउ यसरी ❀ मार्नेछु खड्गै लिई ।
एक शिर्को दुइ शिर् लिनेछु बदला ❀ राम् लक्ष्मणैको गई ॥२६

मार्छू नल्निल फेर् विभीषण पनी ❀ सुग्रीव् हनूमान् अनि ।
अङ्गद्द्वीविदजाम्बवान् ति जतिछन् ❀ सम्पूर्णलाई पनि ॥
बीस् हात्माबिसशस्त्रलिन्छु म अनी ❀ काट्छू रिपूदल् सबै ।
धन्दा पुत्रवधू, नमान तिमिले ❀ केही कुराको कबै ॥२७
यस्ता रीत्सित धेर् कुरा गरिसक्या ❀ बुहारिका मन्महाँ ।
पत्यार् क्यै नपरी भनिन् उस घरी ❀ हात् जोरि सामूमहाँ ॥
हे नाथ् मानुष ठानिबक्सनुभयो ❀ भाई दुवै वीरलाइ ।
मानिस् हुन् कसरी भनूँ म अहिले ❀ श्रीराम् धनुर्धारिलाइ ॥२८
जस्ले तार्नुभयो जटायु खगराज् ❀ नारी अहिल्या पनि ।
जस्ले सागर पार् गराइ सुनको ❀ लंका फुकाया पनि ॥
जस्ले एक् शरले अनेक् विरहरू ❀ मुक्ती गराईदिया ।
जस्ले पूर्ण कृपा हुँदा श्रीपतिका ❀ शीरै चरण्मा लिया ॥२९
जस्ले मानुष रूप् धरी पृथिविको ❀ भार् हर्छु ऐह्रे भनी ।
आयाका सब जान्दछन् पृथिविमा ❀ साक्षात् जगत्का धनी ॥
यस्ता श्रीरघुनाथ राम् प्रभुजिका ❀ दुश्मन् हजुर्ले बनी ।
मार्छू काट्छुनिभाउँछू इ जति बात् ❀ के हुन्छ बेर्थै भनी ॥३०
जुन् सीता हरि ल्याइबक्सनुभयो ❀ साक्षात् ति हुन् भग्वती ।
राक्षस्काकुलकोविनाश् ति गरनिन् ❀ आयो हुँदै यो गति ॥
तेस्ता श्रीभगवानका गुण-कथा ❀ शेष् शारदाले पनि ।
सक्तैनन् वरणन् बताउन यहाँ ❀ के सक्तथें मै भनी ॥३१
जुन् पाऊ परि अन्त्यमा त पतिका ❀ शिर्ले नमस्कार् गऱ्यो ।
तेस्ता श्रीप्रभुका चरण्कमलमा ❀ आफै म जानू पऱ्यो ॥

मागछू शिर् धरि रामका चरणमा ❀ दिन्छन् बहुत् खुश् भई ।
सोही शिर् लिइ काखमा पतिसँगै ❀ जान्छू सती मै भई ॥३२
तस्मात् हे करुणानिधान् ! हजुरले ❀ आज्ञा दिनूहोस् यहाँ ।
आफै गै लिइ आउँछू शिर् पतिको ❀ ऐह्रे अगाडी महाँ ॥
येती बिन्ति गरिन् अनी तिनि गइन् ❀ मन्दोदरी छन् जहाँ ।
हात् जोरी विनती गरिन् उस बखत् ❀ पस्त्रेर पाऊमहाँ ॥३३
हे माता ! सुत इन्द्रजित् हजुरको ❀ लक्ष्मण् विरैले तहाँ ।
माऱ्या शिर् कर काटि तीक्ष्ण शरले ❀ ठूलो समर्- भूमिमा ॥
यस्ता वाणि सुनी ती मन्दोदरि झट् ❀ मूर्छा जमिन्मा परिन् ।
चेत् पाई केहि बेरमा ति जननी ❀ रूदन् बहूतै गरिन् ॥३४
दश्मास् गर्भमहाँ लिएँ कठिनले ❀ ठूलो तपस्या गरी ।
जस्को भर् लिइ बस्तथें भवनमा ❀ हा दैव ! गैगो मरी ॥
संसार्मा जति शोक् छ जीव नरमा ❀ पुत्रै छ शोक् धेर् अति ।
हा हा ! दैव लुटीलियो यस घरी ❀ यो देहका सब् गति ॥३५
यस्तै धेर अनेक् बिलाप गरदै ❀ रुन्थिन् ति मन्दोदरी ।
सम्झिन् नारदका भविष्यफल त्यो ❀ आईगयो सो घरि ॥
भन्थे नारदले सिताकन हरी ❀ लानेछ रावण् जसै ।
सोही कारण वंश नाश् हुन गई ❀ मर्नेछ रावण् तसै ॥३६
साँचो सब् हुन जान्छ की त अहिले ❀ भन्ने विचार् गर्दछु ।
कूलक्षण् सब देख्छु मै घरि घरी ❀ कायर् भई डर्दछु ॥
लाज्डर् केहि नमानि जाउ तिमिले ❀ श्रीरामजी छन् जहाँ ।
मागी निज् पतिको शिरै यस घरी ❀ लीयेर आऊ यहाँ ॥३७

सोही शिर् सँगमा लियेर तिमिले ❀ शास्त्रै विधान्ले गरी ।
जाऊ खूशि भई सती यस घरी ❀ संसार सागर् तरी ॥
स्वामीका सँगमा सती हुन गये ❀ भोग् मिल्छ स्वर्गैमहाँ ।
ठूलो नाम् जगमा सुलोचन सती ❀ हूनेछ संसार्महाँ ॥३८
सासूका इ वचन् सुनी जब लिइन् ❀ सूलोचनाले तहाँ ।
स्वामीका शिर मागन जान्छु म भनी ❀ फेरी उसै बीच्महाँ ॥
फर्की डोलिमहाँ चढी जब लिइन् ❀ बाहू लिई सङ्महाँ ।
बढाये अति चाल् ति डोलेहरुले ❀ श्रीरामजी छन् जहाँ ॥३९
देखी डोलि ती भालु वीर कपिले ❀ मन्मा बिचारीलिये ।
डर् मानी दशशीशले प्रभुजिमा ❀ सीता पठाईदिये ॥
यस्तै तर्क-वितर्क ती विरहरू ❀ गर्थे विचार् धेर् तहाँ ।
जाऊँ लौ विर हो ! सीता लिन भनी ❀ उठ्थे झटाझट् तहाँ ॥४०
पूग्यो डोलि जसै ति वीर बिचमा ❀ श्रीरामजी छन् जहाँ ।
डोलीदेखि झरेर झट् प्रभुजिका ❀ पर्दी भइन् पाउमहाँ ॥
यो देखी प्रभुले सुध्याउनुभयो ❀ को हुन् विभीषण् ! यिनी ।
यस्ता बात् प्रभुका सुनी ति विरले ❀ भन्दा भया फेर् अनि ॥४१
हे राम् ! हे करुणानिधान् ! हुन इ ता ❀ लंकापतीकी पनि ।
छोरा इन्द्रजितैकि पत्नि इनि हुन् ❀ नाम् हो सुलोचन् पनि ॥
छोरी वासुकि नागकी पनि इ हुन् ❀ ब्वारी त दशशीशको ।
साह्रै सत्यवती थियिन् यस घरी ❀ आइन् शरण् नाथको ॥४२
मेरो ता मनमा छ हे रघुपते ! ❀ जुन् कारणैले यहाँ ।
आयाकी इनि छन् प्रभो हजुरको ❀ नीगाह होस् लौ यहाँ ॥

बिन्ती यो बिभीषण्जिले गरिदिया ❀ हात् जोडि चुप् भैगइन् ।
हूकूम् भो प्रभुबाट यो विभीषणै ! ❀ तिम्रै बुहारी भइन् ॥४३
हे बाले ! कति कारणै हुन गई ❀ आयौ तिमी लौ यहाँ ।
सुन्नाको मन भो बताउ अहिले ❀ मेरा अगाडीमहाँ ॥
हुकूम् यो प्रभुको मिली जब गयो ❀ सूलोचनाले तहाँ ।
हात् जुन् हो पतिको लियेर उ बखत् ❀ भन्छिन् मधुर् स्वर्महाँ ॥४४
शिर् मेरा पतिको कृपा हुन गए ❀ सो शिर् लिई सङ्गमहाँ ।
हूनेछू सति हे रघूकुलपती ! ❀ यो बिन्ति लागोस् यहाँ ॥
यस्तो बिन्ति श्रीरामले सुनिलिया ❀ सूलोचनाको तहाँ ।
आज्ञा भो प्रभुबाट हे सति भनी ❀ नरोउ दिन्छू यहाँ ॥४५
हे पुत्री ! तिमिदेखि खूशि म भएँ ❀ दिन्छू म शिर् यै घरि ।
स्वामी नै यदि माग्दछ्यौपनिभन्या ❀ गर्छू खडा यै घरि ॥
मागील्यौ पति माग हे सति तिमी ❀ दिन्छू म सत्यै पनि ।
लंकामा गइ एक् सये वरषतक् ❀ बसौलि रानी बनी ॥४६
हूकूम् यो प्रभुको हुँदा उस घरी ❀ बाँदर् मुखामुख् गरी ।
आँट्यो लौ यसले के गर्न अहिले ❀ भन्दै अगाडी सरी ॥
यस्को मन् नउनी सरी छ कमलो ❀ मेघ्नाद् जिलाये अनि ।
लौ लौ कुन् गतिले श्रीराम पतिले ❀ प्रण् पूर्ण गर्ने पनि ॥४७
आफ्नू कार्य कता कता छ अहिले ❀ मेघ्नाद्बचाउँछू भनी ।
दिन्छन् यस् रितले वचन् सतिमहाँ ❀ मूर्छै भये राम् पनि ॥
यस्तै तर्क कुतर्क बात् मनमहाँ ❀ सोच्थे ति वानर् तहाँ ।
हात् जोरीकन बिन्ति गर्छिन सती ❀ पस्त्रेर आऊमहाँ ॥४८

हे नाथ् ! लौ सबभन्दछन् भुवनमा ❀ श्रीराम् दयालू भनी ।
देखेँ लक्षण सोहि आज मइले ❀ साँच्चै कुरा हुन् भनी ॥
हे नाथ् ! यो क्षणभङ्गुरै शरिर ली ❀ के सुख् मलाई यहाँ ।
अन्त्येमा जिवधारि प्राणिहरुले ❀ जानू छ सबलै वहाँ ॥४९
सम्मर्मा पतिले प्रभू-चरणमा ❀ अर्पण् शिरैको गऱ्या ।
भिक्षा तेहि म पाउँ हे रघुपते ! ❀ लीनेछु दीनू भया ॥
घट्घट्मापप्रभुकोछ वास् सकलका ❀ के भन्नुपर्थ्यो यहाँ ।
दासीका दिलमा पतीसँग सती ❀ जानेछ इच्छा जहाँ ॥५०
काख्मा यी पतिको मृतक्शिर लिई ❀ चीता सजाईवरी ।
हूकूम् पाउँ दया-निधान् हजुरको ❀ जान्छू सती यस् घरि ॥
यस्ता धार्मिक वाणि राम प्रभुले ❀ सूनीलिनूभो तहाँ ।
आज्ञा बक्सनुभो ति सुग्रिवजिमा ❀ शिर् लीइ आऊ यहाँ ॥५१
आज्ञा श्रीरघुनाथको सुनिलिया ❀ सुग्रीवजिले फेर् जसै ।
काखीमा शिर च्यापि त्यै बिचमहाँ ❀ ल्याईदिया झट् तसै ॥
हे माता ! शिर लेउ आफ्नु पतिको ❀ जाऊ लिई सङ्महाँ ।
इच्छा हो यदि लौ भने सति हुने ❀ जाऊ परम्पद्महाँ ॥५२
आज्ञा यो प्रभुको हुँदा ति सतिले ❀ शिर् थामि हात्मा लिइन् ।
आँचल्ले शिरको रगत् जति थियो ❀ रूँदै र पुछ्तै गरिन् ॥
यै बीच्मा प्रभुमित्र सुग्रिवजिले ❀ मानी अचम्भै तहाँ ।
हात् जोरी बिनती गऱ्या प्रभुजिथ्यै ❀ हे नाथ ! ऐह्ले यहाँ ॥५३
भन्छिन् ई सतिले इ कट्टु-करले ❀ लेख्यो समर्-हाल् भनी ।
विश्वास् पर्न गएन यो मनमहाँ ❀ लेखीदियो हो भनी ॥

साँच्चै होयदिहाल्लेख्योपनिभन्या ❀ हाँसोस् त शिर् यो घरि ।
साँचो हो सतिका कुरा म भनुँला ❀ विश्वास मन्मा परी ॥५४
मित्रैको इ वचन् सुनी रघुपती ❀ क्यै मन्द हास्यै गरी ।
भन्नूभो मुरखै सरी किन यहाँ ❀ सोध्छौ कुरा यो घरि ॥
जो नारी पतिवर्त भारि जगमा ❀ हुन्छन् यदी लौ यहाँ ।
ईश्वर्ले वश पर्नुपर्छ उसको ❀ सेवक् समान् भै तहाँ ॥५५
यस्ता बात् दुइ मित्रको हुन गयो ❀ विश्वास पारूँ भनी ।
भन्छिन्ती सतिहाँस्नुहोस् पतियहीँ ❀ सब्का अगाडी पनि ॥
लेख्नूभो जुन हातले जुन कुरा ❀ लेखी दिनूहोस् यहाँ ।
झुट्टो हो भनि वानरादि जति छन् ❀ भन्छन् मलाई यहाँ ॥५६
सत्ती सत्यवती छु लौ यदि भन्या ❀ हाँस्नूहवस् हे पति ।
गिल्ला धेर् गरछन् प्रभूकन यहाँ ❀ वीर् छन् यहाँ जो जति ॥
यस्ता धेर् छेडको ति बात्भइसकी ❀ शिर् मेघनाद्को तहाँ ।
हाः हाः हाः खितका छोडेर बहुतै ❀ हाँस्यो सोही बीच्महाँ ॥५७
त्यस्तो अद्भुत दृश्य देखि बहुतै ❀ आश्चर्य मानीकन ।
सारा छक्क परेर पक्क परि ती ❀ थालेर टोह्लाउन ॥
शिर् नीचा गरि सुन्दथे ति जति छन् ❀ चार्खुट्टे जन्तूहरू ।
डर् मानी मनमा उसै बखतमा ❀ भन्छन् ति बाँदर्हरू ॥५८
हे नाथ् सब् भनिठान्दथ्यौं रणमहाँ ❀ मेघ्नाद् मरेको भनी ।
मुर्कट्टा भइ हाँस्दछन् अझ भन्या ❀ के भन्नु मोच्यो भनी ॥
के कारण् परि हाँस्न गो शिर प्रभू ❀ यस् राक्षसैको यहाँ ।
शंका दूर् गरिबक्सनू अब पर्‍यो ❀ हामी सबैको यहाँ ॥५९

हे वीर् हो ! सतिका गती जति सबै ❀ छन् पंक्तिमा सब् भन्या ।
भो भो लौ सति ता कुनै तरहको ❀ गर्छिन् नहून् हुन्या ॥
भन्छिन् फेरि सुलोचना प्रभुमहाँ ❀ हे नाथ ! ऐह्रे यहाँ ।
संग्राम्क्यैछिनलाइ थामिलिनुहोस् ❀ बिन्ती छ मेरो यहाँ ॥६०
कान्छा ती ससुरा विभीषणमहाँ ❀ हात् जोरि बिन्ती गरिन् ।
पूलस्त्यै ऋषिका ति कूल-बिचका ❀ दीपक् समान् हौ भनिन् ॥
आत्मा स्वच्छ गराइबक्सनुभयो ❀ ज्ञानी मुनीका सरी ।
जस्ले नाम् प्रभुको लिनेछ जगमा ❀ जानेछ पाप् सब् जरी ॥६१
लंकाको अधिराज् मिलोस्प्रभुमहाँ ❀ अटल् सदा खुब् गरी ।
यै आशिष् सतिको छ लौ स्वसुरजी ❀ लिनू मनैमा धरी ॥
पाई आशिष झट् विभीणजिले ❀ क्यै भन्न लागे तहाँ ।
मेरी पुत्रवधू ! चरित्र प्रभुको ❀ अपार् छ संसार्महाँ ॥६२
कर्मैको गति भोग्नुपर्छ सबले ❀ सो कर्मका धर्मले ।
सत्ती कर्म गति प्रबल् छ जगमा ❀ भोग् गर्छ फेर् कर्मले ॥
कर्मैले ऋषि मूनि ज्ञानि बनने ❀ कर्मै छ जस् पाउने ।
कर्मै छन् सब कार्य सिद्ध गरने ❀ कर्मै छ गाल् पारने ॥६३
शास्त्रैका विधिका चिता रचि सती ❀ लौ जानु स्वर्गैमहाँ ।
लौ झट् जाउ सती ! भनूँ अब कती ❀ सुर्ता नल्यौ मन्महाँ ॥
डोलीमा चढि ती सती शिर-पती ❀ लीई खुशी भै अति ।
हे नारीहरुहो ! सुन्यौ जगतमा ❀ यै हो सतीको गति ॥६४
यै रीत्ले जब डोलिमा चढिलिइन् ❀ डोली उड्यो तेस् घरि ।
प्रस्थान् भो प्रभुको भजन् गरि गरी ❀ राम्मा अती प्रेम् धरी ॥

श्रीराम्का भजनामृतै रस पिइन् ❀ पीइन् पिइन् खुब् पिइन् ।
सव्वारी पुगिगैगयो ति सतिको ❀ मन्दोदरी जाँ थिइन् ॥६५
भेट् भो सासुजिथ्यैं ति मन्दोदरिले ❀ प्रेम्ले अँगालो धरिन् ।
श्रीराम्माजति बात् भया ति सतिले ❀ एक् एक् गरी सब् कहिन् ॥
ब्वारीलाइ बसाइ मन्दोदरी फेर् ❀ रावण् भयामा गइन् ।
हूकूम् ली सब राक्षसी दलसहित् ❀ फंकेंर आउँदी भइन् ॥६६
ताहाँदेखि उठाइ डोलि नदि औ ❀ सागर् किनारामहाँ ।
पुग्दो भो सतिको उसै बखतमा ❀ उत्री गइन् झट् तहाँ ॥
पूजाका सरजाम् अनेक् तरहका ❀ शास्त्रै विधान्ले गरी ।
चन्दन्को समिधा अतीशय यहाँ ❀ ल्याईदिया खुब् धरी ॥६७
रैती राक्षसि सब् पुग्या उस घरी ❀ घेरीलिया खुब् तहाँ ।
चीताका सरजाम् दुरुस्त सब काम् ❀ पारे उसै बीच्महाँ ॥
स्वामीको शिर काखिच्यापिसतिले ❀ चढिन् चितामा जसै ।
कोलाहल् परिगैगयो तस घरी ❀ रैतीहरूमा तसै ॥६८
सम्झाइन् सबलाइ तेस् बखतमा ❀ सूलोचनाले तहाँ ।
एक्दिन् सब्जलिजान्छअग्निबिचमा ❀ रूनू छ के काम् यहाँ ॥
तत्पश्चात् सतिले मृदू वचनले ❀ मन्दोदरीमा तहाँ ।
भन्छिन् अग्नि म पाउँ सासु ! अहिले ❀ जान्छू सती भै यहाँ ॥६९
धेरै दिन् भइगो मलाइ पतिले ❀ खोज्दा हुनन् धाम्महाँ ।
चीतामा सुलगाइ अग्नि दिनुहोस् ❀ कृपा गरी खुब् यहाँ ॥
चीतामा बसि धेर् बिलाप गरदै ❀ सूलोचना खुब् अनि ।
ऊता दूत् गइगो र रावणकहाँ ❀ सम्चार् बताऊँ भनी ॥७०

पूग्यो दूत् भवनैमहाँ उस बखत् ❀ रावण् बसेकै थियो ।
सोद्धो भो कुन कारणै लिइ यहाँ ❀ आईस दूत् ! भन्दियो ॥
तेही औसर पारि दूत विरले ❀ हात् जोरि बिन्ती गऱ्यो ।
हे नाथ् ! हाजिर छू सवारि प्रभुको ❀ लौ जानु ताहाँ पऱ्यो ॥७१
सिन्दूर् भालमहाँ लगाइ सब साज् ❀ साजी चितामा बसी ।
पतीको शिर काखि च्यापि खुशिले ❀ जल्नै कमर् खुब्कसी ॥
बाटो लौ प्रभुको नजर् गरि गरी ❀ आउन् ससूरा भनी ।
बसेकी हुँदि ती सती-गुणवती ❀ पाऊँ म आगो भनी ॥७२
हे नाथ् ! पाल्नुहवस् ति पुत्रवधुको ❀ मन्सा पुरा गर्नुहोस् ।
पुत्रै पुत्र-वधू चिता उपरमा ❀ आगो लगाईदिनोस् ॥
यस्ताबात् सुनि क्रोधले ति दशशिर् ❀ नय्यन् बहुत् लाल् गरी ।
भन्छन् पाजि गधा तँलाइ अरती ❀ कस्ले दियो यस् घरि ॥७३
क्या हो धर्म कउन् छ गर्नु जगमा ❀ क्याहोबहुत् काम् दिने ।
क्याहो सुक्ख र भोग यो भुवनमा ❀ अन्त्ये परम्पद् हुने ॥
सानू मूर्ख भई ठुलो बात् गरछस् ❀ बुझ्दै नबूझी रती ।
संसार्मा जनमन्छ मर्छ जिव सब् ❀ यै हो सबैको गति ॥७४
संसार्मा कसलाइ भन्नु सुत फेर् ❀ कस्लाइ भन्नू पिता ।
शरीर्को भर छैन जीव सबको ❀ छिन्भर्को नाता ति ता ॥
आत्मा छन् जबसम्म यो शरिरमा ❀ हो आफ्नु जानीलिनू ।
आत्मा भिन्न भयो जहाँ शरिर यो ❀ मट्टी हो ठानीलिनू ॥७५
माटोमा गइ आगो फुक्नु मइले ❀ बेर्थै भनी ठान्दछु ।
हाँस्छन्सब्मुनि ज्ञानि यस् जगतमा ❀ भन्ने म यो ठान्दछु ॥

मैना जब् उडिजान्छ जंगलमहाँ ❀ खाली पिँजाडा भयो ।
काम् केही पिँजडाकि छैन बुझिले ❀ तेस्तै मृतक्जीव यो ॥७६
मैनारूप् भइ हंस यस् शरिरमा ❀ वास् गर्छ क्यै छिन् तहाँ ।
ऊडी त्यो पखेरु गई जब गयो ❀ के भन्नु मेरो यहाँ ॥
मत्लब्को दुनियाँ छ पाजि बुझिले ❀ मत्लब् छ शत्रू पनि ।
मत्लब्ले मइले सिता हरिलियाँ ❀ मत्लब्पुऱ्याउँलाभनी ॥७७
माता मत्लबि यो जगत् बिचमहाँ ❀ पीता र बान्धव् सबै ।
नानी मत्लबको छ पाजि तइँले ❀ भुल्दै नभूलेस् कबै ॥
मत्लब् कारण मेघनाद्कि पतनी ❀ जान्छे सती भै यहाँ ।
संसार्मा कोहि कार्य मत्लब विना ❀ छैनन् बुझीले तहाँ ॥७८
यस्तो वीर् मतलब् ढुँडी म अहिले ❀ जाऊँ जलाऊँ तहाँ ।
के भन्नन् दुनियाँ मलाइ अहिले ❀ लाज् लाग्छधेर् मन्महाँ ॥
त्यागीका सरि तेस् घरी ति दशशिश् ❀ दूत्लाइ अर्ती दियो ।
ऊठी झट् अब जान्छु लङ्न भनिती ❀ धन्रूष हात्मा लियो ॥७९
त्यो औसर्कन पारि मन्त्रि विरले ❀ हात् जोरि बिन्ती गऱ्यो ।
हे नाथ् ! औसर छैन लङ्नु अहिले ❀ भन्दै अगाडी सऱ्यो ॥
जानूपर्छ नगै त हुन्न प्रभुले ❀ चीता सती छिन् जहाँ ।
त्यागीका सरि बात् गरी भुवनमा ❀ चल्दैन बेभार् तहाँ ॥८०
अन्यायै प्रभुकै हुँदा यस बखत् ❀ भारी लडाईँ पऱ्यो ।
पक्षै भै प्रभुकै लडी यस घडी ❀ ज्यू मेघनाद्को गयो ॥
सीतालाइ हरण् गरी किन यहाँ ❀ ल्याउनूभयो तेस् घरि ।
जस्-जस्का गृह-सुन्दरीहरु थिये ❀ गर्नूभयो मन्परी ॥८१

आफ्नू चाल् अति पाप् गरेर अहिले ❀ सूवर्ण लंका पनि ।
भस्मै भो सब नष्ट भो विरहरू ❀ के हुन्छ वीर् हूँ भनी ॥
पाल्नूहोस् गइ अग्नि दीइ सुतको ❀ संस्कार् क्रिया सब् पनि ।
गर्नूपर्छ गई धरम् मति लिई ❀ हुन् पुत्र मेरा भनी ॥८२
मेघ्नाद्कोशिरकाखिच्यापिसतिले ❀ नाथ्को ति बाटो हेरी ।
चीतामा छ चढेकि पुत्र-वधु फेर् ❀ सत्ती हुने मन् गरी ॥
यस्तो बिन्ति सुनेर मन्त्रि विरको ❀ दिक् मानि बोल्यो तहाँ ।
हे मन्त्री ! हिड जाउँ झट्ट अहिले ❀ चीताछ जुन्तीर्महाँ ॥८३
फूकाली शिरदेखि टोपि दशशिश् ❀ भैगो मुडूलो तहाँ ।
नाङ्गा पाउ लियो हिडी पइदलै ❀ रावण् पुग्यो तीर्महाँ ॥
श्रृङ्गार् पारि बुहारि शीश पतिको ❀ लीई चिता बीच्महाँ ।
थीयो ठूलो कठोर मन् तरपनी ❀ रोयो उ रावण् तहाँ ॥८४
हे बाबू ! तइँले मलाइ अहिले ❀ छोडी मृत्यूलोक्महाँ ।
निर्मोही भइ गैगइस् यस घरी ❀ लैजा तँ जान्छस् जहाँ ॥
तैंरे खातिर राज-पाठ धन जन् ❀ थीएँ रचेको पनि ।
त्यागीकै सरि भैगइस् तँ अहिले ❀ साह्रै निठूरी बनी ॥८५
त्यो पीता जगमा छ भाग्यहिनको ❀ जस्को छोरा मर्न गो ।
टूहुरो सरि भैगयाँ म अहिले ❀ आपत् ठुलो पर्न गो ॥
यस्तै धेर् विलना गरी ति दशशिश् ❀ हात्मा अगुल्टो लियो ।
जैजै होस् युगल्को भनी अनि तहाँ ❀ आगो लगाईदियो ॥८६
हुर् हुर् हुर्र गरी बल्यो अगनि ता ❀ चौतर्फ ढाकीलियो ।
छिन्मा लाश् सतिको जली उसघरी ❀ खाग् पारिदीदो भयो ॥

आयो पुष्पविमान् उसै बखतमा चढी दुवैले तहाँ ।
पुष्पै वृष्टि हुँदै गगन्-गगनमै पौंचे परम्पदमहाँ ॥८७

॥ इतिश्रीसुलोचना क्षेपक कथा समाप्त ॥



अब नारान्तक-वध

(क्षेपक)

संस्कार् म्रीतकको गरेर दशशिश् ❀ पुग्दा भए घर्महाँ ।
मन्त्रीलाइ बुलाइ फेर् रणविषे ❀ क्यै भन्न लागे तहाँ ॥
हे मन्त्री ! बलवान् जती-जति थिया ❀ यो भारि रण्मा परी ।
बीदा भै ति गया कउन् रित गरी ❀ जित्नू अगाडी सरी ॥१
मेघ्नाद् कुम्भकरण् सरी विरहरू ❀ भाई र छोरा गयो ।
यौटा पाजि विभीषणै अति डरी ❀ राम्को भगत् भैगयो ॥
लंका शून्य भयो सबै मरि मरी ❀ हे मन्त्रि ! सब् यो घरि ।
एक्लो छू तर लड्छु खुब् समरमा ❀ आउला जसो लौ परी ॥२
सीता क्या मइँले हर्याँ सब मरण् ❀ मेरै भयो यस् घरि ।
अलच्छिन् जुन दिन् पसीथि पुरमा ❀ आउँदै छ आपत् परी ॥
तस्मात्योकुलच्छिन्निभाउँछुपहिले ❀ भन्ने इरादा गर्‍यो ।
मन्त्री सिन्दुरले उठाइ कर झट् ❀ हात्जोरिबिन्तीगर्‍यो ॥३
हे राजन् ! किन रिस् गरेर मनमा ❀ यो कार्य गर्नू यहाँ ।
ठीक् छैन: विर धेर छन् प्रभुजिका ❀ शूरा लडाका यहाँ ॥
कोही एक् दिन पुत्र भो हजुरको ❀ मूल्मा परी तेस् घरि ।
सागर्बीचमहाँ बगाइदिनुभो ❀ ज्यूँदै छ काल्ले गरी ॥४
तेस्ले शंकरको तपस् अति गर्‍यो ❀ वर्दान् मिल्यो तेस् घरि ।
राजा भो बेहवाल् नगर् बिचमहाँ ❀ नारान्तकै नाम् धरी ॥
लावा लश्कर धेर् छँदै छ उसको ❀ शूरा लडाकाहरू ।
छोरो हो प्रभुको बखत्-बखतमा ❀ देला मदत् त्यै बरु ॥५

मन्त्रीका इ वचन् सुनीवरि सकी ❀ रावण् विरैले उहाँ ।
बोलाऊ धुमकेतुलाइ अहिले ❀ भन्ने हुकूम् भो तहाँ ॥
त्यो दूत् ताहिँथियोअगाडिसरिझट् ❀ हात् जोरि बिन्ती गऱ्यो ।
हाजिर् छू प्रभु दास सेवक यहाँ ❀ के गर्नु मैले पऱ्यो ॥६
लेखी पत्र म दिन्छु जाउ तिमिले ❀ बेह्वाल राज्यैमहाँ ।
छोरालाइ बुलाइ डाकि तिमिले ❀ लीएर आऊ यहाँ ॥
हूकूम् पाइ ति धूम्रकेतु विरले ❀ गर्दै सलामै तहाँ ।
जाँदो भो अति वेग् गरेर नउरथ् ❀ बेह्वाल राज्यैमहाँ ॥७
श्रीमान्के कुलका चरित्र प्रभुका ❀ खग्राज् गरुड्ले तहाँ ।
सोध्नूभो अरु फेर् चरित्र प्रभुका ❀ श्रीकाग्भुसुण्डीमहाँ ॥
हेखग्राज् ! सुन भन्छु एक् समयमा ❀ लंकापुरी हो जहाँ ।
राजा रावण भै रहन्थ्यो दशशिश् ❀ बीसै भुजाका तहाँ ॥८
दस् हज्जार् सुत रावणैको हुनगो ❀ खूशी भयो खुब् जसै ।
गूरूलाइ बुलाइ कर्म सबको ❀ सोद्धो भयो झट् तसै ॥
आज्ञा रावणको हुँदा उस घरी ❀ थेच्ची धुलौटो धरी ।
खरी हातमहाँ लिएर गणना ❀ गर्थे बहुत् बेस् गरी ॥९
नक्षत्रै मुलको पऱ्यो उस घरी ❀ च्यूँडोमहाँ हात् धरी ।
भन्छन् ती गुरुजी फलादि जति छन् ❀ डर् क्यै नली खर्खरी ॥
नारान्तक् जुन पुत्र छन् हजुरको ❀ मूल्मा परे यस् घरि ।
पीतालाइ पिरेर धन्-जन सबै ❀ गर्नेछ नाश् बेस् गरी ॥१०
तस्मात् यो सुतलाइ सागरमहाँ ❀ लगी बगाईदिनू ।
पिर्नेछैन कदापि त्याग् हुनगए ❀ यै कार्य मन्मा लिनू ॥

शास्त्रैका रितले जसै गुरुजिको ❀ आज्ञा भएथ्यो अनि ।
रावण्ले मनमा विचार् गरिलियो ❀ साँच्चै कुरा हुन् भनी ॥११
आज्ञा रावणले दियो सचिवमा ❀ मेरो मुलुक् भर्महाँ ।
नक्षत्रै मुल पारि बालखु जउन् ❀ जन्मन्छ सोई यहाँ ॥
तेस्ता बालखलाइ पक्रि दुतले ❀ ल्याउन् सबै यो घरि ।
जाऊ इयालि पिटाइदेउ अहिले ❀ सब्ले त सुन्ने गरी ॥१२
रावण्का इ वचन् सुनी सचिवले ❀ फेरी उसै बीच्महाँ ।
इयाली पिट्न हुकूम् दियो उस घरी ❀ लंकापुरी भर्महाँ ॥
हूकूम् यो सुनि रैतिले अनिपछी ❀ मूल्मा परेका जति ।
बालख् सौंपिदिया ति दूतहरुमा ❀ सुर्ता गरी धेर् अति ॥१३
भ्यागूता सरि ल्याइ बालखहरू ❀ चोक्मा लडाईदियो ।
रावण्ले उ बखत् ति दूतहरुमा ❀ निर्मोह हूकूम् दियो ॥
हाली डालिमहाँ इ बालक सबै ❀ माया नली मन्महाँ ।
लैजाऊ अहिले समुद्र-तिरमा ❀ दीनू बगाई तहाँ ॥१४
हूकूम् पाइ ति दूतले जति थिया ❀ बालखहरू सब् लगी ।
मक्कैका सरि पानिमा छरिदिए ❀ बालख् गए सब् बगी ॥
घासैका सरि सब् बगेर जलमा ❀ क्यै दूर् पुगेथे जसै ।
जर्रा खूब् जलमा फिजारि बररूख् ❀ मील्यो बसेको तसै ॥१५
नालैका सरि त्यो जरो हुन गयो ❀ बालख् पसे सब् तहाँ ।
च्वाप्च्वाप्च्वाप्गरिचुस्नथालेशिशुले ❀ बर्को जरो खुब् तहाँ ॥
धारो लौ दुधको बग्यो तस घरी ❀ बर्का जरादेखि ता ।
हृष्ट पुष्ट भए अलिक् दिनमहाँ ❀ सम्पूर्ण बालख् ति ता ॥१६

आठै वर्ष बित्यो यही रित गरी ❀ बर्कै पिई दूध् तहाँ ।
थाले हिड्न ति अन्न जल्फलहरू ❀ खोज्दै बनै-बन्महाँ ॥
छोरो रावणको नरान्तक तहाँ ❀ बल्वान् सबैमा थियो ।
दश् हज्जार् सँगि ती लिएर सँगमा ❀ पूर्वै तरफ् त्यो गयो ॥१७
चार् सौ कोश् सफरै गरीसकि तहाँ ❀ एक् टापु देख्यो जसै ।
ऊकालो चढि टापुका थलिमहाँ ❀ पुग्दा भया सब् तसै ॥
देखे एक कुटी उही थलिमहाँ ❀ लौ जाउँ साथी ! भनी ।
शुक्रार्यजिका पुगी नजिकमा ❀ हाँसे ति बालख् पनि ॥१८
शुक्राचार्यजिले बसाउनुभयो ❀ हे छोकडा हो ! बस ।
सारा हाल् उ बखत् सुनाउनुभयो ❀ ती जन्मिएको तब ॥
आफ्ना उत्पति सब् सुनी जब लिया ❀ घोर्ले शिशू सब् तहाँ ।
शुक्राचार्यजिले नरान्तककनै ❀ क्यै मन्त्र दीए उहाँ ॥१९
शुक्राचार्यजिले नरान्तक भनी ❀ बोलाउनूभो उहाँ ।
ढोगी पाउमहाँ नरान्तक गयो ❀ साथी लिई सब् तहाँ ॥
वन्मा शंकरको अती तप गऱ्यो ❀ एकाग्र भै मन्महाँ ।
ठूलो तप् त्यसले गऱ्यो वनमहाँ ❀ शंकर् रिझाऊँनमा ॥२०
बालक् साथि सबै मिली वरिपरी ❀ गर्थे तपस् खुप् गरी ।
ब्रह्माजी बहुतै खुशी हुनगई ❀ पाल्नूभयो तेस् घरि ॥
नारान्तक् ! वर माग् म दिन्छु अहिले ❀ भन्दा विधीले तहाँ ।
कृपा हुन्छ यदी भन्या अमर वर् ❀ पाऊँ हजुर् लौ यहाँ ॥२१
अस्त्रैले नमरूँ न शस्त्रहरुले ❀ खड्गै खुँडा वज्रले ।
दैत्यै राक्षसले कदापि नमरूँ ❀ न मै मरूँ काललेे ॥

दैत्यै राक्षसलाइ मार्न म सकूँ ❀ मारौं रिपू सब् तहाँ ।
यै वर्को अभिलाष् छ हेविधि प्रभु ! ❀ ऐह्रे मलाई यहाँ ॥२२
जुन् वर् माँगिलियौंतिमीले अहिले ❀ हे भक्त ! बालक् यहाँ ।
दिन्छू सब् वर ठीक् तथापि मइले ❀ भन्छू सुनील्यौ यहाँ ॥
नाऊँ एक् दधिबल् छ वीर जगमा ❀ तिन्को अगाडी परी ।
लड्नै मन्सुब क्यै नगर्नु तिमिले ❀ मार्नेछ माखो सरी ॥२३
ताहाँदेखि गएर बालकहरू ❀ तप् गर्दथे धेर् जहाँ ।
हूकूम् यो विधिले दीनू पनि भयो ❀ वर् मागिल्यौ सब् यहाँ ॥
वाणी यै विधिको सुनी ति सबले ❀ हात् जोरि बिन्ती गरी ।
भन्छन् सब् शिशु रीपु कारणमहाँ ❀ जीतूँ सबै तेस्घरि ॥२४
बालक्को विनती सबै सुनिलिया ❀ ब्रह्माजिले फेर् तहाँ ।
हूकूम्भोकपिभालु छाडि सबजीव् ❀ जीतीलिए रण्महाँ ॥
येती वर् सबलाइ दीवरिसकी ❀ ब्रह्मा गए धाम्महाँ ।
अध्कल्टो वरले के गर्नु अहिले ❀ फेर् तप् गरे वन्महाँ ॥२५
एक् पाऊ कतिले शिरैका भरले ❀ टेकी जमीनैमहाँ ।
गर्थे तप् शिवको ठुलो वर लिने ❀ इच्छा गरी मन्महाँ ॥
यै रीत्ले तप धेर् गरेर सबले ❀ क्यै दिन् बिताईलिया ।
साँढे वाहन गौरि शंकर प्रभू ❀ आएर दर्शन् दिया ॥२६
हे बालक् ! तिमिदेखि खूशि म भयाँ ❀ वर्दान लेऊ भनी ।
आज्ञा भो शिवको उसै बखतमा ❀ ध्यान्छाडिहेर्या पनि ॥
जट्टाजूटभभूत्त्रिपुण्ड्करमा ❀ त्रिशूल् लिएका पनि ।
चन्द्रै भाल त्रिलोचनै शिरमहाँ ❀ गङ्गा बगेकी पनि ॥२७

कम्मर्मा मृगचर्म डम्बरु अनी ❀ काँध्मा बघम्बर् पनि ।
पाल्नूभो तप देखि खूशि हुनगै ❀ गौरी-सहित्ले अनि ॥
गौरी-शंकरको परी चरणमा ❀ नारान्तकैले तहाँ ।
माग्यो वर् शिवजी ! मलाइ जुन काम् ❀ लाग्नेछ संकट्महाँ ॥२८
हे शंकर् ! पुर एक यै वनमहाँ ❀ छीपीरहेको तहाँ ।
आधार् क्यै नरहोस् कुनै बइरीले ❀ देख्दै नदेख्ने उहाँ ॥
पाऊँ यै वर हामिलाइ अहिले ❀ गर्छौं गई राज् तहाँ ।
यै इच्छा छ र हामिमा यस घरी ❀ कृपा हवोस् लौ यहाँ ॥२९
'तथास्तु' वर त्वं भनेर शिवले ❀ हूकूम् भएथ्यो जसै ।
इच्छा माफिक एक्नगर् गगनका ❀ बिच्मा तयार् भो तसै ॥
वृषभ्माथि चढेर गौरि शिवजी ❀ आकाश मार्गै गरी ।
पाल्नूभो खुशिले उसै बखतमा ❀ कैलास लौ त्यै घरि ॥३०
सुन्दर् बेस् बढिया क्यै छैन घटिया ❀ किल्ला तयारी भयो ।
त्यै कारण् भइ नाम तेस् नगरको ❀ बेह्वाल पुर्भै रह्यो ॥
हात्ती रथ् हय जन् प्रशस्त भइ धन् ❀ स्वर्गै समान्को पनि ।
शंकर्को करुणा हुँदा नगर त्यो ❀ अत्यन्त राम्रो बनी ॥३१
राज्यै भोग् गरि खुब् बस्यो चयनले ❀ क्यै दिन् नरान्तक् तहाँ ।
अच्चानक् दधिबल् पुग्यो उस घरी ❀ बेह्वाल राज्यैमहाँ ॥
सुन्दर् त्यो नगरी अती मन परी ❀ देखेर सोही घरि ।
राक्षस्का सँगि साथि भै त्यो दधिबल् ❀ बस्तो भयो खुब् गरी ॥३२
पढ्थे सङ्सङमा गई गुरुकहाँ ❀ एक् दिन् गुरूले पनि ।
भन्नूभो गुरुले दीधबल् तइँले ❀ मार्लास् गुरूभाइ पनि ॥

ा इ वचन् सुनेर दधिबल् ❀ क्रोध्ले फिलुङ्गो भयो ।
ने के पढाउनन् भनिकनै ❀ छाडी नगर् त्यो गयो ॥३३
जंगलमा मधुर् स्वर गरी ❀ गायन् गरी खुब् तहाँ ।
नारदलाइ वृक्षमुनि ती ❀ बसीरहेका उहाँ ॥
ले पूर्ण भएर ठम्ठम परी ❀ जाँदै थियो त्यो जसै ।
ा नारदले दधीबल तिमी ❀ काँ जान लाग्यौ यसै ॥३४
मा त श्रीरामका भजनले ❀ संसार पार् तर्छ ता ।
ो भज नाम् यही छ ठुलोकाम् ❀ जान्छौ दगुर्दै कता ॥
रूनु कराउनु इ बेवहार् ❀ जो छन् इ संसार्महाँ ।
सब् जनले छ जानु बुझिल्यौ ❀ काम् दिन्न अन्तैमहाँ ॥३५
न्मा बसनू खरानि घसनू ❀ तप् गर्नु राम्कै पनि ।
ज्ञान् दधिबल्जिलाइदिइफेर् ❀ गाउँदै गये ती मुनि ॥
बात् मुनिको सुनेर दधिबल् ❀ ज्ञान्ले मगन् भैरह्यो ।
गीरि शिखर्विषे उ दधिबल् ❀ तप् गर्न जाँदो भयो ॥३६
ी खर् उसले बनाइ कुटिया ❀ पद्मासनै झट् लिई ।
ि जप् अनि तप् एकाग्र मनले ❀ श्रीराममा मन् दिई ॥
नारद ब्रह्मलोक् पुगिगया ❀ ब्रह्मा बस्याका जहाँ ।
हाल् दधिबल्जिका कहिदिया ❀ खूशी भया मन्महाँ ॥३७
प्का कुलमा प्रतापि जगमा ❀ नाम् बिन्दु राक्षस् थियो ।
मा गइ इन्द्रलाइ त्यसले ❀ आ लड् भनी हाँक् दियो॥
वर्षैतक खुब् लडाइँ भइगो ❀ द्यौता र दानव्महाँ ।
प्रेमा गइ इन्द्रले ति सबको ❀ नाश् गर्दिए छिन्महाँ ॥३८

राक्षस् बिन्दु थियो उसै नगरिमा ❀ डर् मानि रण्देखि ता ।
कन्या बिन्दु भनी थिइन् रुपवती ❀ विद्वान् पनी खुब् ति ता ॥
नारान्तक् विरलाइ छोरि अहिले ❀ दिन्छू भनी झट् उहाँ ।
कन्यादान् सब शास्त्र माफिक गरी ❀ छोरी दियो लौ तहाँ ॥३९
सुन्दर् नारि पतिव्रता अति थिइन् ❀ शोभा शिलैकी पनि ।
बस्थिन् ती पतिका सँगै चयनले ❀ बेह्वाल्की रानी बनी ॥
आज्ञा भो ति सबै सुनी बुझिलियाँ ❀ बेह्वाल राज्को पनि ।
भन्नूहोस् धुमकेतुले चिठि लिई ❀ काहाँ पुग्यो लौ अनि ॥४०
रावण्ले जसलाइ पत्र लिइ झट् ❀ बेह्वाल पुर् जा भनी ।
भन्दो भो विरपुत्रलाइ लिइ आ ❀ साथ् फौजईका पनि ॥
सो वीर् धूमकेतू पुग्यो नगरिमा ❀ नारान्तकै छन् जहाँ ।
सुन्दर् राजमहल् बहुत् बेस अचल् ❀ चहल्पहल् खुब्तहाँ ॥४१
त्यो देखी धुमकेतु छक्क परिगो ❀ पक्कै पन्यो झन् अनि ।
हाजिर् राजमहल्विषे ति विरले ❀ पौचाउँदो भो पनि ॥
फाटक्का दुत एक् गई महलमा ❀ हाजिर् दिएथ्यो जसै ।
ली आऊ अहिल्यै भनेर नृपले ❀ आज्ञा दिए लौ तसै ॥४२
देखी त्यो दुतलाइ पत्र सँगमा ❀ लिई आएको पनि ।
कस्को पत्र लिएर आज तिमिले ❀ आयौ यहाँ लौ भनी ॥
सोधी पत्र लिई पढ्यो जब तहाँ ❀ ऊठी महल्मा गयो ।
रानी बिन्दुमतीजिका नजिकमा ❀ सब् हाल भन्दो भयो ॥४३
लंकाको सब हाल् सुनी ति सतिले ❀ हात् जोरि सोही घरि ।
हे नाथ् ! क्यै बिनती म गर्छु अहिले ❀ भन्दै चरण्मा परी ॥

अयोध्यापतिका शरण् लिनुभया ❀ आनन्दले राज् गरी ।
बस्नेछौं दुइ हामि यस् नगरिमा ❀ यै चाललले हर्षरि ॥४४
ब्रह्मा विष्णु महेश नाम् फरक छन् ❀ हुन् तीन एकै सरी ।
जस्का पूर्ण कृपा हुँदा यस घरी ❀ बस्छौं चयन् खुब् गरी ॥
तस्मात् कारण वैरभाव तिनमा ❀ गर्नू असल् हो कहाँ ।
पीता राक्षसका विरोध बढिया ❀ यो अन्त्यसंग्राम्महाँ ॥४५
रानीका इ वचन् विषै सरि भयो ❀ ऊठेर गिल्ला गऱ्यो ।
मन्त्रीलाइ बुलाइ क्रुद्ध मुखले ❀ यो हुक्म दीदो भयो ॥
हे मन्त्री ! तिमिले त झट्ट अहिले ❀ सामग्रि रण्को पनि ।
शस्त्रै अस्त्र सहीतको गर तयार् ❀ पैदल् फउज् सब् गनी ॥४६
हूकुम् यो सुनि मन्त्रिले उस घरी ❀ रण्भेरि नाद्ले गरी ।
तैयार् सब् चिजको गराइ सहजै ❀ बिन्ती गऱ्यो तेस् घरि ॥
मन्त्रीको बिनती सुनेर नृपले ❀ शस्त्रै लिई हात्महाँ ।
नारान्तक् विर चल्दियो उस घरी ❀ लंकापुरी हो जहाँ ॥४७
त्यै औसर्कन हेरि बिन्दुमतिले ❀ सोचिन् मनैमन्महाँ ।
मेरो यो शुभ बिन्ति केहि नसुनी ❀ हीडे इ लंकामहाँ ॥
ष्कुन् रीत्ले एकलै बसी पुरमहाँ ❀ दिन् काट्नु मैले भनी ।
दग्गुर्दै गइ स्वामिका नगिचमा ❀ यो बिन्ति लाइन् पनि ॥४८
पत्रैमा सब हाल् सुनी जब लियाँ ❀ मन् भो मलाई पनि ।
दर्शन् सासुजिको म पाउँ प्रभुनाथ् ❀ जान्छू म लंका भनी ॥
आएकी छु शरण् लिई हजुरले ❀ दासी लिई सङ्महाँ ।
जान्छू साथमहाँ प्रभूकन यहाँ ❀ लंकापुरी हो जहाँ ॥४९

नारीका इ वचन् सुनेर विरले ❀ क्यै मन्द हास्यै गरी ।
पाल्कीमाथि बसालि साथि सँगिनी ❀ लीएर गो तेस् घरि ॥
धैरै काल् परदेश् हिडी जब सक्या ❀ क्यै दूर बाँकी थियो ।
भारी चौरमहाँ बसेर सब फौज् ❀ आरामि लीदो भयो ॥५०
आकाश् निर्मल अन्धकार्सरि भयो ❀ हिड्दा फउज्ले तहाँ ।
क्या हो यो भनि रामको सोधनिभो ❀ भक्कै विभीषण्महाँ ॥
यो आज्ञा विभीषण्जिले सुनिसकी ❀ हात् जोरि बिन्ती गरे ।
हेनाथ् ! यो निशिचर्नरान्तकफउज् ❀ आएर वास् ता गरे ॥५१
हूकूम् रावणको हुँदा इ विर सब् ❀ जानै ति लंकामहाँ ।
पक्षै रावणको गरेर यसले ❀ लड्नेछ संग्राम्महाँ ॥
छोरो रावणको नरान्तक मुल्या ❀ प्रख्यात् छ लोक्भर्महाँ ।
पाल्की बिन्दुमतीजिको छ बिचमा ❀ लाज्ले रहेकी तहाँ ॥५२
हास्यैरस् विभीषण्जिको सुनिलिई ❀ खुब् हाँस्नुभो राम् तहाँ ।
महावीर् हनुमान् उठेर विनती ❀ गर्दा भए राम्महाँ ॥
हे नाथ् ! हे करुणानिधान् ! हजुरको ❀ सेवक् चरण्को यहाँ ।
हूकूम् पाउँ सहज् गई म अहिले ❀ बूझेर आऊँ तहाँ ॥५३
श्रीराम्को चरणारविन्द मनले ❀ हूकूम् शिरोपर् धरी ।
आकाश् मार्ग गरी कुदेर हनुमान् ❀ पाल्नूभयो तेस् घरि ॥
फौज्का ऊपर रूप् धरी गिरि सरी ❀ गर्जन् बहूतै गर्‍या ।
खल्बल् राक्षस फौजमा परिगयो ❀ हा हा गरी सब् डर्‍या ॥५४
आश्चर्यै हुन गो र सोहि घरिमा ❀ मन्त्री बुलाई तहाँ ।
सोद्धो भो बेहवालको नृपतिले ❀ फेरी उसै बीच्महाँ ॥

हे मंत्री ! अति छक् पऱ्याँ यस घरी ❀ को हो यो वीर् यस्तरी ।
भाद्रै मासमहाँ गगन्-बिचमहाँ ❀ गर्जन्छ मेघ्कै सरी ॥५५
वायूका सुत हुन् बलिष्ठ हनुमान् ❀ श्रीरामका फौज्महाँ ।
हाम्रो तागत हेर्नलाइ अहिले ❀ आए फउज्-बीच्महाँ ॥
जस्ले सागर पार् तरेर सुनको ❀ लंका जलाईदिया ।
जस्ले अक्षकुमार मारि रणमा ❀ काल्नेमि धूलो गऱ्या ॥५६
जस्ले सेतु बनाइ सागरमहाँ ❀ राम्को फउज् तार्दिया ।
आकाश् मार्ग गरेर औंठि जसले ❀ लगी सितामा दिया ॥
यिन्को बल् पुरुषार्थ पृथ्विलमा ❀ शेष् शारदाले पनि ।
वर्णन् गर्न कठिन् छ यस् भुवनमा ❀ यस्ता ति हुन् वीर् भनी ॥५७
यो बिन्ती जब मंत्रिले गरिलिया ❀ दाह्रा किटी खुब् उहाँ ।
नारान्तक् अति क्रोधले धनुषवाण् ❀ लीई उठाई तहाँ ॥
मार्छू यस्कन हेर्छु तागत यहाँ ❀ भन्ने इरादा गरी ।
खैँची वाण लियो उसै बखतमा ❀ आए हनूमान् सरी ॥५८
छाड्नैलाइ नपाइ वाण् सहजमा ❀ हन्मान्जिले तेस् घरि ।
गेमारो उखुकै सरी गरि गरी ❀ भाँचीदिया तेस् घरि ॥
यै रीत्ले बिस पाँच् धनुष् सहजमा ❀ टुक्-टुक् गराईदियो ।
लाछीका सरि भै नरान्तक तहाँ ❀ क्यै भन्न लाग्दो भयो ॥५९
तेरो तागत हेर्नलाइ मइले ❀ लीएँथेँ सानू धनू ।
भैगो जा बनदर् घमण्ड गरछस् ❀ लौ आ तँ कुश्ती लडूँ ॥
यस्तै रीत् अति धेर् कुरा गरि गरी ❀ झुक्क्याइ तेस्ले तहाँ ।
ठाडो मुड्कि उज्याइ तेस् असुरले ❀ हान्यो कठोर् छातिमा ॥६०

हाः हाः हाः गरि हाँस्नुभो हनुमते ❀ ठट्टा गरी खुब् अनि ।
भन्नूभो तइँ लङ्नलाइ अहिले ❀ आएको होस् लौ भनी ॥
पाजी रावणको त पक्ष हुनको ❀ जान्छस् त लौ जा तहाँ ।
एक् मुड्की सहिले लौ मेरि पनि ले ❀ जा फेरि लंकामहाँ ॥६१
येती बात भनी महाविरजिले ❀ मुड्की उज्याई तहाँ ।
हान्नूभो उसलाइ तेस् घरिमहाँ ❀ ताकेर नाक्कैमहाँ ॥
मुड्कीकै भइगो पहाड गिरिगो ❀ मानू कपालैमहाँ ।
थच्चक्कै बसिगो त्यो नाक धसिगो ❀ लोकै सरीको उहाँ ॥६२
यस्तो चाल् नृपको देखेर सब फौज् ❀ राक्षस् भएका जति ।
हात्मा खड्ग लिएर तेस् बखतमा ❀ आए दुगुर्दै अति ॥
हन्मान्ले किन बेर् गरे यस घरी ❀ बुझ्नै गएका थिए ।
हूकूम् भो रघुनाथले पनि तहाँ ❀ अङ्गद् बुलाईलिए ॥६३
हे अङ्गद् ! तिमि जाउ बूझिकन झट् ❀ आऊ गई लौ तहाँ ।
के कारण् भइ बेर् गरे भगतले ❀ राक्षस्का फौजैमहाँ ॥
हूकूम् यो प्रभुको लिएर केहि फौज् ❀ अंगद् गए लौ तहाँ ।
शीला पत्थर बोकि बोकि सबले ❀ राक्षस्सका दल्महाँ ॥६४
असीना सरि अंगदादि विरले ❀ वर्षाए पत्थर् जसै ।
चोट् खाई सब राक्षसादि जति छन् ❀ गिर्दा भए खुप् तसै ॥
मार्काट् खुब् भइगो समर्भुमिमहाँ ❀ बाँदरहरूमा पनि ।
लागी चोट् तरवारको जमिनमा ❀ गिर्थे बितायो भनी ॥६५
माहावीर् हनुमानले उस घरी ❀ अङ्गद् बुलाई तहाँ ।
भन्नूभो हिड़ पाजिलाइ अहिले ❀ मारौं निमोठौं यहाँ ॥

सागैका सरि फौजलाइ दुइले ❀ थाले निमोठ्नै जसै ।
हा हा पर्न गयो ति राक्षसमहाँ ❀ भाग्दा भए सब् तसै ॥६६
यै रीत्ले सब फौज् लिएर हनुमान् ❀ आए श्रीराम्-पाउमा ।
चेप्टे नाक् लिइगो नरान्तक पनी ❀ लंकापती छन् जहाँ ॥
अङ्गद् श्रीहनुमान् गई चरणको ❀ दर्शन् गरे लौ तहाँ ।
बाबू रावणको नरान्तक पनी ❀ पर्दो भयो पाउमहाँ ॥६७
आदी अन्त्य सबै बताइ दशशिश् ❀ नारान्तकैमा त्यहाँ ।
वीर् वीर् जो रणमा परे उस घरी ❀ एक् एक् गरी सब् यहाँ ॥
पीताका दुखका वचन् सुनिसकी ❀ नारान्तकैले तहाँ ।
हे पीता ! अब डर् नमानि प्रभुले ❀ राज् गर्नुहोस् लौ यहाँ ॥६८
लड्डूँला रिपुदल् निभाइ अहिले ❀ भन्ने इरादा गरी ।
आएको हुँ चरण्विषे प्रभुजिका ❀ एकाग्र चित्तै धरी ॥
भोली रामफउज् रणस्थलमहाँ ❀ मार्नेछु एक् एक् गरी ।
मार्नेछू दुइ भइलाइ मइले ❀ मूसो सरीकै गरी ॥६९
काका हो तर मार्छु फेर् विभिषणै ❀ बैमान् दगाबाजलाइ ।
धन्दा क्यै मनमा नलीं हजुरले ❀ आशिष् दिनूहोस् मलाइ ॥
रावण्ले यति बात् सुनी जब लियो ❀ नारान्तकै वीरको ।
धन्ये पुत्र भनेर गद्गद भई ❀ चुम्बन् लियो शीरको ॥७०
रानी बिन्दुमती गई चरणमा ❀ श्री सासुजीको परिन् ।
सासू मन्दोदरीजिले उस घरी ❀ आशिष् बहूतै दिइन् ॥
मन्त्रीलाइ बोलाइ तेस् बखतमा ❀ लंकापतीले तहाँ ।
नाच् गान्लौ हुनुपर्छ हे सचिव हो ! ❀ भेट् पुत्र प्रेमैमहाँ ॥७१

यस्तो रावणको हुकूम् सुनिलिई ❀ छानेर कस्बीहरू ।
ल्याई गान-बजान नाच् हुन गयो ❀ धैरै बयान् क्या गरूँ ॥
पाउनाको खुब मान दान् गरिसकी ❀ दिन् बीति रात् पर्न गो ।
खूशी भै दशशिश् शयन् गृहमहाँ ❀ सुत्नै भनी पुग्न गो ॥७२
त्यै औसरकन पारि मन्दोदरिले ❀ भन्दै चरण्मा परिन् ।
सीता सौंपिदिनूहवस् हजुरले ❀ बिन्ती चरण्मा गरिन् ॥
यस्को कारण इन्द्रजित् मरिगयो ❀ धेर् वीर् मरे रण्महाँ ।
सीता यै घरमा रहिन् यदि भन्या ❀ सुख् छैन राज्यैमहाँ ॥७३
यस्ता रीत्सित रानि मन्दोदरिले ❀ सम्झाउँदा झन् तहाँ ।
व्रास्ता केहि गरेन मन्दोदरिको ❀ क्रोधै गरी मन्महाँ ॥
रीसाई झटका दिई उठिगयो ❀ सुत्तीनँ याहाँ भनी ।
त्यो रात् अन्त बिताइ खुब् चयनले ❀ उठ्तो भयो फेर् अनि ॥७४
प्रातःकालमहाँ उठीकन छिटै ❀ श्रीराम् रमाका पति ।
भन्नूभो सबलाइ जाग विर हो ❀ भैगो उज्यालो अति ॥
स्नान् औ ध्यान् सब कर्म धर्म सबले ❀ गरीसक्या फेर् पनि ।
अमृत् पान् सबले गरे उस घरी ❀ लड्नै तयार् फेर् बनी ॥७५
शीला शैल उठाइ फौजहरुको ❀ कोयर् बँध्यो फेर् तहाँ ।
हूकूम् खातिर बाँदरादि विर सब् ❀ हेर्थे श्रीराम् मुख्महाँ ॥
राम्-लक्ष्मण् दुइ भाइले करमहाँ ❀ लीए धनुष् वाण् पनि ।
आज्ञा भो प्रभुबाट हीड विरहो ❀ लड्नै तयारी बनी ॥७६
कूँच् भो रामदलको समर्-भूमिविषे ❀ भारी तयारी पनि ।
सम्चार् राक्षसले सुनी जब लियो ❀ तैय्यार् भए ती पनि ॥

आए फौजहरू चिँटी सरि भई ❀ साथ्मा नरान्तक् पनि ।
खुँडाढाल् तरबार् धनुष् लिइ लिई ❀ अत्यन्त बल्वान् बनी ॥७७
नारान्तक् रथमा चढी गगनमा ❀ उड्थ्यो चिलैका सरी ।
राम्दल्मा मोहनास्त्र छाडि तसले ❀ मूर्छा भयो फौज् लडी ॥
पारी मूर्छित तेस् घरी असुरले ❀ हा हा मचाईदियो ।
राम्लाई उस पापि दुष्टमतिले ❀ खुब् गालि दीदो भयो ॥७८
माता कैकइले लगारि वनमा ❀ घुम्छस् तँ योगी बनी ।
सीताको पछि लागि कुक्कुर सरी ❀ आइस् तँ लड्नै भनी ॥
भूभार् हर्छु म लौ भनेर सब धाक् ❀ लाइस् जगत् भर्महाँ ।
यस्तो रीत्सित गालि खूब् असुरले ❀ दीयो उसै बीच्महाँ ॥७९
दुर्वाच्यै प्रभुमा हुँदा उस घरी ❀ कान् थुन्थे सब्ले तहाँ ।
जाम्बूवान् अति क्रोधले तस घरी ❀ गर्थ्यो अघोर् स्वर् वहाँ ॥
त्यै बीच्मा अनि दुष्टले अति ठुलो ❀ लीयो त्रिशूलै तहाँ ।
हान्दो भो प्रभुको कृपा हुन गई ❀ पक्रीलिये झट् वहाँ ॥८०
पक्री सोहि त्रिशूल् असुर्कन तहाँ ❀ श्रीजाम्बवान् वीरले ।
हान्नूभो अति वेगले असुर त्यो ❀ गिर्दो भयो पीरले ॥
त्यै बीच्मा कर थापि पक्रिकन फेर् ❀ घूमाइ फाल्दा महाँ ।
डल्लैका सरि पुग्नगो असुर त्यो ❀ रावण् रहन्थ्यो जहाँ ॥८१
यस्तो चाल्कन देखि रावण उठ्यो ❀ काँप्दै र रूँदै तहाँ ।
हा हा मच्च गयो चऊतरफ सब् ❀ लंका-पुरीभर्महाँ ॥
लाज्ले छक्क पऱ्यो नरान्तक अती ❀ धेरै बताऊँ कति ।
मर्रे तुल्य सरी नरान्तक तहाँ ❀ भैगो असुर खुब् अति ॥८२

क्रोध्ले पूर्ण भई अदृश्य रुप ली ❀ आयो श्रीराम् दल्महाँ ।
बीस् वाण् हातमहाँ लिएर उसले ❀ प्रहार् गऱ्यो खुब् तहाँ ॥
सोही वाण् गइ वानरादिहरुमा ❀ लाग्दा अनेक् वीर् गिरे ।
अदृश्यै शर आइ चोट परदा ❀ छक्कै सबै वीर् परे ॥८३
हेरे फेरि यताउती वरिपरी ❀ लाग्दैन पत्ता कहीं ।
हे नाथ् ! हे करुणानिधे ! भनि भनी ❀ गिर्थे जमीन्मा तहीं ॥
यस्ता रीत्सित अङ्गदादिहरुमा ❀ धेर् बाण छोड्यो तहाँ ।
शत्रू सामुमहाँ नदेखि विर सब् ❀ पूगे ति लंका तहाँ ॥८४
क्रोध्ले पूर्ण भएर बाँदरहरू ❀ जो मिल्थे बाटामहाँ ।
हानी मुड्कि घुसुक्क पारि बहुतै ❀ हिड्थ्या ति रस्तामहाँ ॥
घर्-घर्मा निशिचर् लगाइ आगलो ❀ गर्थे ति बन्दै पनि ।
शहर्भित्र पसी उपद्रव गरे ❀ आएर बाँदर् भनी ॥८५
नारी राक्षसका जती जति मिले ❀ पस्सेर कोठामहाँ ।
च्याती सब् कपडा बनाइ चिथडा ❀ यै हाल गर्थे तहाँ ॥
यस्तै रीत्सित बाँदरादि विरले ❀ धुम्धाम् मचाईदिया ।
हा हा मच्च गयो सबै शहरमा ❀ यै रीत्ले हुर्मत् लिया ॥८६
कोलाहल् परदा नरान्तक पनी ❀ ऊडेर लङ्कामहाँ ।
दाखिल् भो कति कारणै हुन गई ❀ हा हा पऱ्यो लौ तहाँ ॥
नारान्तक् विरले तसै बखतमा ❀ हप्काउँदो भो तहाँ ।
लाच्छी बाँदर भागि आइ अहिले ❀ उत्पात् मचायौ यहाँ ॥८७
यस्तो घुर्कि सुनी ति बाँदरहरू ❀ पत्थर् लिई झट् तहाँ ।
वर्षाका सरि सब् मिली उस घरी ❀ ठोके ति वीरैमहाँ ॥

धनुष्मा सर सौ चढाइ उ बखत् ❀ नारान्तकैले पनि ।
छोड्यो बाण् कपि भालुका उपरमा ❀ माछूं सहज्मा भनी ॥८८
उफ्री सुग्रिवले ति वाणहरु झट् ❀ पक्रेर भाँच्चीदिया ।
कस्सी मुड्कि निधारमा उस बखत् ❀ ताकेर हानीदिया ॥
दुग्गुर्दै गइ लात्ति अङ्गदजिले ❀ हान्नूभएथ्यो जसै ।
कन्याक्कै भइ भूमिमा उस बखत् ❀ रथ् चूर्ण भैगो तसै ॥८९
उफ्री झट् हनुमानले उस घरी ❀ ताकेर छातीमहाँ ।
हान्दा सारथि मूख बाइ सहजै ❀ गैगो परम्धाम्महाँ ॥
यै रीत्ले दिन बित्नगो निशि भयो ❀ श्रीरामका दल्हरू ।
फर्के क्याम्पमहाँ खुशी भइ भई ❀ राज् हुन्थ्यो जाहाँ प्रभु ॥९०
कोमल् पाउमहाँ टेकाइ शिर वीर् ❀ हट्थे पछाडी अनि ।
पीठ्मा रामजिले हातै फेरिदिदा ❀ मिट्थ्यो थकाई पनि ॥
नीशी गो जब प्रात भो विरहरू ❀ ऊठेर स्नानै गरे ।
राजा राम् प्रभुका चरण् कमलमा ❀ दर्शन् सबैले गरे ॥९१
फल् फूल् खाइ रमाइ बाँदरहरू ❀ टुन्नै गरी पेट् तहाँ ।
हात् जोरी विनती गरे प्रभुजिमा ❀ जानै लडाईँ महाँ ॥
मूर्छा खुल्न गयो बिहानिपख फेर् ❀ नारान्तकैको पनि ।
फौज्लाई त बुलाइ तत्पर भयो ❀ गर्छू लडाईँ भनी ॥९२
जालीका सरि कीर्त्यरूप् धरिधरी ❀ मायावि जाल् खुब् छरी ।
लड्थ्यो पाजि अती रणस्थलमहाँ ❀ चिन्नै नसक्ने गरी ॥
आँधीका सरि अन्धकार् गरिदियो ❀ भारी रणस्थल्महाँ ।
हाहाकार् परि बाँदरादि सब दल् ❀ भागीगए रामकहाँ ॥९३

यस्तो आपत देखि राम् प्रभुजिले ❀ एक् वाण् भुजामा लिया ।
हानी त्यस् अँधियारिलाइ सहजै ❀ छर्लङ्ग पारीदिया ॥
अन्धैकार् जब बित्न गो विरहरू ❀ फेरी समर्मा सरी ।
पुट् पाए जब रामका ति सब वीर् ❀ लड्थे बहुत् बेस् गरी ॥९४
क्रोधले पूर्ण भएर बाँदरहरू ❀ घुर्की बहूतै दिई ।
गर्धन् राक्षसका चिचिण्डो सरि खुब् ❀ भाँच्द्या अती रिस् लिई ॥
त्यस्तो उग्र कुचाल देखि सब हाल् ❀ नारान्तकै वीर् तहाँ ।
मोहैनास्त्र चढाइ ताँदो बिचमा ❀ हान्दो भयो फौज्महाँ ॥९५
त्यो वाण् बाँदरका फउज् बिचमहाँ ❀ डोरी समान्को तहाँ ।
जाई बाँदरलाइ बाँधि उसले ❀ फाल्थ्यो छ रावण् जहाँ ॥
आफ्नू सामु महाँ ति बाँदरहरू ❀ बन्धन् र मूर्छा जति ।
देखी रावणले प्रसन्न हुनगो ❀ पापी अधम् त्यो अति ॥९६
दुश्मन्का सब चाल देखि रघुवीर् ❀ हन्मान्जिलाई उहाँ ।
हूकूम् गर्नुभयो ति बाँदरहरू ❀ जाऊ छुटाऊ तहाँ ॥
श्रीराम्का इ वचन् सुनी जब लिया ❀ हन्मान्जिले त्यै घरि ।
शीला हातमहाँ लिएर झटपट् ❀ कूदे अती वेग् गरी ॥९७
लंका टापुमहाँ पुगेर विरले ❀ राक्षस्का फौजैमहाँ ।
थाले छोड्न शिला झरी सरि गरी ❀ हाँसेर खूब् मौजमा ॥
हाँसो श्रीहनुमानको सुनि तहाँ ❀ मूर्छीत बाँदरहरू ।
जाग्या नैन उघारि तेस् बिचमहाँ ❀ तोड्या ति बन्धन्हरू ॥९८
फेरी तेस् बिचमा ति बाँदरहरू ❀ सब्ले एकै स्वर् गरी ।
थाले गर्जन गर्न सोहि घरिमा ❀ ठीक् भाद्रको मेघ् सरी ॥

थिच्नु कुट्नु निमोठि प्राण लुटनू ❀ गर्थे मिली काम् सबै ।
रीपूका दल मार्नलाई तिनले ❀ लागेन धेर् बेर् कबै ॥९९
यस्ता रीत्सित मारि राक्षसहरू ❀ अंगद् हनूमान् तहाँ ।
फर्के सब् दल साथमा लिइव्रारी ❀ राम्चन्द्रजी छन् जहाँ ॥
हूकुम् पाइ रमाइ श्रीप्रभुजिका ❀ भाई ती लक्ष्मण् पनि ।
हात्मा वीर धनुष् लिई अघि सर्‍या ❀ जान्छू समर्‍मा भनी ॥१००
वर्षाका सरि वाण् चलाइ रिपुका ❀ दल्मा श्रीलक्ष्मण्जिले ।
मार्थ्या रावण पक्षका सब फउज् ❀ श्रीरामका शक्तिले ॥
धेरै फौज् जब मर्नगो बइरिका ❀ देखी नरान्तक् पनि ।
थाल्यो भन्न हे क्षुद्र ! आज तइँले ❀ मारिस् बहुत् वीर् भनी ॥१०१
मार्छू मूसो सरी तँलाइ यो घरी ❀ गर्छस् बहुत् मन्परी ।
बाँच्नाको मनसुब् नले तँ बुझिले ❀ आयो मरन्को घरि ॥
यस्ता रीत्सित धेर् वचन् असुरले ❀ लक्ष्मण्जिलाई यहाँ ।
धनुष्मा एक वाण् चढाइ उसले ❀ ताकेर हान्यो उहाँ ॥१०२
त्यो बाण् वज्र समानको भइगयो ❀ लक्ष्मण्जिलाई जसै ।
लाग्यो गै लघनै उसै क्षणमहाँ ❀ मूर्छित् भया झट् तसै ॥
राक्षस्को बल बढ्न गो उस घरी ❀ त्यो क्षुद्र खोला सरी ।
थाले बाँदर पक्रि खान तिनले ❀ भक्काभकी पेट् भरी ॥१०३
हा हा पर्न गयो र राम्दलमहाँ ❀ भागे ति बाँदरहरू ।
त्यै बीच्मा मुरछा खुल्यो लघणको ❀ उत्सहा बढाई अरू ॥
भागी ज्यान बचाउने जति थिए ❀ फर्के ति बाँदर् पनि ।
सायंकाल् हुनगो गएति सब फौज् ❀ विश्राम गर्ने भनी ॥१०४

मूर्छित् लक्ष्मणको लडाइँ बिचको ❀ लंकापतीमा गई ।
भन्दो भो यति भो अनी उति भयो ❀ नारान्तक् वीरै भई ॥
राम्का कोमल पाउमा लषणले ❀ बिन्ती चढाया पनि ।
शंकर्को वरदान् हुँदा समरमा ❀ मर्दैन यो वीर् भनी ॥१०५
भाई लक्ष्मणको सुनी विनति यो ❀ श्रीरामजीले तहाँ ।
आज्ञा भो सुन भाइ पृथ्वितलमा ❀ भेद् छैन राम् शिव्महाँ ॥
जान्नू गौरिपती उनैसित पनी ❀ सीयेपती शिव् भनी ।
ब्रह्मा विष्णु महेश तीन देवमा ❀ भेद् छैन केही पनि ॥१०६
श्रीराम्का भजनै गऱ्यो यदि भन्या ❀ गऱ्यो भजन् शीवको ।
शंकर्को भजनै गऱ्यो यदि भन्या ❀ भक्तै बन्यो रामको ॥
यस्तै रीत्सँग भाइलाइ प्रभुले ❀ आज्ञा भयो फेर् वहाँ ।
तेसै औसरमा ति नारद मुनी ❀ आईपुगे बीच्महाँ ॥१०७
देखी नारदलाइ आसन दिई ❀ श्रीराम् जगत्का धनी ।
हात् जोरी बिनती गऱ्या प्रभुजिले ❀ मानिस् सरीका बनी ॥
स्वस्ती ! त्यै बिचमा भनी ति मुनिले ❀ बिन्ती गऱ्या फेर् पनि ।
हूकुम् ली विधिको प्रभू-चरणमा ❀ हाजिर् भयाको भनी ॥१०८
नारान्तक् अब मार्नुपर्छ प्रभुले ❀ दधीबलैले गरी ।
धौलागीरि पहाडमा ऋषि सरी ❀ बस्छन् तपस्या गरी ॥
कोही वीर पठाइबक्सनुहवस् ❀ लीएर आओस् यहाँ ।
नारान्तक् अनि मार्छ मर्छ सहजै ❀ लड्डी समर्भूमिमा ॥१०९
येती बिन्ति गरेर नारद गया ❀ स्वर्गै पुरीमा जसै ।
हूकूम् श्रीहनुमानलाइ दिइ झट् ❀ भेज्नूभयो लौ तसै ॥

वायूका सरि रूप् धरेर हनुमान् ❀ धौलागिरीमा गया ।
हात् जोरी दधिबल्जिका चरणमा ❀ यो बिन्ति गर्दा भया ॥११०
जस्को नाममहाँ सुकाइ सब तन् ❀ एकाग्र मन्ले यहाँ ।
जस्को ध्यानमहाँ बिताइ सब दिन् ❀ खूशी भई मन्महाँ ॥
सोही राम् भगवान् जनार्दनजिको ❀ हूकुम् हुनाले गरी ।
आयाको छु सवारि होस् हे दधिबल् ❀ राम्कोचरणंप्रेम् गरी ॥१११
ओहो ! धन्य भयाँ, तरी अब गयाँ ❀ जान्छू भनी झट् तहाँ ।
आसन् काँधमहाँ धरेर दधिबल् ❀ जाँदा भया राम्महाँ ॥
देखी रामजि भक्तलाइ अति प्रेम् ❀ सम्मान् सहित्ले गरी ।
आजानू भुजले मुसारिकन शिर् ❀ भन्नूभयो श्रीहरि ॥११२
हे अङ्गद् ! तिमि जाउ सुग्रिवजिको ❀ पूगेर क्याम्पामहाँ ।
लीई आउ गएर झट्ट अहिले ❀ यो प्रेम-मन्दिर्-महाँ ॥
हूकूम् श्रीहरिको शिरोपर गरी ❀ अङ्गद्जिले त्यै घरि ।
सुग्रीव्लाइ लिएर राम्चरणमा ❀ आईपुगे त्यै घरि ॥११३
पीता सुग्रिव वीर, पुत्र दधिबल् ❀ प्रेम्ले अँगालो गरी ।
हर्षाश्रू वरषा सरी हुन गयो ❀ प्रेम्को मिलन् सो घरि ॥
यै रीत्ले दिन बित्लगो निशि भयो ❀ क्याम्पामहाँ सब् गया ।
प्रातःकालमहाँ उठेर सबले ❀ राम्का चरण् गैपऱ्या ॥११४
स्नान् औ ध्यान् सबशास्त्रपाठ्गरिव्री ❀ जल्पान् भईगो जसै ।
नारान्तक् सब सैन्य ली रणमहाँ ❀ पूग्यो पुकार्नै तसै ॥
देखी श्रीगुरुभाइलाइ तिनले ❀ खुशी भई मन्महाँ ।
अङ्गालो धरि खुब् दधीबलजिले ❀ भन्दा भए लौ वहाँ ॥११५

सुन्यौ भाइ संसार्मा शरिर अति प्रेमी छ जनको ।
सदा प्रेम्का पास्मा रहिरहि विकार् त्याग्छ मनको ॥
सबैभन्दा ठूलो जगतभरमा प्रेम बुझनू ।
छ प्रेमैको सारा वश जगत यो सत्य बुझनू ॥११६
सदा प्रेम्ले ईश्वर् रघुपति जनम्भर् वश परी ।
सदा प्रेम्ले इच्छा-फल छ भवमा मिल्छ उसरी ॥
सदा प्रेम्ले गर्दा गुरु-घर गई पद्थ्युँ जसरी ।
सोही प्रेम्का वश्मा परि परि बुझौंछु यस घरि ॥११७

मैले जो अहिले तिमीकन भनें ❀ हित्का वचन् छन् जति ।
सम्झी यी सब बात भित्र मनमा ❀ हूनेछ कल्याण् अति ॥
रावण्का कुलमा जनम् लिन गई ❀ विद्वान् तपस्वी भयौ ।
ब्रह्मा विष्णु महेश तीन देवमा ❀ भेद् मात्र केलाइ लियौ ॥११८
रावण्ले जुन काम् गर्‍यो गरन द्यौ ❀ भोग्ने छ पाप् सो पनि ।
त्याग्द्यौ रामजिका विरुद्ध मन यो ❀ हित्का कुरा हुन् भनी ॥
रावण् दुष्ट अधर्मि पापि खलको ❀ मद्दत् म गर्छु भनी ।
पाप्को डर् रतिभर् नराखि तिमिले ❀ आयौ लडाका बनी॥११९
छीः छीः छीः तिमिलाइ दिन्छु अहिले ❀ धिक्कार् बहूतै यहाँ ।
हित्का बात् यदि मान्दछौ पनि भन्या ❀ जाऊ श्रीराम् पाउमा ॥
यस्ता बात् गरुभाइको सुनिसकी ❀ नारान्तकैले पनि ।
सोही माफिक क्रोधले उस घरी ❀ उत्तर् दियो धेर् अनि॥१२०
हे पाजी ! कति बक्दछस् तँ अहिले ❀ दुर्वाच्य बक् बक् गरी ।
राम्को पक्ष भएर मैकन यहाँ ❀ मानू कमीलो सरी ॥

जान्नू बुझ्नु कता, विषैसरि तँ ता ❀ बक्बक् गरी बक्दछस् ।
बाँदर् साथि लिई रहन्छ जसले ❀ ईश्वर् भनी भज्दछस् ॥१२१
धिक्कार् दिन्छु बरू तँलाइ बहुतै ❀ लाछी भइस् लौ तँ ता ।
सम्मर्मा यदि डर्दछस् पनि भन्या ❀ जान्छस् तँ लौ जा जता ॥
यस्ता बात् भनि दुर्मती उस घरी ❀ ठस्केर जाँदो भयो ।
पुच्छर्ले उसका शरीर-बिचमा ❀ बाँधेर रोक्दो भयो ॥१२२
हट् नादान् गुरुभाइ जानि मइले ❀ बक्सिस् दिएँ ज्यान् यहाँ ।
भन्दा क्रोधित पूर्ण भै ति दधिबल् ❀ पक्री करेलीमहाँ ॥
लात्तीले मुखमा नरान्तककनै ❀ हानी पछारे जसै ।
ऊठी झट् दधबल्जिको हृदयमा ❀ एक् लात् जमायो तसै॥१२३
मुक्कामुक्कि पऱ्यो अती कठिनको ❀ भैगो लडन्तै तहाँ ।
औसर् पारि पछारि पृथ्वितलमा ❀ गीडे नरान्तक् तहाँ ॥
नारान्तक् जब मर्न गो त उसका ❀ राक्षस् फउज्मा गई ।
अङ्गद् श्रीहनुमान् मिलेर सब फौज् ❀ मारे अती क्रोध् गरी ॥१२४
सोही औसरमा गगन्-बिचमहाँ ❀ पुष्पै विमान्मा चढी ।
पुष्पैका वरषा दधीबल-उपर् ❀ गर्थे ति द्यौता बढी ॥
अशीर्वाद् सबका लिएर दधिबल् ❀ खूशी भई मन्महाँ ।
श्रीराम्को करुणा बुझेर बहुतै ❀ आनन्द भैगो तहाँ ॥१२५

॥ इति क्षेपक कथामा नारान्तक-वध वर्णन समाप्त ॥

'श्री दुर्गा साहित्य भण्डार' ले छपाएको ठूलो खाले स्वस्थानी चाहिँ धर्मैधर्मका कुराले मोटाएको रहेछ, त्यस्तो स्वस्थानी पो पढनु सुचुपर्छ । अनि अरूले छपाएको चाहिँ पापी राक्षस-दानवका पापैपापका कुराले मोटाएको रहेछ, धत्तेरि, त्यस्तो पाप प्रचार गर्ने स्वस्थानी पनि कस्ले पढ्छ !

अहिरावण-वध

क्षेपक

सून्यो रावणले नरान्तक मऱ्यो ❀ भन्ने समाचार र ।
साह्रै खिन्न भयो र दूत चतुरा ❀ भेज्यो सुतैको घर ।।
छोरो वीर पराक्रमी अति बली ❀ थीयो अहीरावण ।
बस्थ्यो राज्य गरेर मोजसँगले ❀ पातालमा त्यो जन ।।१
पूग्यो दूत उहाँ भन्यो खबर त्यो ❀ विस्तारपूर्वक् सब ।
लंकामा कपि भालुले अति पिरे ❀ नाशे ठुलो गौरव ।।
पाल्नोस् झट्ट हजूर नत्र त उहाँ ❀ साह्रै विपत्ती पऱ्यो ।
बाबाको गति ठीक छैन बुझ्नोस् ❀ राम्ले त गर्नूगऱ्यो ।।२
यस्ता बात सुनेर तत्क्षण चल्यो ❀ लंकापुरीतर्फ त्यो ।
साष्टांगै सित दण्डवत् गरि बुवा- ❀ मा बिन्ति गर्दो भयो ।।
के हो काम, बताउनोस् म अहिले ❀ योद्धा खडा छू यहाँ ।
आज्ञा मात्र हओस् गएर सहजै ❀ गर्ने म गर्छू उहाँ ।।३
यस्तो बात सुन्यो र रावण तहाँ ❀ अत्यन्त खूशी भयो ।
अर्थ्यायो सब बात राम खल्ले ❀ गर्नू नगर्नू गऱ्यो ।।
भाई ती खर-दूषणादि उसले ❀ नाश्यो जनस्थानमा ।
बैनी शूर्पणखा बुची हुन गई ❀ त्यस्कै छुल्याईमहाँ ।।४
साह्रै रीस उठ्यो मलाइ उसका ❀ त्यस् कामले त्यो घरि ।
हर्दीएँ उसकी सती प्रियतमा ❀ सीताजिलाई छली ।।
त्यै ईबी मनमा लिएर उसले ❀ आएर लंकामहाँ ।
हाँक्यो लड्न मलाइ वानरहरू- ❀ का फौजका साथमा ।।५

भीडे वानरसाथ राक्षसहरू ❀ ठूलो लडाईँ भयो ।
मारीए सुत फौज भाइ-भतिजा ❀ मेरो सबै सिद्धियो ॥
ठूलो आपतमा परेँ अब कसो ❀ गर्नू भनी सोचियो ।
यस्तैमा तिमिलाइ झट्ट मनमा ❀ संझेर बोलाइयो ॥६
तस्मात् जाउ गएर झट्ट अहिल्यै ❀ त्यो राम पाजीकन ।
पक्री ल्याउ जसोरि हुन्छ तसरी ❀ खूशी हओस् यो मन ॥
बाबू रावण वीरका यति कुरा ❀ सूनी अहीरावण ।
भन्दो भो दृढ शब्दले उस घरी ❀ सोची विचारीकन ॥७
सूनें तात ! सबै मरेछन खुपै ❀ हाम्रा ति योद्धाहरू ।
साह्रै वीर रहेछ राम बुझियो ❀ लड्नू छ व्यर्थै बरु ॥
त्यस्कारण् छलले म गर्छु वशमा ❀ त्यो वीरलाई अब ।
लाग्यो घाम भने त रातबिचमा ❀ भो काम फत्ते सब ॥८
जान्छू ती दुइ भाइलाइ सहजै ❀ लैजान्छु पातालमा ।
देवीलाइ म दिन्छु भोग तिकनै ❀ रेटेर घाँटीमहाँ ॥
मन्त्रैका बलले लगेँ यदि भनें ❀ ती वीरलाई तहाँ ।
लाग्ला झल्मल घाम रात्रिबिचमा ❀ चम्केर आकाशमा ॥९
येती बात गरी झुकी विनयले ❀ चल्दो भयो वीर त्यो ।
पौँच्यो त्यै थलमा जहाँ प्रभु दुवै ❀ सुक्ला भएको थियो ॥
देख्यो ती हनुमानलाइ सहसा ❀ पालो बसेको तहाँ ।
सोच्यो जुक्ति गरेर पौँचनुपर्‍यो ❀ छन् ती सुतेका जहाँ ॥१०
यस्तो सोच गरी विभीषण सरी ❀ भै पुग्न गो द्वारमा ।
सोद्धा मारुतिले विभीषमहाँ ❀ भन्दो भयो खासमा ॥

सन्ध्यावन्दन गर्न-खातिर अघी ❀ गाको थिएँ बाहिर ।
बस्छू रक्षक भै गएर प्रभुका ❀ पासै म छू हाजिर ॥११
यस्तो बात गरी छलीकन चली ❀ पुग्दो भयो पासमा ।
मंत्री मन्त्र वरीपरी सब फुकी ❀ माया फिजायो उहाँ ॥
मायाका वशमा परी सब मरे- ❀ जस्ता भएथे जब ।
राम् लक्ष्मण् दुइ भाइलाइ सहजै ❀ उस्ले उडायो तब ॥१२
जस्सै ती दुइलाइ लीकन उडे- ❀ थ्यो त्यो अहीरावण ।
देखीए तब घाम रात-बिचमै ❀ खूशी भयो रावण ॥
पक्का लेर गएछ ती दुइकनै ❀ आनन्द भो यो मन ।
देवीका बलि बन्दछन् खल दुवै ❀ पातालमा तत्क्षण ॥१३
पौंचायो दुइ भाइलाइ उसले ❀ त्यो दिव्य पातालमा ।
थुन्दो भो निजकै ठुलो महलमा ❀ तत्काल छूट्यो टुना ॥
छोडेथ्यो जब मन्त्रले सब उठे ❀ सेना यता रामका ।
देखेनन् दुइ भाइलाइ र गरे ❀ धेरै बिलौना निका ॥१४
थाले रून उहाँ विभीषण पनी ❀ छाती ठटाई अति ।
सूने श्री हनुमानले अति ठुलो ❀ डाँको गरेको गति ॥
भर्खर् मात्र पस्यौ तिमी प्रभुकहाँ ❀ थाहै नहूनू कसो ।
यस्तो बात सुनी विभीषणजिले ❀ बूझे भएथ्यो जसो ॥१५
रावण्को अहिरावणे सुत छ एक् ❀ जो बस्छ पातालमा ।
मायावी छ अती उ गर्छ छल ती ❀ आएछ लौ त्यै यहाँ ॥
सक्छौ उस्कन मार्न जो जन उहाँ ❀ गै मार त्यल्लाइ र ।
ल्याऊ ती दुइ भाइलाइ सहजै ❀ बोकेर, झट्टै गर ॥१६

यस्ता बात सुनी सबै मिलि मतो ❀गर्दा भए तत्क्षण ।
फुर्क्याए हनुमानलाइ र भने ❀जाऊ तिमी नै सुन ॥
साराको मतले हिडे र हनुमान् ❀जान्थे ति पातालमा ।
बाटामा रुखका मनी पुगि सुने ❀क्वै दम्पतीका कुरा ॥१७
थीए दम्पति गिद्ध गिद्धिनि उहाँ ❀गर्थे कुरा आफुमा ।
भन्थी गिद्धिनि मासु खान्छु मनुवा-❀को तिर्सना भो ममा ॥
तिम्रो गर्भिणि तिर्सना रछ बुझें ❀भोली म ल्याईकन ।
दीनेछू तिमिलाइ सुन्दरि ! भन्यो ❀त्यो गिद्धले त्यै छिन ॥१८
छोरो रावणको छ एक बलियो ❀त्यो हो अहीरावण ।
पाताल्मा गइ राज्य गर्छ उसले ❀गर्दै कडा शासन ॥
बाबूका हितका निमित्त छलले ❀ती राम लक्ष्मण्कन ।
पौंचायो निज देशमा बलि दिना- ❀का निम्ति देवीकन ॥१९
भोली नै बलि दिन्छ लाश दुइटै ❀फ्याँक्ला चउर्मा लगी ।
त्यै ल्याई तिमिलाइ दिन्छु म प्रिये ! ❀धोको तजी खाउली ॥
त्यो वार्ता सुनि दम्पती ति दुइको ❀पौंचे हनूमान् उहीं ।
पाले वानरले त छिर्न नदिई ❀रोक्यो ठुलो द्वारमै ॥२०
पालेलाइ नसोधि भित्र सहजै ❀जाने तँ को होस्, किन?
जान्छस् भन् सब बात् म वीरहनुमान्-❀को पुत्र हूँ लौ चिन ॥
मै हूँ श्रीहनुमान् कसोगरि भइस् ❀छोरो तँ मेरो सुना ।
सोद्धा मारुतिले, कह्यो सब कुरो ❀त्यो पुत्र भा' को बुँदा ॥२१
लंका खाक गरेर वीर हनुमान् ❀फिर्थे स्वदेशै तिर ।
फिर्दा केहि चुहेछ बिन्दु पसिना- ❀का सिन्धुमा तल्तिर ॥

माछीका मुखमा परेछ र भई-❀छे गर्भिणी त्यै घरि ।
उस्कै पुत्र म हूँ डटी असुरको ❀गर्दो छु लौ चाकरी ॥२२
नाऊँ हो मकरध्वज प्रबल छू ❀सोध्नू छ के सोध्नुहोस् ।
भन्छू, जान म दिन्नँ, छू निमकको ❀सोझो कुरो बुझ्नुहोस् ॥
आयौ के तिमि राम लक्ष्मण लिना- ❀का निम्ति याहाँतक ।
पाउन्नौ तिमि, भोलि हुन्छन बली ❀देवीजिमा छप्छप ॥२३
पाले वानरलाइ हेपि हनुमान् ❀पस्नै तयारी भए ।
ठोक्यो मुड्कि बटारि वीर चपरा- ❀सीले थला ती परे ॥
फर्काए हनुमानले पनि मुठी ❀धक्का दिई बेसरी ।
मुड्कामुड्कि गरे समान बलका ❀बा-पुत्र दूवै थरी ॥२४
थाकेथ्यो जब पुत्र बाँधि हनुमान् ❀त्यस्लाइ भित्रै गए ।
सानू रूप धरेर होम-गृहमा ❀चौतर्फि हेर्दा भए ॥
देखेनन् जब राम लक्ष्मण तहाँ ❀धेरै थिए राक्षस ।
गर्थे होम वृथा पिएर मदिरा ❀भै कालका ती वश ॥२५
ल्याए फूलहरू चढाउन भनी ❀ती देविका सामुमा ।
सानू रूप धरी पसे कपि पनी ❀त्यै फूलका बीचमा ॥
सोही फूल ति देविका चरणमा ❀तिन्ले चढाए जब ।
देखाए हनुमानले डर दिने ❀त्यो रूप आफ्नो तब ॥२६
देवी लोप भइन् त्यहीं जमिनमा ❀देखी हनूमान्कन ।
देवीकै पुगि स्थानमा कपि बसे ❀त्यो देखि ती दुर्जन ॥
भन्छन् देवि भइन् प्रसन्न बुझियो ❀नैवेद्य ल्याओ सब ।
गर्नूपर्दछ पूर्ण लौ बलि दिई ❀सम्पूर्ण पूजा अब ॥२७

ल्याए राक्षसले अनेक थरिका ❀नैवेद्य बोकीकन ।
गाग्राहेरु पनी धरे रगतका ❀ल्याएर सोही क्षण ॥
गर्दै पूजन देविको खलहरू ❀नैवेद्य राख्थे जति ।
खान्थे त्यो हनुमानले सहजमा ❀बाँकी नराखी रती ॥२८
केही बेरपछी भयो समय लौ ❀ल्याओ भनेको सुनी ।
ल्याए पक्रि ति राम लक्ष्मण दुवै- ❀लाई छिटो हिड् भनी ॥
देवीका नगिचै उभ्याइकन क्वै ❀यौटा अगाडी सरी ।
लाग्यो भन्न लिएर खड्ग करमा ❀काट्ने इरादा धरी ॥२९
आयो काल विलम्ब छैन अब लौ ❀कोही हितैषी भए ।
चाँडै डाक ति सैन्य- वानर अरू ❀भालू कता गैगए ॥
आफ्नो काल पनी नचिन्न सकि ती❀उन्मत्त भै त्यो घरि ।
बोल्थे मूढ वृथा असंभव कुरा ❀हेलाँ गरी बेसरी ॥३०
हेरे आपसमा मुखामुख गरी ❀श्रीराम औ लक्ष्मण ।
लीला हो प्रभुको तथापि मनमा ❀सोच्नूभयो त्यै क्षण ॥
मेरै नाम जपेर सिद्ध र मुनी ❀जान्छन् अनेकौँ तरी ।
व्यर्थै कष्ट पऱ्यो बनौँ कसरि लौ ❀मैले स्वयं नै बलि ॥३१
जान्नूभो प्रभुले तुरुन्त हनुमान् ❀देवी बनेका जब ।
हाँसी भन्नुभयो सबै खलहरू ❀मछौं तुरुन्तै अब ॥
देवीको गरि पूजनादि मनमा❀जो ठान्दथ्यौ राक्षस ।
ती देवी अहिले रिसाउन गई ❀बन्दी भइन् भक्षक ॥३२
यस्ता बात सुनेर शस्त्र करमा ❀ली काट्न आँटे जब ।
त्यो देखी हनुमानले स्वर ठुलो ❀पारेर गर्जे तब ॥

भन्छन् दुष्टहरू मुखामुख गरी ❀देवी रिसाइन् अब ।
देख्छू क्रोधमुखी र राक्षस जती ❀मार्छिन् यिनैले सब ॥३३
तिन्का बात सुनेर फेरि हनुमान् ❀झन् वेगले गर्जिए ।
आफ्नो उग्र स्वरूप घोर खलका ❀साम्ने प्रकट् गर्दिए ॥
भूमी कम्प भयो डराइकन ती ❀काँपीरहेका थिए ।
धेरै राक्षसलाइ मारि कति ता ❀पक्रेर होमीदिए ॥३४
लागे भाग्न कती अनी पुछरको ❀घेरा बनाईकन ।
मारे बन्धनमा कसीकन तहीं ❀सम्पूर्ण ती दुर्जन ॥
सारा सैन्य मरे भनीकन स्वयं ❀आयो अहीरावण ।
लाग्यो भन्न घमण्ड हे कपि, वृथा ❀गर्छस् तँ के कारण ॥३५
मारेको अघि कालनेमि बिचरा ❀त्यो जाम्बुमाली अनि ।
छोरो रावणको त इन्द्रजित झैं ❀ठान्छस् मलाई पनि ॥
तेरो तोड्छु घमण्ड आज रणमा ❀उम्केर जालास् कहाँ ।
भन्दै खड्ग गऱ्यो प्रहार हनुमान्- ❀को तानि छातीमहाँ ॥३६
त्यस्को खड्ग समाति वज्र शिरमा ❀ताकेर हानी-दिए ।
काटीयो शिर दुष्टको र बिचमै ❀पक्रेर होम्दा भए ॥
बाँचेको जतिको पनी गरिदिए ❀पूर्णाहुती अग्निमा ।
ढोगी ती दुइ भाइलाइ खुशिले ❀बोकीलिए काँधमा ॥३७
देख्यो त्यो मकरध्वज प्रबलले ❀ती बाबुको पौरुष ।
पस्त्री पाउमहाँ गऱ्यो विनयले ❀दण्डोत खुप् भै खुश ॥
बाबूले उहि राज्य पुत्रकन दी ❀धेरै अह्राई वरी ।
फर्के राम र लक्ष्मणैकन लिई ❀लंका पुगे त्यै घरि ॥३८

सेनाले जयकार बोलि प्रभुको ❀पाए जसै दर्शन ।
पाएको अघि दुःख जो जति सबै ❀बिर्से, खुशी भो मन ॥
तिन्को प्रेम बुझेर राम प्रभुको ❀आज्ञा भयो लौ अब ।
इच्छा पूर्ण हुनेछ वीरहरुको ❀जानेछ चिन्ता सब ॥३९

आज्ञा राम्रो गरि दलमहाँ रामले शान्ति दीए ।
साराको दुःखपीडा भय सहज हरे, शान्तिको सास लीए ॥
द्यौता देवी नभचरहरू त्यो तमाशा निहारी ।
थाले वर्षा गरन प्रभुमा फूलका राश भारी ॥४०॥

॥ इति क्षेपक कथामा अहिरावण-वध समाप्त ॥

: क्षेपक सकियो :



(२१४ वाँ श्लोकपछिको)

रावणको यज्ञविध्वंस तथा उसले मन्दोदरीलाई सम्झाउनु–१०

मूर्छादेखि उठी बिलाप् अति गरी ❀ फौज् लड्न पेल्यो पनि ।
हात्मा एक् तलवार् लिएर रिसले ❀ सीता म काट्छू भनी ॥
दौड्योत्यो र सुपार्श्व मन्त्रि नजिकै ❀ थीयो अगाडी सर्‍यो ।
स्त्रीघात् गर्नु अवश्य छैन महराज् ! ❀ यो जल्दि बिन्ती गर्‍यो ॥२१५

सुपार्श्वको बिन्ति सुन्यो र ताहाँ ।
फर्क्यो फरक्कै दरबारमाहाँ ॥
शोक्ले बुहुत् मूर्ख समान भैगो ।
फेरी सभा गर्छु भनेर गैगो ॥२१६

सब् मन्त्रिले सँग बसेर विचार गर्दा ।
हीतै हुन्या ठहरियो र अगाडि सर्दा ॥
जो बाँकि राक्षस थिया सब साथ लीयो ।
खुप् लड्नलाइ रघुनाथ्तिर चित्त दीयो ॥२१७

त्यो अग्निमा सलह झैं जब पर्न आयो ।
सक्थ्यो कहाँ अधिक ठक्कर फेरि पायो ॥
धेर् वीर् मर्‍या हृदयमा पनि बाण लाग्यो ।
टिक्नै तहाँ नसकि जल्दि फिरेर भाग्यो ॥२१८

सम्झ्यो गुरूकन विपत्ति पर्‍यो र ताहाँ ।
चाँडै गुरूसित गई शिर पाउमाहाँ ॥
राखी गर्‍यो विनति दुःख बहूत पायाँ ।
यै दुःखको विनति गर्न त आज आयाँ ॥२१९

हे नाथ् ! हजुर् गुरु भई पनि दुःख पर्‍या ।
क्या भो मलाइ कसरी अब चित्त धर्‍या ॥
यस् रामले सकल बन्धु र पुत्र माऱ्यो ।
शूरा अनेक् विरहरू पनि छुट्टि पाऱ्यो ॥२२०
रावण्को विनती सुन्या र गुरुले ❀ पाएछ आपत् भनी ।
गर्नूसम्म गरोस् भनेर उपदेश् ❀ दीया गुरूले पनि ॥
हे रावण् ! सुन मन्त्र दिन्छु अब गै ❀ होम् गर्नु खुप् ध्यान् धरी ।
होम् संपूर्ण गऱ्यौ भन्या त हतियार् ❀ मिल्नन् तिनैले गरी ॥२२१
जित्न्याछौ सब वीरलाइ भनि यो ❀ आज्ञा गुरूको जसै ।
पाएथ्यो खुशि भै उठी घर गई ❀ होम् गर्न आँट्यो तसै ॥
पाताल् तुल्य गुफा खनी तहिँ बस्यो ❀ होम् गर्नलाई पनि ।
ढोका बन्द गऱ्यो सबै शहरको ❀ कोही नआऊन् भनी ॥२२२
लूक्यो रावण येहि रित्सित अनी ❀ होम् गर्न लाग्यो तहाँ ।
लूक्यो रावण तापनी तर धुवाँ ❀ लूकी रहन्थ्यो कहाँ ॥
देख्या तेहि धुवाँ विभीषणजिले ❀ होम् गर्न लाग्यो भनी ।
पायाँ भेद् भनि रामका हजुरमा ❀ गै बिन्ति पाऱ्या पनि ॥२२३
लाग्यो रावण होम गर्न रघुनाथ् !❀ होम् सिद्ध पाऱ्यो भन्या ।
साँचो बिन्ति म गर्दछू हजुरमा ❀ ई सब् अजेयै बन्या ॥
हूकूम् वानरलाइ बक्सनुहवस् ❀ वीर् वीर् अगाडी सरी ।
जल्दी गैकन यज्ञ नाश् गरिदिऊन् ❀ हूकूम् शिरोपर् धरी ॥२२४
बिन्ती येति गऱ्या विभीषणजिले ❀ हूकूम् प्रभूको भयो ।
अङ्गद् वीर् हनुमान् दुवै इ खटिया ❀ दश् कोटिको फौज् गयो ॥

पर्खाल् नाघि गया र तेस् शहरमा ❀ दर्बार् पुग्याथ्या जसै ।
चौकी रावणका थिया जति तहाँ ❀ तिन्लाइ मान्या तसै ॥२२५
रानी हुन् सरभी विभीषणजिकी ❀ लंकै शहर्मा थिइन् ।
रावण् लूकिरहेछ ताहिँ छ भनी ❀ तिन्ले इशारा दिइन् ॥
गूफाका मुखमा त पत्थर ठुलो ❀ लाएर पक्का गरी ।
होम् गर्थ्यो तहिँ भित्र रावण उही ❀ पाँच्या ठुलो वेग् गरी ॥२२६
त्यो पत्थर्कन लात्ति अङ्गदजिले ❀ दीया धुलो भै खस्यो ।
होम्को विघ्न गराउनाकन तहाँ ❀ क्यै फौज भित्रै पस्यो ॥
रावण् येति हुँदा पनी दृढ़ भई ❀ ध्यान् गर्न लाग्यो जसै ।
वीर् वीर् वानरले अनेक् तरहले ❀ त्यो यज्ञ नाश्या तसै ॥२२७
रावण्ले तहिँ होम गर्न भनि एक् ❀ सूरो लियाको पनि ।
खोस्या श्रीहनुमानले र रिसले ❀ हान्या उठोस् यो भनी ॥
ध्यानैमा दृढ मन् गरी अचल भै ❀ रावण् बसेथ्यो जसै ।
ल्याया अङ्गदले त खैंचि नजिकै ❀ मन्दोदरी पो तसै ॥२२८
ती मन्दोदरिलाइ रावण नजीक् ❀ पौँचाइ हुर्मत् लिया ।
चोली खोलि अफालि फेरि कटिको ❀ सारी खसाली-दिया ॥
लायाका गहना समेत् शरिरको ❀ वस्त्रै अफाल्या जसै ।
रूँदै रावणका नजीक रहँदी ❀ बिन्ती गरिन् यो तसै ॥२२९
हे नाथ् ! आज कता गयो हजुरको ❀ लज्जा, अनाथ् के गरूँ ।
पत्नीका इ विलाप् सुनी जिउनु धिक् ❀ मर्नू निको हो बरु ॥
येती बिन्ति गरिन् र पुत्रकन खुप् ❀ संझेर लागिन् रुनै ।
अर्को कोहि थिएन ताहिँ तिनको ❀ साहाय हून्या कुनै ॥२३०

भर्ताले पनि बाँचुला भनि यहाँ ❀ लज्जैसमेत् त्याग् गऱ्या ।
तेरो ज्यान् अघि गैगयो गरुँ कसो ❀ ऐह्ले विपत्ती पऱ्या ॥
ती मन्दोदरि रानिको अतिविलाप् ❀ साम्ने सुनेथ्यो जसै ।
ऊठ्यो खड्ग लिएर अङ्गदजिका ❀ हान्यो कटीमा तसै ॥२३१
होम्को नाश गराइ अङ्गदहरू ❀ दौडेर रामथ्यैं गया ।
ती मन्दोदरि रानि रावण यिनै-❀ का बात् तहाँ खुप् भया ॥
लाग्यो रावण भन्न रानि ! अहिले ❀ बाँच्नू असल् हो भनी ।
बाँच्नै खातिर ता म चूप् भइरह्याँ ❀ येती हुँदामा पनि ॥२३२

रावणले मन्दोदरीलाई सम्झाउनु–१० (२)

बाँचेदेखि त देखिइन्छ सब थोक् ❀ यस्तो बुझी ज्ञानले ।
यो शोक् दूर् गरिहाल हुन्छ अब क्या ❀ यस्ता असत् ध्यानले ॥
अज्ञानै छ भुलाउन्या शरिरमा ❀ यो देह मै हूँ भनी ।
त्यै अज्ञान् बलवान् भयो पनि भन्या ❀ फैलिन्छ संसार् पनि ॥२३३
आत्मज्ञान स्वरूप् बुझेर मनले ❀ अज्ञानको नाश् गरी ।
स्वस्थै भैरहु शोक् नमानि तिमिले ❀ क्या हुन्छ यो शोक् गरी ॥
हे मन्दोदरि ! मार्छु राम्कन सहज् ❀ संग्राम ठूलो गरी ।
रामैले यदि मार्दछन् तपनि बेस् ❀ जान्याछु संसार् तरी ॥२३४
संग्राम्मा मरिगैगयाँ पनि भन्या ❀ मार्नू र सीता यहाँ ।
अग्नीमा तिमिले प्रवेश् तब गरी ❀ आया म जान्छू जहाँ ॥
रावण्का इ वचन् सुनेर अति ताप् ❀ मान्दी ति मन्दोदरी ।
साँचो बिन्ति म गर्छु आज अधिराज् ❀ भन्दै अगाडी सरी ॥२३५
बिन्ती रावणथ्यैं गरिन् पनि तहाँ ❀ राम् हुन् जगन्नाथ् हरि ।
जीती सक्नु कदापि छैन अरुले ❀ कस्तै लडाईं गरी ॥

वैवस्वत् मनुलाइ मत्स्यरुपले ❀ जस्ले त रक्षा गर्‍या ।
फेरी कूर्म भएर मन्दर पनी ❀ जस्ले पिठैमा धर्‍या ॥२३६
प्राण् खैँचेर लिया वराह रुपले ❀ जस्ले हिरण्याक्षको ।
बाँची कोहि फिरेन लड्दछु भनी ❀ साम्ने गयाको छ जो ॥
ठूलो दैत्य थियो हिरण्यकशिपू ❀ माऱ्या नृसिंहै भई ।
राज्यै खैँचिलिया छलेर बलिको ❀ वामन् स्वरूप्ले गई ॥२३७
थीया क्षत्रिय पृथ्विमा परशुराम् ❀ भै नाश् सबैको गर्‍या ।
तिम्रो प्राण् लिनलाइ आजपनिनाथ् ❀ राम् भै अगाडी सर्‍या ॥
सीता हर्नु थिएन हेलन गरी ❀ सीताजि हर्नूभयो ।
यै काम्ले इ विपत् पर्‍या हजुरमा ❀ ज्यानइन्द्रजित्को गयो ॥२३८
सीता सुम्पनुपर्छ आज अधिराज् ❀ राम्चन्द्रजीथ्यैं गई ।
लंकामा पनि राज् विभीषण गरून् ❀ राम्का पियारा भई ॥



(८१. रावणको पाउ परी मन्दोदरीले बिन्ती गरेकी ।)

सब् छोडीकन आज जाउँ वनमा ❀ येती भनीथिन् जसै ।
रावणले पनि ई वचन् सुनि जवाफ् ❀ खुप् दीन लाग्यो तसै ॥२३९

हे मन्दोदरि ! इन्द्रजित् पनि मऱ्यो ❀ ठूला ठुला वीर् मऱ्या ।
कुम्भैकर्ण मऱ्यो अनेक् अरु पनी ❀ संग्राममा वीर् पऱ्या ॥
येतीसम्म भएपछी कसरि फेर् ❀ लत्रेर पाऊ परूँ ।
शुत्रूथ्यँ गइ लत्रि बाँचु ननिको ❀ प्राण् आज जावस् बरु ॥२४०
विष्णू हुन् रघुनाथ् सिता पनि यिनै ❀ लक्ष्मी भनी जान्दछु ।
जानी जानि सिता हरें त म उसै ❀ क्या आज डर् मान्दछु ॥
राम्का हात परी मरूँ भनि तहाँ ❀ सीताजिलाई हऱ्याँ ।
राम्का हात परी मरें पनि भन्या ❀ संसार् सहज्मातऱ्याँ ॥२४१

फेरी तुरुन्त रघुनाथ्सित लड्न जान्छु ।
मार्नन् मलाइ रघुनाथ् तब खूशि मान्छु ॥
संसारका सकल ताप्हरुलाइ तोडी ।
जान्याछु पारि तिमिलाइ त वारि छोडी ॥२४२॥

राग् द्वेष्का भेल चल्छन् भँवरि सरि यि युग् घुम्दछन् बीचमाहाँ ।
पुत्रादी मत्स्य झैं छन्, रिस पनि वडवानल् सरीको छ ताहाँ ॥
कामैको जाल् छ ठूलो तरपनि बलियो तेहि जाल्लाइ फारी ।
संसार्-सागर् सहज्मा तरिकन हरिथ्यँ बस्न जान्याछु पारि ॥२४३

राम-रावण-संग्राम र रावणको वध-११

मन्दोदरी- सित यती भनि लड्नलाई ।
कम्मर् कसेर बलियो रथ एक् मगाई ॥
रथ्मा चढेर रघुनाथ्- सित लड्न आयो ।
राम्चन्द्रको सकल वानर फौज् डरायो ॥२४४॥

त्यो रावण् रणभूमिमा जब पुरयो ❀ साम्ने हनूमान् गया ।
मूर्छा पारि गिराउँ यस्कन भनी ❀ एक् मुड्कि हान्दा भया ॥

छातीमा जब मुड्कि बज्रन गयो ❀ खुप् वज्र तुल्यै गरी ।
घूँडा टेकि गिऱ्यो तहाँ दुइ घडी ❀ मूर्छा तुरुन्तै परी ॥२४५



(८२. हनुमान्ले रावणका छातीमा मुड्की हान्दा रावण ढुन्नुनाएर पच्छारिई मूर्च्छा परेको ।)

मूर्छादेखि उठ्यो र रावण तहाँ ❀ स्याबास् तँ होस् वीर् भनी ।
ठूलो वीर् हनुमानलाइ बुझि खुप् ❀ निक्कै सह्रायो पनि ॥
रावण्ले हनुमानको सह्रनि खुप् ❀ ताहाँ गरेथ्यो जसै ।
रावण्का सब सेखि तोइन हनुमान् ❀ वीर् बोल्न लाग्या तसै ॥२४६
हे रावण् ! किन गर्दछस् सह्रनि यो ❀ धिक्कार् म मान्छू बरु ।
मेरो मुड्कि पऱ्यापछी पनि बचिस् ❀ बोल्छस् यहाँ क्या गरूँ ॥
एक् चोट् हान् तँ पनी तँलाइ म पनी ❀ फेर् हान्छु छातीमहाँ ।
एक् मुड्की अब हानुँला त नमरी ❀ उम्केर जालास् कहाँ ॥२४७
भई बात् श्री हनुमानले जब गऱ्या ❀ बेसै भन्यो यो भनी ।
एक् चोट् श्रीहनुमानका हृदयमा ❀ ताकेर हान्यो पनि ॥
फेरी श्रीहनुमान् सऱ्या अघि तहाँ ❀ मुड्की उठाई जसै ।
रावण् टिक्न सकेन एक् क्षण पनी ❀ अन्यत्र भाग्यो तसै ॥२४८

रावण्का सँग चार् जना विर थिया ❀ मन्त्री लडाका पनि ।
ई चार् वीरकन चार् जना अघि सर्‍या ❀ ऐह्ले निभाऊँ भनी ॥
अङ्गद् श्रीहनुमान नील नल यी ❀ चार् वीर कूदी गया ।
रावण्का सँगका ति चार् विर सहज् ❀ मारेर फिर्दा भया ॥२४९

ती चार् जना जब मर्‍या तब झन् रिसायो ।
राम्का उपर् अघि सरीकन वाण् खसायो ॥
बाक्ला बुँदै सरि ति शर् जब खस्न आया ।
खुप् वानरादि विरले पनि दुःख पाया ॥२५०॥

यो चाल् वानरको बुझी रघुपती ❀ साम्ने अगाडी सरी ।
लाग्या लड्न तहाँ अनेक् तरहले ❀ त्रैलोक्यका नाथ् हरि ॥
त्यो रावण् रथमा थियो रघुपती ❀ खाली जमीन्मा थिया ।
राम्का खातिर इन्द्रले अति असल् ❀ एक् रथ् पठाईदिया ॥२५१



(८३. इन्द्रले पठाइदिएको रथ लिएर रामभाटौं मातलि आएको ।)

जल्दी मातलि सारथी रथ लिई ❀ राम्का हजूरमा गया ।
हात् जोरीकन रामका हजुरमा ❀ यो बिन्ति गर्दा भया ॥

हे नाथ् ! रथ् लिइ इन्द्रका हुकुमले ❀ आयाँ खडा छू पनि ।
यै रथ्मा चढिबक्सियोस् हजुरले ❀ बेस्बिन्ति पाऱ्यो भनी ॥२५२
यो बिन्ती गरि मातली अघि सरे ❀ ख्वामित् सितानाथ् पनि ।
तेस् रथ्लाइ परिक्रमा गरि चढ्या ❀ चढ्नै उचित् हो भनी ॥
ताहाँदेखि त मच्चियो अधिक झन् ❀ संग्राम् निरन्तर् गरी ।
जुन् बाण् रावणले त छोड्छउहिवाण् ❀ काट्छन् रमानाथ् हरि ॥२५३
यस्ता रीत्सित अस्त्रशस्त्र सब थोक् ❀ काट्या प्रभूले जसै ।
रावण्ले पनि राक्षसास्त्र लिइ खुप् ❀ फेर् हान्न लाग्यो तसै ॥
रावण् हान्दछ वाण् जती जति तहाँ ❀ सब् सर्प रूप् भै खस्या ।
हान्या वाण् रघुनाथले पनि र ती ❀ वाण्तागरुड्भैखस्या ॥२५४
काट्या सर्प पनी सबै गरुडले ❀ पक्रेर टुक् टुक् गरी ।
तेस् बीच्मा शरवृष्टि खुप्सित गऱ्यो ❀ राम्का अगाडी सरी ॥
धक्का केहि दियो प्रभूकन तहाँ ❀ फेरी गिराऊँ भनी ।
हान्यो मातलिलाइ वाण पछि फेर् ❀ केतू खसाल्यो पनि ॥२५५
घोडैलाइ पनी अनेक शरले ❀ खुप् हान्न लाग्यो जसै ।
आश्चर्यै भइ देव पितृ ऋषिगण् ❀ खेद् मान्न लाग्या तसै ॥
लीलाले रघुनाथ् पनी जब तहाँ ❀ दुःखी सरीका भया ।
वानर्को सब फौज् विभीषणसमेत् ❀ साह्रै डराई गया ॥२५६
बीस् बाहू दशशिर् भयंकर स्वरूप् ❀ मैनाक् सरीको भई ।
लड्थ्यो रावण रामका हजुरमा ❀ साम्ने नजीकै गई ॥
उठ्थ्यो रिस् प्रभुको र तेहि बिचमा ❀ कालाग्नि जस्ता बनी ।
रावण्का दश शिर् गिराउन लिया ❀ जल्दी धनुर्वाण् पनि ॥२५७

कालाग्नी सरिको भयंकर स्वरूप् ❀ राम्को बनेथ्यो जसै ।
कामिन् पृथ्वि पनी भयंकर स्वरूप् ❀ देखिन् र राम्को तसै ॥
रावण्को पनि चित्तमा भय पऱ्यो ❀ उल्का बहूतै भया ।
क्या गर्छन् प्रभुले यहाँ भनि तहाँ ❀ सब् लोक् डराईगया ॥२५८
आकाश्मा बसि हेर्दथ्या जति थिया ❀ सब् देवतागण् पनि ।
कस्ता रीत्सित मर्छ रावण यहाँ ❀ हेरौं तमाशा भनी ॥
राम्को रावणको परस्पर तहाँ ❀ खुप् युद्ध ठूलो भयो ।
रात्रीको दिनको प्रकाश् नभइ काल् ❀ धेर् युद्ध हूँदा गयो ॥२५९
रावण्को शिर काट्नलाइ जब वाण् ❀ फेक्या प्रभूले तहाँ ।
तालैका फल झैं गिरे तपनि शिर् ❀ गीरेन पृथ्वीमहाँ ॥
एकोत्तर् शय शिर् गिरे जति गिरून् ❀ सब् बन्न लाग्या तसै ।
क्या भो आज भनी प्रभूकन पनी ❀ आश्चर्य लाग्यो तसै ॥२६०
ठूला दैत्य बडा बडा विर पनी ❀ जुन् वाणले मारिया ।
सोही वाण् पनि आज रावणउपर् ❀ ताकेर खुप् हानिया ॥
काट्छन् सब् शिर वाणले र दशशिर् ❀ भैंमा खसाल्छन् पनि ।
फेर् ज्यूँका तिउँ शिर् हुन्या गरुँकसो ❀ क्या भो यहाँ को जनि ॥२६१
यो चिन्ता रघुनाथमा जब पऱ्यो ❀ साम्ने विभीषण् गया ।
यो हेतू छ भनेर हेतु जति हो ❀ सब् बिन्ति गर्दा भया ॥
ब्रह्माको वरदान् छ शिर् खसिगया ❀ फेर् उम्रनन् शिर् भनी ।
त्यो अमृत् पनि नाभिमा छ तब यो ❀ मर्दैन काटे पनि ॥२६२
सो अमृत् सब शोषिबक्सनुहवस् ❀ सब् सुक्छ अमृत् जसै ।
चाँडै त्यो मरिजान्छ तेस् बखतमा ❀ उठ्तैन फेरी कसै ॥

हात् जोरेर जसै विभीषणजिले ❀ यो गुह्य खोलीदिया ।
ठाकुरले पनि अग्निवाण झटपट् ❀ हानेर शोषीलिया ॥२६३
त्यो अमृत् जब शोषिबक्सनुभयो ❀ यो दिन्छ अर्ती भनी ।
रिस्ले शक्ति लिई विभीषण-उपर् ❀ ताकेर हान्यो पनि ॥
राम्ले शक्ति र शिर् दसै छिनिदिया ❀ फेर् एक शिर्को भई ।
नानाशस्त्र लिएर खुप्सित लड्यो ❀ राम्का अगाडी गई ॥२६४
तेस् बीच्मा पनि मातली अधि सरी ❀ हात् जोरि बिन्ती गऱ्या ।
हेनाथ् ! रावण लड्छ यो अझ भन्या ❀ फेर् शस्त्र हान्नै पऱ्या ॥
ब्रह्मास्त्रै अब छोडिबक्सनुहवस् ❀ खुप् मर्म तोड्न्या गरी ।
मार्न्या युक्ति त एक् यही छ नहिँ ता ❀ मर्दैन काट्या पनि ॥२६५
बिन्ती मातलिको सुनी प्रभुजिले ❀ एक् बाण् तुरुन्तै लिया ।
जस्मा अग्नि र वायु सूर्य इ समेत् ❀ लोक्पाल् बस्याका थिया ॥

(८४. रामले रावणका दश टाउका काटेको ।)

मन्त्री वेदविधानले र धनुमा ❀ त्यै वाण् लगाया जसै ।
प्राणीलाइ पनी बहुत् भय भयो ❀ खुप् भूमि कामिन्तसै ॥२६६

रावण्को तहिँ छाति ताकिकन बाण् ❀ छोड्या मरोस् यो भनी ।
तेस् बाण्ले त तहाँ सहज् मरिगयो ❀ घूमेर लोट्यो पनि ॥
बाँकी राक्षस जो थिया ति पनि सब् ❀ दौडेर भागीगया ।
जित् भो श्रीरघुनाथको भनि तहाँ ❀ सम्पूर्ण खूशी भया ॥२६७
त्यै बीच्मा नगरा बज्या,प्रभु-उपर् ❀ खुप् पुष्पवृष्टी भयो ।
नाच्या अप्सरगण्,ऋषी खुशिभया ❀ सम्पूर्णको ताप् गयो ॥
रावण्को पनि देहदेखि तहिँ तेज् ❀ निस्क्यो र सूर्यै सरि ।
श्रीराम्चन्द्रजिमा मिली पनि गयो ❀ संसार-सागर् तरी ॥२६८
विष्णुद्वेषि परस्त्रिमा रत हुन्या ❀ यो ब्रह्मघाती पनि ।
श्रीराम्चन्द्रजिमा मिल्यो कसरि यो ❀ आश्चर्य लाग्यो भनी ॥
गर्थ्या बात् सब देवतागणहरू ❀ नारद्जि ताहीँ गया ।
जेले रावण राममा मिलिगयो ❀ त्यो ताहिँ भन्दा भया ॥२६९
साँचो भन्छु म आज देवगण हो ! ❀ यस्ले बहुत् ध्यान् गर्‍यो ।
सीतानाथ् प्रभुको र यो तब सहज् ❀ संसार-सागर् तर्‍यो ॥
भक्तीले भयले अवर् तरहले ❀ कौनै प्रकार्ले गरी ।
ध्यान्सीतापतिकोगर्‍योपनिभन्या ❀ जाइन्छ संसार् तरी ॥२७०
रावण् मारि धनू उतारि करको ❀ एक् शर् लिनाले गरी ।
चारौँतर्फ घुमाउँदा शरिरमा ❀ धेर् बाणको खत् परी ॥
कोटी सूर्य्य सरी त तेज् छ जसका ❀ यस्ता जगन्नाथ् हरि ।
हाम्रा दुःख पनी सबै हरिदिऊन् ❀ संपूर्ण पाप् नाश् गरी ॥२७१
रावण् मारि उतारि भारि भुमिको ❀ सुग्रीव् विभीषणहरू ।
लक्ष्मण् अङ्गदजाम्बवान् र हनुमान् ❀ जो जो थिया वीर् अरू ॥

ती सब्लाइ हुकूम् भयो प्रभुजिको ❀ तिम्रै कृपाले गरी ।
माऱ्याँ रावणलाइ कीर्ति रहला ❀ तिम्रो तिनै लोक्भरी ॥२७२
रावण्का सब रानि आयर विलाप् ❀ खुप् गर्न लाग्या तहाँ ।
पृथ्वीमा लडि खूप् विभीषण पनी ❀ रोया रहन्थ्या कहाँ ॥
बीत्या दाजु भनी विभीषण पनी ❀ खुप् रून लाग्या जसै ।
लक्ष्मण्लाइ हुकूम् भयोप्रभुजिको ❀ संझाउ भन्न्या तसै ॥२७३

(८५. नाभिको अमृत शोषिएपछि मरेको रावणको नजीक बसी उसका रानीहरूले विलाप गरेको ।)

दाज्यूको किरिया गरून् सब हरून् ❀ ती रानिका शोक् पनि ।
हूकूम् येति मिल्यो र लक्ष्मण गया ❀ जल्दी बुझाऊँ भनी ॥
लाग्या भन्न अहो विभीषण ! तिमी ❀ क्या यो नजान्या सरि ।
लाग्यौ गर्न विलाप् अनेक् तरहले ❀ खालीजमीन्मा परी ॥२७४
तिम्रो यो अघि जम्मा कउन हो ❀ ऐह्ले त दाज्यू भयो ।
फेरी क्या हुनलाइ रावण यहाँ ❀ छोडेर काहाँ गयो ॥
जम्मा भैकन बालुवा जसरि फेर् ❀ फिर्छन् ति गङ्गामहाँ ।
उस्तै रीत्सित फिर्दछन् इ दुनियाँ ❀ क्वै छैन आफ्नू यहाँ॥२७५

अज्ञान्को मति यो नलेउ तिमिले ❀ झूठो जगत् हो भनी ।
जानी श्री रघुनाथका चरणमा ❀ खुप् ध्यान् लगाऊ पनि ॥
प्रारब्धै बलवान् बुझेर सब यो ❀ राज्यादि गर्दै रहू ।
जो पर्छन् परिआउन्या सब कुरा ❀ नीका ननीका सहू ॥२७६
दाज्यूको गरिहाल आज तिमिले ❀ क्रीया विधान्ले गरी ।
रुन्छन् रानिहरू बुझाउ अहिले ❀ चाँडै अगाडी सरी ॥
यस्ता ठाकुरको हुकूम् छ भनि बेस् ❀ रीत्ले बुझाया जसै ।
विस्तार् लक्ष्मणको सुन्या र झटपट् ❀ ऊठ्या विभीषण् तसै ॥२७७
बिन्ती गर्न भनी जहाँ प्रभु थिया ❀ ताहाँ तुरुन्तै गया ।
हात् जोरीकन रामका हजुरमा ❀ क्यै बिन्ति गर्दा भया ॥
हेनाथ् मर्जि भयो, कबूल् गरिलियाँ ❀ आज्ञा शिरोपर् धरी ।
बिन्ती गर्छु तथापि सत्य भगवन् ! ❀ एक् भारि शंका परी ॥२७८

यो क्रूर हो अति, परस्त्रि पनी त हर्न्या ।
यस्को क्रिया कसरि योग्य भनेर गर्न्या ॥
बिन्ती गऱ्या यति विभीषणले र ताहाँ ।
खूशी भई हुकुम भो उहि बीचमाहाँ ॥२७९॥

बाचुन्न्याल् रिस हुन्छ शत्रुसितको ❀ ऐह्ले मरी यो गयो ।
यस्को रिस् अब गर्नु छैन अब ता ❀ मेरो त रिस् दूर् भयो ॥
रुन्छन् रानिहरू बुझाउ, गर लौ ❀ क्रीया विधान्ले गरी ।
पैह्ले यै नगरी हुँदैन तिमिले ❀ यै हो क्रियाको घरि ॥२८०
हूकूम् येति सुन्या जसै प्रभुजिको ❀ योग्यै हुकूम् भो भनी ।
रानीलाइ बुझाउनाकन गया ❀ चाँडै विभीषण् पनि ॥

रानीलाइ बुझाइ सब् गरिसक्या ❀ क्रीया विधान्ले गरी ।
रानी सब् घरमा पठायर गया ❀ जाहाँ थिया राम् हरि ॥२८१
खूशी खुप् रघुनाथ् पनी हुनुभयो ❀ सम्पूर्ण खूशी भया ।
बीदा भैकन मातली पनि तहाँ ❀ फेर् इन्द्रथ्यैं गैगया ॥
लक्ष्मण्लाइ हुकूम् दिया प्रभुजिले ❀ पैह्ले दियाँ तापनि ।
गादीमा लगि फेर् विभीषण- उपर् ❀ ऐह्ले तिमीले पनि ॥२८२

विभीषणको राज्याभिषेक र सीताजीको अग्निपरीक्षा–१२ (१)

देऊ लौ अभिषेक् भनी प्रभुजिको ❀ हूकूम् भएथ्यो जसै ।
लक्ष्मण्लेलगि गादिमाथि धरि फेर् ❀ दीया अभीषेक् तसै ॥
गादीमाथि बसाइ, साथ लिइ फेर् ❀ राम्चन्द्रजीथ्यैं गया ।
लक्ष्मण्ले रघुनाथका हजुरमा ❀ सब् बिन्ति गर्दा भया ॥२८३
तेस् बीच्मा रघुनाथ् प्रसन्न हुनुभो ❀ पूग्यो प्रतिज्ञा पनि ।
सुग्रीव्लाइ पनी सह्राउनुभयो ❀ तिम्रो कृपा हो भनी ॥
ऐह्ले हे हनुमान् ! विभीषणजिको ❀ मत्ले सिताथ्यैं गई ।
सब् सम्चार बताउ जाउ अहिल्यै ❀ सूनुन् बहुत् खुश् भई ॥२८४
जो भन्छिन् ति कुरा बताउन यहाँ ❀ फेर् जल्दि आऊ भनी ।
हूकूम् पाइ गया विभीणजिका ❀ मत्ले हनूमान् पनि ॥
सीताथ्यैं हनुमान् पुग्या रुखमनी ❀ सीता बस्याकी थिइन् ।
पाऊमा हनुमान् पर्या जननिले ❀ चुप्भैनजर् खुप्दिइन् ॥२८५
चीह्नीन्ई हनुमान हुन् भनि र खुप् ❀ खूशी भईथिन् जसै ।
विस्तार् बिन्ति गर्या सबै जननिथ्यैं ❀ श्रीरामजीका तसै ॥
झन् खूशी जननी भइन् खुशि हुँदा ❀ क्यै बोल्न लागिन् तहाँ ।
क्या दीन्या तिमिलाइ चीज हनुमान् ❀ खूशी गरायौ यहाँ ॥२८६

तिम्रो यो प्रिय वाक्यतुल्य त अनेक ❀ रत्नादिका हार् पनि ।
लाग्दैनन् अरु चीजदेखिनँ ठुलो ❀ यो चीज् दिन्या हो भनी ॥
बोले ती अरु चीजदेखि त ठुलो ❀ श्रीराम् जगत्का पति ।
खूशी खुप् हुनुहुन्छ ता खुशि म छू ❀ चाहिन्न दौलथ् रती ॥२८७
यो बिन्ती सुनि खूशि भैकन तहाँ ❀ फेरी अह्राइन् पनि ।
राम्को दर्शन गर्छु बिन्ति गर गै ❀ भेट् गर्न खोज्छिन् भनी ॥
सीताका इ वचन् सुनेर हनुमान् ❀ राम्का हजूरमा गया ।
दर्शन्को मतलब् थियो जननिको ❀ सोबिन्ति गर्दा भया ॥२८८
त्यो बिन्ती हनुमानले हजुरमा ❀ ताहाँ गच्याथ्या जसै ।
मर्जी भो प्रभुको विभीषणजिका ❀ साथ् लागि आया तसै ॥
जाऊ ल्याउ सिताजिलाइ तिमिले ❀ सब् देह निर्मल् गरी ।
आऊन् भेट्न सिता अनेक् तरहका ❀ भूषण् शरीरमा धरी ॥२८९
हूकूम्ले हनुमानलाइ सँगमा ❀ लीई विभीषण् गया ।
जल्दी स्नान गराउनाकन तहाँ ❀ खुप् यत्न गर्दा भया ॥
पैह्ले स्नान गराइ शुद्ध कपडा ❀ पैह्राइ भूषण् पनि ।
थीया सुन्दर जुन् दिया खुशि हुँदै ❀ पैरून् सिताजी भनी ॥२९०
डोलीमाथि सिता चढाइ खुशि भै ❀ हीड्या विभीषण् जसै ।
दर्शन् गर्न भनेर वानरहरू ❀ आया र घेऱ्या तसै ॥
चौकी गर्न भनेर डोलि नजिकै ❀ जो ती रह्याका थिया ।
सब्वानर्हरुलाइ तेस् बखतमा ❀ तिन्ले हटाईदिया ॥२९१
कोलाहल् अधिकै भयो प्रभुजिले ❀ सून्या नजर् भो पनि ।
हूकूम् भो रघुनाथको किन तहाँ ❀ वानर् हटायो भनी ॥

आमा जानि ति हेर्दछन् सब जना ❀ हेरून् ति वानरहरू ।
डोलीमा किन चढ्दछिन् अब सिता ❀ पैदल् ति आउन् बरु ॥२९२
सूनिन् ख्वामितको हुकूम् र जननी ❀ जल्दी जमीन्मा झरिन् ।
पाऊ पर्छु भनेर खुप् खुशि हुँदै ❀ साम्ने अगाडी सरिन् ॥
काम्को सिद्ध गराउनाकन सिता ❀ माया- स्वरूपी थिइन् ।
काम् हो रावण मार्नको कुल समेत् ❀ सब् सिद्ध पारीदिइन् ॥२९३
अग्नीमा अघि राखियाकिकन फेर् ❀ लीन्या तहाँ सूर् गरी ।
दोष् दीया रघुनाथले किन यहाँ ❀ आयौ अगाडी सरी ॥
अर्काका घरमा बस्याकि भनि यो ❀ दोषै दिनूभो जसै ।
लक्ष्मण्लाइ हुकूम् दिइन् जननिले ❀ विश्वासखातिर् तसै ॥२९४
हेलक्ष्मण् ! तिमि अग्नि बाल अहिले ❀ ताहीं प्रवेश् गर्दछु ।
साँचै छू त म बाचुँली झुटि भया ❀ ऐह्रे तहीं मर्दछु ॥
हूकूम् लक्ष्मणले तहाँ जननिको ❀ सून्या र राम्को पनि ।
मत् पाईकन अग्नि खुप् गरि ठुलो ❀ बालीदिया बेस् भनी ॥२९५
सीताजी पनि खुप् प्रदक्षिण गरिन् ❀ राम्को र भक्ती गरी ।
अग्नीको नजिकै खडा पनि भइन् ❀ केही अगाडी सरी ॥
द्यौता ब्राह्मण संझि राम्-चरणको ❀ ध्यान् भित्रिमन्मा धरिन् ।
सब्का साक्षि भनेर अग्निसित हात् ❀ जोरी पुकारा गरिन् ॥२९६
जस्ता रीत्सित रामको चरणमा ❀ ध्यान्मा रह्याकी म छु ।
तस्तै रीत्सित अग्नि शीतल हऊन् ❀ तापै नलागोस् कछु ॥
बोलिन् येति र अग्निमा पसिगइन् ❀ ताहाँ सिताजी जसै ।
सब्को ताप् मनमा भयो विरहका ❀ बात् गर्न लाग्या तसै ॥२९७

(८६. लङ्कामा सीताले सुग्रीवादिका सामु अग्निप्रवेश गरेर आफूलाई चोखी साबित गरेको ।)

सीता अग्निविषे जहाँ त पसिथिन् ❀ इन्द्रादि लोकपाल्हरू ।
ब्रह्मा रुद्र समेत् सबै तहिँ गया ❀ जो देवता छन् अरू ॥
जम्मा भै रघुनाथको स्तुति गऱ्या ❀ सब् देवगण्ले पनि ।
ब्रह्माले पनि खुप् गऱ्या स्तुति तहाँ ❀ मालिक्यिनैहुन्भनी ॥२९८
अग्नीले पनि खुप् गरे स्तुति तहाँ ❀ रामका चरणमा परी ।
भूषण् वस्त्र अनेक् धन्याकि जननी ❀ सीता अगाडी धरी ॥
सीताजीकन आजसम्म त यहाँ ❀ राखीदियाको थियाँ ।
काम्को सिद्ध भयो लिनू अब हवस् ❀ सीता हजूरमा दियाँ ॥२९९
अग्नीले पनि बिन्ति बात् गरि तहाँ ❀ सीता जसै ता दिया ।
खूशी मन् रघुनाथको हुन गयो ❀ सीताजिलाई लिया ॥
सीताजीकन काखमा लिइ तहाँ ❀ ठाकुर् बस्याथ्या जसै ।
भक्तीले स्तुति इन्द्रले पनि गऱ्या ❀ खूशी भया सब् तसै ॥३००

देवताहरूले रामको स्तुति गर्नु, सीताजीसहित अग्निदेव प्रकट हुनु, अयोध्याका लागि प्रस्थान–१३

फेर् बिन्ती शिवले खुशी भइ गऱ्या ❀ रामका हजूरमा तहाँ ।
सीतानाथ ! म आउन्याछु पछि फेर् ❀ व्राही अयोध्यामहाँ ॥

ऐह्ले ई दशरथ् पिता हजुरका ❀ मिल्ला कि दर्शन् भनी ।
आया दर्शन आज बक्सनुहवस् ❀ ख्वामित् प्रभूले पनि ॥३०१
यो बिन्ती शिवको सुनेर दशरथ्- ❀ जीका हजूरमा गई ।
पाऊमा शिर राखिबक्सनुभयो ❀ अत्यन्त खूशी भई ॥
आलिङ्गन् दशरथ्जिले पनि गऱ्या ❀ ताऱ्यौ मलाई भनी ।
बीदा भै दशरथ्जिले पनि गया ❀ फेर्ं स्वर्ग लोक्मा पनि ॥३०२
वानर्को जति फौज् मऱ्यो रण हुँदा ❀ ती सब् बचाऊ भनी ।
अमृत् वृष्टि गराउनाकन हूकूम् ❀ भो इन्द्रलाई अनि ॥
हूकूम् पाइ ति इन्द्रले पनि तहाँ ❀ अमृत् गिराया जसै ।
वानर्का सब फौज् खडा पनि भया ❀ राम्का कृपाले तसै ॥३०३
बिन्ती ताहिँ गऱ्या विभीषणजिले ❀ राम्का चरण्मा परी ।
मंगल् स्नान् गरिबक्सियोस्हजुरले ❀ यो स्नानको हो घरि ॥

(८७. रामका आज्ञाले इन्द्रले अमृत छर्किई मरेका वानरहरूलाई बाँचेका बनाएको ।)

मंगल् स्नान् गरि वस्त्र भूषण धरी ❀ राज् आज याहीं हवस् ।
सेवक् हूँ करुणानिधान् ! हजुरको ❀ प्रीती ममाथी रहोस् ॥३०४

बिन्ती सूनि हुकूम् भयो हुन त हो ❀ जान्या त हो स्नान् गरी ।
क्यारूँ आज घरै छ भाइ त भरत् ❀ मै झैं जटाजूट् धरी ॥
त्यो भाई पर राखि आज म यहाँ ❀ कुन् रीतले स्नान् गरूँ ।
सुग्रीव् वीरहरु छन् इ देउ तिमिले ❀ यिन्लाइ खिल्त् बरु ॥३०५
हूकूम् येति हुँदा विभीषणजिले ❀ रत्नादि वृष्टी गऱ्या ।
जस्ले जुन् चिज खोज्छ सो चिज दिई ❀ सब् फौजको ताप् हऱ्या ॥
सब् फौज्लाइ बिदा पनी दिनुभयो ❀ राम्ले कृपा खुप् गरी ।
फौज् वानरहरुको पनी तरिगयो ❀ आनन्दमा खुप् परी ॥३०६

अयोध्याका लागि प्रस्थान–१३ (३)

काम् सब् सिद्ध भयो यहाँ किन बसूँ ❀ जान्छू अयोध्या भनी ।
सीता लक्ष्मण साथमा लिइ चढ्या ❀ श्रीराम् विमान्मा पनि ॥
सुग्रीव् अङ्गदजी विभीषणसमेत् ❀ राम्का हजूरमा थिया ।
तिन्लाई पनि जाउ राज् गर भनी ❀ बीदा प्रभूले दिया ॥३०७
ती सब्ले तहिँबिन्ति खुप् सित गऱ्या ❀ जान्छौं अयोध्यै भनी ।
सब्को आग्रह देखि खूशि हुनुभो ❀ ताहाँ रमानाथ् पनि ॥
पुष्पक्मा चढ आज झट्ट सब लौ ❀ भन्या हूकूम् भो जसै ।
सुग्रीव् श्रीहनुमान अङ्गद चढ्या ❀ पुष्पक् विमान्मा तसै ॥३०८
आफ्ना मन्त्रि लिई विभीषण पनी ❀ तेसै विमान्मा बस्या ।
सेना सुग्रिवका पनी हुकुमले ❀ सम्पूर्ण ताहीं पस्या ॥
सीतानाथहरू सबै बसि रही ❀ शोभा अधिक् गर्दथ्या ।
सो शोभाकन वानरादि विरले ❀ देखेर छक् पर्दथ्या ॥३०९

सेना समेत् सब विमान उपर् चढाई ।
हूकूम् दिया प्रभुजिले जब जानलाई ॥

आकाश मार्ग गरि जान विमान लाग्यो ।
शोभा अपूर्व रघुनाथ चढ्या र पायो ॥३१०॥

अयोध्यायात्रा, भरद्वाजमुनिको आतिथ्य तथा भरत- मिलाप–१४

ऊड्यो पुष्प विमान् जसै हुकुमले ❀ आकाश बीच्मा पसी ।
पृथ्वीको पनि याद् सबै हुन गयो ❀ तेसै विमान्मा बसी ॥
जुन्जुन् काम जहाँ जहाँ अघि भयो ❀ यांहाँ गर्‍याँ यो भनी ।
सीतालाइ नजर् गराउनुभयो ❀ खुश् भै प्रभूले पनि ॥३११
यो लङ्कापुरि हो अगम् छ बलले ❀ को जान सक्छन् अरू ।
त्यो भूमी रणभूमि हो तहिँ मर्‍या ❀ ठूला ठुला वीरहरू ॥
ताहीँ रावण कुम्भकर्ण त मर्‍या ❀ भारी लडाईँ गरी ।
लक्ष्मण्ले तहिँ इन्द्रजित्कन जित्या ❀ साम्ने अगाडी सरी ॥३१२
सागर्मा पनि हेर सेतु बलियो ❀ बाँध्याँ र सागर् तर्‍याँ ।
रामेश्वर् भनि नाम राखि शिवको ❀ स्थापन् किनार्मा गर्‍याँ ॥
चार् मन्त्रीसँग ली विभीषण तहाँ ❀ आई शरण्मा पर्‍या ।
किष्किन्धा यहि हो यसै नगरिमा ❀ सुग्रीव राजा भया ॥३१३
वार्ता येति गरी सीतासित र फेर् ❀ तारा झिकाऊँ भनी ।
सुग्रीव्लाइ हुकूम् भयो प्रभुजिको ❀ तारा झिकाऊ भनी ॥
तारा रानिहरू समेत् चढिसक्या ❀ ताहाँ विमान्मा जसै ।
सीतालाइ नजर् गराउनुभयो ❀ बाली गिर्‍याको तसै ॥३१४
सीता ! हेर अगाडि पञ्चवटि बेस् ❀ राक्षस् तहाँ धेर् मर्‍या ।
त्यो आश्रम् पनि हो अगस्ति ऋषिको ❀ जस्ले कृपा खुप् गर्‍या ॥
तेसै पल्तिरको सुतीक्ष्ण ऋषिको ❀ धेरै ऋषी छन् तहाँ ।
त्यो हो पर्वत चित्रकूट् भरतले ❀ भेट्नै त आया यहाँ ॥३१५

जो आश्रम् यमुनाजिको छ तिरमा ❀ ताहाँ भरद्वाज छन् ।
गङ्गा हुन् इ अगाडिकी नजरले ❀ देख्तै खुशी हुन्छ मन् ॥
जो देख्छ्यौ अझझन् पैरे सरयु हुन् ❀ ती हुन् अयोध्या पुरी ।
हे सीता ! गर लौ प्रणाम तिमिले ❀ भक्ती मनैमा धरी ॥३१६
सीताजीकन येहि रीत्सित सबै ❀ खोलेर विस्तार् गरी ।
भारद्वाज्कन गै प्रणाम् पनि गऱ्या ❀ जल्दी जमीन्मा झरी ॥
हात् जोरीकन सोध्नुभो अनि तहाँ ❀ सब् जन् कुशल्छन्भनी ।
वृद्धै हुन् महतारिको छ गति क्या ❀ ज्यूँदै तिछन् की भनी ॥३१७

(८८. श्रीरामहरू भरद्वाजको आश्रममा ओर्ली भरद्वाजलाई ढोगेको ।)

क्याबात् भाइ ठुलाभरत् पनि भया ❀ सब्का उपर् काम् गरी ।
चौधै वर्ष रह्या व्रती भइ ति झन् ❀ चिन्ता म-माथी धरी ॥
भारद्वाज् ऋषिले पनी सब कुशल् ❀ थीया बताईदिया ।
हे नाथ् ! छन् कुशलै सबै भरतका ❀ मात्रै विपत्ती थिया ॥३१८
हजुर पर हुनाले रोज् फलै मात्र खान्छन् ।
हजुर सरि खराऊ गादिमा राखि मान्छन् ॥

शिरभरि छ जटाजूट् वल्कलै छन् धर्‍याका ।
फगत हजुरमा छन् प्राण अर्पण् गर्‍याका ॥३१९॥
सब् जान्दछू हजुरले पनि काम् गर्‍याको ।
राक्षस् विनाश गरि भार् भुमिको हर्‍याको ॥
हो सब् प्रसाद् हजुरको सब तत्त्व जान्याँ ।
जो ब्रह्म हो उ त हजुर्कन, आज मान्याँ ॥३२०॥
लीला गरी हजुरले अवतार् धर्‍याको ।
ब्रह्मादि देवगणको पनि ताप् हर्‍याको ॥
जो ई चरित्रकन खुश् भइ गान गर्छन् ।
संसार्-समुद्र सहजै-सित पार तर्छन् ॥३२१॥
ब्रह्माजिका वचनले यहि रूप धारी ।
भार् हर्नुभो सकल राक्षसलाइ मारी ॥
सब् लोकको हित हुन्या अरु काम् गरीनन् ।
चौधै भुवन् हजुरका यशले भरीनन् ॥३२२॥

भरद्वाज मुनिको आतिथ्य–१४ (२) भरत मिलाप–१४ (३)

मेरो आज पवित्र घर् पनि हवस् ❀ एक् रात् यहाँ राज् गरी ।
भोली जानु असल् हुन्याछ पुरिमा ❀ बिन्ती छ पाऊ परी ॥
भारद्वाज् ऋषिले यती हजुरमा ❀ बिन्ती गर्‍या राज् भयो ।
सन्मान् सैन्य समेतको गरिलिया ❀ संपूर्णको ताप् गयो ॥३२३
हूकूम् भो हनुमानलाइ हनुमान् ! ❀ लौ श्रृङ्गबेर्मा गई ।
मेरा खुप् प्रिय छन् सखा गुह तहाँ ❀ तिन्थ्यैं समाचार् कही ॥
नन्दीग्राम् गइ भाइलाइ गरि भेट् ❀ श्रीराम आया भनी ।
मेरो लक्ष्मणको सिताजिहरुको ❀ सम्चार् बताऊ पनि ॥३२४

मैले काम जती गऱ्याँ भरतथ्यैं ❀ सम्पूर्ण विस्तार् गरी ।
वाहाँको समचार् लिईकन फिऱ्या ❀ सन्ताप् सबैको हरी ॥
हूकूम् यो हनुमानले जब सुन्या ❀ मानिस् सरीका बनी ।
जल्दी गै गुहलाइ सब् कहिदिया ❀ आया सिताराम् भनी ॥३२५
फेर् जल्दी सरयू तरीकन गया ❀ देख्या अयोध्या पनि ।
नन्दीग्राम् जब देखियो तहिँ गया ❀ जान्या यहीं हो भनी ॥
वैलाई रहँदा जउन् तरहले ❀ फूल् सुक्छ फुस्त्रो भई ।
त्यस्तै रैयतको दशा उस बखत् ❀ देख्या हनूमान् गई ॥३२६

देख्या तहाँ भरतलाइ जटा धऱ्याका ।
श्रीरामका चरण-चिन्तन खुप् गऱ्याका ॥
राम्का खराउकन मालिक जानि मानी ।
हूकूम् दिदा पनि त सेवक आफू जानी ॥३२७॥
सब् गेरुवा पहिरि मन्त्रि पनी बस्याका ।
राम्को भजन्तिर त कम्मर खुप् कस्याका ॥
देख्या भरत्कन र खुश् भइ हात जोडी ।
बिन्ती गऱ्या भरतका सब ताप तोडी ॥३२८॥

जस्को चिन्तन गर्नुहुन्छ महराज् ❀ सो नाथ् सिताराम् पनि ।
आईपुग्नुभयो मलाइ अघि जा ❀ भेट् भाइलाई भनी ॥
हूकूम् भो रघुनाथको र म यहाँ ❀ आयाँ हुकूम्ले गरी ।
सीता लक्ष्मणले सहित् कुशल छन् ❀ त्रैलोक्यका नाथ् हरि ॥३२९
येती वीरहरु साथ छन् भनि कुशल् ❀ विस्तार् सुनाया जसै ।
खूशी भैकन अंकमाल् पनि गऱ्या ❀ ताहाँ भरत्ले तसै ॥

राम्को सुग्रिवको कहाँ हुन गयो ❀ भेट् सब् बताऊ भनी ।
सोध्या ताहिँ भरत्जिले र हनुमान्- ❀ ले सब् बताया पनि ॥३३०

(८९. भरतलाई राम आएको समाचार सुनाउन गएका हनुमान्को र भरतको अङ्कमाल ।)

सुग्रीव् सीत मित्यारि गर्नु पनि भो ❀ साहाय सुग्रीव् भया ।
लंकामा रहिछन् सिता र रघुनाथ्- ❀ ज्यूका सँगै ती गया ॥
सीता रावणले हरेछ र बहुत् ❀ दुःखी सरीका भई ।
सीताजीकन खोजि खोजि रघुनाथ् ❀ फेर् ऋष्यमूक्मा गई ॥३३१
लंकामा गइ भारि युद्ध गरियो ❀ सब् रावणादी मच्या ।
लंकामा अधिराज् विभीषण गरी ❀ श्रीराम् अयोध्या फिर्या ॥
सब् विस्तार् हनुमानदेखि रघुनाथ्- ❀ ज्यूका सुन्याथ्या जसै ।
भाईलाइ हुकूम् दिया नगरिको ❀ संस्कार-खातिर् तसै ॥३३२
हे शत्रुघ्न ! गराउ सब् नगरिको ❀ संस्कार् अगाडी सरी ।
सब् देवालयमा पुजा अब गरून् ❀ नाना विधान्ले गरी ॥
सुत् वैतालिक बन्दि जन्हरु समेत् ❀ निस्कून् ति कस्वीहरू ।
सब् जाउन् रघुनाथका हजुरमा ❀ जो जो यहाँ छन् अरू ॥३३३

भारी फौज लियेर मन्त्रिहरुले ❀ सब् राजपत्नी लिया ।
ब्राह्मण्लाइ अगाडि लायर हिड्नू ❀ सब्लाइ ऊर्दी दिया ॥
हूकूम् येति दिया तहाँ भरतले ❀ हूकूम् बमोजिम् गरी ।
हात्मा भेटि लियेर लश्कर चल्यो ❀ खुप् हर्ष भो तेस् घरि ॥३३४
श्रीरामचन्द्रजिका खराउ शिरमा ❀ राखी तयारी भया ।
भाई साथ लिई भरत् प्रभुजिथ्यैं ❀ हीडेर पैदल् गया ॥
आयो श्रीरघुनाथको पनि विमान् ❀ चन्द्रै सरीको बनी ।
देखाया हनुमानले प्रभुजिको ❀ तेही विमान् हो भनी ॥३३५
देख्या श्रीरघुनाथको जब विमान् ❀ कीर्तन् सबैले गऱ्या ।
घोडामा रथमा जती विर थिया ❀ ती सब् जमीन्मा झऱ्या ॥
पृथ्वीमा नझरीकनै प्रभुजिको ❀ दर्शन् मिलेथ्यो जसै ।
टाढैबाट गऱ्या प्रणाम् भरतले ❀ खुप् हर्ष मान्या तसै ॥३३६
भाईलाइ विमानमा लिनुभयो ❀ ताहीं जमीन्मा झरी ।
फेरी जल्दि पऱ्या भरत् चरणमा ❀ साष्टाङ्ग सेवा गरी ॥
काखैमा पनि राखिबक्सनुभयो ❀ राम्ले भरत् खुश् भया ।
सीताजीकन दण्डवत् गरुँ भनी ❀ साम्ने अगाडी गया ॥३३७
ख्वामित् ! हूँ म भरत् परें चरणमा ❀ यस्तो पुकारा गरी ।
सीताका पनि पाउमा परिगया ❀ आनन्द सागर् परी ॥
लक्ष्मण्लाइ पनी प्रणाम् तहिँ गऱ्या ❀ काम्ले बडा छन् भनी ।
आलिंगन् गरि सुग्रिवादि विरको ❀ दिल् खुश् गराया पनि ॥३३८
सुग्रीवादि जती त वानर थिया ❀ ती मानिसै झैं भई ।
सोध्या प्रश्न कुशल् सबै भरतको ❀ आफ्नू कुशल् सब् कही ॥

मर्जी सुग्रिवलाइ तेस् बखतमा ❀ यस्तो भरत्को भयो ।
याहींबाट दया भई प्रभुजिका ❀ सब् शत्रुको ज्यान् गयो ॥३३९



(९०. मानिसको रूप धारेका सुग्रीवादिहरूका साथ भरत शत्रुघ्नहरूको मेलमिलाप ।)

चारै भाइ थियौं अगाडि अहिले ❀ पाँचौं हुनूभो यहाँ ।
भाईका झइँ यो सहाय नभया ❀ राक्षस् जितिन्थ्या कहाँ ॥
यस्ता प्रेम्सित बात् गऱ्या भरतले ❀ सुग्रीवजीथ्यै गई ।
श्रीराम्चन्द्रजिका पऱ्या चरणमा ❀ शत्रुघ्न खूशी भई ॥३४०
लक्ष्मण्जीकन दण्डवत् गरि सिता-❀ ज्यूका चरण्मा पऱ्या ।
सेवक् हूँ करुणानिधान् ! हजुरको ❀ यो ताहिँ बिन्ती गऱ्या ॥
श्रीराम्चन्द्रजिका खराउ शिरमा ❀ राखी गयाका थिया ।
वेला भो भनि पाउमा भरतले ❀ ताहीं लगाईदिया ॥३४१
हात् जोरी विनती गऱ्या पनि तहाँ ❀ नासो लियाको थियाँ ।
यो गादी लिइबक्सियोस् हजुरले ❀ ऐल्हे हजूरमा दियाँ ॥
सब् कोश्मा पनि अन्नको र धनको ❀ दश् खण्ड बढ्ता गरी ।
राख्याको छु दयानिधान् ! हजुरको ❀ सेवाविषे मन् धरी ॥३४२

श्रीरामको राज्याभिषेक–१५

यो बिन्ती खुशिले तहाँ भरतले ❀ साम्ने गऱ्याथ्या जसै ।
देख्या भक्ति भरत्जिको खुशि भई ❀ सम्पूर्ण रोया तसै ॥
नन्दीग्राम् पुगि उत्रिबक्सनुभयो ❀ ठाकुर् जमीन्मा पनि ।
पुष्यक्लाइ बिदा पनी दिनुभयो ❀ कूबेरथ्यैं जा भनी ॥३४३
फेरि श्रीरघुनाथ् वशिष्ठ गुरुका ❀ पाऊ नमस्कार् गरी ।
याहाँराज्गरिबक्सियोस् भनि असल् ❀ आसन् अगाडी धरी ॥
आसन्मा गुरुलाइ राखि नजिकै ❀ आसन् विषे राज् भयो ।
पाया दर्शन रामको र सबको ❀ सम्पूर्णसन्ताप् गयो ॥३४४

(९१. राम लक्ष्मणले गुरु वसिष्ठलाई ढोगेको ।)

कैकेयी र भरत् मिलेर रघुनाथ्– ❀ ज्यूका चरण्मा परी ।
हात् जोरीकन राज्य अर्पण गऱ्या ❀ बिन्ती बहूतै गरी ॥
जस्ले एक कटाक्षले सहज यो ❀ ब्रह्माण्ड सब् हर्दछन् ।
जो ऐश्वर्य छ इन्द्रको उ पनि एक् ❀ क्षण्मा तयार् गर्दछन् ॥३४५
यस्ता शुद्ध अनन्त पूर्ण सुखरूप् ❀ ब्रह्म-स्वरूप्ले एनि ।
क्या राज् गर्नुथियो तथापि लिनुभो ❀ खूशी हऊन् ई भनी ॥

पैह्ले स्नान् भरतादिले जब गऱ्या ❀ क्षौर्ले जटा साफ् गरी ।
स्नान् सीतापतिको पछी तहिँ भयो ❀ तेस्तै प्रकार्ले गरी ॥३४६
माला चन्दन वस्त्र हार पहिरी ❀ आसन्विषे राज् भयो ।
राम्को स्नान् र सिताजिकोतहिँ सँगै ❀ हूँदा सबै ताप् गयो ॥
सीताराम् रथमा सवार् हुनुभयो ❀ सुग्रीव् विभीषण्हरू ।
हात्तीमा रथमा सवार् हुन गया ❀ घोडैमहाँ क्वै अरू ॥३४७
राम्का सारथि ता भरत् हुन गया ❀ सेवा म गर्छू भनी ।
सेतो छत्र लिया बहुत् खुशि हुँदै ❀ शत्रुघ्नजीले पनि ॥
पंखा लक्ष्मणले लिया प्रभुजिको ❀ सुग्रीवले ता चँवर् ।
अर्को चामर एक् विभीषणजिले ❀ खूशी भया सब् अवर् ॥३४८
मानिस्को त बखान् कहाँतक गरूँ ❀ सब् देवताले पनि ।
राम्को कीर्तन खुप् गऱ्या र सुनियो ❀ मीठो मधूरो ध्वनि ॥
भेरी शङ्ख मृदङ्ग आदि नगरा ❀ खूप् बज्न लाग्या पनि ।
श्रीराम्को पनि कुच् भयो रथ चढी ❀ जाऊँ अयोध्या भनी ॥३४९
श्रीराम्को पुरिमा प्रवेश् जब भयो ❀ सब् पौरवासी पनि ।
निस्क्या बालक वृद्ध दर्शन गरौं ❀ हेरौं तमाशा भनी ॥
देख्या श्रीरघुनाथलाइ रथमा ❀ थीया पिताम्बर् धरी ।
श्याम्सुन्दर् छ शरीर् किरीट शिरमा ❀ भूषण् शरीर्मा भरी ॥३५०
लाल् छन् नेत्र विशाल खुप् हृदयबेस् ❀ बेस् मोतिका हार छन् ।
शोभा चन्दन-पुष्पको पनि छ बेस् ❀ देख्दै भयो खूशि मन् ॥
सून्या स्त्रीहरुले पनी शहरमा ❀ आया सिताराम् भनी ।
सब्को चञ्चल चित्त भो र बहुतै ❀ हेरौं सिताराम् भनी ॥३५१

छाड्या काम् घरको चढ्या गृह-उपर् ❀ सब् स्त्री अटाली गई ।
लावा पुष्प गिराउँदै प्रभुजिको ❀ दर्शन् गऱ्या खूश् भई ॥



(९२. पुरनारीहरूले अटालीहरूमा उभिएर राम सीता लक्ष्मण आएका हेरेको ।)

राम्को मोहनमूर्तिमा जब नजर् ❀ सब् स्त्रीहरूका पऱ्या ।
खूशी भैकन अंकमाल मनले ❀ सब् स्त्रीहरूले गऱ्या ॥३५२

(९३. राम लक्ष्मणले आमाहरूलाई ढोगेको ।)

ईषत् हास्य गरी प्रजाकन नजर् ❀ दीँदा रमानाथ् पनि ।
दर्वार् पौँचनुभो जहाँ त दशरथ् ❀ बस्थ्या उहीँ जाँ भनी ॥

कौसल्याहरुलाइ योग्य रितले ❀ ताहाँ नमस्कार् गरी ।
सुग्रीव्को पनि वास् खटाउनुभयो ❀ साह्रै पियारो गरी ॥३५३



(९२. विभीषण र सुग्रीवले राजमाताहरूलाई ढोगेको ।)

सुग्रीव्जीकन राख भाइ तिमिले ❀ पैह्ले म बस्थ्याँ जहाँ ।
सब्लाई तिमिले खटाउ बढिया ❀ घर् बस्नलाई यहाँ ॥
हूकूम् येति हुँदा तहाँ भरतले ❀ सोही बमोजिम् गऱ्या ।
सब्को वास खटन् भयो सब तहाँ ❀ आनन्दसागर् पऱ्या ॥३५४
आफैं श्रीरघुनाथ् हुकूम् अब गरून् ❀ यो मन् भरत्ले गरी ।
सुग्रीव्लाइ अह्राउनू पनि भयो ❀ खुश् भै अगाडी सरी ॥
हे सुग्रीव ! खटाउनू अब पऱ्यो ❀ वीर् वीर् विचार् खुप् गरी ।
चारैतर्फ गई समुद्र पुगि जल् ❀ ल्याऊन् कलश्मा भरी ॥३५५
श्रीराम्चन्द्रजिलाइ राज्यअभिषेक् ❀ गर्न्या बखत् भो भनी ।
मर्जी भो र भरत्जिको उहि बखत् ❀ ल्याईदिया जल् पनि ॥
जल् लीनाकन जाम्बवान् र हनुमान् ❀ अङ्गद् सुषेण् चार् गया ।
पौंच्या जल्दि समुद्रमा सहज जल् ❀ लीएर दाखिल् भया ॥३५६

त्यो जल् साथ लिई वशिष्ठ गुरुका ❀ साम्ने भरत्जी गया ।
यो हो चार समुद्रको जल भनी ❀ यो बिन्ति गर्दा भया ॥
फेर् बिन्ती कर जोरि खुप्सित गऱ्या ❀ यै जल् हजुरले छरी ।
श्रीराम्चन्द्रजिलाइ राज्यअभिषेक् ❀ दिनूहवस् यस् घरि ॥३५७



(९४. गुरु वसिष्ठले रामलाई राजतिलक लाइदिएको ।)

यस्तो बिन्ति सुनी वशिष्ठ गुरुले ❀ बेस् बिन्ति गर्छौं भनी ।
श्रीराम्चन्द्रजिलाइ राखनुभयो ❀ सिंहासनैमा पनि ॥
गौतम् वाल्मिकि वामदेव इ समेत् ❀ जाबालि ताहीं थिया ।
ती सब्ले सँग भै वशिष्ठ गुरुले ❀ जल्दी अभीषेक् दिया ॥३५८
कन्या ब्राह्मणले पनी तुलसिदल् ❀ हालेर कुश्ले असल् ।
मन्त्रै-पूर्वक खूशि भैकन छऱ्या ❀ राम्का उपर् शुद्ध जल् ॥
सेतो छत्र लिया तहाँ प्रभुजिको ❀ शत्रुघ्नजीले गई ।
सुग्रीव्ले र तहाँ विभीषणजिले ❀ हाँक्या चमर् खुश् भई ॥३५९
माला काञ्चन वायुले पनि दिया ❀ हार् इन्द्रजीले पनि ।
नाना रत्न खजित् गरायर दिया ❀ पैरून् सिताराम् भनी ॥

गाऊँछन् तहिँ देवतागणहरू ❀ सब् अप्सरा नाच्तछन् ।
वर्ष्यो खुप्सित पुष्पवृष्टि नगरा ❀ बज्दा भयो खूशि मन् ॥३६०
गम्भीर् श्यामशरीर् किरीट शिरमा ❀ माला पिताम्बर् धरी ।
कोटी कामसमान सुन्दर स्वरूप् ❀ वामृतर्फ सीता धरी ॥
सिंहासन् बसि सब् प्रजातिर नजर् ❀ दीनूभयाथ्यो जसै ।
दर्शन् गर्न भनेर पार्वति समेत् ❀ आया सदाशिव् तसै ॥३६१
डिम् डिम् शब्द भयो तहाँ डमरुको ❀ नन्दी र भृङ्गी पनि ।
ताल् वेताल्हरु नाच्न लागि त गया ❀ आया सदाशिव् भनी ॥
शम्भूका पछि देवगण् सब तहाँ ❀ आया र हाजिर् भया ।
श्रीराम्को स्तुति खुप् गर्‍या र खुशि भै ❀ सब् जल्दि फर्कीगया ॥३६२
बाजा खुप् शब्द गर्छन्, स्तुति गरि ऋषिगण्, देवगण् पाउ पर्छन् ।
वर्षन्छन् पुष्पवृष्टि प्रभु-उपर अनेक् प्राणिले सौख्य गर्छन् ॥

(१५. राम र सीता राजसिंहासनमा बस्नुभएको ।)

सिंहासन्मा विराज्मान् सकल गुणनिधान् राम् हुनूभो जसै ता ।
सीता लक्ष्मण् सँगै भै प्रभुकन हुनगो पूर्ण शोभा तसै ता ॥३६३

राजा श्रीरघुनाथ् हुँदा पृथिविमा ❀ शय्यादि खूबै बढ्यो ।
थीयानन् अति गन्ध जौन फुलमा ❀ तिम्मा सुगन्धी चढ्यो ॥
धेनूदान् वृषदान् गऱ्या प्रभुजिले ❀ तीस्कोटि सुन् दान् गरी ।
वस्त्राभूषण रत्न दान् पनि गऱ्या ❀ दारिद्र्य सब्को हरी ॥३६४
दान्ले ब्राह्मण खुश् गराइ रघुनाथ् ❀ सुग्रीवलाई पनि ।
माला सूर्य समानको दिनुभयो ❀ दीनू उचित् हो भनी ॥
मर्याद् खुप् गरि बाजुबन्द दिनुभो ❀ अङ्गद्जिलाई पनि ।
ताहीँ एक अमूल्य हार दिनुभो ❀ सीताजिलाई पनि ॥३६५

बाँदरहरू बिदा हुनु तथा ग्रन्थ-प्रशंसा–१६

सीताले हनुमानलाइ दिन सूर् ❀ बाँधेर हात्मा लिइन् ।
कस्तो हुन्छ हुकूम् भनीकन नजर् ❀ ख्वामित् तरफ्खुप्दिइन् ॥
जस्लाई दिन मन् छ देउ भनि यो ❀ हूकूम् भयाथ्यो जसै ।
प्यारा श्रीहनुमान् थिया तहिँ दिइन् ❀ त्यो हार् सिताले तसै ॥३६६
झन् दर्जा हनुमानको तहिँ बढ्यो ❀ फेरी प्रभूले पनि ।
के माँग्छौ वरदान माँग तिमिले ❀ दिन्छू म त्यो वर् भनी ॥
हूकूम् बक्सनुभो तहाँ र हनुमान् ❀ खुश् भै अगाडी सऱ्या ।
जे इच्छा मनमा थियो हजुरमा ❀ हात् जोरि बिन्तीगऱ्या ॥३६७
ख्वामित् ! नाम हजूरको जबतलक् ❀ लीनन् जगत्मा बडा ।
ताहीँसम्म शरीर् रहोस् हजुरको ❀ नाम् सुन्नलाई खडा ॥
ख्वामित् ! नाम हजूरको स्मरणमा ❀ आनन्द जो पाउँछु ।
त्यो आनन्द कतै मिलेन रघुनाथ् ❀ तेही नछूटोस् कछु ॥३६८
यो बिन्ती सुनि लौ भनी हुकुम भै ❀ फेरी कृपा भो पनि ।
बिल्ला कल्प र यो बित्यापछि भन्या ❀ मुक्ति हुन्याछौ भनी ॥

हूकूम् यो रघुनाथको हुन गयो ❀ फेर् जानकीले पनि ।
जो जो हुन् सुखभोग् सबै वश रहून् ❀ तिम्रा हनूमान् ! भनी ॥३६९
आशीर्वाद् यति बक्सनू जब भयो ❀ बीदा हुनूमान् भया ।
आनन्दाश्रु गिराइ तप् गरुँ भनी ❀ हीमालयैमा गया ॥
फेर् ठाकुर् गुहका अगाडि गइ यो ❀ हूकूम् कृपाले गऱ्या ।
जाऊ लौ घरमै बसीरहु फगत् ❀ मन्मात्र मैमा धऱ्या ॥३७०
यो प्रारब्ध ठुलो छ भोग नगरी ❀ टदैन कस्तै गरी ।
हून्यैछौ तिमि मुक्त-देह पछि ता ❀ संसार् सहज्मा तरी ॥
हूकूम् यो गरि मुख्य भक्त गुहका ❀ साम्ने अगाडी सरी ।
आलिंगन् गरि भूषणादि दिनुभो ❀ राज्यै समेत् थप् गरी ॥३७१
तत्त्वै ज्ञान् पनि बक्सनू तहिँ भयो ❀ आनन्द-सागर् परी ।
बीदा भै गुहजी गया घरमहाँ ❀ मन् राम्-चरण्मा धरी ॥
यस्तै रीत्सित सब् बिदा तहिँ हुँदै ❀ सुग्रीव् विभीषण् गया ।
लक्ष्मण् सेवक छन् सदा हजुरमा ❀ राम् राज्य गर्दा भया ॥३७२
आत्मारूप् सब कर्मका अधिपती ❀ निर्मल् अकर्ता पनि ।
कर्ता भैकन लोकलाइ उपदेश् ❀ गर्नू, उचित् हो भनी ॥
गर्नालायक अश्वमेधहरु जो ❀ ठूला ठुला यज्ञ हुन् ।
ती सब् यज्ञ पनी गऱ्या प्रभुजिले ❀ बाँकी रहन्थ्यो कउन् ॥३७३
राजा राम् भइबक्सनू जब भयो ❀ प्राणी प्रजा खुश् भया ।
जो पर्थ्या अघि ताप् अनेक् तरहका ❀ ती सब् प्रजाका गया ॥
गर्दैनन् विधवा विलाप् मुलुकमा ❀ लाग्दैन रोग्व्याध् पनि ।
सब् डाकू दबिया परेन कहिँ ताप् ❀ यो चीज् हरायो भनी ॥३७४

बूढो बाँचि मरेन बालक कहीँ ❀ यस्तो मुलुक्मा भयो ।
छोरा झैँ गरि पालिबक्सनुहुँदा ❀ सब् ताप् प्रजाको गयो ॥
गर्छन् राघवको भजन् जनहरू ❀ वर्षन्छ मेघ् कालमा ।
वर्णाश्रम् सब धर्म छन्, दिन बित्या ❀ सब्का सुखै चालमा ॥३७५

अयुत वर्ष त राज् प्रभुको भयो ।
सकल ताप् दुनियाँहरुको गयो ॥
शिवजिले यति पार्वतिथ्यैँ कह्या ।
सकल पाप् छुटिजान्छ सुनी रह्या ॥३७६॥

श्रीरामका यति कथाकन जो कहन्छन् ।
सब् थोकले ति परिपूर्ण भई रहन्छन् ॥
धन् पुत्र राज्यहरु कम्ति हुँदैन केही ।
पाप् हर्नलाइ पनि मुख्य छ धर्म येही ॥३७७॥

जन्मन्छन् तर मर्दछन् पनि सबै ❀ जस्का त छोराहरू ।
तेस्ता स्त्रीहरुले सुन्या यति भन्या ❀ बाँच्छन् पछीका अरू ॥
बन्ध्या स्त्री पनि पाउँछे सुत असल् ❀ गर्छन् कृपा राम् धनी ।
आधिव्याधि अनेक दुःखभय ताप् ❀ पर्दैन कैल्यै पनि ॥३७८

श्रीरामको यति कथा जतिले त सुन्छन् ।
सब् देवता तिसँग खुप्सित खूशि हुन्छन् ॥
जो विघ्न हुन् ति सब नष्ट भएर जान्छन् ।
सम्पूर्ण जन् पनि तिनैकन आइ मान्छन् ॥३७९॥

आधिव्याधि त छुट्तछन् अरुउपर् ❀ धन्धान्य सन्तान् पनि ।
बढ्छन् इष्ट कुटुम्ब मित्रहरुका ❀ मान्या ति हुन्छन् भनी ॥

यस्ताको त बखान् कहाँतक गरूँ, ❀जो मन् प्रभूमा धरी ।
गर्छन् राम-भजन् त मुक्त पनि भै ❀ जान्छन् ति संसार् तरी ॥३८०
शम्भूले सब वेद मन्थन गऱ्या ❀ श्रीरामको नाम् सरी ।
अर्को तत्त्व मिलेन केहि र लिया ❀ साह्रै पियारो गरी ॥
सोही तत्त्व त पार्वतीकन दिया ❀ अध्यात्म रूप्ले गरी ।
जस्ले प्रेम् गरि सुन्छ यो, सहज त्यो ❀ उत्रन्छ संसार् तरी ॥३८१

❀ इति युद्धकाण्ड समाप्त ❀

शुक र शुकका साथीहरूबाट समुद्रमा पुल बाँधी सैन्यसहित रामचन्द्र लङ्का आएको समाचार सुनी आत्तिएको रावणले दशै मुखबाट दश प्रकारका शब्द एकैचोटि बोलेको -

श्रुत्वा सागरबन्धनं दशशिराः सर्वैर्मुखैरेकदा
तूर्णं पृच्छति वार्तिकान् सचकितोभीत्या परं संभ्रमात् ।
बद्धः सेतुरपां निधिर्जलनिधिःक्षीलालधिस्तोयधिः
पाथोधिर्जलधिः पयोधिरुदधिर्वारां निधिर्वारिधिः ॥

आठकाण्ड रामायण उत्तरकाण्ड

भगवान् रामकहाँ अगस्ति आदि मुनीश्वरहरू आउनु र रावणादि राक्षसहरूको पूर्ववृत्तान्त सुनाउनु–१

शम्भूका मुखदेखि राज्य-अभिषेक❀ राम्को सुनीथिन् जसै ।
सोधिन् पार्वतिले सदाशिवजिथ्यौं ❀ लीला पछीका तसै ॥
पृथ्वीमा कति वर्ष राज् हुन गयो ❀ लीला तहाँ कुन् भया ।
कस्ता रीत्सित राज्य छोडि रघुनाथ्❀ वैकुण्ठ धाम्मा गया ॥१
शम्भो ! श्रीरघुनाथका जति त छन्❀ लीला कृपाले गरी ।
आज्ञा आज हवस् म सुन्छु भगवन्❀ बिन्ती छ पाऊ परी ॥
यो बिन्ती जब शम्भुका चरणमा❀ श्रीपार्वतीले गरिन् ।
सब् लीला प्रभुका कह्या शिवजिले❀ खुप् हर्षमा ती परिन् ॥२
रावण् मारि उतारि भारि भुमिको❀ राम् राज्य गर्छन् भनी ।
जानी एकदिन ता गया ऋषिअनेक्❀ भेटौं सिताराम् भनी ॥
दुर्वासा भृगु अङ्गिरा इ पनि छन्❀ कश्यप् र वामदेव् भया ।
विश्वामित्र असित् र कण्व सहितै ❀ सप्तर्षि अत्री गया ॥३
सब् शिष्यै सहितै अगस्तिजि गया ❀ द्वारमा पुग्याथ्या जसै ।
हाजिर् जल्दि पठाइ मर्जि भइ सब्❀ पौंच्या हजुरमा तसै ॥
पूजा सब् ऋषिको गर्‍या प्रभुजिले ❀ सब्लाइ आसन् दिया ।
खूशी सब् ऋषिगण् भया हजुरमा ❀ जो जो गयाका थिया ॥४
पैले प्रश्न गर्‍या तहाँ कुशलको ❀ राम्ले र आदर् गरी ।
सोध्या सब् ऋषिले पनी कुशलको❀ विस्तार् बडो प्रेम् धरी ॥

बिन्ती सब् ऋषिले गऱ्या हजुरमा ❀ ख्वामित् ! ठुलो काम् भयो।
पृथ्वीको अति भार इन्द्रजित हो, ❀ भार् तेहि जाँदा गयो ॥५

रावणादि राक्षसहरूको पूर्वचरित्र-१ (२)

वीर् हुन् रावण कुम्भकर्ण तपनी ❀ यो इन्द्रजित् झन् जबर् ।
वीर् हो त्यो पनि मारिबक्सनुभयो ❀ को जित्न सक्थ्यो अवर्॥
लङ्कामा यिनि दुष्टको मरण भो ❀ साँचा विभीषण् थिया ।
पाया राज्य कनक् झईं र खुशिले ❀ चाकर् सदाका भया ॥६

जो दक्षिणा अभयको अघि हो दियाको ।
सो पूर्ण गर्नकन दुष्ट हरी-लियाको ॥
देख्याँ कृतार्थ हुनुभो रघुनाथ ऐह्ले ।
मर्थ्या ति राक्षसहरू अरुदेखि कैह्ले ॥७॥

यो बिन्ती ऋषिको सुन्या प्रभुजिले ❀ आश्चर्य मान्या पनि ।
क्याले रावणदेखि झन् अति ठुलो ❀ भो इन्द्रजित् वीर् भनी ॥
सोध्या सब् ऋषिका अगाडि र तहाँ ❀ साम्ने अगस्ती थिया ।
यस्तो त्यो विर हो भनी सब कुरो ❀ विस्तार् बताई-दिया ॥८
ब्रह्माका सुत हुन् पुलस्त्य तपका ❀ खातिर् सुमेरू गया ।
राजर्षी तृणबिन्दुका नगिचमा ❀ आश्रम् ति गर्दा भया ॥
तप् गर्थ्या तहिँ देवपुत्रिहरु सब् ❀ आएर खुप् गान् गरी ।
नाच्थ्या हास्यकला अनेक् तरहका ❀ गर्दै नजर्मा परी ॥९
तप्को विघ्न हुन्या पुलस्त्य ऋषिले ❀ बूझ्या बडा धीर् थिया ।
जुन् स्त्री देख्छु म गर्भिणी उहि हवस् ❀ भन्या सराप् पो दिया ॥
भाग्या सब् तृणबिन्दुपुत्रि त सुनी ❀ साम्ने नजीकमा गइन् ।
देख्या ताहिँ पुलस्त्यले र ति उसै ❀ झट् गर्भिणी पो भइन् ॥१०

कामिन् खुप् डरले पितासित गइन् ❀ जान्या पिताले पनि ।
छोरी गर्भिणि भैछ आज ऋषिका ❀ साँचा वचन्ले भनी ॥
जानी छोरि पुलस्त्यजीकन दिया ❀ जल्दी नजीक्मा गई ।
ती कन्या ति पुलस्त्यले पनि लिया ❀ अत्यन्त खूशी भई ॥११
तिन्का पुत्र ति विश्रवा हुन गया ❀ खुप् ब्रह्म जान्या मुनि ।
भारद्वाज् ऋषिले तिनैकन दिया ❀ छोरी बडा गुण् सुनी ॥
तिन्का पुत्र कुबेर् भया गुणनिधान् ❀ तिन्ले तपस्या गरी ।
ब्रह्मालाइ रिझाउँदा ति धनका ❀ मालिक् भया तेस् घरि ॥१२
मालिक् दौलथका गरायर गरून् ❀ यस्मा सयल् खुप् भनी ।
ब्रह्माले तहिँ फेरि पुष्पक विमान् ❀ तिन्लाइ दीया पनि ॥
तेसै-माथि चढी पितासित गई ❀ तप्को सबै फल् कह्या ।
सब् पायाँ, तर वास् त पाइनँ कता ❀ जाऊँ म भन्दा भया ॥१३
सून्या बिन्ति कुबेरको र खुशि भै ❀ ती विश्रवाले पनि ।
लंका खालि थियो र तेहि दिनुभो ❀ लौ राज्य गर् जा भनी ॥
लङ्कामा अघि राज्य राक्षसहरू ❀ गर्थ्या बडा वीर् थिया ।
तिन्कै खातिर विश्वकर्म खुशि भै ❀ लङ्का बनाई दिया ॥१४
आज्कल् राक्षस विष्णुले जितिलिदा ❀ भागेर पातालमा ।
लुक्ना-खातिर गै-गया र शहरै ❀ खाली छ यस् कालमा ॥
आज्ञा येति दिया कुबेर्कन तहाँ ❀ ती विश्रवाले जसै ।
लङ्कामा ति कुबेर् गईकन बस्या ❀ राज् गर्न लाग्या तसै ॥१५
एक् दिन् कैकसि छोरि लीकन ठुलो ❀ राक्षस् सुमाली पनि ।
डुल्थ्यो यस् पृथिवीविषे सब घुमी ❀ हेरूँ तमाशा भनी ॥

पाताल्बाट सयल् गरूँ भनि यहाँ ❀ आएर डुल्दा तहाँ ।
पुष्पक्माथि चढेर खुप्सित सयल् ❀ गर्थ्या कुबेर्जी जहाँ ॥१६
लाग्यो दृष्टि सुमालिको र मनले ❀ मान्यो बडा हुन् भनी ।
यस्तो वीर् कुलमा कसो गरि हुनन् ❀ यस्तो चितायो पनि ॥
लाग्यो कैकसिलाइ भन्न त्यसले ❀ पुत्री ! यती काल् गयो ।
कोही वर् पनि आउँदैन गरुँ क्या ❀ यौवन् त तिम्रो भयो ॥१७
तस्मात् आज त विश्रवा ऋषिजिथ्यैं ❀ जाऊ र साम्ने गई ।
हात् जोरी ऋतुदान माग तिमिले ❀ दासी चरण्की भई ॥
यस्तै पुत्र हुनन् अवश्य इ उनै- ❀ का पुत्र हुन् वीर् भनी ।
छोरीलाइ त विश्रवासित तहाँ ❀ तेस्ले पठायो पनि ॥१८
जल्दी कैकसि विश्रवासित गई ❀ साम्ने खडा भै रहिन् ।
पृथ्वीतर्फ नजर् दिई चरणले ❀ लेख्दी जमीन्मा भइन् ॥
चेष्टा कैकसिका नजर् गरि तहाँ ❀ ती विश्रवाले पनि ।
कन्या कस्कि तँ होस् बता किन यहाँ ❀ आइस् अगाडी भनी ॥१९
सोध्या कैकसिलाइ लाज् हुनगयो ❀ लाज्का सकस्मा परिन् ।
ध्यानैले सब जानिबक्सनुहवस् ❀ यस्तो त बिन्ती गरिन् ॥
सून्या बिन्ति र झट् विचार् पनि गर्या ❀ मालुम् भयो सब् जसै ।
छोरा पाउन आइछस् भनि तहाँ ❀ बोल्या ऋषीले तसै ॥२०
बेला दारुण पारि आज ऋतुदान् ❀ माँगिस् म दिन्छू पनि ।
दोटा पुत्र हुनन् भयङ्कर स्वरूप् ❀ बेला सरीका भनी ॥
यस्ता बात् गरि दान् दिया र ऋतुको ❀ ती बात् जसै ता सुनिन् ।
कुन् रीत्ले अब पाउँ पुत्र बढिया ❀ यस्तो बहूतै गुनिन् ॥२१

बिन्ती कैकसिले गरिन् उहि बखत् ❀ ख्वामित् पती भै पनि ।
तेस्ता पुत्र बुझाउँ लौ म कसरी ❀ यो झन् कठिन् भो भनी ॥
सून्या बिन्ति तहाँ दया पनि उठ्यो ❀ ती विश्रवाको अनि ।
तेस्रो पुत्र हुन्याछ राम्चरणको ❀ दास् बुद्धिमान् खुप् भनी ॥२२
पत्नी कैकसिलाइ येति ऋषिले ❀ दीया कृपा खूप् गरी ।
खूशी कैकसि भै गइन् ऋषि रह्या ❀ ध्यान्मा बहुत् मन् धरी ॥
जन्म्यो रावण पूर्ण गर्भ जब भो ❀ शिर् दश् भुजा बीस्धरी ।
उल्का आदि भया अनेक् तरहका ❀ कामिन् भुमी खुप् गरी ॥२३
रावण्का पछि कुम्भकर्ण अतिवीर् ❀ जन्म्यो उसैको मनि ।
जन्मी शूर्पणखा पछी, गुणनिधान् ❀ जन्म्या विभीषण् पनि ॥
शान्तात्मा बढिया विभीषण भया ❀ बस्थ्या ति शास्त्रै सुनी ।
दुष्टात्मा अति कुम्भकर्ण हुनगो ❀ डूलेर खान्थ्यो मुनि ॥२४
बैह्नी शूर्पणखा भई जगतमा ❀ दुष्टात्म भै डुल्दथी ।
नक्कट्टी भइ गै पछी हजुरका ❀ तेज्ले कहाँ बाँच्दथी ॥
रावण्को त बखान् कहाँतक गरौं ❀ सब् लोकको रोग् सरी ।
लाग्यो रावण बढ्न रोज् भय दिदै ❀ तीन् लोक् वशैमा गरी ॥२५

सर्वान्तर्यामि साक्षी हृदय-हृदयमा आत्मरूप्ले रह्याका ।
निर्मल् सर्वज्ञ पूर्ण प्रभु पनि नरको रूप ऐह्ले भयाका ॥
सोध्नूभो आज लीला गरिकन त सबै रावणादीहरूको ।
विस्तार् बिन्ती म गर्छू अरु पनि भगवन् ! तेज् हर्‍यो जो अरूको ॥२६॥

ब्रह्मस्वरूप् प्रभु भनेर हजूरलाई ।
जानेर डुल्छु म अनुग्रह केहि पाई ॥

यस्तो अगस्ति ऋषिले जब बिन्ति लाया ।
साँचा कुरा प्रभुजिले ऋषिथ्यैं बताया ॥२७॥
माया छ यो सब जगत् भनि नित्य जानी ।
आनन्द यस् विषयमा रतिभर् नमानी ॥
मेरो भजन् गरिरहोस् सब पाप हर्न्या ।
येती उपाय छ सहज्-सित पार तर्न्या ॥२८॥

एक्दिन् पुष्यकमा चढीकन कुबेर् ❀ आया पिताथ्यैं जसै ।
देखिन् कैकसिले र पुत्रसित गै ❀ क्यै भन्न लागिन् तसै ॥
देख्यौ पुत्र ! कुबेरलाइ तिमिले ❀ सब् द्रव्यका छन् धनी ।
गर्छन् पुष्पकमा सयल् खुशि हुँदै ❀ तेजस्वि देख्तै पनि ॥२९
जस्तो यत्न गरेर हुन्छ तिमिले ❀ सो यत्न ऐल्हे गरी ।
सब्को मालिक भै सयल् गर अनेक् ❀ यस्तै यिनैले सरि ॥
रावण्ले इ वचन् सुनी जननिकै ❀ साम्ने प्रतिज्ञा गर्‍यो ।
हे माता ! म बडै भएर रहुँला ❀ क्याआज चिन्तापर्‍यो ॥३०
यस्तो बात् तहिँ कैकसीसित गरी ❀ तप् गर्न रावण् गयो ।
गोकर्णेश्वरमा गई दृढ भई ❀ तप् गर्न लाग्दो भयो ॥
रावण्कै सँग कुम्भकर्ण विभिषण् ❀ भाई दुवै ती गया ।
ईश्वर्लाइ गरी प्रसन्न भनि खुप् ❀ तिन्ले पनी मन् दिया ॥३१
तप् गर्दा हुँदि कुम्भकर्ण विरको ❀ ताहाँ अयुत् वर्ष गो ।
टेकी एक चरण् विभीषणजिको ❀ पाँचै हजार् मात्र भो ॥
रावण्को त बखान् कहाँतक गरौं ❀ ठूलो तपस्या गर्‍यो ।
खुप् एकाग्र भएर रोज् प्रभुजिका ❀ ध्यान्मा बहुत् मन्धर्‍यो ॥३२

दश् हज्जार् जब दिव्यवर्ष बितिगो ❀एक् शिर् तसै होम् गरी ।
यस्तै रीत्सित नौ त शिर् पनि हुम्यो❀भक्ती प्रभूमा धरी ॥
नौ शिर् होम् गरि शिर्दशौंपनि तहाँ ❀दीनै तयार् भो जसै ।
ब्रह्मा आइ हटाइ वर् दिन तयार्❀हूनूभयो पो तसै ॥३३
हे रावण् ! वर माँग दिन्छु अहिले❀इच्छा बमोजिम् भनी ।
ब्रह्माबाट दया भयो र खुशि भै❀माँग्यो तहाँ वर् पनि ॥
हे नाथ् ! वर् त अमर् म पाउँ नमरूँ❀क्वै वीरदेखी कसै ।
मानिस्को त डरै म मान्दिनँ रती❀मेरा सदा छन् वशै ॥३४
ब्रह्माले पनि लौ भनेर वरदान्❀माँगे-बमोजिम् दिया ।
काट्याका पनि शिर् तयार् गरिदिया❀जस्तै अगाडी थिया ॥
ब्रह्माजी तहिँ फेर् विभीषणजिका❀साम्ने नजीक्मा गया ।
इच्छा क्या मनमा छ माँग उहि वर्❀दिन्छू म भन्दा भया ॥३५
माँगे वर् खुशि भै विभीषणजिले❀हे नाथ् ! निरन्तर् मति ।
धर्मैतर्फ रहोस्, अधर्मतिर ता❀कैह्ल्यै नलागोस् रती ॥
ब्रह्माले अधिकै दया गरि दिया❀होला तँलाई भनी ।
माँगेनन् तपनी तहाँ गरिदिया❀कल्पान्त आयू पनि ॥३६

फेर् कुम्भकर्ण विरका अगि जल्दि आई ।
आज्ञा भयो अब त दिन्छु म वर् तँलाई ॥
क्या माँग्दछस् भनि दया हुन गो जसै ता ।
जिह्वाविषे गयर वाणि बसिन् तसै ता ॥३७॥

वाणीले जब मोह खुप्-सित भयो❀घत्को विघत्को पनि ।
थाहा केहि भएन तेस्कन तहाँ❀यस्तो म माँगूँ भनी ॥

माँग्यो मूढ भएर येहि वरदान् ❀ निद्रा छः मैह्रा परोस् ।
एक्दिन् मात्र मलाइ खान-पिनका ❀ खातीर निद्रा टरोस् ॥३८
यस्ता वाक्य सुनेर तेहि वरदान् ❀ दीया प्रभूले जसै ।
सून्या त्यो वरदान देवगणले ❀ खूशी भया सब् तसै ॥
जिह्वादेखि सरस्वती जब गइन् ❀ खेद् तेस् बखत्मा पऱ्यो ।
इच्छा ईश्वरकै रहेछ बलवान् ❀ भन्या विचार् यो गऱ्यो ॥३९
बाबू कैकसिको सुमालि खुशि भो ❀ पायो र यो सब् खबर् ।
आयो जल्दि तहाँ प्रहस्तहरु धेर् ❀ साथै थिया वीर् जबर् ॥
रावण्का अघि गै भन्यो खुशि हुँदै ❀ हे पुत्र ! खुप् काम् गऱ्यौ ।
विष्णूको अघि डर् थियो अब गयो ❀ सन्ताप् तिमीले हऱ्यौ ॥४०

राक्षसहरूले राज्यस्थापना गरेको विवरण–२

लंकामा अघि राज्य राक्षसहरू ❀ गर्थ्या बडा खुश् थिया ।
विष्णूले गइ छिन्नभिन्न गरि सब् ❀ राक्षस् धपाईदिया ॥
क्यारौं जोर् नपुगेर भागिकन सब् ❀ पाताल् गयाका थियौं ।
तिम्रो आज सहाय पाइकन पो ❀ आई बताईदियौं ॥४१
आज्काल्राज्य कुबेरकोछतिमिले ❀ माँगी बलात्कार् गरी ।
जुन् पाठ्ले गरि हुन्छ लेउ अहिले ❀ स्थान् छैन लंका सरी ॥
राजाको त हुँदैन बन्धुसितको ❀ बन्धुत्व धर्मै पनि ।
यो सन्देह नमान कत्ति कसरी ❀ लंका म लीऊँ भनी ॥४२
यस्तो बिन्ति सुमालिको सुनि भन्यो ❀ लंका कसोरी हरूँ ।
दाज्यू हुन् पितृतुल्य छन् तहिँ बसून् ❀ अन्तै बसूँला बरु ॥
यस्तो रावणको वचन् सुनि तहाँ ❀ साम्ने प्रहस्तै सऱ्यो ।
रावण्को मन फेर् फिराउन बहुत् ❀ सिप् लाइ बिन्ती गऱ्यो ॥४३

हे नाथ् ! कश्यपपुत्र हुन् इ जति छन् ❀ द्यौता र राक्षस्हरू ।
लड्थ्या ती पनि ता भन्या त अरुको ❀ बिन्ती कहाँतक् गरूँ ॥
तस्मात् आज कुबेर छन् तपनि सो ❀ लंका लिन्या हो भनी ।
हात् जोरी बिनती गऱ्या र सुनि त्यो ❀ बिन्ती त मान्यो पनि ॥४४
बेसै बिन्ति गरिस् भनी उहि बखत् ❀ दौडी त्रिकूट्मा गयो ।
छोड्यो दूत प्रहस्तलाइ र कुबेर्- ❀ लाई निकाल्दो भयो ॥
बाबूको मतलब् बुझीकन कुबेर् ❀ छोडेर कैलास् गया ।
तप् गर्दा शिव खुश् गराइ शिवथ्यैं ❀ बिन्ती ति गर्दा भया ॥४५
इच्छामाफिकको बनाउन कुशल् ❀ जो विश्वकर्मा थिया ।
तिन्ले बेस् अलकापुरी पनि कुबेर्- ❀ लाई बनाई दिया ॥
दिक्पाल् भै ति कुबेर् रह्या शिवजिले ❀ तिन्मा दया खुप् गऱ्या ।
शम्भूको करुणा हुँदा त अझ झन् ❀ आनन्द-सागर् पऱ्या ॥४६
रावण् राक्षस सब् लिएर खुशि भै ❀ लंका शहर्मा बस्यो ।
तप्कोजोर्बल भै जित्योसबजगत् ❀ संताप् सबैमा पस्यो ॥
विद्युज्जिह्व ठुलो निशाचर थियो ❀ तेस्लाइ बैनी दियो ।
ती मन्दोदरिलाइ आइ मयले ❀ दीयो र तेस्ले लियो ॥४७
ती मन्दोदरिलाइ दीकन दियो ❀ शक्ती अमोघ् खुश् भई ।
बीहा भो पछि कुम्भकर्ण विरको ❀ प्रह्लाद-कुल्मा गई ॥
शैलुष् नाम हुन्या बहूत बलवान् ❀ गन्धर्वराज् क्वै थिया ।
तिन्की छोरि थिइन् विभीषण बडा ❀ जानेर छोरी दिया ॥४८
जन्म्यो रावणलाइ पुत्र बलवान् ❀ जो जन्मदैका घरि ।
लाग्यो रून र शब्द भो अति ठुलो ❀ खुप् गर्जन्या मेघ् सरि ॥

मेघझैँ शब्द गऱ्यो भनेर तहिँ नाम् तेस्को रह्यो मेघनाद् ।
त्यस्को बल् यतिसम्मको छ भनि यो लागेन तेस्को त साँध् ।।४९
निद्राले पनि कुम्भकर्णकन खुप् पक्ड्यो सकस्मा पऱ्यो ।
हे नाथ् ! सुत्छु, म पाउँ ठाउँ भनि यो हात् जोरि बिन्ती गऱ्यो ।।
तेस् बीच्मा तहिँ सुत्नलाइ बढिया गूफा तयारी गऱ्यो ।
ताहीँ गैकन कुम्भकर्ण विरको खूप् मस्त निद्रा पऱ्यो ।।५०
इन्द्रादी सब देव दैत्यहरुको जो श्री थियो सब् हरी ।
लाग्यो रावण नाश् गराउन अनेक् रङ्का उपद्रव् गरी ।।
पाया थाह कुबेरले र किन यो गर्छस् उपद्रव् नगर् ।
भन्ना-खातिर दूत् पठाउनुभयो बोलाक् चतूरो जबर् ।।५१
दूत् गै बिन्ति गऱ्यो त झन् बिखुशि भै ऊठ्यो ठुलो रिस् गरी ।
जल्दी गै ति कुबेरको जितिलग्यो पुष्पक् विमानै हरी ।।
कूबेर्लाइ जिती, यमै पनि जित्यो, जीत्यो वरूणै पनि ।
पौँच्यो स्वर्गविषे पनी खुशि हुँदै फेर् इन्द्र जित्छू भनी ।।५२
एक् ठक्कर् लडि इन्द्रले त सहजै पक्डेर पाता कस्या ।
हुर्मत् रावणको गयो खुशि भई सम्पूर्ण द्यौता बस्या ।।
यो थाहा भइ मेघनाद रिसले आयो अगाडी सरी ।
जीत्यो इन्द्रजिलाइ तेस् बखतमा भारी लडाईँ गरी ।।५३
रावण्लाइ फुकाइ इन्द्रकन ली फर्केर लंका गयो ।
जीत्यो इन्द्र र इन्द्रजित् भनि ठुलो नाम् ताहिँदेखी भयो ।।
ब्रह्मालाइ खबर् भयो र फुनका खातीर दौडी गया ।
धेरै वर् दिइ मेघनाद्कन खुशी गर्दै फुकाउँदा भया ।।५४

ब्रह्मा इन्द्रजिलाइ फोइकन फेर् ❀ जानूभयो धाममा ।
लाग्यो रावण फेर्जगत् जितुँ भनी ❀ संग्रामका काममा ॥
कैलास् पर्वत यो ठुलो छ गह्रुँगो ❀ होला कहाँतक् भनी ।
कैलास् हातमहाँ लिएर सहजै ❀ एक्दिन् त तौल्यो पनि ॥५५
नन्दीश्वर्कन रिस् उठ्यो र रिसले ❀ दीया सरापै पनि ।
मानिस्-वानर शत्रु भैकन सहज् ❀ मारून् तँलाई भनी ॥
ताहाँदेखि त कार्तवीर्यसित गो ❀ संग्राम-खातिर् जसै ।
पुग्थ्यो तिन्सित जोर् कहाँ सहजमा ❀ पाता कस्या पो तसै ॥५६
मेरो नाति भनी पुलस्त्य ऋषिले ❀ आएर बिन्ती गरी ।
बन्धन्देखि फुकाइ – बक्सनुहुँदा ❀ लाज् भै फिऱ्यो तेस् घरि ॥
फेरी रावण बालि जित्छु भनि गो ❀ साथ्मा अनेक् वीर् गया ।
बालीले पनि पक्रि त्यस्कन तहाँ ❀ खुप् काखि चेप्सा भया ॥५७
काखीमा मिचि चार् समुद्र घुमि फेर् ❀ छोडी-दियाथ्या जसै ।
मैत्री गर्छु भनी मित्यारि गरि खुप् ❀ लाज् मानि फर्क्यो तसै ॥
ई बाहेक् अरु वीर् सबै वश गऱ्यो ❀ तीन् लोक्विषे छन् जति ।
यस्ता वीर्हरु मारिबक्सनुभयो ❀ बिन्ती गरूँ यो कति ॥५८
नारायण् हुनुहुन्छ विष्णु भगवान् ❀ सब् यो चराचर् पनि ।
जो देखिन्छ कहिन्छ शास्त्रहरुले ❀ नारायणै हो भनी ॥
ख्वामित्काअघिनाभिमाकमलभो ❀ ब्रह्माजि ताहीं भया ।
वाणीले सँग अग्नि ता हजुरका ❀ मुख्देखि निक्लीगया ॥५९
बाहूदेखि त लोकपाल् हुन गया ❀ ई चन्द्र सूर्यै पनि ।
आँखादेखि भया दिशाहरु भन्या ❀ कान्देखि शब्दै अनि ॥

सब्को प्राण तयार् भयो हजुरको ❀ प्राण्देखि मुख्यै भई ।
नासादेखि त वैद्य अश्विनिकुमार् ❀ वैदाङ्गमा पार् गई ॥६०
जंघा जानु उरू जघन् यति शरीर् ❀ देखी भुवर्लोक्हरू ।
कोखादेखि त चार् समुद्र हुन गो ❀ वर्णन् कहाँतक् गरूँ ॥
निस्क्या स्तन् दुइदेखि इन्द्र र वरुण् ❀ दूवै दिशाका पति ।
रेतैदेखि त बालखिल्यहरु सब् ❀ निस्क्यातपस्वी अति ॥६१
धर्माधर्म विवेकका ति यमराज् ❀ फेर् लिङ्गदेखी भया ।
मृत्यू ता गुददेखि रुद्र त हजूर्- ❀ का क्रोधदेखी भया ॥
हाड्देखी जति पर्वतादिहरु छन् ❀ केश्देखि सब् मेघ् पनि ।
जो छन् औषधि रोमदेखि ति भया ❀ नङ्देखि सब् स्वर् पनि ॥६२
विश्वात्मा हुनुहुन्छ नाथ् पुरुषरूप् ❀ माया त शक्ती लिन्या ।
खूशी भैकन देवताकन सदा ❀ अमृत् पियाईदिन्या ॥
ख्वामित्कै छ त सृष्टि सब् जति त यो ❀ संसार् चराचर् – भरी ।
बाँच्याको पनि देखिइन्छ भगवन् ! ❀ आधार् हजूर्कै गरी ॥६३
जस्तै दूधविषे रहन्छ भरिपुर् ❀ घीऊ उही रीत् गरी ।
सब् चीज्मा हजुरै पसी रहनुभो ❀ सर्वान्तरात्मा हरि ॥
हुन्छन् सूर्य्यहरू प्रकाश् हजुरकै ❀ तेज्ले हजुर् सब् धनी ।
ख्यामित्लाइ त नाथ् ! प्रकाश् गरिदिन्या ❀ छैनन् अरू क्वै पनि ॥६४
ज्ञानी जन्हरु देख्छन् सकलरूप् ❀ अज्ञानि अन्धा सरी ।
देख्तैनन् प्रभुलाइ मूढ हुनगै ❀ घुम्छन् विपत्मा परी ॥
योगी भैकन वेदशीर्षहरुले ❀ खोज्छन् त देख्छन् पनि ।
यस्ता रीत्सित यो चराचरविषे ❀ श्रीराम् रह्याछन् भनी ॥६५

बक्वाद् गर्‍याँ प्रभु ! हजूरसित रिस् नमानी ।
रक्षा हवस् प्रभु ! अनुग्रहपात्र जानी ॥
चिन्मात्र अद्वितिय नित्य हजूरलाई ।
भज्छू निरन्तर टहल् गरि हर्ष पाई ॥६६॥

बाली र सुग्रीवको पूर्व-चरित्र तथा रावण-सनत्कुमार संवाद-३

बाली सुग्रिव इन्द्र-सूर्य्य-सुत हुन् ❀ भन्या सुन्याको त छु ।
कस्ता रीत्सित जन्म भो इ दुइको ❀ विस्तार् समेत् खोज्दछु ॥
विस्तार् सुन्न म पाउँ सब् भनि हुकूम् ❀ राम्को भयाथ्यो जसै ।
विस्तार् खूशि भई अगस्ति ऋषिले ❀ बिन्ती गर्‍या सब् तसै ॥६७
ब्रह्मा चार् सय कोशको गरि सभा ❀ सूमेरुमाथी थिया ।
ईश्वर्लाइ रिझाउनाकन तहाँ ❀ खुब् योगमा मन् दिया ॥
योग्मा चित्त बढ्यो र भक्तिरसले ❀ आँसू खसाया जसै ।
आँसूको तहिँ वीर वानर बन्यो ❀ आश्चर्य मान्या तसै ॥६८
ब्रह्माका मनमा दया पनि उठ्यो ❀ बोल्या वचन्ले पनि ।
मेरा नित्य नजीकमा रहु यहाँ ❀ कल्याण होला भनी ॥
ब्रह्माका इ वचन् सुनेर खुशि भै ❀ व्राहीँ नजीक्मा रह्यो ।
फल् फूल् खायर तेहि पर्वतविषे ❀ त्यो नित्य डुल्दो भयो ॥६९
लाग्यो पानि पियास कूप नजिकै ❀ देख्यो र पौंच्यो तहाँ ।
आपना छाइँ-विषे नजर् परिगयो ❀ त्यो कूप हेर्दामहाँ ॥
अकैं वीर् सरि मानि तेहि कुपमा ❀ कूदी पसेथ्यो जसै ।
आर्को कोहि नदेखि फेरि झटपट् ❀ उफ्रेर निस्क्यो तसै ॥७०
निस्क्यो बाहिर कूपदेखि त असल् ❀ स्त्रीको स्वरूप्को बनी ।
लीयो खेद् मनमा कसो गरि भयाँ ❀ स्त्रीको स्वरूप्को भनी ॥

देख्या इन्द्रजिले र तेहि बिचमा ❀ तिन्मा बहुत् मन् गयो ।
पक्न्या इन्द्रजिले र वीर्य त गिरी ❀ सब् बाल देश्मा पर्‍यो ॥७१
तेही वीर्य त एक् कुमार् हुन गयो ❀ बाल्मा गिर्‍याको पनि ।
बालैदेखि भयो भनीकन रह्यो ❀ नाम् बालिवीर् यो भनी ॥
माला काञ्चनि पुत्र जानि बढिया ❀ एक् इन्द्रजीले दिया ।
बाबूको करुणा बुझेर खुशि भै ❀ त्यो बालि वीर्ले लिया ॥७२
तेस् बीच्मा तहिँ सूर्य आयर नजर् ❀ लाया उसै स्त्रीमहाँ ।
सूर्य्यैको पनि वीर्यपात् हुन गयो ❀ ग्रीवाविषे पो तहाँ ॥
तेही बीज् पनि बेस् कुमार् जब बन्यो ❀ ग्रीवाविषे एक् जसै ।
ग्रीवादेखि भयो भनेर तिनको ❀ सुग्रीव नाम् भो तसै ॥७३
सूर्य्यैले पनि पुत्रलाइ बलवान् ❀ साहाय दिन्छू भनी ।
वीर्मध्ये बलवान् थिया र हनुमान्- ❀ ज्यूलाइ दीया पनि ॥
सुग्रीव्का सँगमा रह्या ति हनुमान् ❀ श्रीसूर्य्य धाम्मा गया ।
बाली सुग्रिव दूइ पुत्र सहजै ❀ ती वानरीका भया ॥७४
बाली सुग्रिव दूइ पुत्र सँगमा ❀ ली सुत्न खातिर् गइन् ।
प्रातःकालविषे त फेरि अघि झैँ ❀ ती ता पुरूषै भइन् ॥
स्त्रीरूप् भैकन बालि सुग्रिव दुवै ❀ जन्माइ पूरुष् भया ।
ब्रह्मालाइ गरूँ प्रणाम् भनि दुवै ❀ छोरा सँगै ली गया ॥७५
ब्रह्मालाइ खबर् भयो र खुशि मन् ❀ तिन्को गराया पनि ।
किष्किन्धापुरि दीन मन्सुब भयो ❀ आश्रित् अनाथ् हो भनी ॥
थीयो एक् तहिँ देवदूत् र बलवान् ❀ हाजिर् र मर्जी पनि ।
ब्रह्माको हुन गो लगेर गरिदे ❀ यस्लाइ राजा भनी ॥७६

किष्किन्धा पुरिमा लगी तिलक दे ❀ खुप् राज-सोख्मा परोस् ।
सात् द्वीप्मा जति वानरादिहरु छन् ❀ तिन्मा हुकूम् यो गरोस् ॥
श्रीनारायण भार हर्न भुमिको ❀ राम्चन्द्र हूनन् जसै ।
तीनैलाइ सहाय दीनकन ता ❀ तत्पर् हवस् यो तसै ॥७७
किष्किन्धापुरिमा लगी तिलक दे ❀ भन्या हुकूम् भो भनी ।
सो ऋक्षाधिपलाइ लगीकन त झट्❀ राजा बनाया पनि ॥
त्यै ऋक्षाधिपका ति पुत्र दुइ हुन् ❀ बाली र सुग्रीव् भनी ।
सब् विस्तार गरीसक्याँ हजुरमा ❀ मालुम् थियो तापनि ॥७८
किष्किन्धा तहिँदेखि वानरकि भै ❀ सुग्रीव्हरू छन् तहाँ ।
सर्वेश्वर् हुनुहुन्छ ता हजुरमा ❀ क्या धेर् बताऊँ यहाँ ॥
नित्यानन्द चिदात्म नाथ् हजुरले ❀ लीला स्वरूप् यो धरी ।
ब्रह्माजीकन खुश् गराउनुभयो ❀ सम्पूर्ण भूभार् हरी ॥७९

बाली र सुग्रिव दुवैकन धर्म जानी ।
कीर्तन् गरोस् त गुण जन्म सबै बखानी ॥
सम्बन्ध केहि रघुनाथ्-सित पर्न जाई ।
पाप् छुट्छ धर्म पनि बढ्दछ तेसलाई ॥८०॥

वर्णन् ता यति कर्मले हजुरको ❀ हूँदैनथ्यो तापनि ।
वर्णन् गर्छ जगत् यहाँ कि रघुनाथ् ! ❀ सब् ताप् हरौला भनी ॥
अर्को आज कथा कहन्छु रघुनाथ् ! ❀ सीताजिलाई पनि ।
रावण्ले हरि लीगयो त यहि हो ❀ तेस्को इरादा भनी ॥८१

रावण-सनत्कुमार संवाद–३ (२)

रावण्को र सनत्कुमार ऋषिको ❀ एक् दिन् भयो भेट् कहीँ ।
सोध्यो रावणले परी चरणमा ❀ क्यै बात् ऋषीथ्यै तहीँ ॥

ब्रह्मन् ! को बलवान् छ देवहरुमा ❀ आधार कस्को गरी ।
जित्छन् सब् रिपुलाइ देवगणले ❀ साम्ने अगाडी सरी ॥८२
कस्को पूजन गर्दछन् द्विजहरू ❀ जो योगि हुन् ती पनि ।
कस्को ध्यान्कन गर्दछन् सहजमा ❀ संसार् तरौंला भनी ॥
यस्को निश्चय कत्ति पाइनँ अनेक् ❀ कस्तै विचार्दा पनि ।
ठूलो कुन् छ बताइबक्सनुहवस् ❀ येही छ ठूलो भनी ॥८३
सून्या प्रश्न सनत्कुमार ऋषिले ❀ यस्ता डबल्को जसै ।
जान्या रावणको र आशय उसै ❀ माफिक् बताया तसै ॥
सून्यौ रावण ! एक् हरी सरि ठुलो ❀ मिल्दैन अर्को कबै ।
द्यौताका तब दानवादिहरुका ❀ आधार् इनै हुन् सबै ॥८४
जस्ले नाभिकमल्विषे त भगवान् ❀ ब्रह्माजि पैदा गरी ।
ती-द्वारा जगतै बनाउनुभयो ❀ ठूला तिनै हुन् हरि ॥
इन्द्रादीहरु जित्तछन् रिपु सबै ❀ आधार् यिनैको गरी ।
ध्यान्ले योगिहरू तिनैकन भजी ❀ जान्छन् सहज् पार् तरी ॥८५
रावण्ले इ वचन् सुन्यो र ऋषिका ❀ बिन्ती गऱ्यो फेर् तहाँ ।
विष्णूले जति मार्दछन् रणमहाँ ❀ ती बस्न जान्छन् कहाँ ॥
दोस्त्रो प्रश्न सुन्या तहाँ ति ऋषिले ❀ यस्ता प्रकार्को जसै ।
उत्तर् फेरि दिया कृपा गरि तहाँ ❀ तेस्लाइ तिन्ले तसै ॥८६
द्यौताले जति मार्दछन् ति त अनेक् ❀ स्वर्गादिको भोग् गरी ।
कालान्तर् पछि जन्म हुन्छ तिनको ❀ पृथ्वी तलैमा झरी ॥
जस्लाई हरि मार्दछन् ति त तसै ❀ जान्छन् तुरुन्तै अनि ।
मुक्ति भैकन बस्छ जन्म उसको ❀ हूँदैन कैह्ल्यै पनि ॥८७

यस्ता सत्य वचन् सुनी मन बुझ्यो ❀ रावण् भयो खुश् अनि ।
संग्राम् श्रीहरिथ्यै गरी तहिं मरी ❀ मुक्ति म हुन्छू भनी ॥
यस्तो सूर् मनमा जसै दृढ गऱ्यो ❀ जान्या ऋषीले पनि ।
खूशी भै ति सनत्कुमार ऋषिले ❀ आशीष दीया अनि ॥८८
हे रावण् ! सुन वत्स ! जो छ मनमा ❀ स्वाभीष्ट सिद्धी सबै ।
तिम्रो लौ परिपूर्ण हुन्छ मनमा ❀ शंका नमान्या कबै ॥
रूप् जस्तो हरिको छ भन्छु अहिले ❀ यस्ता हरी छन् भनी ।
स्थावर् जङ्गम सूर्य चन्द्र पृथिवी ❀ शेष् दैत्य दानव् पनि ॥८९
ई रूप् हुन् हरिका अनेक् तरहका ❀ यो रूप् विराट् रूप हो ।
पीताम्बर् घनश्याम् त सूक्ष्मरुप हो ❀ देख्नू कृपैले छ यो ॥
यो रूप् देख्न मन्सुबा छ त हुनन् ❀ इक्ष्वाकु कुल्मा हरि ।
छोरा हुन् दशरथ्जिका भनि जगत् ❀ भन्नन् ति राम्नाम् गरी ॥९०
सीता लक्ष्मण साथमा लिइ पिता- ❀ जीका हुकूम्ले गरी ।
जानन् दण्डक वन्महाँ भजिलिया ❀ चीह्न्या तिनै हुन् हरि ॥
यो विस्तार् त सनत्कुमार ऋषिका ❀ मुख्देखि जस्लै सुन्यो ।
चीह्न्यो ख्वामितलाइ तेस् बखतमा ❀ तेस्ले र यस्तो गुन्यो ॥९१
श्रीराम्चन्द्रसितै विरोध् गरि तिनै- ❀ का हातदेखिन् मरी ।
संसार्-सागर पार् तरेर सहजै ❀ जान्छू जहाँ छन् हरि ॥
यस्तो आशयले सिताकन हऱ्यो ❀ रावण् त हो बुद्धिमान् ।
लक्ष्मी हुन् इ सिता भनीकन चिह्न्यो ❀ हुन्थ्यो कहाँत्योअजान् ॥९२

जो यो कथाकन खुशी भइ पाठ गर्छन् ।
सुन्छन् कथा कहिं सुनायर पाप हर्छन् ॥

खुप् आयु बढ्छ तिनको अति सौख्य हुन्छन् ।
धन् लाभ हुन्छ बहुतै जब नित्य सुन्छन् ।।९३।।

रामराज्यको वर्णन तथा सीता वनवास–४

एक्दिन् नारदजी डुली सकल लोक् ❀ आया नजीक्मा जसै ।
देख्यो रावणले र पाउ परि झट् ❀ बिन्ती गऱ्यो यो तसै ।।
हे सर्वज्ञ मुने ! लडाकि बलिया ❀ वीर् छन् कहाँ सो कही ।
पाऊ लाग्नुहवस् गऱ्याँ विनति यो ❀ खुप् लड्न इच्छा भई ।।९४
रावण्का इ कुरा सुनेर मुनिले ❀ मन्ले विचार् खुप् गरी ।
भन्छन् को भनुँ छैन वीर अरु ता ❀ याहाँ तिमीले सरी ।।
तिम्रो मन्सुब पूर्ण गर्न सकन्या ❀ वीर् श्वेतद्वीप्मा गया ।
मिल्छन् जाउ तहीं, नजाउ कहिँ लौ ❀ खुप् लड्न सन्सूब् भया ।।९५

जो विष्णुको पूजन नित्य गर्छन् ।
जो विष्णुका बाहुलिदेखि मर्छन् ।।
तेस्ता महात्मा तहिँ बस्न जान्छन् ।
त्रैलोक्यका वीर् उनि तुच्छ मान्छन् ।।९६।।

नारद्का इ वचन् सुनीकन त झट् ❀ पुष्पक् विमान्मा चढी ।
श्वेतद्वीप् पनि पुग्दछू भनि चल्यो ❀ रावण् त तेसै घडी ।।
श्वेतद्वीप नजीक् पुगेपछि विमान् ❀ पुष्पक् नचल्न्या भयो ।
ओल्र्यो पुष्पकदेखि हिंक्मत थियो ❀ पैदल् दगुर्दै गयो ।।९७
श्वेतद्वीप पुगी प्रवेश् गरुँ भनी ❀ मन्सुब् गरेथ्यो जसै ।
धाया सुन्दरि नारि घेरि चहुँ ओर् ❀ आश्चर्य मान्यो तसै ।।
यौटीले गइ जल्दि पक्रिकन सब् ❀ वृत्तान्त सोद्धी भई ।
अर्कीले अझ अर्किले धरिलिँदा ❀ चेत्यो तहाँ त्यो गई ।।९८

उम्क्यो स्त्रीहरुदेखि बल्ल र तहाँ ❀ आश्चर्य मान्यो पनि ।
मर्छू मै पनि विष्णुदेखि र यहाँ ❀ आएर बस्छू भनी ॥
जल्दी मर्न निमित्त खुप् छल गरी ❀ सीताजिलाई हन्यो ।
लंकामा लगि मातृवत् जननिको ❀ सेवा पनी खुप् गऱ्यो ॥९९
राम्नाम्ले परमेश्वरै हुनुभयो ❀ मालुम् छ सब्का गति ।
क्या बिन्ती गरुँ धेर् हजुर् त सबका ❀ साक्षी ज़गत्का पति ॥
मेरो येहि चरित्र गायर रहोस् ❀ यो लोक संसार् भनी ।
गर्नूहुन्छ यहाँ अनेक् तरहका ❀ संसारि लीला पनि ॥१००
येही रीत्सित रामको स्तुति गरी ❀ खुश् भै अगस्ती गया ।
संसारी सरि भै अनेक् विषय-भोग् ❀ श्रीराम गर्दा भया ॥
फक्र्यो पुष्पविमान् कुबेर्सित गई ❀ राम्कै हजुर्मा गयो ।
फक्र्याँ नाथ ! कुबेरका हुकुमले ❀ यो बिन्ति गर्दो भयो ॥१०१
पैह्ले रावणले जितीकन लियो ❀ सेवा उसैको गरिस् ।
एह्ले श्रीरघुनाथले जितिलिँदा ❀ उन्का अधीन्मा परिस् ॥
खुप् यो योग्य भयो अझै पनि तँ जा ❀ सेवा प्रभूकै गरी ।
आऊनू तइँले यहाँ जब त राम् ❀ वैकुण्ठ जान्छन्फिरी॥१०२
हूकूम् येति कुबेरले पनि गऱ्या ❀ ख्वामित् पुग्याथ्याँ जसै ।
मञ्जूर् सोहि हुकूम् गरीकन फिऱ्याँ ❀ खुश् भै हजूर्मा तसै ॥
पुष्पक्को विनती सुनेर रघुनाथ्- ❀ जीको हुकूम् भो पनि ।
ऐह्ले जा तँ म सम्झुँला त उ बखत् ❀ चाँडो तँ आएस् भनी ॥१०३
पुष्पक्लाइ बिदा दिया र रघुनाथ्- ❀ ले राज्यको भोग् गऱ्या ।
जस्को राज्यमहाँ बुढा पछि रही ❀ बालक् न कैह्ल्यै मऱ्या॥

यस्तो राज् प्रभुले गऱ्या सकलको ❀ आनन्दमै काल् गयो ।
श्रीराम्को तहिँ राज्यमा पनि ठुलो ❀ आश्चर्य-एक्दिन्भयो ॥१०४
ब्राह्मण्को लडिका मरेछ र पिता ❀ रूँदा रह्याछन् कहीँ ।
देख्या श्रीरघुनाथले तब विचार् ❀ राख्या प्रभूले तहीँ ॥
क्याले यो विधि भो भनीकन विचार् ❀ गर्दा भयो याद् जसै ।
तप् गर्थ्यो कहिँ शूद्र जङ्गलविषे ❀ उस्लाइ मार्या तसै ॥१०५
तप् गर्न्या जब शूद्र मारिदिनुभो ❀ ऊठ्यो लडीका अनि ।
ब्राह्मण् खूशि भया, गयो परमधाम् ❀ त्यो शूद्र चाहीँ पनि ॥
यस्तै रीत्सित पालना गरिलिदा ❀ दुःखी भएनन् कहीँ ।
कोटी लिङ्ग पनि स्थलैस्थलविषे ❀ थाप्या प्रभूले तहीँ ॥१०६
संसार्को सुखभोग् गराउनुभयो ❀ सीताजिलाई पनि ।
येही गायर लोक् तरून् भनि गऱ्या ❀ स्थापन् कथाको पनि ॥
सीता मात्र थिइन् प्रिया प्रभुजिकी ❀ राजर्षिको चाल् धरी ।
शिक्षा खातिर गादिमा बसि अनेक् ❀ राज्का अनेक् काम् गरी ॥१०७
दश्हजार् जब वर्ष राज् गरिबित्या ❀ काल् ता यसै बीच्महाँ ।
सीताले रघुनाथका चरणमा ❀ बिन्ती गरिन् एक् तहाँ ॥
ख्वामित् ! नित्य हजूरका चरणकी ❀ दासी म हूँ तापनि ।
पर्छन् आयर पाउमा मसित खुप् ❀ ब्रह्मादि द्यौता पनि ॥१०८
गर्छन् बिन्ति हजूर् अघी गइदिया ❀ आफै प्रभू राम् पनि ।
पाऊ लाग्नुहुन्याछ युक्ति यहि हो ❀ वैकुण्ठ जान्या भनी ॥
भन्छन् बिन्ति गऱ्याँ हजूरसित सबै ❀ ब्रह्मादिको मत् पनि ।
जस्तो गर्न उचीत हो उहि हवस् ❀ ख्वामित् ! जनायाँ भनी ॥१०९

सीताले बिनती गरिन् र रघुनाथ्- ❀ज्यूको हुकूम् भो तहाँ ।
बेस् भन्छन् सब गर्नुपर्दछ यसो❀बैकुण्ठ जाँदा-महाँ ॥
लोक्को एक्अपवाद् लगायर तिमी-❀लाई बडो वन्महाँ ।
लान्छू त्याग् पनि गर्छु जानु तिमिले❀वाल्मीकिआश्रम्जहाँ ॥११०
ऐह्रे गर्भ छ जन्मनन् दुइ कुमार् ❀वीर् वीर् तिमीले पनि ।
लोक्को यो अपवाद मेट्छु अब ता❀पस्छू म नीयाँ भनी ॥
याहीँ आयर लोकका बिचमहाँ❀नीयै पसौली जसै ।
फाट्निन् धर्ति र ताहिँबाट तिमिले❀वैकुण्ठ जानू तसै ॥१११
यस् रीत्ले तिमि जाउली जब अघी❀क्यै काल् बसी मै पनि ।
आऊँला किन बस्तछू कहिसक्याँ❀यै सूर् छ मेरो भनी ॥
जानाको यहि सूर निश्चय गरी❀श्रीराम् सभामा गया ।
हाम्रो यश् अपयेश के छ दुनियाँ- ❀मा येहि सोद्धा भया ॥११२
सबूले बिन्ति पनी गऱ्या हजुरको❀बोल्छन् यशैयश् भनी ।
एकाले पछि क्याभन्योकिमहराज्❀एक् सुन्छु अप्यश् पनि ॥
रावण्ले वनमा हरी घर लगी ❀क्यै दिन् त राख्यो पनि ।
यस्ती हुन् इ सिता उनैकन घरै❀ल्याएछ चोखी भनी ॥११३
यस्ता स्त्री पनि चोखि हो भनि यहाँ❀राजै त राख्छन् भन्या ।
चोखी कुन् रहली यहाँ अब उपर्❀सम्पूर्ण वेश्यै बन्या ॥
भन्छन् अप्यश येहि मात्र भनि यो❀बिन्ती गरेथ्यो जसै ।
लक्ष्मण्जीकन डाकि ल्याउन हुकूम्❀दीया प्रभूले तसै ॥११४
हूकूम्ले रघुनाथका हजुरमा❀लक्ष्मण् पुग्याथ्या जसै ।
सुत्रैलाइ कठिन् हुन्या अति कठोर्❀हूकूम् भयो यो तसै ॥

हे भाई ! इ सिताजिलाइ अहिले ❀त्याग् गर्नु मैले पऱ्यो ।
चोखी जानिलिँदा त दुर्यश बहुत् ❀लोक्ले मलाई गऱ्यो ॥११५
सीतालाइ चढाइ जल्दि रथमा ❀वाल्मीकि आश्रम् जहाँ ।
जो ताहीँछनजिक् गएर वनमा ❀छाडेर आऊ यहाँ ॥
उत्तर् केहि गऱ्यौ भन्या त तिमिले ❀माऱ्यौ म ऐह्ले मऱ्याँ ।
भाई ! भोलि बिहान लानु वनमा ❀हूकूम् त यै हो गऱ्याँ ॥११६
लक्ष्मण्ले जब यो हुकूम्कन सुन्या ❀ठूलो सकस्मा परी ।
प्रातःकालमहाँ उठेर बढिया ❀एक् रथ् तयारी गरी ॥
सीतालाइ चढाइ जल्दि वनमा ❀छोडेर आया पनि ।
लागिन् गर्न विलाप् सिताजि वनमा ❀छाड्या मलाई भनी ॥११७
रुन्थिन् वाल्मिकि शिष्यले सुनि कह्या ❀वाल्मीकिजीथ्यैं गई ।
सून्या वाल्मिकिले र पूजन गऱ्या ❀सीताजिको याद् भई ॥
ल्याया आश्रममा र लोकजननी ❀सीता यिनै हुन् भनी ।
स्त्रीजन्लाइ लगाइ खुप्सित गऱ्या ❀सेवा सिताको अनि ॥११८

ती विप्रपत्निहरुले पनि लक्ष्मि जानी ।
पूजा सिताकन गऱ्या अति भाग्य मानी ॥
सीतापती पनि विरक्त भएर सुख्-भोग् ।
छोडी मुनी सरि भया मनले लिई योग् ॥११९॥

❀

यदि अनुसन्धानरूपी ब्रह्माको लामो तपस्याले आविष्कार शिल्पशक्तिका बलले सकल समर विजेता शूर वीर महिषासुर, शुम्भासुर, निशुम्भासुर, तारकासुर, त्रिपुरासुर, रावणासुर जस्ता पुत्र जन्माएर चकाचकी उडाउन चाहने मन भएका अब्राह्मण दम्पतीले अवश्य पढ्नुहोला 'श्री दुर्गा साहित्य भण्डार' ले छपाएको दूलो खाले स्वस्थानीको पुछारको चारपृष्ठे कुरा ।

अथ रामगीता-५

लीला मेरि भनी सुनीकन तरून् ❀ई लोक संसार् भनी ।
लोकैको हितका निमित्त भगवान् ❀मानिस् स्वरूपका बनी ॥
लीला गर्नुभयो र वृद्धहरुले ❀जो गर्दथ्या सो गरी ।
सत् कामै गरि दिन् बिताउनुभयो ❀बाधा सबैको हरी ॥१२०
साथ्मा लक्ष्मणजी थिया प्रभुजिथ्यैं❀कुन् हो ठुलो विष् भनी।
सोध्या लक्ष्मणले र सब् कहनुभो ❀विस्तार् प्रभूले पनि ॥
ब्रह्मस्वै विष हो भनी नृगजिको ❀विस्तार् सुनाथ्या जसै।
बूझ्यो चित्त र फेरि लक्ष्मणजिले ❀क्यै सोध्न लाग्या तसै ॥१२१
हे नाथ् ! ज्ञान-स्वरूप देहहरुका ❀आत्मा अधीन् भै पनि ।
भूभार् हर्नुभयो अनेक् तरहका ❀यस् आकृतीका बनी ॥
लीला हो भनि आत्मरूपि भगवान् ❀भक्तै फगत् जान्दछन् ।
यो लीला त दया-निमित्त हुनगो ❀यस्तो पनी मान्दछन् ॥१२२
यस्ता मालिक जानि पाउ-तलमा ❀ख्यामित् ! पऱ्याको म छु ।
संसारूपि गभीर् समुद्र सहजै❀कुन् पाठले तर्दछु ॥
सोही युक्ति बताइबक्सनुहवस् ❀जुन् पाठले यो तरी ।
पुग्याछू पछि धाममा सहजमा ❀आनन्दको भोग् गरी ॥१२३
लक्ष्मण्का इ वचन् सुनेर रघुनाथ् ❀मूखै हँसीलो गरी ।
आफ्ना भक्त ति भाइ लक्ष्मणजिको ❀सम्पूर्ण सन्ताप् हरी ॥
तत्त्व-ज्ञान पनी तहीं दिनुभयो ❀जुन्लाइ वेद्ले पनि ।
भन्छन् लोक्हरुलाइ तर्न सजिलो ❀साँघू छ येही भनी ॥१२४

ई वर्णाश्रमका क्रिया जति त छन् ❀तिन्लाइ पैह्ले गरी ।
दश् इन्द्रीय र मन् जितेर गुरुका ❀साम्ने अगाडी परी ॥
आत्मज्ञान मिलोस् भनेर गुरुको ❀सेवा निरन्तर् गऱ्या ।
आत्मज्ञान् पनि मिल्छ येहि रितले ❀संसार् कतीले तऱ्या ॥१२५
फल्-इच्छा गरि कर्म गर्छ यदि ता ❀फेर् देह यस्तै लिई ।
त्यो फल् भोग् पनि गर्छ, गर्दछ अरू ❀कर्मै बहुत् मन् दिई ॥
तेस्को फेर् पनि बन्छ देह करले ❀येसै जगत्मा परी ।
यस्तै रीत्सित घुम्छ त्यो भुवनमा ❀अत्यन्त चक्रै सरी ॥१२६
अज्ञानै छ घुमाउन्या सकलको ❀शत्रू सरीको यहाँ ।
ज्ञानैले गरि नष्ट हुन्छ पनि सो ❀लीनू यही मन्महाँ ॥
अज्ञान्को र इ कर्मको छ कति फेर् ❀तस्मात् क्रियाले गरी ।
अज्ञान् नष्ट हुँदैन, छैन अरु थोक् ❀ऊपाय यै ज्ञान् सरी ॥१२७
अज्ञान् नष्ट हवस् न, राग् न त छुटोस् ❀अज्ञानका कर्मले ।
कर्मै गर्छ त घुम्छ यै जगतमा ❀त्यै कर्मका धर्मले ॥
तस्मात् ज्ञान विचार गर्नु जनले ❀ज्ञान्ले कती पार् भया ।
ज्ञान् छाडीकन कर्मले जनहरू ❀संसार पार् को गया ॥१२८
विद्यालाइ सहाय कर्म छ ठुलो ❀भन्छन् इ वेद्ले पनि ।
तस्मात् कर्म अवश्य गर्नु जनले ❀साहाय होला भनी ॥
क्वै येसो पनि भन्दछन् त ति भनून् ❀साहाय केही रती ।
विद्यालाइ त चाँहिदैन बुझ यो ❀विस्तार् बताऊँ कति ॥१२९
हुन्छन् कर्म त देह गेहहरुमा ❀पूरा अभीमान् भई ।
विद्या हुन्छ त जो छ तेहि अभिमान् ❀देहादिमाको गई ॥

विद्याको र इ कर्मको त छ विरोध् ❀साहाय हुन्थ्यो कहाँ ।
विद्यै एक् छ समर्थ मुक्ति दिनमा ❀यै जान्नु सब्ले यहाँ ॥१३०
बाजीका श्रुति तैत्तिरीय कहिन्या ❀श्रूतीहरूले पनि ।
भन्छन् येहि कुरा सहाय अरुको ❀खोज्दैन विद्या भनी ॥
तस्मात् कर्म विरोधि जानि जनले ❀सब् कर्म छाडीदिनू ।
विद्यै मात्र ठुलो बुझेर यसमा ❀यो मन् लगाईलिनू ॥१३१
जो यो तत्त्वमसी छ वाक्य यसको ❀वाक्यार्थ जानीलिनू ।
यस्मा तीन् पद छन् ति तीन पदका ❀तात्पर्यमा मन् दिनू ॥
तत्को अर्थ परात्म हो ति पदमा ❀त्वं भन्नु जीवात्म हो ।
इन्को ऐक्य बुझाउन्या असि छ पद् ❀ रात्-दीन् विचार् गर्नु यो ॥१३२
मायाले त बन्यो शरीर सब यो ❀आखीर् छ मर्न्या पनि ।
देख्नू पञ्चमहाभुतै छ सबमा ❀यस्ता प्रकार्को भनी ॥
संसार्को सुख-दुःख साधन-स्वरूप् ❀देखिन्छ जो देह यो ।
स्थूलोपाधि भनी कहिन्छ सबले ❀यो नाम् यसैको त हो ॥१३३
दश् इन्द्रीय र मन् प्रपञ्चिकृतभूत् ❀यो सोह्र जम्मा छ जो ।
स्थूलोपाधि भनी कहिन्छ सबको ❀मूल् भोग मानिन्छ यो ॥
येसै स्थूल उपाधिभित्र छ सदा ❀इन्को वियोग् भो जसै ।
स्थूलोपाधि गलेर जान्छ सबको ❀टिक्तैन एकक्षण् कसै ॥१३४
जीव् ता मुक्त छ शुद्ध निर्मल फटिक् ❀जस्तो उपाधी गरी ।
सो निर्मल् पनि हुन्छ सङ्ग-गुणले ❀उस्तै उपाधी सरि ॥
ईनै दूइ उपाधिदेखि बुझ जब् ❀होला फरक् जीव् जसै ।
तस्सै मुक्त हुन्याछ, छैन नहि ता ❀आर्को उपायै कसै ॥१३५

राताका सँगमा रहे स्फटिक ठीक् ❀देखिन्छ रातै सरि ।
तेस्तै आत्म पनी उपाधिसँग भै ❀हुन्छन् उपाधी सरि ॥
आत्मामा छ उपाधि केहि,न फटिक्- ❀मा क्यै छ रातो कतै ।
झुट्टै मात्र छ त्यो झलक् यहि विचार्❀खुप् राख्नु जत्ततै ॥१३६
जाग्रत् स्वप्न सुषुप्तिवृत्ति तिन छन् ❀यस् बुद्धिका ई पनि ।
झुट्टै देखिलिइन्छ नित्य सुखरूपं ❀यस् ब्रह्म-रूपमा भनी ॥
जानी वृत्ति निरोध् गरेर जनले❀यो आत्म जानीलीनू ।
आत्मा-भित्र उपाधिलाइ त झुटा❀जानेर छाडीदिनू ॥१३७
आत्मा हो सुख-रूप दुःख-रुपको ❀संसार् छ उस्मा कहाँ ।
अज्ञान्ले गरि मात्र सत्य रुपले ❀झल्कन्छ आत्मामहाँ ॥
ज्ञान्ले लीन् पनि हुन्छ डोरिकन साँप्❀बुझ्नू छ जस्तो फगत् ।
तेस्तै ईश्वरमा अनेक् तरहका ❀देखिन्छ नाना जगत् ॥१३८
अध्यास् हुन्छ चिदात्ममा इ सबको❀जो छन् अहंकारका ।
इच्छादि पनि बुद्धि धर्म बुझनू❀छैनन् कुनै सारका ॥
आत्मासाक्षि छ यो पृथक् इ सबमा ❀सब्मा घुस्याको पनि ।
जस्तै घुस्तछ अग्नि लोहहरुमा ❀तस्तै प्रकार्को बनी ॥१३९
यै आत्माकन चिह्नुपर्छ गुरुका ❀वेद्का वचन्ले गरी ।
आत्मालाइ चिह्न्योभन्याबुझिलिनू ❀त्यो मुक्त भो तेस् घरि ॥
तस्मात् अत्मविचार गर्नु जनले ❀यस् रूपको हूँ भनी ।
आज्ञान् नष्ट गराउनाकन अरू ❀छैनन् उपायै पनि ॥१४०
आत्मा यस् रितले चिह्निन्छ पहिले ❀एकान्तमा गै बसोस् ।
दश् इन्द्रीय जितेर मन् पनि जिती ❀आत्मै विचार्मा परोस् ॥

जानोस् जो छ जगत् प्रकाश् सकल योहो आत्मसत्ता भनी ।
येही तत्त्व बुझी त पूर्णरुपको होइन्छ आफू पनि ॥१४१
ओंकार् वाचक हो सबै जगतको अज्ञान् अवस्थामहाँ ।
ज्ञानोत्तर् हुन सक्छ वाचक कहाँ लीन् हुन्छ आत्मैमहाँ ॥
आत्मामा जब लीन्भया 'अउम' तीन् विश्वादि साक्षी सहित् ।
आत्मै मात्र रहन्छ तेस् बखतमा निर्मल् उपाधी रहित् ॥१४२
सोही आत्म म हूँ भनी दृढ भयो ज्ञान्का विचार्ले जसै ।
जीवन्मुक्त भनी कहिन्छ जन त्यो पर्दैन ताप्मा कसै ॥
सब् इन्द्रीय शमन् गरेर बलवान् कामादिको नाश् गरी ।
अभ्यास् गर्नु समाधिमा त सहजै देखिन्छ साम्ने हरि ॥१४३
येही पूर्ण अनन्त आत्मरुपको ध्यान् नित्य गर्दै रहोस् ।
जो प्रारब्ध छ सो बुझेर बलियो ई दुःख सुख् सब् सहोस् ॥
येही रीत्सित दिन् बिताउँछ भन्या यो देह छुट्ला जसै ।
संसार्का सब दुःख छोडिकन त्यो लीन् हुन्छ मैमा तसै ॥१४४
आदीमा न त अन्त्यमा न बिचमा यो देहधारी बनी ।
पूर्णानन्द हुँदैन जान्नु सबले यो सत्य बात् हो भनी ॥
तस्मात् यो विधि छोडि गर्नु जनले आत्मै विचार् खुप् गरी ।
त्योमैमामिलिजान्छजल्जलधिमा पाँचेर मील्या सरि ॥१४५
आत्मा मात्र छ सत्य, यो सब जगत् झुट्टै छ झूटो पनि ।
डोरी सर्प बुझ्या सरी अबुझमा देखिन्छ साँचो भनी ॥
जान्नू जानिइएन पो यदि भन्या मेरो चरणमा परी ।
सेवा गर्नु र जान्दछन् नतर ता टर्दैन कस्तै गरी ॥१४६

वेदको सार रहस्य यो सब कह्याँ ❀जो यो विचार् गर्दछन् ।
कोटी जन्म सहस्त्रका सकल पाप् ❀तिन्का सहज् टर्दछन् ॥
तस्मात् भाइ ! विचार यो सब जगत् ❀झूटो चटक् झैं भनी ।
मैमा भक्ति सदा लगायर रहू ❀आनन्दरूपी बनी ॥१४७
मेरो येहि सगुण् स्वरूप्कन खुशी ❀मानी भजन् जो गरून् ।
वा निर्गुण् परिपूर्ण आत्मरुपमा ❀लाएर यो मन् धरून् ॥
ती दूवै मइ तुल्य हुन् ति मइ हुन् ❀ती मै-सरीका बनी ।
गर्छन् सब् भुवनै पवित्र तिनले ❀कुल्चीदिदामा पनि ॥१४८
श्रद्धा भक्ति रहोस् गुरूचरणमा ❀मेरा वचन्मा पनि ।
यस्लाई श्रुतिसार् बुझीकन पढोस् ❀मूल् तत्त्व यै हो भनी ॥
यस्ता रीत्सित यो पढ्यो पनि भन्या ❀अज्ञानको नाश् गरी ।
मेरै रूप् बनिजान्छ, जान्छ सहजै ❀संसार सागर् तरी ॥१४९

❀ इति रामगीता ❀

भगवान् कृष्णले गीतामा बताएको तमोगुणी र रजोगुणी खाना खाएर आफ्नो शरीरको रगतमा तमोगुण र रजोगुण नबढाएका तथा छिनारपनाले आफ्नो रगत नधमिल्याएका ब्राह्मणदम्पतीले यदि बुद्धिमान् विद्वान् विचारवान् चरित्रवान् सज्जन छोरो पाउन इच्छा भए श्री दुर्गा साहित्य भण्डारले छपाएको ठूलो खाले स्वस्थानीको पुछारमा रहेको चार पृष्ठको कुरा अवश्य पढ्नुहोला।

एक् दिन् श्रीयमुनाजिका तिरमहाँ ❀ बस्न्या मुनीश्वर्हरू ।
भार्गव्मा च्यवनै थिया इ सँगमा ❀ बस्न्या थिया जो अरू ॥
आया श्रीरघुनाथका हजुरमा ❀ आपत्ति छुट्नन् भनी ।
आदर् खुप् रघुनाथबाट रहँदा ❀ खुश् भो ऋषीगण् पनि ॥१५०
सेवक् ब्राह्मणको म हूँ अति कृपा ❀ गर्नूभयो धन्य हो ।
सेवक्लाइ अह्राइबक्सनुहुन्स् ❀ के काम् छ इच्छा छ जो ॥
सेवक् हूँ सब सिद्ध गर्छु भनि यो ❀ राम्को हुकूम् भो जसै ।
आपत् बिन्ति गऱ्या तहाँ च्यवनले ❀ राम्का हजूर्मा तसै ॥१५१
हे नाथ् ! क्वै 'मधु' नाम दैत्य शिवका ❀ प्यारा महात्मा थिया ।
तिन्लाई शिवले त्रिशूल् पनि अमोघ् ❀ खूशी हुँदामा दिया ॥
रावण्की बहिनीथिकुम्भिनसिएक् ❀ बीहा गऱ्याको थियो ।
जन्म्यो पुत्र त लोककण्टक सबै ❀ चाल् राक्षसैको लियो ॥१५२
तेस्को नाम 'लवण्' छ राक्षसि छ चाल् ❀ तेस्ले त्रिशूल् त्यै लिई ।
आपद् सब् ऋषिलाइ गर्दछ प्रभो ❀ बाधा अनेकन् दिई ॥
यो आपत्ति छुटोस् भनी हजुरमा ❀ आयौं भन्याथ्या जसै ।
तेस्को ताप नमान्नु, मार्छु अहिले ❀ यस्तो हुकूम् भो तसै ॥१५३
यै बीच्मा सब भाइलाइ रघुनाथ्- ❀ ले सोध्नुभो को गई ।
माछौं कण्टक त्यो लवण्कन ऋषी- ❀ का प्राणदाता भई ॥
हात् जोरी बिनती गऱ्या भरतले ❀ ख्यामित् ! म जान्छू भनी ।
ताहीं फेर् बिनती गऱ्या अति उचित् ❀ शत्रुघ्नजीले पनि ॥१५४
लक्ष्मण्ले पनि काम् गरे अघि बडा ❀ साथै हजूर्का गई ।
दुःखै भोग भरत्जिले पनि गऱ्या ❀ योगी सरीका भई ॥

ख्वामित् ! आज हुकूम्भयातखुशिभै ❀ जान्छू म ऐह्रे तहाँ ।
राम् ठाकुर् बहुतै खुशी हुनुभयो ❀ यो बिन्ति सुन्दामहाँ ॥१५५
यस्तो हूकुम भो बहुत् खुशि भई ❀ शत्रुघ्नलाई तहाँ ।
गादी आज म दिन्छु राज् पछि गरे ❀ पूरी बनाई तहाँ ॥
पैह्रे जल्दि त मारिहाल लवणै ❀ लैजाउ यो वाण् पनि ।
वाण्मा मुख्य जउन् थियो उहि झिकी ❀ दिनूभयो त्यौ भनी ॥१५६
अर्ती क्या दिनुभो कि भाइ ! शिवको ❀ त्रीशूल् छ तेस्को घरै ।
पूजा नित्य गरेर जान्छ वनमा ❀ आहार-खातिर् परै ॥
तेस्ले त्यो शिवको त्रिशूल् लिन भनी ❀ जानै नपावस् घरै ।
फिर्दामा तहिँ लड्नु हान्नु यहि शर् ❀ मर्ला र गिर्ला परै ॥१५७
पायो त्यो शिवकोत्रिशूल्लिन भन्या ❀ तेसै त्रिशूल्ले गरी ।
सब्को नष्ट गराउन्याछ यहि सूर् ❀ राख्नू विचार् खुप् गरी ॥
त्यो माच्यापछि तेस् मधूवनमहाँ ❀ एक् बेस् बनाऊ शहर् ।
जस्मा बस्न मिलोस् भनी सकलले ❀ खुप् बस्न मानून् रहर् ॥१५८
तेस्को नाम् मथुरा हुन्याछ नगरी ❀ त्यै राजधानी गरी ।
राज् गर्नू तिमिले अनेक् तरहका ❀ सब्का विपत्ती हरी ॥
एक्लै गै अघि मार राक्षस, पछी ❀ आऊँछ सेना पनि ।
तीस् चालीस हजार वर्ष गर राज् ❀ राम्ले दिया को भनी ॥१५९
आशीर्वाद् दिइ, साथ जाउ ऋषिका ❀ भन्या हुकूम् भो जसै ।
हूकूम् माफिक काम् गर्या सँग गई ❀ शत्रुघ्नजीले तसै ॥
राक्षस् मार्नुभयो तुरुन्त र तहाँ ❀ पूरी मथूरा बनी ।
हूकूम् माफिक राज् गर्या तहिँ बसी ❀ शत्रुघ्नजीले पनि ॥१६०

सीताका पनि दुइ पुत्र सुकुमार् ❀ जम्ल्याह पैदा भया ।
वाल्मीकि ऋषिले ति पुत्र दुइको ❀ नाम्-कर्म गर्दा भया ॥
जेठाको कुश नाम् धर्‍या लव भनी ❀ जुन्चाहिँ कान्छा थिया ।
तिन्को नाम धर्‍या क्रमैसित अनेक् ❀ शास्त्रै पढाई- दिया ॥१६१
वेलैमा व्रतबन्ध कर्म पनि भो ❀ वेदार्थ जानून् भनी ।
ला‍या वेद् पनि पढ्न शास्त्रहरुको ❀ तात्पर्य जान्या पनि ॥
उत्तम् निर्मल सूर्य-वंश बिचमा ❀ पैदा भयाका थिया ।
यो अभ्यास थिएन भन्नु त उसै ❀ फोस्रो कुरा पो थिया ॥१६२

वाल्मीकिले सकल राम-चरित्रलाई ।
गान् गर्न काव्य रितले कविता बनाई ॥
गान् गर्दथ्या खुशि भएर पढ़ाइदीया ।
त्यो गाउँदा त्रिभुवनै वश पारिलीया ॥१६३॥

जम्ल्याहा दुइ भाइ सुन्दर कुमार् ❀ हात्मा सितारा लिई ।
पूरै सूरसित गाउँथ्या दुइ जना ❀ ताल् सूर् मिलाईदिई ॥
खुशहुन्थ्याऋषिगण् सबै ति वनका ❀ सूनेर त्यो गानले ।
प्यारो खुपसित गर्दथ्या ति दुइको ❀ ठूला भनी मानले ॥१६४

यै रीतले रामचरित्र गाई ।
सम्पूर्णको मन् पनि खुश् गराई ॥
वाल्मीकिकै आश्रममा रहन्थ्या ।
गर्थ्या सधैँ वाल्मिकि जो कहन्थ्या ॥१६५॥

यै बीचमा सब अश्वमेधहरु गरी ❀ राम्ले अनेक् दान् दिया ।
सीताजी वनमा थिइन्, र सुनकी ❀ सीता बनाईलिया ॥

ब्रह्मर्षी र बडा बडा पृथिविका ❀ राजाहरू ती पनि ।
ब्राह्मण्-क्षत्रिय-वैश्य सब् तहिँ पुग्या ❀ हेरौं तमाशा भनी ॥१६६
वाल्मीकी ऋषिका सँगै ति कुशलव् ❀ हिँड्थ्या ति जान्थ्या जहाँ ।
पाया फुर्सद सोध्नको र कुशले ❀ सोध्या कुरा क्यै तहाँ ॥
हे सर्वज्ञ गुरो ! कउन् तरहले ❀ बन्धन्-विषे पर्दछन् ।
कुन् पाठ्ले सब बन्धनै पनि सहज् ❀ तोडेर पार् तर्दछन् ॥१६७
बाँधिन्छन् यहि रीतले यति गरे ❀ संसार तर्छन् भनी ।
यस्को तत्त्व बताइबक्सनुहवस् ❀ जानूँ म मूढो पनि ॥
यस्तो प्रश्न सुन्या जसै ति कुशको ❀ ती वाल्मिकीले पनि ।
यस्को तत्त्व बुझाइबक्सनुभयो ❀ बाँधिन्छ यस्ले भनी ॥१६८

कुशलाई परमार्थको उपदेश-६ (३)

यस् जीव्ले बिहकै विचार नगरी ❀ मन्त्री अहंकार् लिँदा ।
मन्त्रीले जति आफुमा गुण थिया ❀ जीव्मा मिलाईदिँदा ॥
मन्त्रीका वशमा परेर यहि जीव् ❀ मै हूँ अहंकार् भनी ।
लाग्यो भन्न भन्या गिच्यो विषयमा ❀ बाँधिन्छ यो जीव् पनि ॥१६९
जो जन् सत्त्व-रजस्-तमस्त्रिगुण यी ❀ रूप् हुन् अहंकारका ।
यी तीनै मनले विचार् गरिलिँदा ❀ छैनन् कुनै सारका ॥
इच्छा सत्त्वविषे धर्‍यो पनि भन्या ❀ ऐश्वर्य भोग्छन् पनि ।
संसार्कै व्यवहार बढ्छ रजले ❀ स्त्री पुत्र मेरा भनी ॥१७०
जो ता छन् तमगुणमा खुशि हुन्या ❀ तेस्ता त कीरा भई ।
गिर्छन् नित्य विपत्तिमा सुखसयेल् ❀ मिल्दैन काहीं गई ॥
जो यी तीन् गुणलाइ तुच्छ बुझि खुप् ❀ आत्मै विचार् गर्दछन् ।
सब् बन्धनहरुलाइ तोडि सहजै ❀ संसार् तिनै तर्दछन् ॥१७१

तस्मात् अहंकार्कन तुच्छ मानी ।
आत्मा म हूँ पूर्ण भनेर जानी ॥
आत्मै विचार्मा तिमि चित्त देऊ ।
साँचो भन्याँ यो तिमि जानिलेऊ ॥१७२॥
वाल्मीकिदेखी यति तत्त्व पाई ।
ज्ञान् भैगयो ती कुश वीरलाई ॥
मुक्ति थिया नित्य तथापि याहाँ ।
गर्दै रह्या कार्य त लोकमाहाँ ॥१७३॥

भगवान् रामको यज्ञमा कुश-लवको गाना, सिताजीको पृथ्वीप्रवेश, रामले मातालाई उपदेश गर्नु–७

एकदिन्वाल्मिकिले त अर्ति दिनुभो ❀ हे पुत्र हो ! गाउँछौ ।
तिम्रो गान् सुनि खूशि हुन्छ दुनियाँ ❀ अत्यन्त यश् पाउँछौ ॥
श्रीराम्को पनि गान सुन्नकन मन् ❀ आयो र गाऊ भनी ।
लाया गाउन पो भन्या दुइ जना ❀ मीलेर गाया पनि ॥१७४
गान्ले खुश् भइ केहि बक्सिस भया ❀ बक्सिस् भयाको जति ।
चीज् छन् सब् तृण झैं गरेर तिमिले ❀ केही नलीया रती ॥
अर्ती वाल्मिकिदेखि पाइ कुशलव् ❀ अत्यन्त खूशी भई ।
लाग्या गाउन दुइ भाइ ऋषिका ❀ साम्ने अगाडी गई ॥१७५
सून्या तेहि अपूर्व गान् र रघुनाथ्- ❀ ज्यूका पनी मन् गयो ।
मेरो मन् पनि गानले हरिलिया ❀ को हुन् इ भन्न्या भयो ॥
साम्ने डाकि म सुन्छु फेरि यहि गान् ❀ भन्या इरादा धरी ।
राजा पण्डित वृद्ध जन्हरु बहुत् ❀ राखी सभा खुप् गरी ॥१७६
गान् सुन्छू अब डाक याहिँ ति कुमार् ❀ आऊन् सभामा भनी ।
हूकूम् भो र हुकूमले दुइ कुमार् ❀ आया सभामा पनि ॥

देख्या मूर्ति कुमारका र सबले ❀आश्चर्य मान्या पनि ।
कस्का हुन् इ कुमार्, कसो गरि भया❀रामै सरीका भनी ॥१७७
रामैका सरि वस्त्र भूषण भया❀रामचन्द्र कुन् हुन् भनी ।
चिह्नैलाइ कठिन् हुन्याछ यहि बात्❀सब् बोल्न लाग्या पनि ॥
लाग्या गाउन भाइ दूइ जब ता❀गान्धार स्वर्ले गरी ।
गान् सुन्दा बहुतै खुशी हुनुभयो❀त्रैलेक्यका नाथ् हरि ॥१७८
हूकूम् ताहिँ भरत्जिलाइ दिनुभो❀लौ देउ खिल्लत् भनी ।
दश् हज्जार् रुपियाँ लगीकन दिया❀जल्दी भरत्ले पनि ॥
दश् हज्जार् रुपियाँ दिया तपनि त्यो❀सब् तृण् सरीको गरी ।
जाहाँ वाल्मिकिजी थिया उहिँ गया❀धन् छोडि तेसै घरि ॥१७९
जान्या श्रीरघुनाथले इ त सिता-❀जीका कुमार् हुन् भनी ।
त्यै बीच्मा प्रभुले हुकूम् दिनुभयो❀शत्रुघ्नलाई पनि ॥
हे भाई, तिमि जल्दि जाइ अहिले❀वाल्मीकिजी छन् जहाँ ।
सीताजी र ति वाल्मिकीकन लिई❀दौडेर आऊ यहाँ ॥१८०
सीतालाइ नियाँ म दिन्छु अहिले❀सीताजी नीयाँ पसून् ।
आफ्नू दोष अफालि निर्मल भई❀खुश् भै सिताजी बसून् ॥
हुकूम् श्रीरघुनाथको यति हुँदा❀शत्रुघ्न जल्दी गया ।
वाल्मीकी ऋषिको परी चरणमा❀सब् बिन्ति गर्दाभया ॥१८१
सून्या बिन्ति र जुन् त आशय थियो❀राम्को उ जानीलिया ।
पस्लिन् भोलि नियाँ सिता भनितहाँ❀उत्तर् तुरुन्तै दिया ॥
उत्तर् वाल्मिकिदेखि पाइकन ता❀शत्रुघ्न फर्की गया ।
श्रीराम्चन्द्रजिका पुगी हजुरमा❀त्यो बिन्ति गर्दा भया ॥१८२

सुन्नूभो जब उत्तरा ति ऋषिको ❀ ताहीं प्रभूले पनि ।
पस्छिन्भोलिसितानियाँभनिहुकूम् ❀ भो लोक जानून् भनी ॥
हूकूम् येति सुन्या र लोक पनि सब् ❀ हेरौं तमाशा भनी ।
ब्राह्मण् क्षत्रिय वैश्य शूद्र जति छन् ❀ आया महर्षी पनि ॥१८३
आया वाल्मिकि ताहिं तेहि बिचमा ❀ सीताजिलाई लिई ।
सीताजी पनि यज्ञमा पुगिगइन् ❀ श्रीराममा मन् दिई ॥
सीताजीकन देखि लोकहरु सब् ❀ बेस् भो बहुत् बेस् भनी ।
लाग्या बोल्न तहाँ उसै बखतमा ❀ तीवाल्मिकिजी पनि ॥१८४
श्रीराम्जीसित बिन्ति गर्दछु भनी ❀ राम्का अगाडी सन्या ।
सीताजी अति शुद्ध छन् भनि बहुत् ❀ बिन्ती हजूर्मा गन्या ॥
छोरै हुन् कुश लव् पनी हजुरका ❀ बिन्ती कहाँतक् गरूँ ।
क्यै शङ्का मनमा रह्या हजुरमा ❀ गर्छू शपथ् मै बरु ॥१८५
बोल्याँ केहि झुटो भन्या हजुरमा ❀ बोल्यो झुटो बात् भनी ।
निष्फल् आज गरून् प्रभू जतिथिया ❀ मेरो तपस्या पनि ॥
सून्या वाल्मिकिको शपथ् र रघुनाथ्- ❀ ज्यूको हुकूम् यो भयो ।
मेरो संशय छैन कत्ति मनमा ❀ साँचो शपथ् हुन्छ यो ॥१८६
लंकामा पनि एक् नियाँ अधि दिदा ❀ जीतिन् र सीता लियाँ ।
ऐह्ले पो अपवाद् गन्या र जनले ❀ सो मेट्न छाडीदियाँ ॥
अर्कोले अपवाद् गन्या भनि उसै ❀ साँचै सिता त्याग् गन्याँ ।
तेस्तै भो तपनी रिसानि नहवस् ❀ यस्मा क्षमापन् गन्या ॥१८७
मैंरै पुत्र त हुन् दुवै इ कुश लव् ❀ जम्ल्याह पैदा भया ।
सीताजी पनि शुद्ध छन् सब बुझ्याँ ❀ सन्देह मेरा गया ॥

हूकूम् यो रघुनाथको हुन गयो❀हूकूम् भयो तापनि ।
सीताजी त तयार् भइन् तस बखत्❀पस्छू म नीयाँ भनी ॥१८८
ब्रह्मादीहरु लोकपाल्हरु सबै❀आया सिता छन् जहाँ ।
ब्रह्मादीहरुका अगाडि ति सिता❀क्यै बोल्न लागिन् तहाँ ॥
जस्तो भक्ति छ रामका चरणमा❀मेरो उ जानीलिउन् ।
साँची छू त मलाइ जान अहिले❀बाटो भुमीले दिउन् ॥१८९

सीताको पृथ्वी-प्रवेश–७ (२)

यस्तो वाणि सिताजिको पृथिविले❀सूनी सकीथिन् जसै ।
बेस् सिंहासन एक् तयार् गरि सिता-❀जीलाइ राखिन् तसै ॥
त्यै सिंहासनमा बसी जननिले❀औदास्य मन्मा लिइन् ।
सीताजीकन जानलाइ बढिया❀बाटो भुमीले दिइन् ॥१९०
यस् रीत्ले जननी सिता जब गइन्❀खुप् मोहमा लोक् पऱ्या ।
इन्द्रादीहरुले त खूप् खुशि हुँदै❀बेस् पुष्पवृष्टी गऱ्या ॥
सीताको तहिँ शोक् गऱ्या प्रभुजिले❀संसारि जस्ता भई ।
ब्रह्मादीहरुले बुझाउनुभयो❀साम्ने अगाडी गई ॥१९१
बूझीबक्सनुभो र शोक् पर गरी❀बाँकी जउन् काम् रह्या ।
सब् सम्पूर्ण गराइ दान् दिनुभयो❀ब्राह्मण् तहाँ जो थिया ॥
जो ता यज्ञमहाँ थिया जनहरू❀धन्ले ति पूर्णै भया ।
बीदा बक्सनुभो र विप्र जति हुन्❀बीदा हुँदै सब् गया ॥१९२
सीताजी-सितको वियोग् जब भयो❀श्री राम् विरक्तै भया ।
यज्ञस्थान्कन छोडि पुत्र सँग ली❀जल्दी अयोध्या गया ॥
कौसल्या जननी पनी खुशि भइन्❀श्रीराम आया भनी ।
लक्षण् अन्त्य निहारि ज्ञानकि कथा❀चर्चा गरिन् बेस् भनी ॥१९३

कौसल्या रामलाई त्रिभुवन-भरिका नाथ् रमानाथ जानी ।
कुन् पाठ्ले बन्ध छुट्ला भनिकन मनमा खुप् ठुलो पीर मानी ॥
आइन् पाऊ परी फेर् विनति पनि गरिन् रामजीका चरण्मा ।
कुन् पाठ्ले बन्ध छुट्छन् यति मकन कहू आज आयाँ शरण्मा ॥१९४

रामले मातालाई उपदेश गर्नु–७ (३)

यस्तो बिन्ती सुनी खुप् खुशि पनि हुनुभो बन्ध छुट्न्या उपाई ।
सब्भन्दा येहि ठूलो भनि कहनुभयो भक्तियोग् माइलाई ॥
भक्तीयोगमा पनी जो त्रिगुण रहितकी भक्ति छन् सोहि गर्नू ।
गङ्गाजीका प्रवाहै सरि गरि यस मन्लाइ मैमाथि धर्नू ॥१९५
मैमाथी चित्त धर्न्या जनहरु सहजै भक्तिमान् होइजान्छन् ।
चार् छन् मुक्ती ति चारैकन पनि तिनले तृण् सरीका त मान्छन् ॥
मैमाथी चित्त धर्न्या भनिकन बुझिल्यौ साधना गर्नमाहाँ ।
तेस्को वर्णन् म गर्छू अब सब बुझिल्यौ सब् खुलस्ता छ याहाँ ॥१९६
इच्छा केहि नराखनू विषयमा❀सब् धर्म थाम्नू पनि ।
सत् काम् गर्नु विचार राख्नु मनमा❀हिंसा घटीया भनी ॥
मेरो दर्शन गर्नु खुप् स्तुति पुजा❀गर्नू स्मरण् खुप् गरी ।
पाऊमा परि दण्डवत् गरिलिनू❀जान्छन् यसैले तरी ॥१९७
सब् प्राणीहरुमा म छू यति विचार्❀राख्नू असङ्गै भई ।
साँचो बोल्नु, बडा मिल्या चरणमा❀पर्नू तुरुन्तै गई ॥
गर्नू दुःखि उपर् दया, सम भया❀तिन्मा त मैत्री पनि ।
सेवा गर्नु यमादिको पनि असल्❀बाटो यिनै हुन् भनी ॥१९८
वेदान्तैकन सुन्नु, गर्नु खुशि भै❀कीर्तन् सदा नामको ।
सज्जन्को सतसङ्ग गर्नु दिन-दिन्❀सोझो भई कामको ॥

मेरो देह भन्याउन्या अति ठुलो ❀छोड्नू अहंकार् पनि ।
यो मन् शुद्ध गराइ बुझ्नु जति छन् ❀सब् धर्म मेरो भनी ॥१९९
जस्तै गन्ध रहन्छ फूलहरुमा ❀फूल्मा रह्याको पनि ।
वायूका वशमा परीकन उडी ❀आऊँछ नाक्मा पनि ॥
तेस्तै योगविषे दियो मन भन्या ❀त्यै योग वायू बनी ।
गन्धै झैं गरि मन् उडायर सहज् ❀ल्याऊँछ मैमा अनि ॥२००
सर्वात्मा म छु जो त येति नबुझी ❀पूजा फगत् गर्दछन् ।
तीदेखी खुशि हुन्नँ कत्ति ति गरून् ❀व्यर्थै शरीर् हर्दछन् ॥
पूजा गर्नु त तेहि हो उ नगऱ्या ❀तिन्ले पुजा कुन् गऱ्या ।
मृत्यूको भय हुन्छ तिन्कन सदा ❀संसारमा ती पऱ्या ॥२०१
सर्वात्मा म छु येति जानि सब जीव्-❀लाई नमस्कार् गरून् ।
जीवात्मा परमात्म एक् बुझि सदा ❀अन्तःकरण्मा धरून् ॥
माता ! मार्ग त तर्नलाइ सजिलो ❀यै हो छ, यस्तै गरी ।
संसार्का कति पार् गया सहजमा ❀संसार-सिन्धू तरी ॥२०२
याहाँलाइ त झन् सहज् छ, म त हूँ ❀पुत्रै र पुत्रै भनी ।
सम्झी मात्र दिनूहवस् यति भया ❀छुट्नन् इ बन्धन् पनि ॥
कौसल्या रघुनाथको यति हुकूम् ❀सूनिन् र मुक्ति भइन् ।
कैकेयी पनि देह छोडि दशरथ्- ❀जीका हजूरमा गइन् ॥२०३

त्यस्तै सुमित्रा दशरथ्कि रानी ।
संसारका सोख् सब तुच्छ जानी ॥
प्रारब्धका बन्धनलाइ तोडी ।
पौंचिन् पतीथ्यैं यहिं देह छोडी ॥२०४॥

काल आउनु, लक्ष्मणलाई त्यागनु र उनको स्वर्गवास–८

पापात्मा अति दुष्ट शत्रु सबका ❀तीन् कोटि गन्धर्व छन् ।
ई सबलाइ मराउनू अब पऱ्यो ❀बद्नन् नमारे त झन् ॥
यस् सूरले रघुनाथका हजुरमा ❀एक् दिन् युधाजित् गया ।
पाऱ्या बिन्ति भरत् गई हुकुमले ❀गन्धर्व मार्दा भया ॥२०५
पूरी एक् तहिँ पुष्करावति बनी ❀पुष्कर् त राजा भया ।
अर्की तक्षशिला पुरी बनि तहाँ ❀राज् तक्ष गर्दा भया ॥
छोरा पुष्कर तक्षलाइ तिमिले ❀राज् गर्नु याहीं भनी ।
फर्की श्रीरघुनाथका हजुरमा ❀पौंच्या भरत्जी पनि ॥२०६
लक्ष्मण्लाइ पनी हुकूम् तहिँ भयो ❀भाई ! तिमीले पनि ।
छोरालाइ लगेर पश्चिम मुलुक्–❀मा राज्य देऊ भनी ॥
पश्चिमम्मा अति दुष्ट भिल्लहरु छन् ❀तिन्लाइ संहार् गरी ।
दूई पूरि बनाउनू पनि तहाँ ❀रत्नादि दौलथ् भरी ॥२०७
राजा अङ्गद चित्रकेतु इ दुवै–❀लाई बनाया तहाँ ।
छोरालाइ रजाइँ दीकन तिमी ❀आया तुरुन्तै यहाँ ॥
हूकूम् श्रीरघुनाथको यति हुँदा ❀लक्ष्मण् तुरुन्तै गया ।
जो जो हुन् अति दुष्ट भिल्लहरु सब् ❀तिन्लाइ मार्दा भया ॥२०८
पूरी दूइ बनाइ लक्ष्मणजिले ❀ताहीं रजाइँ दिया ।
छोरालाइ र जल्दि लक्ष्मण गया ❀जाहाँ रघूनाथ् थिया ॥
एकदिन्काल् ऋषि झैं भएर रघुनाथ्–❀ज्यूलाइ भेट्छू भनी ।
आया श्रीरघुनाथका पुरिमहाँ ❀चिन्दैन कोही पनि ॥२०९
पौंच्या द्वारतलक् जसै प्रभुजिका ❀चौकी त लक्ष्मण् थिया ।
द्वार्मा एक् ऋषि छन् खडा भनि गई ❀हाजिर् पुऱ्याईदिया ॥

हाजिर् सूने हुकूम् भयो प्रभुजिको ❀ ल्याऊ तुरुन्तै भनी ।
लक्ष्मण्ले पनि जल्दि गै हजुरमा ❀ ल्याया इनै हुन् भनी ॥२१०
पौंच्या श्रीरघुनाथका हजुरमा ❀ काल् विप्ररूप्ले जसै ।
'त्वं बर्धस्व' भनेर आशिष दिया ❀ श्री रामलाई तसै ॥
सत्कार् श्रीरघुनाथले पनि गऱ्या ❀ पैह्ले कुशल् क्षेम् गरी ।
तिन्का आशय बुझ्नलाइ हरिले ❀ सोध्या अगाडी सरी ॥२११

कुन् काम गर्नू छ र जल्दि आई ।
भेट् गर्नुभो आज यहाँ मलाई ॥
हूकूम् प्रभूको जब येति पाया ।
ती काल् पुरुष्ले पनि बिन्ति लाया ॥२१२॥

हे नाथ् ! चरण्मा अहिले म पर्छु ।
एकान्त बक्स्या हुँदि बिन्ति गर्छु ॥
मेरा कुरा कोहि नसुन्न पाउन् ।
सुन्नन् त मारीदिनु दूर जाउन् ॥२१३॥
ती काल्पुरुष्को त्यति बिन्ति सूनी ।
बेसै इ भन्छन् भनि भित्र गूनी ॥
हूकूम् भयो लक्ष्मणलाइ ताहाँ ।
कोही नआउन् अब भित्र याहाँ ॥२१४॥
क्वै आउनन् भित्र त मर्न जानन् ।
अत्यन्त गोता विहकै ति खानन् ॥
एकान्ततक् कोहि यहाँ नआउन् ।
यो उर्दि सब्ले तिमिदेखि पाउन् ॥२१५॥

सून्यो हुकूम् येति र काल बोल्यो ।
आफ्ना सबै आशय ताहिँ खोल्यो ॥
हे नाथ् ! म हूँ काल् सबलाइ हर्न्या ।
मालूम् छ यो सब् किन बिन्ति गर्न्या ॥२१६॥
ब्रह्माजिको बिन्ति लिएर आयाँ ।
खुप् भाग्यले दर्शन आज पायाँ ॥
ब्रह्माजिको बिन्ति म आज गर्छु ।
होला हुकूम् जो उहि शीर धर्छु ॥२१७॥

सृष्टीदेखि अगाडि पूर्ण रुपले ❀ आत्मा-स्वरूप् एक्थियौ ।
नारायण् जलशायि, रूप त पछी ❀ यै सृष्टि खातिर् लियौ ॥
ख्वामित्का तहिँ नाभिका कमलमा ❀ एक्लै म पैदा भयाँ ।
सृष्टी गर्न हुकूम् हुँदा हुकुमले ❀ लोक् सृष्टि गर्दै गयाँ ॥२१८
जस्ले दुःख दिया प्रजाकन तिनै- ❀ लाई म मारूँ भनी ।
युग्-युग्मा अवतार् समेत् लिनुभयो ❀ यस्तै अगाडी पनि ॥
ऐह्रे यो अवतार् पनी पृथिविकै ❀ भार् हर्न खातिर् धरी ।
भूको भार् पनि टारिबक्सनुभयो ❀ सब् दुष्ट संहार् गरी ॥२१९
एघारै म हजार वर्ष रहुँला ❀ जाँदा हुकूम् जो भयो ।
सोही वर्ष गणीतले गनिलिँदा ❀ एघार हज्जार् गयो ॥
बस्नैको अरु मन् छ पो त भगवन् ❀ इच्छा हजुर्को हवस् ।
याहाँ आउन मन् भया बखत भो ❀ लौ जल्दि पाल्नूहवस् ॥२२०
ब्रह्माको विनती सुनेर रघुनाथ् ❀ हाँसी तिनै कालका ।
साम्ने बत्चित गर्नुभो पनि बहुत् ❀ सब् जानकै चालका ॥

दुर्वासा यहि बीचमा तहिँ गया ❀ राम्लाइ भेट्छू भनी ।
लक्ष्मण् द्वारमहाँ थिया र ऋषिले ❀ तिन्लाइ भेट्या पनि ॥२२१
लक्ष्मण्लाइ तहाँ भन्या ति ऋषिले ❀ हाजिर् गराऊ भनी ।
लक्ष्मण्लाइ कठिन् भयो, कठिनले ❀ बिन्ती लगाया पनि ॥
भित्रै जान हुँदैन, जाउँ कसरी ❀ विस्तार् कहाँतक् गरूँ ।
जुन् काम् खातिर आज आउनुभयो ❀ सो पूर्ण गर्छू बरु ॥२२२
लक्ष्मण्ले यति ती मुनीकन तहाँ ❀ बिन्ती गऱ्याथ्या जसै ।
दुर्वासा ऋषि हुन् बडा त पनि खुप् ❀ रीसाइ बोल्या तसै ॥
लैजाऊ अझ रामका चरणामा ❀ ल्याहीं शरण् पर्दछु ।
लैजान्नौ त मलाइ भित्र त कुलै- ❀ को भस्म झन् गर्दछु ॥२२३
सून्या येति वचन् र लक्ष्मणजिले ❀ मन्मा विचार् यो गऱ्या ।
कुल्कोनाश्नहवस्कुशल् सबरहून् ❀ क्याहुन्छ मै एक् मऱ्या ॥
ऐल्हे भित्र त जान निश्चय पऱ्यो ❀ यस्तो विचार् खुप् गरी ।
लक्ष्मण् भित्र गया जहाँ प्रभु थिया ❀ त्रैलोक्यकानाथ् हरि ॥२२४
द्वारमा हाजिर छन् ऋषी भनि तहाँ ❀ बिन्ती गऱ्याथ्या जसै ।
ती काल्लाइ बिदा गरेर रघुनाथ् ❀ बाहीर आया तसै ॥
दुर्वासासित भेट् भयो जब तहाँ ❀ राम्ले नमस्कार् गरी ।
सोध्नूभो ऋषिलाइ आउनुभयो ❀ कस्तो इरादा धरी ॥२२५
इच्छा भोजनमा थियो ति ऋषिको ❀ सो बिन्ति गर्दा भया ।
भोजन् बक्सनुभो र भोजन गरी ❀ ऋषी खुशी भै गया ॥
यै बीच्मा तहिँ सम्झिबक्सनुभयो ❀ राम्ले प्रतिज्ञा पनि ।
लक्ष्मण्लाइ कसोरि मारूँ अहिले ❀ यै हो विपत्ती भनी ॥२२६

सन्ताप् श्रीरघुनाथमा जब पऱ्यो ❀ लक्ष्मण् चरण्मा पऱ्या ।
मारीबक्सनुहोस् मलाइ भगवान् ❀ यो ताहिँ बिन्ती गऱ्या ॥
ठूलो भन्नु छ धर्म हो उहि रहोस् ❀ बिन्ती गऱ्या यो जसै ।
यस्को निश्चय गर्नलाइ हुनगो ❀ ठूलो सभा एक् तसै ॥२२७

लक्ष्मणलाई त्याग्नु र उनको स्वर्गवास–८ (२)

सबैले बिन्ति गऱ्या बुझी हजुरमा ❀ त्याग् मात्र गर्नूहवस् ।
मारीहाल्नु त योग्य छैन अधिराज् ❀ ज्यान् आज इन्को रहोस् ॥
ज्यान् हर्नू र वियोग गर्नु इ बरा- ❀ बर् हुन् भन्याथ्या जसै ।
लक्ष्मण्लाइ पनी बिदा दिनुभयो ❀ श्रीरामजीले तसै ॥२२८
लक्ष्मण्जी सरयू गया तस बखत् ❀ राम्का चरण्मा परी ।
प्राणायाम् तिरमा गरीकन गया ❀ जाहाँ रहन्थ्या हरि ॥
यस् रीत्ले नरलोक छोडिकन ती ❀ लक्ष्मण् जसै ता गया ।
भेट्ना-खातिर शेषका हजुरमा ❀ ब्रह्मादि जम्मा भया ॥२२९

महाप्रयाण–९

लक्ष्मण्जीसितको वियोग् जब भयो ❀ दुःखी सरीका बनी ।
साह्रै दिक्क भएर मन्त्रिहरुथ्यैं ❀ यस्तो हुकूम् भो पनि ॥
जान्छू लक्ष्मण छन् जता म त उतै ❀ यो राज् भरत्ले गरून् ।
राजा भैकन जो प्रजाहरु इ छन् ❀ यिन्का सबै ताप् हरून् ॥२३०
जस्सै येति हुकूम् सुन्या भरतले ❀ मूर्छित् सरीका भई ।
यस्तो बिन्ति गऱ्या तहाँ भरतले ❀ राम्का हजूरमा गई ॥
बस्थ्याँ ख्वामितलाइ छोडि म कहाँ ❀ तीन् लोक बक्स्या पनि ।
छोरै छन् अधिराज् प्रभू ! हजुरका ❀ राज्का इनै हुन् धनी ॥२३१

जेठा पुत्र हजूरका इ कुश वीर् ❀ राज् कोसलैमा गरून् ।
उत्तर्मा बसि राज् गरी इ लवले ❀ सम्पूर्णको ताप् हरून् ॥
दूई भाइ चलाउँछन् इ जति छन् ❀ यी राज्यको काम् यहाँ ।
दूत् जाउन् मथुराविषे किन उसै ❀ शत्रुघ्न बस्छन् तहाँ ॥२३२
सूनून् लक्ष्मणको पनी ति समचार् ❀ पौँच्या परम्धाम् भनी ।
साथै जान हजूरका चरणमा ❀ दौडेर आऊन् तिनी ॥
यस्तो बिन्ति हजूरमा भरतले ❀ गर्दा प्रजाले पनि ।
पाया थाह र ताप् भयो मनमहाँ ❀ जानन् कि छोडी भनी ॥२३३
बिन्ती एक वशिष्ठले तहिँ गऱ्या ❀ लान्छन् कि छोड्छन् भनी ।
रुन्छन् सब् दुनियाँ यहाँ हजुरको ❀ पाउन् प्रसाद् ई पनि ॥
सुन्भो तहिँ यो वशिष्ठ ऋषिले ❀ बिन्ती गरेको जसै ।
ठाकुर्को पनि खुप् दया हुन गयो ❀ ती सब् प्रजामा तसै ॥२३४
इच्छा क्या छ बताउ पूर्ण गरुँला ❀ भन्या हुकूम् भो पनि ।
सब्ले बिन्ति गऱ्या प्रभूसित तहाँ ❀ सब् साथ जान्छौँ भनी ॥
इच्छा पूर्ण हवस् भनी हुकुम भो ❀ सब् ती प्रजा खुश् भया ।
उत्तर् कोसलमा दुवै ति कुश लव् ❀ राज् गर्न खातिर् गया ॥२३५
केही दूत् मथुरा तरफ् प्रभुजिले ❀ जल्दी पठाईदिया ।
दूत् पौँच्या रघुनाथका हुकुमले ❀ शत्रुघ्न जाहाँ थिया ॥
दूतदेखी समचार् सुन्या प्रभुजिको ❀ शत्रुघ्नजीले जसै ।
छोरालाइ रजाइँ दी प्रभुजिथ्यें ❀ ती जान आँट्या तसै ॥२३६
जेठा पुत्र सुबाहुलाइ मथुरा ❀ नै राजधानी दिया ।
यूप्लाई विदिशा दिया र ति गया ❀ जाहाँ रघूनाथ् थिया ॥

जल्दी गैकन पाउमा परि तहाँ ❀ यो बिन्ति लाया पनि ।
साथै जान भनेर आज रघुनाथ् ❀ आयाँ हजुर्मा भनी ॥२३७
लौ मध्याह्न हुँदा तयार् भइ रह्या ❀ यस्तो हुकूम् भो तहाँ ।
आया राक्षस ऋक्ष वानरहरू ❀ सब् येति सुन्दामहाँ ॥
जान्छौँ आज सँगै प्रभो ! हजुरका ❀ यै बिन्ति सब्ले गर्‍या ।
सुग्रीव्जी पनि बिन्ति गर्न रघुनाथ्- ❀ जीका अगाडी सर्‍या ॥२३८
आयाको छु दयानिधान् ! हजुरमा ❀ यो बिन्ति लाया पनि ।
अङ्गद्लाइ रजाइँ दीकन यहाँ ❀ जौंला म साथै भनी ॥
सुग्रीव्को अरुको ति ऋक्षहरुको ❀ बिन्ती सुन्याथ्या जसै ।
प्यारा भक्त जहाँ विभीषण थिया ❀ ताहाँ गया राम् तसै ॥२३९
ताहाँ गैकन यो हुकूम् पनि भयो ❀ बस्नू तिमीले यहीं ।
प्रारब्धै बलवान् छ जान सबको ❀ छुट्तैन सो ता कहीं ॥
जाहाँसम्म रहन्छ भूमि तहिँतक् ❀ राज् गर्नु याहीं बसी ।
शिक्षा गर्नु सबै प्रजाकन बहुत् ❀ अन्यायिलाई कसी ॥२४०
यस्को उत्तर छैन चुप् रहु भनी ❀ हूकूम् भयाथ्यो जसै ।
तेसै ठाउँमहाँ तुरुन्त हनुमान्- ❀ जीलाइ देख्या तसै ॥
हूकूम् भो हनुमानलाइ हनुमन् ! ❀ चीरञ्जिवी भै रह्या ।
मेरो जुन् छ हुकूम् उ गर्न सब दिन् ❀ अत्यन्त तत्पर् भया ॥२४१
बुद्धीमान् तहिँ जाम्बवान् पनि थिया ❀ जालाँ म साथै भनी ।
तिन्लाई पनि यो हुकूम् हुन गयो ❀ बस्नू तिमीले पनि ॥
द्वापर्मा कछु युद्ध गर्नु तिमिथ्यै ❀ पर्‍याछ सोही गरी ।
स्वर्गैमा तिमि जाउला पछि भन्या ❀ ऐह्ले त यस्तै परी ॥२४२

यस्ता रीत्सित जो अह्राउनु थियो ❀ सो सब् अह्राईवरी ।
सब् प्राणीहरु साथमा हिंड भनी ❀ हूकूम् भयो तेस् घरि ॥
हूकूम् श्रीरघुनाथको जब सुन्या ❀ आनन्द मानी तब ।
आफाफ्ना परिवार् लिएर सँगमा ❀ जम्मा भए ती सब ॥२४३

आफ्ना पुरोहित् ति वशिष्ठलाई ।
हूकूम् भयो मङ्गल गर्नलाई ॥
मङ्गल् अनेकन् ऋषिले गराया ।
राम् स्वर्ग जानाकन निस्कि आया ॥२४४॥
सीताजिले रूप् अघिको छिपाइन् ।
लक्ष्मी भई वाम्तिर बस्न आइन् ॥
दक्षिण् तरफ् भूमि बसिन् हरीका ।
सब् ताहिँ आया भुवनै-भरीका ॥२४५॥
शस्त्रास्त्र सब् ती पनि रूप धर्दै ।
हीड्या तहाँ मङ्गल शब्द गर्दै ॥
गायत्रि चार् वेद् पनि ताहिँ आया ।
रूप् धारि मङ्गल् यश शब्द गाया ॥२४६॥
जो ता अयोध्या पुरवासि थीया ।
तिन्ले सँगै सब् परिवार लीया ॥
बालो बुढो कोहि रहेन ताहाँ ।
सब्को गयो मन् उहिँ राममाहाँ ॥२४७॥
सुग्रीव्हरू वानर मुख्य आया ।
सब् पाप छूट्यो भनि हर्ष पाया ॥

जो लोक् थियो राम्सित जान गैगो ।
गुल्जार् अयोध्या पनि शून्य भैगो ॥२४८॥
छोडी शहर् क्यै गइ भूमिमाहाँ ।
देख्या प्रभूले सरयू र ताहाँ ॥
आफ्नो विराट् रूपकन सम्झिलीया ।
आफै त सबका पनि नाथ थीया ॥२४९॥
ब्रह्मा ऋषी देव र सिद्ध आया ।
आकाश् विमान्ले भरि छुट्टि छाया ॥
श्रीराम्-उपर् खुप्सित पुष्पवृष्टि ।
सब् गर्न लाग्या उहिँ लाइ दृष्टि ॥२५०॥

गाऊँछन् कहिँ नाच्तछन् प्रभुजिकै ❀ यश् मात्र कीर्तन् गरी ।
यै बीच्मा रघुनाथ् पस्या सरयुमा ❀ सबका अगाडी सरी ॥
ब्रह्माको पनि ताहिँ औसर पच्यो ❀ हात् जोरि बिन्ती गर्‍या ।
सबको ताप् अब गैगयो सकल लोक् ❀ आनन्द-सागर् पर्‍या ॥२५१
ख्वामित्ले अब विष्णुको रुपलिने ❀ बेला भएथ्यो भनी ।
पार्‍या बिन्ति र होइबक्सनुभयो ❀ श्रीराम् चतुर्भुज् पनि ॥
जो शत्रुघ्न भरत् थिया दुइ जना ❀ ती शंख चक्रै बनी ।
ख्वामित्का तहिँ बाहुमा बसिगया ❀ बस्न्या यहीँ हो भनी ॥२५२
ब्रह्माण्डै सब देवगण् खुशि भया ❀ यो रूप देख्या जसै ।
ब्रह्मालाइ हुकूम् गर्‍या प्रभुजिले ❀ सब् प्राणि-खातिर् तसै ॥
हे ब्रह्मन् ! जति जन् थिया शहरमा ❀ सब् साथ जान्छौँ भनी ।
आया सब् परिवार् लिएर सँगमा ❀ लाग्या पछाडी पनि ॥२५३

यिन्लाई शुभ लोक देउ तिमिले ❀ सत् लोकमा वास् गरून् ।
आफ्ना सब् परिवारले सँग रही ❀ आनन्दमा ई परून् ॥
ब्रह्माले प्रभुको हुकूम् यति सुनी ❀ हूकूम् शिरोपर् लिया ।
सब्लाई सुखभोग गर्नकन एक् ❀ लोकै खटाईदिया ॥२५४
ती लोकले पनि खुश् भएर सरयू-❀मा स्नान सब्ले गर्‍या ।
जुन् सान्तानिक लोक हो उहिँ पुगी ❀ आनन्दमा ती पर्‍या ॥
सुग्रीव् सूर्य्यविषे गई मिलिगया ❀ अंशै हुनाले गरी ।
भूभार् यै रितले हरेर रघुनाथ् ❀ वैकुण्ठ पौँच्या हरि ॥२५५
येती मात्र कह्या सदाशिवजिले ❀ ती पार्वतीथ्यैँ पनि ।
जस्ले यस्कन पाठ गर्छ मनले ❀ अत्यन्त खूशी बनी ॥
तिन्का जन्म सहस्त्रका जति त छन् ❀ पाप् भस्म हुन्छन् भनी ।
सब् षट्शास्त्र बताउँछन् पढिलिया ❀ तर्छन् दुनीयाँ पनि ॥२५६
शम्भूले पार्वतीथ्यैँ खुशि भइ बहुतै प्रेमपूर्वक् कह्याको ।
संसार् पार् तर्नलाई सबकन सजिलो साँघु झैँ भै रह्याको ॥
जानी यस्लाइ जो जो जनहरु बहुतै प्रेमले पाठ गर्छन् ।
संसार्का सौख्य सब् भोग् गरिकन दुनियाँ ती सहज् पार तर्छन् ॥२५७

❀ इति श्रीउत्तरकाण्ड समाप्त ❀

समाप्तोऽयं ग्रन्थः

❀

रामाश्वमेध यज्ञ



भूयो भूयो भाविनो भूमिपालान्,
नत्वा नत्वा याचते रामचन्द्रः
सामान्योऽयं धर्मसेतुर्नराणाम्,
काले काले पालनीयो भवद्भिः ॥

(डिकाङ्कं तु महस्राय तद्धाताङ्कं शतं स्मृतम्)

आठकाण्ड रामायण

रामाश्मेध काण्ड

ठूलो कीर्ति छ आजसम्म भवमा ❀ जुन् नैमिषारण्यको
गर्थे यज्ञ अनेक विज्ञ ऋषिले ❀ आराधना ब्रह्मको ।
तिन्लाई मनमा थिएन अरु क्यै ❀ इच्छा कुनै वस्तुको
गर्थे चिन्तन ध्यान-मग्न दिनहूँ ❀ आनन्दले ईशको ॥१॥
आए क्वै दिन व्यास-शिष्य सुगुणी ❀ श्री सूत पौराणिक
देखी तिन्कन खूब हर्षित भए ❀ सारा ऋषी, शौनक ।
ती अट्ठासि हजार विज्ञ ऋषिले ❀ पाऊ परी सादर
राखे आसनमा लगेर खुशिले ❀ साक्षात् बुझी ईश्वर ॥२॥
तिन्को आदर भावदेखि बहुतै ❀ हर्षित् भई सूतले
इच्छा के अब सुन्नको छ मनमा ❀ भन्नूहुवस् प्रेमले ।
यस्तो बात सुनेर शौनकहरू ❀ अत्यन्त हर्षित् भए
जे सुन्ने मनमा थियो त्यहि कुरा ❀ बिन्ती चढ़ाईलिए ॥३॥
पैह्ले भन्नुभयो जती हजुरले ❀ हामीहरूले सुन्यौं
सारा शास्त्र सुनी पुराण र कथा ❀ सन्तुष्ट हामी भयौं ।
जो वात्स्यायनलाइ शेष प्रभुले ❀ विस्तारले भन्नुभो
सोही दिव्य कथा सुनाउनुहुवस् ❀ हाम्रो यही बिन्ति हो ॥४॥

तिन्को भाव बुझेर चिन्तन गरे ❀ क्यै बेर श्री सूतले
सम्झी ईश्वरलाइ शुद्ध मनले ❀ बोले ति आनन्दले ।
भन्छू सोहि कथा प्रसन्न मनले ❀ हे शौनकादी सुन
सुन्नाले पनि पाप ताप मनको ❀ काटिन्छ भन्ने गुन ॥५॥
श्री वात्स्यायनजी कुनै समयमा ❀ श्री शेष-भाठौं गए
जे इच्छा मनमा थियो सब कुरा ❀ विस्तार गर्दा भए ।
आज्ञा गर्नुभयो जती हजुरले ❀ त्यो सृष्टिको वर्णन
ब्रह्माको रचना पनी प्रलयका ❀ होला सबै खण्डन ॥६॥
जो-जो भूपहरू भए पृथिविमा ❀ एकेक विस्तारले
आज्ञा गर्नुभयो सुन्यौं सब कथा ❀ हे नाथ ! आनन्दले ।
त्रैलोक्याधिपति प्रधान नृपती ❀ सत्कीर्तिका मालिक
राजा राम थिए सबै तरहले ❀ आफ्ना प्रजा-पालक ॥७॥
लायो दोष वृथा कुनै रजकले ❀ भन्ने मनैमा गुनी
सीता त्याग्नुभयो कठोर मनले ❀ दोषी स्वयं नै बनी ।
सर्यूमा गइ अश्वमेध गरनू ❀ के हेतु यस्मा थियो
सीताको रचना गरेर सुनकी ❀ के-के त्यहाँ गर्नुभो ॥८॥
यो सुन्ने सहसा विचार मनमा ❀ आयो त्यसै कारण
मेरो भाग्य ठुलो रहेछ र यहाँ ❀ आई मिल्यो दर्शन ।
आज्ञा गर्नुहवस् म सुन्दछु प्रभो ❀ त्यो यज्ञको वर्णन
गर्नूभो रघुनाथले किन स्वयं ❀ त्यो यज्ञ आयोजन ॥९॥
यस्को गर्नुहवस् निवारण प्रभो ❀ शंका, दयालू बनी
यस्तो प्रश्न सुनी विचार मनमा ❀ क्यै बेर आयो, अनि ।
सम्झी श्रीरघुनाथलाइ मनले ❀ आँखा दुवै चिम्लिई
श्रीवात्स्यायन-तर्फ हेर्नु पनि भो ❀ तत्काल दृष्टी दिई ॥१०॥

इच्छा पूर्ण गराउँछू सुन तिमी ❀ हे विज्ञ वात्स्यायन !
मैले सक्तिन यी हजार मुखले ❀ सारा गरी वर्णन ।
भन्छू तैपनि लौ सके जति सबै ❀ श्री रामकीर्ती अब
हे वात्स्यायन ! ध्यानपूर्वक कथा ❀ सुन्दै रहू त्यो सब ॥११॥
सीता-त्याग सुनेर शेष प्रभुले ❀ क्यै बेर चिन्तन् गरी
आज्ञा गर्नुभयो-म भन्दछु सबै ❀ विस्तारले राम्ररी ।
त्रेतामा अघि वीर रावण भयो ❀ सानन्द लंकापति
त्यस्ले खूब गऱ्यो रजाइँ, करमा ❀ वृद्धी गऱ्यो झन् अति ॥१२॥
त्यस्को नाश गराउनाकन पुगे ❀ देवर्षि कोही दिन
तिन्ले रावणलाइ सादर भने ❀ मैले भनेको सुन ।
बस्छन् जो ऋषिहेरु घोर वनमा ❀ दिन्नन् कुनैले कर
यस्मा जे छ उचित् स्वयं अब तिमी ❀ आफै विचारी गर ॥१३॥
यस्ता बात भनी गए निजपुरी ❀ देवर्षि फर्कीकन
केही बेर गरी विचार मनमा ❀ चिन्तित् भयो रावण।
के गर्दा हित हुन्छ यो विषयमा ❀ सल्लाह गर्दो भयो
निद्रा लाग्न सकेन घोर निशिमा ❀ त्यो वीर जागै रह्यो ॥१४॥
भोलीपल्ट गएर दूत वनमा ❀ मागे तुरुन्तै कर
केही छैन दिने कुरा कुटिमहाँ ❀ तिन्ले भनेथे, तर ।
देओ आफ्नु रगत् भने ति चरले ❀ मान्दै नमानी जब
लेओ काटि रगत् भने ति ऋषिले ❀ पापी बुझी दानव ॥१५॥
काटी रक्त लिए, घडा भरिगयो ❀ क्यै बेरमा त्यो जब
मर्ला रावण भस्म हुन्छ पुरि नै ❀ यै रक्तद्वारा सब ।
यस्तो श्राप सुनेर विज्ञ ऋषिको ❀ विस्तार गर्दा भए
लैजाओ घट यो नराख पुरमा ❀ भन्दा लिई ती गए ॥१६॥

त्यो गाग्रो लगि भूपती जनकको ❀ गाडीदिए राज्यमा
जानेनन् जनले सबै हुन गयो ❀ त्यो काम त्यै रातमा ।
लंका फर्किगए सबै चरहरू ❀ गाडेर गाग्रो जब
वर्षा बन्द भएर राज्यभरिमा ❀ हा-हा परेथ्यो तब ॥१७॥
गर्छू यज्ञ भनेर भूमि नृपले ❀ पैह्ले गरे शोधन
जोतेथे सुनको हलो लगि स्वयं ❀ त्यै भूमिमा गैकन ।
निस्क्यो एक घडा समस्त सुनको ❀ आश्चर्य मान्दा भए
राजाको लगि सामुमा उहि घडा ❀ तत्काल राखीदिए ॥१८॥
के हो खोल भनेर श्रीजनकले ❀ आज्ञा दिएथे जब
कन्या एक अनिन्द्य उत्तम त्यहीं ❀ देखेर झस्के सब ।
मेरी पुत्रि भइन् भनी जनकले ❀ स्वीकार गर्दा भए
वर्षा खूब भयो उसै बखतमा ❀ सन्ताप सारा गए ॥१९॥
फालीबाट भइन् भनेर कतिले ❀ तिन्लाइ सीता भने
छोरी भूपतिकी भनेर कतिले ❀ हुन् जानकी यी भने ।
भूमीबाट भइन् भनी जन कती ❀ भूमी-सुता भन्दथे
यिन्का नाम अरू अनेक थरि छन् ❀ भन्ने कती मान्दथे ॥२०॥
छैनन् सृष्टिभरी तिनै भुवनमा ❀ सीता सरी सुन्दरी
लागिन् बढ्न ति चन्द्र झैं दिनदिनै ❀ हेर्थे सबै छक् परी ।
राजाको दरबारकै नगिचमा ❀ अत्यन्त नै सुन्दर
सीता बाग थियो ठुलो जनकको ❀ फैलेर चारैतिर ॥२१॥

सारा छ फूल-फलले लटरम्म ताहाँ
बास्ना चलेर खुशि पार्दछ चित्तमाहाँ ।
त्यो स्वर्गको असल नन्दन-बाग-भन्दा
कम्ती थिएन नृपको सबतर्फ हेर्दा ॥२२॥

आफ्ना लिएर सँगिनी सब जानकीले
क्यै बेर डुल्दछु भनी सहसा खुशीले ।
त्यो बागमा गइ बसिन् सँगिनी लिएर
हावा चल्यो मधुर शान्ति निकै दिएर ॥२३॥
क्यै बेरमा डुलिसकेर थकाइ लाग्यो
क्वै वृक्षका मनि बसिन् सब कष्ट भाग्यो ।
जुन् वृक्षका मनि बसिन् तिनि केहि बेर
त्यै वृक्षमाथि सुँगिनी र सुँगा बसेर ॥२४॥
गर्थे परस्पर कुरा दुइ हर्ष मानी
सुन्थिन् सिता त्यहिँ बसी अति चाख मानी ।
होला विवाह जब राम र जानकीको
कीर्ती हुनेछ भवमा अनि ती दुवैको ॥२५॥
आफ्ना प्रजा सुजनमा यश वृद्धि गर्ने
श्रीराम शासक हुनन् सब न्याय गर्ने ।
कोही दुखी र अति दीन दरिद्र व्यक्ति
होवैन त्यो बखतमा गरि राम-भक्ति ॥२६॥
यस्तो सुनिन् जब कुरा शुक-दम्पतीका
देखिन् तुरुन्त रुखमाथि दुवै बसेका ।
श्रीरामको शुभ कथा सब सुन्न पाए
हुन्थ्यो, उपाय दुइबाट छिटै समाए ॥२७॥
डाकिन् तुरुन्त सँगिनी र भनिन् बुझाई
ल्याऊ सुँगा र सुँगिनी तिमिले समाई ।
सीताजिको सुनि हुकुम् सँगिनी गएर
ल्याइन् समाइ ति दुवैकन उत्तिखेर ॥२८॥

मन्मा डराइ शुक-दम्पति काम्न थाले
शान्ती दिइन् ति दुइलाइ मिठा कुराले।
श्रीरामको शुभ कथा तिमि दम्पतीले
जान्यौ कहाँ र कसरी भन बात पैह्ले ॥२९॥
पंछी भएर तिमिले कहिले सुनेका ?
आश्चर्य लाग्छ सुनि यो तिमिले कहेका।
बस्थ्यौ कहाँ तिमिहरू पहिले बताऊ
आयौ यहाँ किन र के गरि ? त्यो सुनाऊ ॥३०॥
छोरी म हूँ जनककी बुझ नाम सीता
भन्छन् मलाइ बुझिल्यौ शुक-दम्पती ता।
यस्ता कुराहरु सुने जब जानकीको
भन्छन् सुँगा र सुँगिनी सब बात् सुनेको ॥३१॥
त्यो दिव्य आश्रम ति वाल्मिकिको जहाँ छ
बस्छौं त्यहीं, वरिपरी अति रम्यता छ।
देखेर स्वर्ग पुरिको सरि दिव्य स्थान
विश्राम गर्न भनि आइपुग्यौं अजान ॥३२॥
देख्यौं उत्तम बाग फूल-फलको ❀ खायौं र पानी पियौं
केही बेर बसेर हेरुँ रमिता ❀ भन्ने विचार्मा थियौं।
वाल्मीकि ऋषिबाट राम-महिमा ❀ पैह्ले सुनेका हुँदा
त्यस्कै वर्णन गर्न आज मनमा ❀ इच्छा उठेको हुँदा ॥३३॥
चेंलालाइ पढाउँदा ति मुनिले ❀ हामी दुवैले पनि
जान्यौं राम-चरित्र केहि दिनमा ❀ होला अवश्यै भनी।
हे सीते ! अब छाडिदेउ खुशिले ❀ जान्छौं भनेथ्ये जब
तिम्मा स्नेह बढेर बात मनको ❀ तिन्ले सुध्याइन् तब ॥३४॥

होला जुन् दिन भेट रामसित लौ ❀ छाड्नेछु सोही दिन
राख्नेछू सुनको बनाइ पिँजरा ❀ आनन्द मानीकन ।
यस्ता बात सुनी सुँगा र सुँगिनी ❀ निक्कै भए व्याकुल
सीतालाइ भने विनम्र स्वरमा ❀ बिन्ती छ यो केवल ॥३५॥
राख्दै छ्यौ थुनि हामिलाइ यसरी ❀ सीते ! वृथामा किन
जान्छौं हामि उडेर यो बखतमा ❀ दुःखी छ साह्रै मन ।
ऐह्रे गर्भवती छ पत्नि सुँगिनी ❀ मेरी त्यसै कारण
बच्चा पार्न रहेन धेर अब त्यो ❀ आयो नगीचै दिन ॥३६॥
आफ्नू त्यो गुँडमा गएर खुशिले ❀ पर्नेछ बस्नू अब
बस्ने हो कसरी बनेर थुनुवा ❀ त्यागेर आफ्ना सब ।
पंछीलाइ हुँदैन शान्ति घरमा ❀ डुल्ने वनैमा हुँदा
जान्छौं हामि दुवै प्रसन्न मनले ❀ तत्काल देऊ बिदा ॥३७॥
सीताले सुनि यो कुरा ति दुइको ❀ फेरी भनिन् यो अनि
एक्लै जाउ सुँगा, म यो सुँगिनि ता ❀ राख्छू यहीं नै थुनी ।
भेट्नेछू जब रामलाइ अनि पो ❀ छाडीदिनेछू सुन
पाल्नेछू म यहाँ सबै सुख दिई ❀ ऐह्रे कसै छाड्दिनँ ॥३८॥
सीताको सुनि बात व्याकुल भई ❀ बिन्ती सुँगाले गऱ्यो
व्यर्थैमा तिमिले वियोग यसरी ❀ के काम पार्नूपऱ्यो ।
मेरो प्राण रहन्न जान तिमिले ❀ एक्लो म जाऊँ कहाँ ?
दुःखी खूब हुनेछ यो सुँगिनि झन् ❀ एक्ली थुनामा यहाँ ॥३९॥
छाडीदेउ तिमी प्रसन्न मनले ❀ जाओ उडी लौ भनी
दिन्छौं आशिष हामिले सुख हुने ❀ कल्याण होला अनि।
मिल्ने दम्पति छुट्टिएर रहँदा ❀ के-के विपत् पर्दछन्
त्यस्मा गर्भिणि पत्नि साथ नरहे ❀ सन्ताप के भोग्दछन् ॥४०॥

हे सीते ! तिमिलाइ ज्ञात नभए ❀ यस्तो गरेकी किन ?
हाम्रो पारि वियोग बाँच्नु कसरी ❀ भन्ने स्वयं नै गुन ।
बारम्बार कराइ रोइ दुइले ❀ बिन्ती गरे तापनि
छाडीनन् जब त्यो रिसाइ सुँगिनी ❀ लौ श्राप दिन्छू भनी ॥४१॥
पार्दै छौ जसरी वियोग तिमिले ❀ हामी दुवैमा यहाँ
त्यस्तै नै तिमिलाइ गर्भिणि हुँदा ❀ पर्ला विपत्ती उहाँ ।
त्याग्नेछन् अनि रामले र वनमा ❀ एक्लै बसौली जब
होला ज्ञान वियोगका दुखहरू ❀ ती भोग्नुपर्दा सब ॥४२॥
मर्दी भै भनि 'राम, राम' सुँगिनी ❀ त्यै पिंजरामा जब
आयो दिव्य विमान, स्वर्ग पुरिमा ❀ जाँदी भई त्यो तब ।
पत्नीले जब प्राण छाडि त्यसरी ❀ रोयो सुँगा बेसरी
सर्यूका तटमा गयो हृदयमा ❀ श्रीरामको ध्यान् धरी ॥४३॥
पाऊँ जन्म अवश्य फेरि म यहीं ❀ राम्री अयोध्या पुरी
सीतालाइ त्यजून् म श्राप यहि नै ❀ दिन्छू र जान्छू मरी ।
यस्ता बात भनी सुँगा जब मऱ्यो ❀ स्वर्गै गयो त्यो पनि
आज्ञा भो ऋषिलाइ शेष प्रभुले ❀ हेतू यही हो भनी ॥४४॥
जन्मेथे पछि ती सुँगा र सुँगिनी ❀ धोबी बनी धोबिनी
धोबीको सुनि बात राम प्रभुले ❀ त्याग्नूभएको भनी ।
लीला हुन्छ अपार राम प्रभुकी ❀ पत्नी ति सीता पनि
त्याग्दामा रघुनाथले दुख सही ❀ बस्थिन् बनी दुःखिनी ॥४५॥
सीतालाइ त्यजेर राम सहसा ❀ त्यागी तपस्वी बनी
बस्थे कार्य त्यजी सभा-भवनको ❀ एकान्त खोज्दै अनि ।
आए भेट्न भनी कुनै दिन त्यहीं ❀ ज्ञानी अगस्ती मुनि
राखी आसनमाथि राम प्रभुले ❀ सोध्नूभएथ्यो, अनि ॥४६॥

हे सर्वज्ञ ऋषे मलाइ कहनोस् ❀ सुन्छू म लौ ध्यानले
भन्नोस् रावण को थियो सब कुरा ❀ सुन्छू म विस्तारले ।
कस्को पुत्र थियो र त्यस्कि जननी ❀ को हुन् मुने ! त्यो पनि
आज्ञा गर्नुहवस् म सुन्दछु सबै ❀ विस्तारले हे मुनि ॥४७॥
यस्तो श्रीरघुनाथको सुनि कुरा ❀ खूशी अगस्ती भए
जोरी हात दुवै प्रसन्न मनले ❀ विस्तार गर्दै गए ।
ब्रह्माका सुत श्री पुलस्त्य ऋषिजी ❀ ठूला तपस्वी थिए
तिन्का उत्तम पुत्र श्रेष्ठ सबमा ❀ श्री विश्रवाजी भए ॥४८॥
तिन्की एक पतिव्रता गुणवती ❀ पत्नी थिइन् कैकसी
स्वामीको दिन-रात चाकरि तिनी ❀ गर्थिन् नगीचै बसी ।
मागीथिन् ऋतुदान ती सुमुखिले ❀ साह्रै कुबेलामहाँ
इच्छा पूर्ण गरे त्यजेर तप त्यो ❀ ती विश्रवाले त्यहाँ ॥४९॥
छोरा रावण, कुम्भकर्ण बलिया ❀ तिम्रा हुनेछन् तर
अन्यायी दुइलाइ राम प्रभुले ❀ मारीदिनन् आखिर ।
होला पुत्र पछी विभीषण गुणी ❀ श्रीराम-भक्ती गरी
लंकाको बनि भूपती पछि ठुलो ❀ होला बुझे; सुन्दरी ॥५०॥
पत्नीलाइ बुझाइ फेरि तप ती ❀ श्री विश्रावाले गरे
पाई दर्शन रामको पछि तिनी ❀ संसार-पारी तरे ।
ज्ञानी सिद्ध मुनी गुणी सुजनको ❀ त्यो कष्टदाता थियो
मारी रावण नाथले पृथिविको ❀ उद्धार गर्नूभयो ॥५१॥
सारा ज्ञान थियो तथापि प्रभुले ❀ सोध्नूभएको जति
जानेको जति त्यो भनें हजुरमा ❀ आफ्नू लगाई मति ।
संसार-स्थिति-नाशका अधिपती ❀ गर्ने स्वयं पालन
हत्या रावणको सुनेर हुनगो ❀ क्यै क्षुब्ध जस्तो मन ॥५२॥

मारें रावण विप्र-वंश भनि क्यै सामान्य जस्तो बनी
ठूलो पाप गरेछु ज्ञान नभई हो ब्रह्महत्त्या भनी ।
हत्याको भयले अचेत हुनुभो श्रीराम सीता-पति
पक्री भन्नुभयो अगस्ति मुनिले स्वामी, जगत्का पति ॥५३॥
यस्तो चेत हराउँदा हजुरको आश्चर्यमा पर्दछु
यस्को कारणको निवारण पनी मैले छिटै गर्दछु ।
आज्ञा गर्नुहवस् प्रसन्न मनले शंका नमानीकन
संसारी जन झैं सुनाउनुभयो क्यै खिन्न पारी मन ॥५४॥
के गर्ने अब हे अगस्त्य-मुनिजी मैले नजानीकन
हत्या ब्राह्मण-वंशको गरिदिएँ मारी वृथा रावण ।
मैले थाह नपाइ हे ऋषिपते ! जो ब्रह्महत्या गरें
सोही कारणले म यो बखतमा ठूलो विपत्मा परें ॥५५॥
जस्ले ब्राह्मण-वंश नाश सहजै गर्नेछ त्यै पापले
त्यस्को मुक्ति हुँदैन वंश-सहितै नाशिन्छ त्यै रापले ।
तीर्थ-स्नान र दान पुण्य व्रतले पूजा र यज्ञादिले
नाशिन्छन् कति पाप घोर जनका भन्छन् सबै शास्त्रले ॥५६॥
जस्ले गर्छ विनाश विप्र-कुलको जानी नजानीकन
त्यस्को छैन उपाय मुक्ति हुनको भन्दै छ मेरो मन ।
इक्ष्वाकू कुलको पवित्र मुखमा ध्वाँसो लगाईदिएँ
यस्को देख्दिनँ क्यै उपाय म स्वयं ठूलो कलंकी भएँ ॥५७॥
पर्नेछू म गएर कुन् नरकमा यै पापले हे मुनि !
आज्ञा गर्नुहवस् उपाय छ भने गर्नेछु लौ त्यो पनि ।
लैजानन् यमराजले नरकमा भन्ने छ ठूलो डर
चिन्ताग्रस्त भएँ म यो बखतमा बाटो बुझी दुस्तर ॥५८॥

जस्ले कष्ट दिनेछ विप्र-कुलको ❀खोसेर आजीविका
त्यस्ताले गइ भोग्दछन् थरि-थरी ❀संकष्ट ती नर्कका ।
मार्ने ब्राह्मण-वंश को अधम छन् ❀अर्को म जस्ता जन
मेरो चित्त असाध्य व्याकुल भई ❀दुःखी छ बर्ता मन ॥५९॥
यस्तो तर्क सुनेर राम प्रभुको ❀क्यै बेर सोचीकन
थाले भन्न अगस्तिले हित कुरा ❀गर्दै सफा वर्णन ।
गर्नू शोच वृथा छ यो विषयमा ❀हे राम ! हे ईश्वर !
भूमीको जब भार बढ्दछ निकै ❀फैलेर चारैतिर ॥६०॥
त्यै बेला अवतार हुन्छ प्रभुको ❀कल्याणका खातिर
त्यस्तै भार-स्वरूप रावण भयो ❀अत्यन्त नै दुच्छर ।
मारी रावण गर्नुभो हजुरले ❀कल्याण यी भूमिको
धैरै काल रहन्छ यो पृथिविमा ❀कीर्ती ठुलो नाथको ॥६१॥
गर्ने नाश समस्त यो निमिषमा ❀सृष्टि-स्थिती पालन
त्यस्ताले किन गर्नु शोक यसरी ❀मारीद्रिदा रावण ।
आफ्नू नित्य स्वरूप नष्ट नहुने ❀पैह्ले गरी धारण
बाँधी आसन ब्रह्मको दृढ भई ❀गर्नूहवस् चिन्तन ॥६२॥
धैरै यै रितका अगस्ति ऋषिले ❀वार्ता सुनाए जब
बोल्नूभो अनि फेरि चित्त नबुझी ❀तत्काल श्री राघव ।
जानेँ अथवा नजानि गरिने ❀छन् पाप जो लोकमा
जस्ले गर्दछ पाप त्यो बुझि-बुझी ❀काटिन्न संसारमा ॥६३॥
मैले थाह नपाइ पाप् गरिलिएँ ❀त्यस्बाट मुक्ती हुने
केही युक्ति भए बताउनुहवस् ❀गर्छू म त्यो हे मुने ।
मेरो कीर्ति रहन्छ यो पृथिविमा ❀नाशिन्न कैह्लै पनि
गर्नेछू त्यहि काम उत्तम; रहोस् ❀अक्षुण्ण कीर्ती भनी ॥६४॥

जो हुन् नाथ त्रिलोकका रघुपती ❀ राम्रो नराम्रो सब
जानेकै छ तथापि आदर दिई ❀ सोधीलिनूभो तब ।
यस्तो प्रश्न सुनेर झट्ट मुनिले ❀ मन्मा गरी निश्चय
भन्छू एक उपाय पाप सहजै ❀ पार्नेछ त्यस्ले क्षय ॥६५॥
यौटा यज्ञ छ अश्वमेध कहिने ❀ विख्यात संसारमा
सोही गर्नुहवस् प्रभो! हजुरले ❀ उत्साहका साथमा ।
त्यस्तो पुण्य दिने कुनै मख अरू ❀ छैनन् म यो भन्दछु
इच्छा पूर्ण हुनेछ श्रेष्ठ मखले ❀ विश्वास यो मान्दछु ॥६६॥
राजा इन्द्र, दिलीप औ वरुणले ❀ जुन् यज्ञ पैह्ले गरे
त्यस्तै यज्ञ गरेर श्रीनहुषले ❀ संसार-पारी तरे ।
तिन्को कीर्ति छँदै छ लोकभरिमा ❀ प्रख्यात ऐह्ले पनि
बिन्ती गर्दछु नाथले मख त्यही ❀ गर्नूहवस् लौ भनी ॥६७॥
शंका लाग्दछ मारि रावण ठुलो ❀ लाग्यो कि हत्त्या भनी
सारा पाप भई निवारण स्वयं ❀ फैलिन्छ कीर्ती पनि ।
यस्तो यज्ञ समर्थ भै हजुरले ❀ पर्दैन गर्नू, तर
गर्नैपर्दछ लोकको हित तथा ❀ सत्कीर्तिको खातिर ॥६८॥
जो गर्छन् क्षणमा समर्थ पनि छन् ❀ सृष्टि-स्थिती-पालन
तिन्लाई द्विज-वंशको समरको ❀ लाग्नेछ हत्त्या किन ।
यस्ता बात अगस्तिको सुनिसकी ❀ मन्मा गरी निश्चय
गर्नेछू हयमेध हे ऋषिपते ! ❀ त्यो पाप गर्ला क्षय ॥६९॥
त्यस्को के कति हो विधान क्रमले ❀ आज्ञा हवस् हे मुने !
सारा पार्छु तयार वस्तु जति हुन् ❀ त्यो यज्ञमा चाहिने ।
यो आज्ञा रघुनाथको सुनिसकी ❀ बोले अगस्ती मुनि
यौटा अश्व म भन्छु लक्षण सहित् ❀ चाहिन्छ यस्तो भनी ॥७०॥

सेतो देह हुने समस्त थुतुनो ❀ चाहिन्छ रातो हुने
काला कान दुवै तथा पुछर त्यो ❀ छान्नू पहेंलो हुने ।
हिड्ने वायु-गती समान पथमा ❀ साह्रै ठुलो वेगले
थर्काओस् अरिलाइ घोर रणमा ❀ यौटा त्यही अश्वले ॥७१॥
अर्को एक विधान जो छ हयको ❀ सुन्नूहवस् त्यो पनि
पैह्ले पूजन गर्नु वेद-विधिले ❀ कल्याण होला भनी ।
गर्दा पूजन पार्नुपर्छ दिन त्यो ❀ वैशाखको पूर्णिमा
पूरा गर्नु विधान पर्छ क्रमले ❀ पाइन्छ जो शास्त्रमा ॥७२॥
यौटा पत्र तयार पारि सुनको ❀ लेखी सुकीर्ती जति
घोडालाइ लगाइ भूषणहरू ❀ धेरै कती हो कति ।
पूजा पुष्प अबीरले र विधिले ❀ एकेक पूरा गरी
छाड्नूपर्छ अबाध निश्चय दिशा ❀ जानेछ सोही घरि ॥७३॥
घोडा जान्छ जता-जतातिर उतै ❀ लागून् पछी सैनिक
भाईलाइ पठाउनू हजुरले ❀ त्यो अश्वको रक्षक ।
कोही वीर अघी सरेर पथमा ❀ घोडा समायो भने
पर्ला युक्ति अनेक गर्न, पदमा ❀ त्यस्लाइ न्यूराउने ॥७४॥
त्यस्लाई उ-पछी पठाउनु छिटै ❀ बोकेर धेरै धन
जित्नूपर्छ सबै दिशातिर गई ❀ वैरी त्यसै कारण ।
घोडालाइ घुमाइ वर्ष दिन त्यो ❀ ल्याएर फेरी यहाँ
गर्नू पूजन पर्छ वेद-विधिले ❀ त्यै यज्ञशालामहाँ ॥७५॥
घोडा हिड्छ उता; यता रघुपती ❀ सारा तयारी गरी
बस्नूपर्दछ ब्रह्मचर्य-व्रतको ❀ रक्षा गरी राम्ररी ।
बाँड्नू पर्दछ नित्य अन्न धन ती ❀ दुःखी दरिद्रीकन
यस्ले कीर्ति हुनेछ लोकभरिमा ❀ क्वै हुन्न दुःखी जन ॥७६॥

हे स्वामी ! रघुनाथ ! हे रघुपते ! ❀स्वामी तिनै लोकमा
कीर्ती खूब हुनेछ, व्यर्थ किन हो ❀चिन्ता लिनू चित्तमा ।
यस्तो बिन्ति गरे अगस्त्य मुनिले ❀श्रीरामलाई जब
शान्ति प्राप्त भयो, प्रसन्न मनले ❀बोल्नूभयो राघव ॥७७॥

त्यो अश्वको अघि सुलक्षण भन्नुभो जो
चिन्नूपर्‍यो गइ स्वयं मुनिले उही त्यो ।
धेरै थरी हयहरू त्यहिं बाँधिएका
छन्, ती चिह्नेर लिनुपर्दछ जाँचिएका ॥७८॥

जाऊँ भनी ऋषि र राम जसै हिडेथे
सेना तथा गुरु वशिष्ठ पनी गएथे ।
देख्दा भए हय विचित्र अनेक त्याहाँ
चिल्ला सफा र बलिया हय सामुमाहाँ ॥७९॥

क्वै चीनियाँ, अरबका हय, भोटका ती
काबूल, सिन्धुतटका कति देशका ती ।
लाहोर मद्रनगरी-तिरका अनेक
मान्थे समस्त हय दर्शनले उदेक ॥८०॥

जुन् श्यामकर्ण हय उत्तम देखिएथ्यो
जाने अगस्ति ऋषिले हय श्रेष्ठ यै हो ।
हावा सरी गति हुने बलवान छानी
बिन्ती गरे ति ऋषिले अति हर्ष मानी ॥८१॥

घोडा मिल्यो सकल लक्षण युक्त नाथ !
पूरा हुनेछ अब यज्ञ विधान-साथ ।
ल्याएर अश्व विधिले मखमा उभ्याए
जे चाहिने सकल वस्तु छिटै जुटाए ॥८२॥

आज्ञा दिए गुरु वशिष्ठ स्वयं गएर
बस्नूभयो रघुपती सरयू किनार।
ल्याए अनेक मखका सरजाम त्याहाँ
उत्साह देखिन गयो सब व्यक्तिमाहाँ ॥८३॥
अनेकौं ठुला ज्योतिषीले गुनेर
गरे भूमि शोधन् गुरूले गएर।
तुल्याए सफा शुद्ध भूमी पवित्र
छरे स्वच्छ पानी सबै यत्र-तत्र ॥८४॥
बसेका गुणी विप्र चारै दिशामा
चल्यो वेदको घोष उच्च स्वरैमा।
बनाए ठुला वेदि शास्त्रोक्त छानी
गुरूले बताए स्वयं वेद-वाणी ॥८५॥
सुनैका बनाए सबै यज्ञ-पात्र
थिएनन् कुनै वस्तु त्यस्मा कुपात्र।
सबै गर्दथे रामको कीर्ति-गान
सुनिन्थ्यो कतै विप्रको साम-गान ॥८६॥
ध्वजा तोरणादि सबै ठिक्क पारे
जहाँ जे भने त्यो तुरुन्तै वसारे।
श्रीरामको चरण-पंकजमा नुहेर
चौतर्फ स्वच्छ हय-मेध गरे तयार ॥८७॥
ज्ञानी विप्र मुनी ऋषीश्वरहरू ❀निम्ता पठाईकन
डाकेथे मखमा वसिष्ठ गुरुले ❀आए सबै सज्जन।
ज्ञानी नारद गर्ग पर्वत मुनी ❀श्री कण्व औ हारित
वक्ता शृङ्गि ऋषी र देवल तथा ❀आए हुँदै हर्षित ॥८८॥

जातूकर्ण र वामदेव, भृगुजी ❀ श्री विश्रवा, लोमश
आए सज्जन साधु-सन्त र गुणी ❀ सद्धर्मका रक्षक ।
पाई दर्शन रामको ऋषि-मुनी ❀ अत्यन्त खूशी भए
पाई आदर रामबाट सबले ❀ आशीष धेरै दिए ॥८९॥
सारालाइ बसालि, स्वच्छ जलले ❀ पाऊ पखाली छरे
राखी आसनमा प्रसन्न मनले ❀ पूजा सबैको गरे ।
इच्छा पूर्ण हुने सुआशिष दिए ❀ ज्ञानीहरूले जब
चर्चा गर्न भनेर धर्म-पथको ❀ बस्नूभयो राघव ॥९०॥
भन्थे धर्म, विवेक, नीति-पथका ❀ धेरै कुरा ती सब
सुन्थे सामु बसी प्रसन्न मनले ❀ तिन्का कुरा राघव ।
बोल्नूभो रघुनाथ विज्ञ-जन हो ❀ यौटा कुरा सोध्छु म
भन्छन् शास्त्र, पुराण, वेद-मतले ❀ धन्यो गृहस्थाश्रमः ॥९१॥
जान्नेले घरमै बसेर कसरी ❀ गर्ने गृहस्थाश्रम
यस्को अर्थ बताउनोस् सब जना, ❀ संक्षेपमा सुन्छु म ।
गर्ने पालन धर्म कार्य सबको ❀ हो श्रेष्ठ यै आश्रम
यस्तो श्रीरघुनाथको सुनि कुरा ❀ चर्चा बुझी उत्तम ॥९२॥
लागे भन्न स्वयं अगस्त्य मुनिले ❀ एकेक विस्तारले
सुन्नूहोम् रघुनाथ ! यो विषयमा ❀ जे भन्दछन् शास्त्रले ।
रात्री चार घडी छँदै सुजनले ❀ उठ्नू र प्रातः स्तुति
जोरी हात दुवै प्रसन्न मनले ❀ गर्नू सकेको जति ॥९३॥
मान्ने व्यक्ति गुरू, पिता र जननी ❀ ढोग्नू सबैलाइ र
गर्नू नित्य-क्रिया नुहाउनु गई ❀ सम्झी उनै ईश्वर ।
गायत्री जप गर्नु तर्पण दिनू ❀ देवर्षि पितृकन
गर्नूपर्दछ वैश्वदेव विधिले ❀ वेदध्वनी, पूजन ॥९४॥

गर्नूपर्दछ विप्रले दिन-दिनै ❀ मध्याह्न सन्ध्या पनि
माँग्नेमा र दरिद्रमा पनि दिनू ❀ अन्नादि दाता बनी ।
भान्सामा गइ बस्नु बालक बुढा ❀ जो गर्दछन् चाकरी
पंक्ती-भेद नपारि भोजन दिनू ❀ तिन्लाइ राम्रो गरी ॥९५॥
खानू बत्तिस गाँस केहि नभनी ❀ मीठो नमीठो पनि
आफ्नू शक्ति जती छ खानु त्यति नै ❀ खान्छू म यो यो भनी ।
भान्सामा तरकारि दूध र दही ❀ जम्मा गरी गो-घृत
खानू-पर्छ गृहस्थले यति कुरा ❀ जोरेर राम्रो सित ॥९६॥
राख्नू श्वानबली र काकबलि त्यो ❀ गो-ग्रास सार्नू पर
यो हो धर्म गृहस्थको नियममा ❀ बस्नू चलाई घर ।
खाई उठ्नु, चुठेर हात-मुख त्यो ❀ बिस्तार हिड्नू अनि
सुत्नू हुन्न गएर, बस्नु जनले ❀ विश्राम गर्छ भनी ॥९७॥
अर्काको उपकार गर्नु पहिलो ❀ कर्तव्य हो यो भनी
गर्नैपर्दछ अर्थ-लाभ हुनको ❀ उद्योग केही अनि ।
पढ्नू वेद, पढाउनू, लिनु-दिनू ❀ दानादि धेरै थरि
गर्नू यज्ञ गराउनू यि द्विजका ❀ षट्कर्म हुन् राम्ररी ॥९८॥
गर्दा होम धुवाँ उठेर नभमा ❀ फैलिन्छ चारैतिर
यस्ले मेघ बनेर घोर जलको ❀ वर्षा भई सुन्दर ।
इच्छित् अन्न हुनेछ खेतहरुमा ❀ उत्पन्न त्यै कारण
फैलेला सुख-शान्ति लोकभरिमा ❀ होवैन दु:खी जन ॥९९॥
ठान्नूपर्छ पर-स्त्रिलाइ जननी ❀ दीदी र बैनी सरी
चोर्नू ठग्नु पराइको धन लिनू ❀ खोस्नू उपायै गरी ।
ठूलो पाप हुनेछ जीवन त्यजी ❀ जानेछ त्यो नर्कमा
जो गर्ला उपकार धर्म, मरि त्यो ❀ जानेछ स्वर्गादिमा ॥१००॥

आमा बाबु पती यि तीनकन नै ❀ मानेर द्यौता सरी
विष्णू भूप सरी, गुरू शिव सरी ❀ माया बुझी ईश्वरी ।
मान्नू वायु र अग्नि भूमि जल नै ❀ आकाश हुन् देवता
यिन्को पूजन ध्यानले सुजनको ❀ जानेछ दारिद्र्यता ॥१०१॥
गर्नू हुन्न विवाह शास्त्र-मतले ❀ कन्या सगोत्री परे
जान्छन् सन्तति नर्कमा मरि छिटै ❀ त्यस्तो अचाक्ली गरे ।
बार्नूपर्दछ तीन दीन नछुने ❀ स्त्रीलाइ सार्नू पर
त्यस्तो बार्न सकेन क्यै गरि भने ❀ मर्नेछ चाँडै नर ॥१०२॥
छोरो पाउँ भनी समागम गरे ❀ एकेक सोह्रौं दिन
त्यस्को उत्तम पुत्र हुन्छ सबले ❀ जान्नू विचारीकन ।
षष्ठीमा कहिल्यै नधस्नु जनले ❀ तैलादि सर्वाङ्गमा
औंसीमा, दिनमा नगर्नु कहिल्यै ❀ सम्भोग स्त्री-रत्नमा ॥१०३॥
मासू खानु हुँदैन अष्टमि तिथी ❀ वा पितृको क्वै दिन
गर्नू हुन्न चतुर्दशी र शनिमा ❀ कैहल्यै पनी मुण्डन ।
नीचाका घरमा नगर्नु द्विजले ❀ सेवा तथा चाकरी
आयु क्षीण हुनेछ, जान्छ सहजै ❀ त्यो व्यक्ति चाँडो मरी ॥१०४॥
कस्तै आपदमा पनी कुकुरको ❀ वृत्ती नगर्नू भनी
भन्छन् शास्त्र पुराणले र घरका ❀ बूढा पुराना पनि ।
पितृ, देव, मनुष्यलाइ नदिई ❀ खाए नरक् पर्दछन्
आशा क्षीण भई गए अतिथि झन् ❀ सन्ताप ती भोग्दछन् ॥१०५॥
आगोमा कहिल्यै नफुक्नु मुखले ❀ पाऊ नसेक्नू, अनि
चीसै पाउ हुँदैन सुत्नु नपुछी ❀ हो पाप लाग्ने भनी ।
स्त्री कोही नछुने भएकि छ भने ❀ क्वै शस्त्रधारीकन
गर्नू हुन्न प्रणाम, दोष छ ठुलो ❀ यै भन्दछन् सज्जन ॥१०६॥

पाऊ हुन्न पखाल्नु काँस अथवा ❀ क्वै ताम्रको थालिमा
सन्ध्यामा कहिल्यै नखानु अथवा ❀ टुक्रा खसे भूमिमा ।
त्यस्लाई टिपि खानु हुन्न जनले ❀ भन्छन् सबै शास्त्रमा
फूट्यो पात्र भने नखानु नलिनू ❀ अन्नादि त्यो पात्रमा ॥१०७॥
जुत्ता वस्त्र जडाउरी नलिनु क्यै ❀ सित्तैं दिए तापनि
आफैं हुन्न बढाइँ गर्न मुखले ❀ आफैं मपाईं बनी ।
नाङ्गी स्त्री कहिल्यै नहेर्नु जनले ❀ खाने बखत्मा पनि
लाग्ला दोष र पाप घोर ननिको ❀ शास्त्रोक्त हो यो भनी ॥१०८॥
नासो राख्नु हुँदैन विज्ञ जनले ❀ विश्वासघाती बनी
त्याग्नूपर्छ सुबुद्धिले बखतमा ❀ हो अग्नि जस्तै भनी ।
पूजाहारि तथा पुरोहित भई ❀ जो गर्छ आजीविका
भान्से ब्रह्मण, पेट भर्दछ भने ❀ फेला परी दुष्टका ॥१०९॥
भर्ने शस्त्र चलाइ पेट अथवा ❀ खाने मसीले गरी
यस्ता विप्र बनेर शूद्र कलिमा ❀ डुल्छन् सुँगुर्ले सरी ।
त्यस्ता ब्राह्मणको हुँदैन रचना ❀ पढ्नू र सुन्नू पनि
वाणी ईश्वरले हरी लगिदिनन् ❀ हो मूर्खको यो भनी ॥११०॥
सारा ज्ञान हजूरलाइ छ प्रभो ! ❀ यस्तो र यो हो भनी
थौंरे हो युगको प्रमाण भनि यो ❀ मैले सुनाएँ पनि ।
जस्ले सुन्छ गृहस्थ-धर्म ऋषिले ❀ आज्ञा भएको सब
त्यस्को पाप हुनेछ नाश सहजै ❀ बोल्नूभयो राघव ॥१११॥
चर्चा चल्न गयो मुनी र ऋषिमा ❀ सद्धर्ममा, नीतिमा
आयो क्यै दिनमा यथाक्रम उही ❀ वैशाखको पूर्णिमा ।
आज्ञा गर्नुभयो वशिष्ठ गुरुले ❀ श्रीरामलाई अनि
छाड्ने उत्तम श्यामकर्ण हयको ❀ वेला भयो लौ भनी ॥११२॥

आज्ञा भो निज भाइलाइ प्रभुले ❀ डाकेर हे लक्ष्मण
ल्याऊ अश्व छिटै गएर मखमा ❀ तत्काल येसै क्षण ।
आज्ञा लक्ष्मणले दिए नगिचमा ❀ डाकेर सेनापति
ल्याऊ वाहन सैन्य शस्त्र र रथी ❀ छन् चाहिएका जति ॥११३॥
हात्ती अश्व सवार वीर जति छन् ❀ संग्राममा उद्यत
ल्याऊ ती सबलाइ योग्य रितले ❀ पारी सबै सज्जित ।
ल्याऊ उत्तम श्यामकर्ण हय त्यो ❀ राम्रो सिँगारीकन
त्यस्का रक्षक वीर सैनिकहरू ❀ जान्छन् अनेकौँ जन ॥११४॥
पक्रन्छन् हयलाइ शत्रु-दलले ❀ भन्ने कुशंका हुँदा
राख्नूपर्छ अगाडि सैनिक तथा ❀ योद्धा पछाडी सदा ।
आज्ञा लक्ष्मणको सुनीकन गए ❀ तत्काल सेनापति
पारेथे सरजाम ठिक्क सहजै ❀ हुन् चाहिने जे जति ॥११५॥
ल्याएथे अनि श्यामकर्ण हय त्यो ❀ जाँची सबै लक्षण
शृंगारी सबले मिलेर छिनमै ❀ पैह्राइ आभूषण ।
सारा रत्न-जडाउ उत्तम ठुलो ❀ माला गलामा धरी
पूजा वेद-विधानले गरिदिए ❀ त्यो अश्वको राम्ररी ॥११६॥
हीरा मोति अनेक रत्नहरु ती ❀ पैह्राउँदा उत्तम
त्यै-माथी रविको तिखा किरणले ❀ आँखा हुने झिम्झिम ।
छाता उत्तम श्वेत चामर लिने ❀ सेना डटेका थिए
हिड्दा ती सब भूमि-कम्प हुनगो ❀ आश्चर्य मान्दा भए ॥११७॥
बाजा बज्न गई अनेक थरिका ❀ धाँ-धाँ र धूँ-धूँ गरी
पाच्यो पर्वत थर्र घोर ध्वनिले ❀ सारा दिशा बेसरी ।
हात्ती अश्व सवार वीर बलिया ❀ सेना लिई साथमा
ल्याए मण्डपमा सहर्ष हय त्यो ❀ श्रीरामको पासमा ॥११८॥

बिन्ती गरे गुरुजिलाई स्वयं प्रभूले
बेला भयो अब गरौं सब काम पैल्हे ।
आज्ञा सुनेर प्रभुको गुरुले तुरुन्त
सीता लगेर सुनकी तहिं वामतर्फ ॥११९॥
राखीदिए गुरुजिले श्रुति-मन्त्र-साथ
श्रीराम दीक्षत भए निहुराई माथ ।
शुद्धी भयो शरिरको गरि दान धेर
थाले सुकार्य मखको अनि उल्लिखेर ॥१२०॥
वेदी र मण्डपहरू ति दिशा-दिशामा
पारे तयार ऋषिवृन्द मिलेर छिन्मा ।
श्रीखण्ड चन्दन कपूर सुरम्य धूप
सिन्दूर फूल-फल उत्तम बालि दीप ॥१२१॥
सामग्रि उत्तम जहाँ जति चाहिने हुन्
कम्ती थिएन सुनका सब पात्र नै छन् ।
जुन् मुख्य मण्डप थियो हयमेध गर्ने
देख्नेहरू सकलको मन दंग पर्ने ॥१२२॥
ढोकाहरू सब दिशातिर चार राख्दा
त्यस्को सिँगार गरि बाहिरबाट देख्दा ।
चारै दिशातिर सजाइ ध्वजा-पताका
रत्नादि भूषण लगाइ ठड्याइएका ॥१२३॥
कस्तूरि चन्दन र अत्तर छर्कि-छर्की
पारे सुगन्धित सबैतिर वर्कि-फर्की ।
जाही जुही फुल गुलाफ अनेक ल्याई
चम्पा चमेलि अरु मालतिले सजाई ॥१२४॥

माला उनेर सब द्वारहरू सजाए
राम्रा ध्वजा विमल तोरण टाँग्न लाए ।
उद्यान स्वर्ग पुरिको जति दिव्य मान्थे
त्यो देखि उत्तम ति मण्डपलाइ ठान्थे ॥१२५॥

खाई हविष्य गरि भोजन एक छाक
भूमी-शयन् गरि रहे रघुवंश-नाथ ।
पालन् गरी रहनुभो अनि ब्रह्मचर्य
त्यागीदिए सकल राजसि भोग-वर्य ॥१२६॥

पैह्रेर चर्म मृगको लिइ सीङ हात
बस्नूभयो सुनकि पत्नि लिएर साथ ।
नाशिन्छ विप्र-वधको अब पाप जो हो
पक्का भयो हृदयमा रघुनाथको त्यो ॥१२७॥

आचार्यको असल आसनमा गएर
शृङ्गी ऋषी बसनुभो खुशिले फुलेर ।
ब्रह्मा अगस्ति ऋषिलाइ त्यहाँ बनाए
अद्ध्वर्यु वाल्मिकि मुनीकन नै खटाए ॥१२८॥

पारेर द्वारपति विज्ञ कणादलाई
राखे वसिष्ठ गुरुले क्रमले खटाई ।
जो द्वार पूर्वतिरका अतिरम्य थीए
तिन्मा बसी असित देवल वेद पढ्थे ॥१२९॥

हुन् सामवेद पढने यि दुवै प्रवीण
थाले तुरुन्त दुइले अनि साम-गान ।
राखेर दक्षिण ति कश्यप अत्रिलाई
ती पढ्दथे यजुरवेद निकै रमाई ॥१३०॥

जाबालिका सँग बसे मिलि जातुकर्ण
ऋग्वेद पश्चिम दिशातिर पाठ गर्न ।
जुन् हो अथर्व कहिने शुभ वेद-पाठ
राखे ति अश्विनि-कुमार मिलाइ साथ ॥१३१॥

चारै दिशातिर बसे जब द्वारपाल
वेदध्वनी हुन गयो बहुतै बिशाल ।
पूजा गरे गुरुजिले हयको पहीले
श्रीरामले पनि गरे गुरुझैं क्रमैले ॥१३२॥

आएर यौवनवती युवती अनेक
पूजा गरे घुमि-घुमी लिइ द्रव्य नेक ।
वेश्याहरू पनि अनेक पुगेर त्याहाँ
सारा थिए निपुण नाच र गानमाहाँ ॥१३३॥

तिन्ले अनेक थरि उत्सव गर्न थाले
अर्को अनेक नटुवागण नाच्न लागे ।
चल्दो भयो अधिक उत्सव केहि बेर
हर्षे प्रसन्न भइ दर्शक धेर-धेर ॥१३४॥

यौटा जो सुन-पत्र वेद-विधिले ❀ पैह्ले तयारी थियो
लेखे कीर्ति र रामको गुरुजिले ❀ सानन्द त्यो बाँधियो ।
त्यस्को तेज सफा रवी-किरण झैं ❀ झल्कीरहेको थियो
त्यस्मा श्रीगुरुले स्वयं कलमले ❀ यो कीर्ति लेखीइयो ॥१३५॥

दशरथ भनि राजा सूर्यवंशी थिए जो
रघुकुल-मणि उन्को पुत्रको नाम राम् हो ।
जनहित बुझि उन्ले वीर रावण् निभाए
अब बुझि द्विज-हत्या चित्तमा दुःख पाए ॥१३६॥

गर्दै छन् हयमेध यो बखतमा ❀ लाग्यो कि हत्या भनी
जस्ले यो हयलाइ पक्रन अघी ❀ सर्नेछ योद्धा बनी ।
त्यस्लाई रणमा पछार्न बलिया ❀ शत्रुघ्न छन् साथमा
जो न्यूरन्छ लिएर द्रव्य खुशिले ❀ आओम् यहीं यज्ञमा ॥१३७॥
यस्तै कीर्तिहरू अरू पनि निकै ❀ लेखे गुरूले अनि
आज्ञा बक्सनुभो तुरुन्त प्रभुले ❀ लौ अश्व छाड्नू भनी ।
भन्नूभो रघुनाथले प्रिय गरी ❀ शत्रुघ्नलाई पनि
आज्ञा पालन गर्नु भाइ ! तिमिले ❀ मैले भनेको भनी ॥१३८॥
हे बाबू ! तिमि जाउ अश्वसित यो ❀ रक्षा गरे राम्ररी
होला मंगल, शत्रु छन् जति जहाँ ❀ तिन्लाइ वश्मा गरी ।
चाँडो यज्ञमहाँ पठाउनु अनी ❀ जानू अगाडी सरी
जितेछौ सबलाइ घोर रणमा ❀ शस्त्रास्त्र वर्षा गरी ॥१३९॥
निर्धा वा विरथी अशक्त र रथी ❀ आए भने न्यूरन
रित्तो, बालक वृद्ध स्त्रीकन पनी ❀ पर्दैन सास्ती दिन ।
रक्षा गर्नु अवश्य दीन र दुःखी ❀ संग्राम त्यागने छ जो
त्यस्तालाइ हुँदैन मार्न रणमा ❀ माफी दिने योग्य हो ॥१४०॥
गाई ब्राह्मण साधु-सन्त, ऋषिको ❀ वा विष्णुका भक्तको
गर्नू स्वागत मान योग्य रितको ❀ श्री शम्भुका दासको ।
यो शिक्षा दिइ शास्त्रका नियमको ❀ शत्रुघ्नलाई अनि
सेनातर्फ फिराइ दृष्टि प्रभुजी ❀ बोले दयालू बनी ॥१४१॥
हे योद्धागण ! श्यामकर्ण हयको ❀ बेला भयो हिड्नको
भाई जान्छ सँगै तिमीहरु पनी ❀ जानेछ रक्षार्थ को? ।
रक्षा गर्न भनेर वीर सँगमा ❀ जो जान तैयार छौ
श्रीशत्रुघ्नजिको ठुलो समरमा ❀ साहाय को गर्दछौ ॥१४२॥

यस्ता बात सुने जसै भरतका ❀ छोरा उठे पुष्कल
जोरी हात भने विनम्र स्वरमा ❀ बिन्ती छ यो केवल।
जित्नेछन् प्रभुको प्रताप बलले ❀ संग्राम शत्रुघ्नले
जान्छू तैपनि पृष्ठ-रक्षक भई ❀ एक्लै म आनन्दले ॥१४३॥
यस्ता पुष्कलका कुरा सुनि निकै ❀ देखी ठुलो साहस
आज्ञा गर्नुभयो-बढाउनु गई ❀ हाम्रो सुकीर्ती यश।
स्याबासी तिमिलाइ दिन्छु रणमा ❀ जिल्छौ तिमी पुष्कल
आफ्ना शस्त्र गरी प्रहार अरिमा ❀ पारीदिनू खल्बल ॥१४४॥
आज्ञा भो हनुमानलाइ तिमि भै ❀ प्रख्यात सेनापति
रक्षा गर्न भनेर जाउ सँगमा ❀ तत्काल हे सद्मति!।
आज्ञा भो रघुनाथको सुनिसकी ❀ स्वीकार गर्दा भए
सारालाइ गरी प्रणाम रणमा ❀ जान्छू भनी तम्सिए ॥१४५॥
हे अंगद् ! नल-नील वीरहरु हो ❀ जाओ तयारी गरी
रक्षा गर्नु सबै मिलेर हयको ❀ शत्रुघ्नको राम्ररी।
आफ्ना मन्त्रि सुमन्त्रलाइ जति जे ❀ शिक्षा दिने हो दिए
श्रीराम्को चरणारविन्द सबले ❀ सम्झीरहेका थिए ॥१४६॥
त्यै बेला झुकि श्यामकर्ण हयको ❀ जोरेर कान्मा मुख
यौटा मन्त्र भने वसिष्ठ गुरुले ❀ मानेर मन्मा सुख।
जानूपर्दछ श्यामकर्ण ! तिमिले ❀ हावा सरी वेगले
पृथ्वी पूर्ण घुमेर आउनु यहीँ ❀ आनन्द उत्साहले ॥१४७॥
घोडालाइ बिदा दिने समयमा ❀ फेरी गरे पूजन
हम्के चामर सुन्दरीगण मिली ❀ आनन्द मानीकन।
हात्मा पुष्प लिई अबीर सबले ❀ थाल्दा भए छर्कन
देख्दा उत्सव त्यो चकित् हुन गए ❀ सारा प्रजा, सज्जन ॥१४८॥

थाले ढोल, मृदंग, शंख नगड़ा ❀ बाजाहरू गर्जन
नाच्थे ताल मिलाइ खूब भँडिनी ❀ सेवा जनाईकन ।
रत्नाऽऽभूषणले सुसज्जित सबै ❀ त्यो अश्वको वर्णन
यस्तो हो, यसरी थियो, यति भनी ❀ सक्तैन कोही जन ॥१४९॥
घोडा उत्तम श्यामकर्णाकन त्यो ❀ छाडीदिदा बेसरी
चर्को शब्द भई त्रिलोक सहसा ❀ थर्क्यो नराम्रो गरी ।
घोडा मुक्त भएर पूर्वतिर त्यो ❀ बिस्तार बढ्दै गयो
सेनाका सब वीर सैन्य सहसा ❀ त्यस्का पछी लम्कियो ॥१५०॥
श्रीशत्रुघ्न पनी हिडे पछि-पछी ❀ जैकार झन् चर्कियो
ठूलो शब्द तथा जय-ध्वनि हुँदा ❀ पृथ्वी, दिशा थर्कियो ।
बीदा माँग्न भनेर पुष्कल गए ❀ माता पिताजीकहाँ
आशीर्वाद दिए सदा विजयको ❀ खूशी भई मन्महाँ ॥१५१॥
पौंचेथे ति प्रियाकहाँ पुगि बिदा ❀ माँगौं भनी पुष्कल
नाऊँ कान्तिमती थियो उनि थिइन् ❀ निर्दोष निष्केवल ।
कस्तूरी अगरू र चन्दन घसी ❀ सर्वांगमा केशर
काहाँ छौ अहिले प्रिये, भनि पुगे ❀ खोज्दै ति चारैतिर ॥१५२॥
देखी पुष्कललाइ कान्तिमतिले ❀ निक्कै गरिन् आदर
जान्छू देउ बिदा भने प्रियतमे ! ❀ पक्रेर राम्रा कर ।
सुन्दा पुष्कलका कुरा मनमनै ❀ दुःखी भए तापनि
हाँस्तै बिन्ति गरिन् मिलोस् विजयश्री ❀ दिन्छू बिदा लौ भनी ॥१५३॥
पैह्राइन् तिनिले मुकूट र धनू ❀ तर्बार राम्रो दिई
माला उत्तम पुष्पको पनि दिइन् ❀ अत्यन्त खूशी भई ।
शेखी गर्दछु नाथ ! यो बखतमा ❀ हूँ वीर-पत्नी भनी
त्यस्को योग्य विचार राख्नु रणमा ❀ पर्ला चनाखो बनी ॥१५४॥

हाम्रो हार भयो भने समरमा ❀ शेखी र इज्जत् गयो
हाँसे पुष्कल पत्निको सुनि कुरा ❀ बोले मिठा बात यो ।
हे प्यारी ! तिमिले नमान मनमा ❀ चिन्ता कुनै बातको
चाँडै नै समचार दिन्छु म शुभे ! ❀ हाम्रो ठुलो जीतको ॥१५५॥
तिम्रो इज्जतमा कुनै तरहको ❀ बाधा नपारीकन
फिर्नेछु विजयी भएर सुमुखी ! ❀ आनन्द होला मन ।
पत्नीलाइ बुझाइ, दिव्य रथमा ❀ चढ्दा भए पुष्कल
तिन्का साथ गए अनेक थरिका ❀ सेनाहरूको दल ॥१५६॥
क्यै सेना चतुरंगिणी पनि हिडे ❀ हात्ती र घोडा रथ
पृथ्वी कम्प गरी असंख्य विरले ❀ ढाकीदिएथे पथ ।
जै-जैकार भयो चतुर्दिक सबै ❀ जै राम ! हे रामको
गर्थे बात कती प्रजागणहरू ❀ श्रीरामको, यज्ञको ॥१५७॥

दुःखी दरिद्र अनि दीन अपंगलाई
अन्नादि वस्त्र धन बाँड्न स्वयं लगाई ।
गर्दै रही नियम पालन नीति-साथ
बस्नूभयो रघुपती नझुकाइ माथ ॥१५८॥
पांचाल देशहरुमा घुमि बार-बार
डुल्दै गयो हय सबै 'नगरी' विचार ।
जान्थ्यो जता हय उतै सब वीर जान्थे
राजाहरू शिर स्वयं निहुराइ मान्थे ॥१५९॥
कीर्ती पढेर अथवा सुनि हर्ष मानी
दिन्थे प्रशस्त धन ती भय क्यै नमानी ।
शत्रुघ्नको हुकुमले गइ यज्ञमाहाँ
गर्थे सुकार्य जति आइपरे ति ताहाँ ॥१६०॥

राजाहरू जति-जती वशमा गराए
तिन्को दिएर धन-मान खुशी तुल्याए ।
इच्छानुसार हय जान्छ जता उते ती
जान्थे अनेक थरि सैनिक लागि ताँती ॥१६१॥
श्रीरामको सुयश खूब ठुलो हुनाले
त्यो अश्व पक्रन सकेन कहीं कसैले ।
पाएर दर्शन सहर्ष प्रणाम गर्थे
शत्रुघ्नका चरणमा धन-मान धर्थे ॥१६२॥

श्यामकर्णको अहिक्षेत्रमा प्रवेश

थियो राम्रो नीती सबतिर व्यवस्था असल झन्
सबै दिन्थे आफ्नू शुभ-मति तथा रामतिर मन् ।
गयो इच्छाचारी हय डुलि अहिक्षेत्र पुरमा
सबैको श्रद्धा औ दृढमति थियो राम-पदमा ॥१६३॥
संख्या केहि थिएन वीर कति छन् ❀ सेना र योद्धा कति
हेर्थे छक्क परी उसै बखतमा ❀ देखी त्यहाँको स्थिति ।
यौटा नन्दन बाग झैं सुख दिने ❀ देखे बगैचा जब
उस्तै उत्तम क्वै सरोवर थियो ❀ व्यामोह पार्ने सब ॥१६४॥
चारैतर्फ अनेक फूल-फलका ❀ वृक्षादिले शोभित
न्यूरेका फल-भारले ति रुखका ❀ हाँगाहरू छन् स्थित ।
चारैतर्फ छ स्नान-खातिर सफा ❀ साना ठुला खुड्किला
उस्तै छन् फल-फूलका रुखहरू ❀ चारै दिशा छन् खुला ॥१६५॥

त्यस्तो दिव्य तलाउको वरिपरी ❀ घेरा थियो तापनि
देख्ने दर्शकको लिने मन खिँची ❀ हो स्वर्ग की यो भनी।
देखे स्वच्छ तलाउ, बाग सहसा ❀ शत्रुघ्नजीले जब
त्यस्मा आँप अनार अंगुर लिची ❀ पाकीरहेका सब ॥१६६॥
बोल्ने हंस चकोर कोकिल चरा ❀ वाणी मधूरो गरी
हेर्नेको मन खैँचने सब थिए ❀ शोभा अनेकौँ थरि।
सामुन्ने त्यहिँ एक मन्दिर पनी ❀ देखे, अनौठो थियो
धेरै रत्नहरू जडी वरिपरी ❀ कारीगरी देखियो ॥१६७॥
त्यस्मा तोरण औ ध्वजाहरु पनी ❀ रत्नादिका नै थिए
देख्दा वैभव त्यो मनैमन सबै ❀ उद्विग्न झैँ देखिए।
यस्तो मन्दिर ता कतै पृथिविमा ❀ होवैन भन्ने भई
सोधेथे निज-मन्त्रिलाइ सहसा ❀ शत्रुघ्न हर्षित् भई ॥१६८॥
देख्छू सुन्दर यो सरोवर तथा ❀ राम्रो बगैचा पनि
त्यस्तै उत्तम देख्छु मन्दिर यहाँ ❀ कुन् देवको हो भनी।
को गर्छन् बसि राज्य यो नगरमा ❀ को हुन् ठुला भूपति
आयौँ हामि यहाँ, ति छन् अब कहाँ ❀ कस्तो छ तिन्को स्थिति ॥१६९॥
यस्तो प्रश्न सुमन्त्रले सुनिलिए ❀ शत्रुघ्नजीको जब
लागे भन्न बुझाइ बात क्रमले ❀ जाने-बुझेको सब।
हे शत्रुघ्न ! मलाइ ज्ञात छ कथा ❀ सारा अहिक्षेत्रको
त्यस्को वर्णन सुन्नुहोस् हजुरले ❀ आश्चर्य लाग्ने छ त्यो ॥१७०॥
राजा हुन् अहिक्षेत्रका सुमदजी ❀ गर्छन् उनै शासन
तिन्को श्रेष्ठ विचार घोर तपले ❀ धेरै बिताए दिन।
देवीको नृपलाइ प्राप्त हुनगो ❀ क्यै कालमा दर्शन
बस्तै छन् अझसम्म ती सुमदजी ❀ उन्कै कृपा भैकन ॥१७१॥

जस्तो कष्ट खपी गरे तप ठुलो ❀ राजा सुमद्‌ले अनि
पाए दर्शन देविको जसरि त्यो ❀ भन्छू सबै त्यो पनि ।
धेरै दुःख दिए र शत्रुहरुले ❀ साम्राज्य भो अस्थिर
राजा दिक्क भई हिमालय पुगी ❀ लागे तपस्यातिर ॥१७२॥
धेरै वर्ष गरे कठोर तप ती ❀ राजा सुमद्‌ले तर
पाएनन् जब दिव्य दर्शन अनी ❀ निक्कै भए अस्थिर ।
जाडोमा जलमा र ग्रीष्म ऋतुमा ❀ पंचाग्नि 'तापीकन
वर्षा काल हुँदा खुला चउरमा ❀ एकाग्र पारी मन ॥१७३॥
खान्थे पात सुखा ति केहि दिन ता ❀ खाँदैनथे त्यो पनि
नीराहार गरी रहे दिन कती ❀ मिल्नेछ दर्शन् भनी ।
रोकी श्वास समाधिमा दृढ भई ❀ तिन्ले बिताए दिन
धेरै वर्ष बिते कठोर तपमा ❀ हल्लेछ इन्द्रासन ॥१७४॥
डाकेथे अनि कामलाइ डरले ❀ आज्ञा दिए सादर
जाऊ झट्ट तिमी त्यहाँ सुमदको ❀ तत्काल सातो हर ।
सुन्दा बात सुरेन्द्रको मनमनै ❀ ढाक्यो अहंकारले
लागे भन्न सुरेन्द्रलाइ सहसा ❀ ती काम झन् शेखिले ॥१७५॥
ब्रह्मा, विष्णु र शम्भुलाइ वशमा ❀ पारेँ र पाछू पनि
के गाह्रो छ ति भूपलाइ वशमा ❀ पार्नेछु चाँडै भनी ।
यस्तो शेखि गरेर इन्द्रसित ती ❀ पत्नी लिई साथमा
राखेथे ऋतुराजका सँग अरू ❀ ती अप्सरा साथमा ॥१७६॥
रम्भा उर्वशि मेनका अरु पनी ❀ पौंचे लिई सुन्दरी
गर्थे जुन् स्थलमा बसी तप उहीं ❀ पुग्दा भए त्यो घरि ।
पैह्ले उत्तम त्यो वसन्त ऋतुको ❀ शोभा फिजाईलिए
राजाको तप भंग गर्न जति जे ❀ सक्थे सबै गर्दिए ॥१७७॥

फैलेका रुखका अनेक फलका ❀ हाँगाहरूमा फल
देखिन्छन् लटरम्म, छड्छडः गरी ❀ छाँगो छ खस्तो तल ।
डुल्दै छन् भ्रमरा अनेक फुलका ❀ हाँगा र गुच्छामहाँ
चल्दा मन्द समीर स्वच्छ मनमा ❀ बाधा हुने झन् तहाँ ॥१७८॥
लागे नाच्न मिलाइ ताल सुरमा ❀ ती अप्सरा सुन्दरी
हानेथे अनि कामले शर तिखा ❀ ताकी नराम्रो गरी ।
मीठो गान र तान उत्तम सुने ❀ राजा सुमद्‌ले जब
बाधा पर्न गयो कठोर तपमा ❀ आँखा उघारे तब ॥१७९॥
देखे उत्तम अप्सरा-गणहरू ❀ नाचीरहेका अनि
जाने श्रीसुरराजले छल गरे ❀ ऐह्ले मलाई भनी ।
बोले सुन्दरि अप्सरासित तिनी ❀ हे कामिनी हो ! किन ?
पाउन्नन् सहसा ठुलो तप गरी ❀ यो रूपको दर्शन ॥१८०॥
ऐह्ले आइ मलाइ यो किसिमले ❀ बाधा दिएका किन ?
के इच्छा मनमा छ गर्न अब के ❀ खोज्छौ मलाई भन ।
तिन्को चाल बुझेर भाव नृपले ❀ मोहित् भएझैं गरी
बोलेको सुनि क्यै प्रसन्न भइ गै ❀ त्यो उर्वशी सुन्दरी ॥१८१॥
बांगा नेत्र नचाउँदै अगि सरी ❀ बिन्ती गरी सादर
देखी यो तप नाथको, वश भयौं ❀ हामीहरू आखिर ।
मै हूँ उर्वशि, मेनका सँगिनि हुन् ❀ मैंरे रही साथमा
अर्की श्रेष्ठ मिलोत्तमा शशिमुखी ❀ हेर्नूहवस् गाथमा ॥१८२॥
हामी धाइ हजूरलाइ खुशिले ❀ आईरहेछौं यहाँ
जान्नूहोस मलाइ मुख्य नृपते ! ❀ यी अप्सरा तीन्महाँ ।
क्रीडा गर्न भनेर हामिसित ती ❀ द्यौताहरू खोज्दछन्
जो गर्छन् तप हामिलाइ ति पनी ❀ पाए भने रोज्दछन् ॥१८३॥

तस्मात् यो तप त्यागि हे नरपते ! ❀ मायातिरै ढल्कनोस्
हाम्रा साथ गरेर मोज सहसा ❀ नै काममा पल्कनोस् ।
हाऊ-भाउ कटाक्षले घरि-घरी ❀ सर्दै अगाडीतिर
पार्थे नक्कल जो थिए अरु सँगै ❀ तिन्ले पनी बेसित ॥१८४॥
आफ्नू शक्ति जती थियो सब गरे ❀ ती अप्सराले तर
मन्मा केहि नभै विकार नृपती ❀ बस्ता भए सुस्थिर ।
हेरेनन् नृपले कुनै तरहले ❀ ती-तर्फ राम्रो गरी
फर्के हार भएर काम रति औ ❀ ती अप्सरा सुन्दरी ॥१८५॥
त्यै बेला सहसा त्रिलोक-जननी ❀ आई दिइन् दर्शन
धारी पाश, धनू र अंकुश, गदा ❀ औ सिंहको वाहन ।
पाए दर्शन शक्तिको सुमदले ❀ अत्यन्त गद्‌गद् भई
पाऊमा परि दण्डवत् गरिलिए ❀ दुर्गे ! भनी न्यूरिई ॥१८६॥
थाले गर्न तिनी प्रसन्न मनले ❀ हात् जोरि धैरै स्तुति
हे दुर्गे ! जगदम्बिके ! भगवती ❀ पाऊँ शिवे ! सद्‌मति ।
ब्रह्मा शम्भु फणीन्द्र सेव्य हरिले ❀ त्रैलोक्यकी रक्षिणी
बारम्बार प्रणाम गर्छु पदमा ❀ हे शत्रुसंहारिणी ! ॥१८७॥
बिन्ती गर्दछु हे त्रिलोक-जननी ❀ हे भक्त-संरक्षिणी
अर्को छैन हजूर बाहिक कुनै ❀ दैत्यादि-संहारिणी ।
आफ्ना भक्त परे भने विपदमा ❀ उद्धार तिन्को गरी
छैनन् कोहि अरू दिने वर पनी ❀ सन्तुष्ट भै ईश्वरी ॥१८८॥
आएको छु हजूरको शरणमा ❀ बिन्ती छ पाऊ परी
रक्षा गर्नुहवस् प्रसन्न मनले ❀ तत्काल हे ईश्वरी ।
पाएँ भाग्य ठुलो भई हजुरको ❀ प्रत्यक्ष यो दर्शन
भक्तीको वरदान पाउँ जननी ! ❀ माग्दीनँ मैले धन ॥१८९॥

केही जान्दिनँ भक्ति-भाव विषयी ❀ छू, कष्टमा यो घरी
मेरो गर्नुहवस् निवारण सबै ❀ सन्ताप हे ईश्वरी ! ।
धेरै यै रितले गरे सुमदले ❀ ती ईश्वरीको स्तुति
तिन्को भक्ति बुझी प्रसन्न हुनुभो ❀ तत्काल देवी अति ॥१९०॥

आज्ञा गरिन् जननिले नृपतर्फ हेरी
मागेर लेउ वर लौ नगरेर देरी ।
यस्तो सुने नृपतिले जब शुद्ध वाणी
बिन्ती गरे मनमनै बुझि भाग्यमानी ॥१९१॥
दर्शन् मिल्यो हजुरको वरदान यो हो
चाहिन्न राज्य-सुख वैभव नै यही हो ।
इच्छा छ शेष जननी ! अब एकमात्र
साम्राज्य होस् अरिबिना सब एकछत्र ॥१९२॥

पापी शत्रु जितौं र राज्य पनि होस् ❀ सर्म्पूण निष्कण्टक
लागोस् चित्त हजूरका चरणमा ❀ नै नित्य बाँचे तक ।
राजाको सुनि प्रार्थना भगवती ❀ अत्यन्त खूशी भइन्
जिल्नेछौ सब शत्रु निश्चय भनी ❀ आशीष धेरै दिइन् ॥१९३॥
माग्यौ मुक्ति अवश्य दिन्छु नृपते ❀ त्यस्मा छ जुन् कारण
छाड्नेछन् जब रामले हय, यता ❀ त्यो आउला जुन् दिन ।
हिड्नन् सैनिक अश्व-रक्षकहरू ❀ शत्रुघ्न योद्धा पनि
हे राजन् ! जब आउनन् नगरमा ❀ जानू तिमीले, अनि ॥१९४॥
गर्नू स्वागत, पर्दछू शरणमा ❀ भन्नू स्वयं न्यूरिई
जे भन्छन् उनिले प्रसन्न मनले ❀ स्वीकार्नु सानू भई ।
जानू रक्षक रूपमा तिमि पनी ❀ शत्रुघ्नका साथमा
हुन्छौ मुक्त अवश्य दर्शन मिली ❀ श्रीरामको यज्ञमा ॥१९५॥

गर्नेछौ सुख-भोग हे नरपते ! ❀ वैरी जिती राज्यका
राजा खूशि भए सुनी वचन ती ❀ श्रीशक्ति कामाक्षिका ।
अन्तर्धान भइन् त्रिलोक-जननी ❀ हेर्थे ति आश्चर्यले
देवीकै चरणारविन्द मनमा ❀ सम्झेर भूपालले ॥१९६॥
राम्रो मन्दिर देविको र पर यो ❀ उद्यान देखिन्छ जो
पारे निर्मित भूपले श्रम गरी ❀ उन्को यही कीर्ति हो ।
देवीको महिमा सुनी मनमनै ❀ ढोगे ति शत्रुघ्नले
राजालाइ भन्यो सभा-भवनमा ❀ पौंचेर क्वै दूतले ॥१९७॥
राम्रो अश्व विचित्र एक पुरमा ❀ आएर हे भूपति !
त्यस्को देख्छु निधारमा छ सुनको ❀ क्वै पत्र राम्रो अति ।
उस्को बात सुनी जगज्जननिको ❀ सम्झे कुरा भूपले
ठूलो उत्सवको हुकुम् पनि दिए ❀ श्रीरामका भक्तले ॥१९८॥
लावा पुष्प अबीर चन्दन लिई ❀ नाना थरी सुन्दरी
हर्षित् भैकन पुष्पवृष्टि सबले ❀ गर्दा भए राम्ररी ।
थाले बज्न अनेक वाद्य पुरमा ❀ आनन्द त्यो फैलियो
गाना नाच प्रसन्न उत्सव उता ❀ भित्रै चलेको थियो ॥१९९॥
पौंचे भूप सुमद् ससैनिक जसै ❀ शत्रुघ्नको सामुमा
भेटी राखि अनेक सम्पति स्वयं ❀ ढोगीदिए पाउमा ।
गर्थें आश म प्राप्त गर्न दिन यै ❀ हे वीर ! पर्खीकन
इच्छा पूर्ण भयो, प्रसन्न म भएँ ❀ पाएर यो दर्शन ॥२००॥
हे स्वामी ! म त दास हूँ हजुरको ❀ राख्नोम् सबै वैभव
रक्षा गर्नुहवस्, म छू शरणमा ❀ चाहिन्न केही अब ।
योद्धा पुष्कलको पनी नृपतिले ❀ निक्कै गरे स्वागत
पौंचाए रथमा बसालि खुशिले ❀ दर्बार राम्रो-सित ॥२०१॥

देखे पुष्कलले सजावट ठुलो ❀ शत्रुघ्नजीले पनि
हेरे छक्क परी सबै महलको ❀ सौन्दर्य राम्रो भनी ।
केही सैन्य-समेत पुष्कल तथा ❀ शत्रुघ्नजी तीन् दिन
ताहीं बस्नुभयो प्रसन्न मनले ❀ विश्राम गर्नाकन ॥२०२॥
छोरालाइ दिएर राज्य खुशिले ❀ राजा सुमद्‌ले पनि
केही सैन्य लिई हिडे हयसँगै ❀ साथै म जान्छू भनी ।
धेरै सैनिक, राज-भूषण पनी ❀ तिन्कै दिई हातमा
चल्थ्यो श्रीरघुनाथको मख जहाँ ❀ भेजे त्यही स्थानमा ॥२०३॥

च्यवन मुनिको आख्यान

हिड्‌दो भो अनि श्यामकर्ण हय त्यो ❀ सानन्द चौथो दिन
जान्थ्यो अश्व जता, उतैतिर सबै ❀ जान्थे खुशी भैकन ।
घोडा पुग्न गयो पयोष्णि नदिमा ❀ बस्थे तपस्वी मुनि
गर्थे उत्सव ती मिलेर सबले ❀ जै राम, जै-जै भनी ॥२०४॥
पापी कोहि थिएन धर्म-पथमै ❀ हिड्‌थे सबै सज्जन
बस्थे जन्तुहरू मिलेर वनका ❀ वैरत्व बिर्सीकन ।
गर्थे नित्य सुकर्म श्रेष्ठ तप वा ❀ श्रीईश-आराधना
हुन्थे पूर्ण सबै सुविज्ञ ऋषिका ❀ जे जे थिए कामना ॥२०५॥
देखी आश्रम त्यो सुरम्य खुशिले ❀ सोधे ति शत्रुघ्नले
हे मन्त्री ! सब यो बताउ क्रमले ❀ सुन्छू म विस्तारले ।
कस्को आश्रम हो, यहाँ कसरि को ❀ बस्छन् तपस्या गरी
लागे भन्न सुमन्त्रले सब कुरा ❀ एकेक त्यो राम्ररी ॥२०६॥

छोरा हुन् भृगुका मुनि च्यवनको ❀ उत्पत्ति सुन्नोम् अब
धेरै धर्म हुने र पाप तनको ❀ हो यो पखाल्ने सब ।
राजन् ! क्वै दिनमा बटुल्न समिधा ❀ वन्मा भृगूजी गए
पायो औसर दैत्य त्यो दमनले ❀ पौंच्यो, सबै तर्सिए ॥२०७॥
पत्नी छन् भृगुकी कहाँ ? यति भनी ❀ सोधीलिएथ्यो जब
त्यस्को उत्तर क्यैं नपाइ सहसा ❀ क्रोधित् भयो दानव ।
सोधेथ्यो अनि अग्निलाइ मखकी ❀ उन्ले डराईकन
संकेतले सब त्यो भनिन् जब, निकै ❀ गर्ज्यो रिसाईकन ॥२०८॥
छोरी दिन्छु तँलाइ नै अघि भने ❀ यिन्का पिताले तर
त्यो बिर्सी भृगुलाइ सुम्पन पुगे ❀ मेरो नमानी डर ।
यिन्का साथ गरे विवाह भृगुले ❀ थाहै नापाईकन
दिन्थें नत्र विवाह गर्न कसरी ❀ मैले तिमी नै भन ॥२०९॥
बोकी ती भृगु-पत्निलाइ पिठमा ❀ तत्काल दौड़ी गयो
त्यस्को चाल बुझेर ती सुमुखिको ❀ सातो गएझैं भयो ।
चिच्च्याइन् अनि बेसरी डर परी ❀ हे नाथ ! रक्षा गर
तिन्को गर्भ थियो त्यहीं पतन भो ❀ लागेर बर्ता डर ॥२१०॥
त्यै वेला सहसा नजान्न सकिने ❀ आश्चर्य यौटा भयो
हेर्दा बालक तेजले दमनको ❀ देहै जली गै-गयो ।
फर्किन् ती भृगुपत्नि आफ्नु घरमा ❀ शङ्कित् थिइन् तापनि
स्वामीलाइ भनिन् समस्त घटना ❀ यस्तो भयो लौ भनी ॥२११॥
अग्नीले अघि दैत्यलाइ डरले ❀ मेरो चिनारी दिए
त्यो सुन्दा भृगुजी कठोर रिसले ❀ यो बात बोल्दा भए ।
हे अग्नी ! तिमिलाइ श्राप अहिले ❀ दिन्छू नराम्रो सुन
भन्नेछन् अब सर्वभक्षि सबले ❀ भन्ने मनैमा गुन ॥२१२॥

येती बात भनेर ब्राह्मण मुनी ❀ डाकेर ज्ञानी जन
सारा वेद-विधानले गरिदिए ❀ त्यो पुत्रको न्वारन ।
राखे नाम 'च्यवन्' भनी सुजनले ❀ शस्त्रोक्तको रीतिले
गर्थिन् ती भृगु-पत्नि पालन सदा ❀ त्यो पुत्रको स्नेहले ॥२१३॥
निक्कै तेज बढी छिटै च्यवनजी ❀ ठूला भएथे जब
ज्ञानी पूर्ण थिए गएर वनमा ❀ थाले तपस्या तब ।
धेरै वर्ष गरे मुनि च्यवनले ❀ ठूलो तपस्या, अनि
ढाकेथ्यो धमिरा र झ्याउहरुले ❀ देखिन्नथ्यो क्यै पनि ॥२१४॥
केही ज्ञान थिएन देहतिरको ❀ लाग्दा तपस्या-तिर
यौटै लक्ष्य थियो यही तप गरी ❀ भेट्टाउँछू ईश्वर ।
आए खेल्न भनी शिकार वनमा ❀ शर्याति कोही दिन
सेना औ परिवारले सहित ती ❀ आनन्द मानीकन ॥२१५॥
छोरी एक थिइन् तिनै नृपतिकी ❀ मैयाँ सुकन्या भनी
डुल्दै जंगलमा पुगिन् सँग थिए ❀ केटी सुसारे पनि ।
माटोको ढिकुरो सरी नगिचमै ❀ देखिन् तिनीले जब
के हो यो म बुझूँ भनेर सहसा ❀ आँखा लगाइन् तब ॥२१६॥
दोटा अग्नि-शिखा-समान तिनिले ❀ देखेर ज्वाला सरी
आँखा मात्र ति देखिने च्यवनका ❀ आश्चर्य लाग्ने गरी ।
यौटा काठ लिएर चिन्न नसकी ❀ घोचीदिइन् बेसरी
आँखा फुट्न गए मुनि च्यवनका ❀ आयो रगत् तर्तरी ॥२१७॥
त्यो देखेर डराइ केहि नभनी ❀ फर्किन् सुकन्या घर
बोलेनन् सँगिनीहरू पनि कुनै ❀ मानी रहेथे डर ।
साराको मल-मूत्र बन्द हुनगो ❀ उत्पात ठूलो भयो
पृथ्वी कम्प भइन् ठुला गिरि पनी ❀ थर्के सरी देखियो ॥२१८॥

उल्का-पात भएर घोर वनमा ❀ जन्तूहरू भर्किए
घोडा हात्तिहरू डराइ सहसा ❀ चौतर्फ भाग्दै गए ।
यस्तो के हुनगो भनेर मनमा ❀ शर्यांति राजा डरी
खोज्दै जंगलमा गए च्यवनजी ❀ बस्थे तपस्या गरी ॥२१९॥
को आयो अपराध के गरिदियो ❀ जानीनँ केही पनि
माफी बक्सनुहोस् परें शरणमा ❀ हो दास आफ्नै भनी ।
शर्याती नृपको सुनेर विनती ❀ बोले मुनी सुस्तरी
राजन् ! तिम्रि कुमारि आइ तपमा ❀ यो विघ्न-बाधा गरी ॥२२०॥
आँखा फोरिदिइन् नजानिकन नै ❀ व्यर्थै खित्ताँची गरिन्
लाग्यो बग्न रगत्, डराइ मनमा ❀ तत्काल भागीगइन् ।
सोही कारणले उपद्रवहरू ❀ हुन् यी भएका सुन
देऊ पुत्रि मलाइ शान्त सहजै ❀ पार्नेछु भन्ने गुन ॥२२१॥
यो आज्ञा मुनिको सुनी नरपती ❀ क्यै बेर चिन्तित् भए
कन्यालाइ गरी समर्पण अझै ❀ झन् तापमा गाडिए ।
जोरी हात भने विनम्र स्वरमा ❀ पाऊँ बिदा हे मुनि
आफ्ना सैन्य सबै लिई नगरमा ❀ फर्के ति दुःखी बनी ॥२२२॥

गर्दा सदा तप शरीर सुकीसकेका
संसारबाट मनले ति विरागिएका ।
त्यस्ता मुनि च्यवनको कुटिमा बसेर
सेवा गरिन् चरणमा पतिको नुहेर ॥२२३॥
यस्तै रहेछ निज भाग्य भनेर जानी
सन्तोषले तिनि बसिन् दुख क्यै नमानी ।
धेरै बिते दिनहरू यसरी क्रमैले
सेवा-विषे त्रुटि भएन कुनै कहीले ॥२२४॥

आए कुनै दिन ति अश्विनि दो कुमार
तिन्को गरिन् अतिथि-स्वागत मानि सार ।
तिन्ले फकाउन गरे तिनिलाइ यत्न
लौ जाउँ स्वर्ग हिड हे सुमुखी ! प्रसन्न ॥२२५॥
हौली, उहाँ सुख अनेक छ भोग गर्ने
यी वृद्धका सँग बसी भन के छ मिल्ने ।
यस्तै अनेक थरिका दिइ लोभ तिन्ले
भन्दा, भनिन् सुमुखिले अति नम्रताले ॥२२६॥
जस्ता मिले पति मलाइ म छू प्रसन्न
सेवा म गर्दछु सदा भइ खूब मग्न ।
यस्ता कुरा नगर, स्वामि नगीचमै छन्
तिन्ले सुने मकन दोष ठुलो दिनेछन् ॥२२७॥
अन्धा भए पनि पती, म पतिव्रता छु
सेवा गरेर पतिको म खुशी रहन्छु ।
चाहिन्न स्वर्ग-सुख-भोग म छू प्रसन्न
त्यागेर वृद्ध पतिलाइ कतै म जान्नँ ॥२२८॥
यस्ता कुरा ति दुइले जब सुन्न पाए
दिन्छू म केहि वरदान भनी सुनाए ।
तिन्ले सुनी वर दिने जब बात तिन्को
बिन्ती गरिन् अनिपछी निज बात मन्को ॥२२९॥
फोरीदिएँ नयन जंगलमै नजानी
आँखा दिनोस् अब दुवै निज-दान ठानी ।
ती देव-वैद्य दुइले सुनि बात तिन्को
भन्दा भए निज कुरा अनि भित्रि मन्को ॥२३०॥

दिन्नन् ति भाग हविको सुर हामिलाई
पारून् खुशी च्यवनले हवि त्यो दिलाई ।
यिन्का दुवै नयन स्वच्छ तुल्याइदिन्छौं
सक्छन् भने मुनि भनून् अनि मानिलिन्छौं ॥२३१॥
सुन्दै थिए च्यवनले सब बात तिन्को
भन्दा भए अनि सफासित बात मन्को ।
मौका परे मख हुँदा बुझ सत्य भन्छु
तिम्रो अवश्य हवि-भाग दिलाउनेछु ॥२३२॥

यस्ता बात सुनी मुनि च्यवनको ❀ जानी प्रतिज्ञा पनि
यौटा सिद्ध तलाउमा अब छिटै ❀ जाऊँ नुहाऊँ भनी ।
यो सल्लाह गरी गए सब जना ❀ स्नानार्थ त्यै स्थानमा
सब्ले स्नान गरे तलाउ बिचमा ❀ देखा परे सामुमा ॥२३३॥
माला कुण्डल रत्न वस्त्र पहिरी ❀ सौन्दर्यले सज्जित
राम्रा यौवनपूर्ण एक रुपका ❀ पारीलिने मोहित ।
देखी एकसमान रूप वयका ❀ स्वामी चिह्नीनन् जब
स्वामी चिह्न सकीनँ विज्ञ जनहो ❀ माफी दिनूहोस् अब ॥२३४॥
तिन्को बिन्ति सुनी कुमार दुइले ❀ स्वामी चिह्नाईदिए
आफू स्वर्गपुरी प्रसन्न मनले ❀ तत्काल फर्की गए ।
देखे आश्रमका अनेक जनले ❀ आश्चर्य माने अनि
जै-जैकार गरे कुमार दुइको ❀ हुन् यी दयालू भनी ॥२३५॥
देखिन् ती ऋषिपत्निले पति युवा ❀ राम्रा तथा उत्तम
स्वामीलाइ भनिन् विनम्र स्वरमा ❀ त्यागी सबै संयम ।
धेरै काल बित्यो विहार नगरी ❀ लाग्दा तपस्यातिर
इच्छा गर्दछु भोग आदि सुखको ❀ पाऊँ भनी सादर ॥२३६॥

पत्नीको सुनि भाव जानि मुनिले ❀ भन्दा भए सुन्दरी
आऊ स्नान गरी तिमी पनि त्यहीं ❀ जाऊ शुभे ! यै घरि ।
आज्ञाले पतिको गएर सुमुखी ❀ आइन् नुहाई जब
राम्री हुन् पहिल्यै तथापि बहुतै ❀ राम्री भइन् झन् तब ॥२३७॥
निस्के सोहि तलाउबाट सहसा ❀ दासी हजारौं परी
सारा उत्तम रूप यौवनवती ❀ सौन्दर्य वर्षा गरी ।
वस्त्राऽऽभूषणले सुसज्जित थिए ❀ पक्की सफा चामर
हम्कन्थे मुनि-पत्निका वरिपरी ❀ गर्दै ठुलो आदर ॥२३८॥
ओफू माझमहाँ बसिन् खुशि भई ❀ साध्वी सुकन्या उता
सेवा गर्न थिए तयार सब ती ❀ मानेर आज्ञा यता ।
त्यस्तै उत्तम भोगका र सुखका ❀ सारा थिए साधन
स्वामीको तपको प्रभाव गहिरो ❀ भन्ने बुझिन् मन्मन ॥२३९॥
इच्छाचारि विमान उत्तम रचे ❀ ज्ञानी च्यवन्ले अनि
पत्नीका सँगमा अनेक सुमुखी ❀ राखे दयालू बनी ।
हीरा मोति जडाउ रत्नहरुको ❀ शोभा थियो यानको
त्यो-माथी सुनको थियो महल झन् ❀ मानो कुनै स्वर्ग हो ॥२४०॥
खम्बा छन् सुनका तथा स्फटिकका ❀ ढोका तथा झ्याल छन्
देख्दा हर्ष हुने अनेक पुतली ❀ त्यै याननाबेस छन् ।
शोभाले शशि झैं अलौकिक छ त्यो ❀ कोठा अटाली सब
खाने वस्तु अनेक छन् वरिपरी ❀ क्यै छैन कम्ती अब ॥२४१॥
पारे उत्तम एक श्रेष्ठ तपले ❀ उद्यान त्यै यानमा
त्यस्मा एक तलाउ स्वच्छ जलको ❀ देखा पऱ्यो माझमा ।
त्यस्मा पुष्प अनेक छन् कमलका ❀ पानी छ झन् निर्मल
राम्रा वृक्षविषे चराहरु बसी ❀ गर्छन् जहाँ खल्बल ॥२४२॥

इच्छा-माफिक हिड्दथ्यो च्यवनको ❀ त्यो यान चारैतिर
धेरै वर्ष डुले प्रसन्न मनले ❀ त्यै यानमा सुन्दर ।
पत्नीलाइ प्रसन्न पार्न मुनिले ❀ सारा रचेका थिए
केही कालपछी विरक्त हुन गै ❀ सम्पूर्ण त्यागीदिए ॥२४३॥
फेरी गर्छु गई ठुलो तप भनी ❀ एकाग्र पारी मन
आई यै नदिका सुरम्य तटमा ❀ बस्छन् खुशी भैकन ।
छन् ऐह्रेतक ती कठोर तपमा ❀ बस्छन् सदा ध्यानमा
धेरै छन् मुनि विज्ञ उत्तम ऋषी ❀ तिन्का यही स्थानमा ॥२४४॥
चर्चा धर्म विवेककको दिन-दिनै ❀ गर्छन् मुनीले यहाँ
यै हो आश्रम ती मुनि च्यवनको ❀ जान्नूहवस् मन्महाँ ।
तिन्लाई सब जान्दछन् वरिपरी ❀ ठूला तपस्वी भनी
यै हो दिव्य प्रभाव श्रेष्ठ तपको ❀ हेर्नोस् हजुरले पनि ॥२४५॥
शर्याती नृपले निकै दिनपछी ❀ क्वै यज्ञ गर्छू भनी
छोरी ज्वाइँ म डाक्दछू भनि स्वयं ❀ निम्तार्थ आए तिनी ।
देखे यौवन-पूर्ण ज्वाइँ सँगमा ❀ छोरी बसेकी जब
ठाने चित्तविषे गरीछ कुलको ❀ नै नाश यस्ले सब ॥२४६॥
त्यस्तो भाव पिताजिको जब बुझिन् ❀ बोलिन् सुकन्या अनि
ज्वाइँ हुन् यि हजूरका च्यवनजी ❀ जान्नोस् तपस्वी भनी ।
शर्याती नृपले बुझे अनि लगे ❀ आफ्नू ठुलो यज्ञमा
सारा देव तथा मुनी ऋषिहरू ❀ बस्थे त्यहीं साथमा ॥२४७॥
लाए भाग स्वयं मुनि च्यवनले ❀ स्ववैद्यलाई पनि
लागे गर्जन इन्द्र त्यै बखतमा ❀ यस्तो नगर्नू भनी ।
ताके वज्र सुरेन्द्र क्रोधित भई ❀ मार्ने इरादा धरी
रोकेथे सहजै मुनि च्यवनले ❀ हुः शब्दले नै गरी ॥२४८॥

बाहू रोकिदियो तुरुन्त तपले ❀ चल्दै नचल्ने गरी
शक्ति-क्षीण भई तुरुन्त निहुरे ❀ देवेन्द्र सोही घरी ।
माफी बक्सनुहोस् मुने ! हजुरले ❀ यो दोष मेरो अब
लिन्छन् भाग अवश्य भाइ दुइले ❀ यज्ञादि होला जब ॥२४९॥
यस्तो बिन्ति सुनेर श्रीच्यवनले ❀ तिन्लाइ माफी दिए
बाहू मुक्त भयो र इन्द्र अघि झैं ❀ बाधा नपर्ने भए ।
पाए भाग तुरुन्त भाइ-दुइले ❀ अत्यन्त हर्षित् थिए
जै-जैकार गरी मुनि च्यवनको ❀ फर्केर जाँदा भए ॥२५०॥
शर्याती नृपले गरे अनिपछि ❀ त्यो होम पूर्णाहुति
पत्नी साथ लिई फिरे मुनि पनी ❀ आनन्द मान्दै अति ।
हे शत्रुघ्न हजूरले पनि गई ❀ गर्नूहवस् दर्शन
गर्नेछन् मुनिले सुआदर अनी ❀ सन्तुष्ट होला मन ॥२५१॥
श्री शत्रुघ्न गए सहर्ष कुटिमा ❀ गर्छू भनी दर्शन
आशीर्वाद दिए तुरुन्त मुनिले ❀ आनन्द मानीकन ।
देख्दामा तिमिलाइ राम प्रभुके ❀ दर्शन् मिलेझैं भयो
मेरो जे जति ताप पाप मनको ❀ तत्काल सारा गयो ॥२५२॥
श्रीराम्को करुणा-विना सफलता ❀ पाइन्न यो जन्मको
पाऊ पर्छु सहर्ष यज्ञ-बिचमा ❀ पौंचेर श्रीरामको ।
इच्छा ती ऋषिको बुझेर मनमा ❀ सन्तोष मानीकन
बोले पूर्ण भए मनोरथ मुने ! ❀ पाएर यो दर्शन ॥२५३॥
श्रीशत्रुघ्नजिको हुकुम् हुन गई ❀ बोकी हनूमानले
पौंचाई रघुनाथको हजुरमा ❀ फर्के ति आनन्दले ।
गर्नूभो मुनिको प्रसन्न मनले ❀ श्रीरामले आदर
जै-जैकार गरे सबै सुजनले ❀ हे राम ! हे ईश्वर ! ॥२५४॥

राजा रत्नग्रीव र शालिग्राम महिमा

आज्ञा गर्नुभयो प्रसन्न मनले ❀ श्री शेषले सादर
हे वात्स्यायन ! सुन्नुहोस् अब कथा ❀ विस्तारले सुन्दर ।
त्यै वेला रघुनाथको हय हिड्यो ❀ नाच्दै र खेल्दै अनि
सारा फौज हिड्यो कुनै नृपतिले ❀ पक्री लिनन् की भनी ॥२५५॥
बाटैमा नृपती थिए विमलजी ❀ सद्भक्त दानी पनि
आएथे धन-सम्पती सब लिई ❀ शत्रुघ्न भेट्छू भनी ।
श्री शत्रुघ्नजिले भने नरपते ! ❀ चाहिन्न केही धन
खूशी छू म यसै प्रसन्न मनले ❀ गर्दै रहू शासन ॥२५६॥
छोरालाइ दिएर राज्य खुशिले ❀ जान्छू म साथै भनी
सेनाकै सँगमा हिडे विमलजी ❀ राजा थिए तापनि ।
घोडालाइ अघी लगाइ सँगमा ❀ सेना पछाडी हुँदा
देखिन्थ्यो हयको प्रभाव बलियो ❀ नाचेर त्यो उफ्रँदा ॥२५७॥
घोडा पुग्छ जहाँ र जुन् नगरमा ❀ जो छन् त्यहाँ भूपति
न्यूरन्थे मुखले भनी-शरण छौं ❀ दिन्थे निकै सम्पति ।
घुम्दै त्यो हय श्यामकर्ण यसरी ❀ धेरै थरी देशमा
ठूलो पर्वतमा पुग्यो घुमि-घुमी ❀ राम्रो कुनै स्थानमा ॥२५८॥
त्यस्तो पर्वतमा थिए थरि-थरी ❀ खानी सुरत्नादिका
पानीका छहरा सुरम्य पहरा ❀ वृक्षादि छन् पुष्पका ।
छन् राम्रा मुनिका कुटी वरिपरी ❀ गन्धर्व विद्याधर
पत्नीका सँग डुल्दछन् घरि-घरी ❀ सानन्द चारैतिर ॥२५९॥

बोल्छन् हाँस चकोर सारस चरा ❀ मैना जुरेली चरी
डुल्छन् निर्भय जन्तु घोर वनमा ❀ चौतर्फ नाना थरी ।
त्यस्तो पर्वतलाइ देखि सहसा ❀ सोधे ति शत्रुघ्नले
कस्को हो वन बाग यो भन तिमी ❀ हे मंत्रि ! विस्तारले ॥२६०॥
को छन् पर्वतमा मुनीश्वर तथा ❀ कुन् देव छन् स्थापित
यस्तो उत्तम आजसम्म कहिल्यै ❀ देख्नीनँ क्वै पर्वत ।
जानेको तिमिते छ यो विषयमा ❀ एकेक त्यै कारण
यस्को जुन् इतिहास हो, गर तिमी ❀ सम्पूर्णको वर्णन ॥२६१॥
मन्त्रीले यति प्रश्न उत्तम सुने ❀ शत्रुघ्नजीको जब
लागे भन्न बुझाइ शान्त मनले ❀ विस्तार गर्दै सब ।
हे शत्रुघ्न ! कहिन्छ नीलगिरि यो ❀ सम्पूर्ण संसारमा
बस्छन् श्रीपति विष्णु लोकहरुको ❀ रक्षार्थ यो स्थानमा ॥२६२॥
राजा उत्तम रत्नग्रीव कहिने ❀ पैह्ले भएका थिए
त्यागी देह चतुर्भुजी हुन गई ❀ संसार-पारी गए ।
अर्को एक कथा यसै विषयको ❀ विस्तार गर्छू अब
सुन्नाले पनि पाप ताप मनको ❀ नाशिन्छ यस्ले सब ॥२६३॥
साह्रै उत्तम एक कञ्चन पुरी ❀ बस्थे त्यहीँ भूपति
राख्थे राज्य तथा प्रजा सुजनमा ❀ माया दया ती अती ।
गर्थे भक्ति र रामका चरणको ❀ श्रद्धा बढाईकन
अर्काको धन-दारमा रत भई ❀ जाँदैनथे लम्कन ॥२६४॥
धेरै वर्ष बिते सुशासन गरी ❀ आयो बुढ्याईँ जब
चिन्ता बढ्न गयो अनेक थरिको ❀ भन्थे ति हे माधव ।
पैह्ले गर्न सकीनँ दान मख वा ❀ सद्धर्म केही पनि
थाले चिन्तन गर्न नित्य मनमा ❀ के गर्नुपर्ला भनी ॥२६५॥

रानीलाइ भने प्रसन्न मनले ❀ लौ जाउँ तीर्थाटन
तिम्रो के छ विचार यो विषयमा ❀ रानी ! मलाई भन ।
यस्तै बात गरी सुते दुइ जना ❀ सानन्द त्यै रातमा
आए ब्राह्मण एक स्वप्न-बिचमै ❀ ती भूपका सामुमा ॥२६६॥
प्रातःकाल हुँदा उनै द्विज स्वयं ❀ देखापरेथे अनि
हात्मा दण्ड कमण्डलू छ शिरमा ❀ लामा जटा नै पनि ।
निक्कै तेज मुहारमा छ, तनमा ❀ बल्दो छ आगो सरि
पाई दर्शन ती अनिन्द्य द्विजको ❀ तत्काल श्रद्धा गरी ॥२६७॥
ढोगे पाउ परेर आसन दिए ❀ श्रद्धा गरी राम्ररी
सोधे सञ्च-विसञ्च हे द्विजपते ❀ आज्ञा हवस् यो घरी ।
गर्दै छू म प्रणाम न्यूरि पदमा ❀ हे ब्रह्मचारी प्रभो !
पाएँ दर्शन नाथको सफल भो ❀ यो जन्म मेरो विभो ॥२६८॥
गर्नूभो जति तीर्थमा डुलि सबै ❀ हे देव ! ज्ञानार्जन
त्यस्कै गर्नुहवस् प्रसन्न मनले ❀ सुन्छू म त्यो वर्णन ।
जस्तो जुन् महिमा छ तीर्थहरुको ❀ जान्नूभएकै छ त्यो
सुन्छू वर्णन गर्नुहोस् हजुरले ❀ सानन्द एकेकको ॥२६९॥
राजाको सुनि प्रश्न ब्राह्मण पनी ❀ निक्कै भए हर्षित
थाले भन्न बुझाइ बात मनको ❀ उन्को चिताई हित ।
हे राजन् ! अहिले म तीर्थ-महिमा ❀ गर्छू सबै वर्णन
जुन्-जुन् तीर्थविषे पुगें त्यहिं गरें ❀ स्नानादि औ मज्जन ॥२७०॥
जो हो पाप निखार्नको अधिपती ❀ ठूलो अयोध्या पुरी
त्याहाँ स्नान गरेर दान सरयू- ❀ मा विप्र-पूजा गरी ।
तासी स्नान गरी पुगें म सहजै ❀ राम्रो हरिद्वारमा
त्याहाँ पाप निखार्न यज्ञ प्रभु छन् ❀ श्री विष्णुको रूपमा ॥२७१॥

डुल्दै हाटकमा अवन्तिपुरमा ❀ पौंची गरैं दर्शन
ढोगी राम र कृष्णका चरणमा ❀ खुशी भएथ्यो मन ।
त्याहाँबाट प्रयाग संगम पुगें ❀ स्नानादि पूजा गरी
पाएँ दर्शन बिन्दुमाधवजिको ❀ हे भूपती ! राम्ररी ॥२७२॥
पौंचेथैं कुरुक्षेत्र सूर्यग्रहणै- ❀ मा स्नानको त्यो स्थल
फर्केथैं मथुरा पुरी सुख दिने ❀ श्रीकृष्ण-लीला-स्थल ।
गंगा-सागरमा मुनी कपिलको ❀ देखें गई आश्रम
ज्ञाता हुन् तिनि सांख्यका थरि-थरी ❀ शिक्षा दिने उत्तम ॥२७३॥
रेवा सागर स्नान-दान गरियो ❀ गोकर्ण गोदाबरी
मल्लीकार्जुन तीर्थमा पनि पुगें ❀ डुल्दै अनेकौं थरी ।
ठूलो तीर्थ छ गोमती जब पुगें ❀ त्यस्को सुनैं वर्णन
हड्डी मात्र परे पनी उ जलमा ❀ जानी नजानीकन ॥२७४॥
त्यस्को बन्दछ चक्र गोमति त्यही ❀ नै चक्र हो भन्दछन्
पूजा गोमति-चक्रको गरि-गरी ❀ संसार यो तर्दछन् ।
त्याहाँ दर्शन श्रीत्रिविक्रम प्रभू- ❀ को गर्न पाएँ अनि
त्याहाँबाट हिडें प्रसन्न मनले ❀ पुग्छू म काशी भनी ॥२७५॥
काशीमा मणिकर्णिका छ तटमा ❀ भागीरथी बग्दछिन्
तिन्मा स्नान गरेर दान गरदा ❀ पापी दुखी तर्दछन् ।
बिन्दूमाधव, विश्वनाथ प्रभु छन् ❀ श्री संकटा योगिनी
ढुण्डी भैरव दण्डपाणि सब छन् ❀ कल्याणदाता पनि ॥२७६॥
काशीमा जति मर्दछन् मनुज वा ❀ पन्छी र कीरा पनि
दिन्छन् तारक मन्त्र श्री शिवजिले ❀ ती मुक्त होऊन् भनी ।
काशीबाट गएर दाखिल भएँ ❀ सानन्द नेपालमा
न्वाही बागमती पुगें पशुपती ❀ श्री शम्भुको पाउमा ॥२७७॥

पाएँ दर्शन गुह्यकालि जननी ❀ छन् सिद्ध देवी उहाँ
धेरै मन्दिर छन् अनेक थरिका ❀ द्यौताहरूका त्यहाँ ।
नाना तीर्थहरू डुलें अरु पनी ❀ जाने-सुनेका जति
बाँकी भारतमा रहेन बुझिल्यौ ❀ क्वै तीर्थ हे भूपति ॥२७८॥
डुल्दै फेरि पुगें प्रसिद्ध गिरिमा ❀ हो नाम नीलाञ्चल
त्यस्तो हुन्न कहीं पनी नरपते ❀ त्यो छक्क पर्ने स्थल ।
देखें एक चतुर्भुजी स्वरुपको ❀ साक्षात् कुसुण्डो थियो
विष्णूका जति चिह्न हुन् सकल ती ❀ प्रत्यक्ष नै देखियो ॥२७९॥
देखी विष्णु-स्वरूप चिह्न नसकी ❀ सोधें नगीचै गई
पायौ दिव्य स्वरूप कुन् किसिमले ❀ कुन् युक्तिले के भई ।
लाग्यो भन्न सुनेर बात सहसा ❀ हे ब्रह्मचारी ! सुन !
सानै बालकमा मिली शिशुहरू ❀ खेल्थ्यौं रमाईकन ॥२८०॥
कोही मन्दिर एक उत्तम परै ❀ देखेर हामी गयौं
कोही देव भए त दर्शन गरी ❀ फिर्छौं भनेका थियौं ।
ब्रह्मा, इन्द्र, कुबेर औ वरुणाजी ❀ गर्थे त्यहाँ आरती
पूजा मन्त्रहरू पढी कति त्यहाँ ❀ गर्थे ति वेद-स्तुति ॥२८१॥
गर्थे नाच र गान उत्तम कती ❀ पाऊ झुकी पर्दथे
पक्वान्नादि चढाउँदै शरणमा ❀ न्यूरेर ती पर्दथे ।
पूजा यै क्रमले सकेर सबले ❀ पर्साद खाई गए
आफापना पुरिमा पुगेर सब ती ❀ आनन्द मान्दा भए ॥२८२॥
हामीले गइ त्यो प्रसाद जति हो ❀ बाँकी बचेको सब
खायौं जाति-नजाति उत्तम बुझी ❀ सारा शिशूले तब ।
श्री विष्णू भगवानले खुशि भई ❀ दिनूभयो दर्शन
हाम्रा शंख गदादि चक्रहरुले ❀ शोभित् भएथे तन ॥२८३॥

अन्तर्धान भएर विष्णु भगवान् ❀ जानूभएथ्यो जब
हाम्रो रूप भयो चतुर्भुज भनी ❀ आश्चर्य मान्यौं तब ।
त्याहाँबाट फिरेर बालक सबै ❀ आफ्ना घरैमा गए
आमा बाबु र बन्धु-बान्धव चकित् ❀ भै हेतु सोधीलिए ॥२८४॥
पाए रूप त्यहाँ गएर जसरी ❀ सारा गरे वर्णन
आमा-बाबु र बन्धु-बान्धव पुगे ❀ गछौं भनी दर्शन ।
पाए रूप चतुर्भुजी सकलले ❀ आश्चर्य मानीलिए
जै-जैकार गरेर विष्णु प्रभुको ❀ स्वस्थानमा फर्किए ॥२८५॥
लागे ब्राह्मण भन्न हे नरपते ! ❀ मैले भनेको सुन
जाऊ झट्ट त्यहीं प्रसन्न मनले ❀ गर्नू झुकी दर्शन ।
पायौ खान प्रसाद त्यो यदि भने ❀ श्रीविष्णुको रूप त्यो
भेट्नेछौ तिमिले चतुर्भुज अनी ❀ मानेर पत्यार यो ॥२८६॥
यस्मा संशय छैन केहि मनमा ❀ यस्तो विचारीकन
पाए रूप चतुर्भुजी गइ त्यहीं ❀ श्रीविष्णुको दर्शन ।
हे राजन् ! तिमिलाइ सत्य सब यो ❀ मैले बताएँ अब
गर्नू दर्शन औ प्रसाद खुशिले ❀ खाई हुनू वैष्णव ॥२८७॥
सारा पाप हुनन् सखाप सहजै ❀ वैकुण्ठ भेट्टाउला
राम्रो रूप चतुर्भुजी सहजमै ❀ श्रीविष्णुको पाउला ।
पाए ब्राह्मणबाट सुत्र महिमा ❀ तीर्थादिको त्यो जब
सोधे फेरि समाइ पाउ द्विजको ❀ त्यो तीर्थयात्रा तब ॥२८८॥
बाटोका नियमादि छन् कति थरी ❀ गर्ने कती पालन
के गर्दा शुभ हुन्छ यो विषयमा ❀ भन्नोस् बुझाईकन ।
के-के गर्नु कहाँ गई दिन कती ❀ बस्नू ठुलो तीर्थमा
यस्को वर्णन गर्नुहोम् अब मुने ! ❀ विस्तारका साथमा ॥२८९॥

यस्तो प्रश्न सुनेर विज्ञ द्विजले ❀ जान्छन् कि राजा भनी
बोले-सुन्नुहवस् सबै नरपते ! ❀ त्यो तीर्थयात्रा पनि ।
चारै धाम पुऱ्याउँछू म अहिले ❀ भन्ने इरादा धरी
गाह्रो पर्दछ जान, पूर्ण पनि त्यो ❀ होला कि ! बाधा परी ॥२९०॥
रित्तै फिर्नु हुँदैन हे नरपते ! ❀ पूरा नपारीकन
जो शास्त्रोक्त विधान हो अब तिमी ❀ विस्तारले त्यो सुन ।
पैह्ले त्यो व्यवहार शुद्ध घरको ❀ सारा मिलाईलिनू
जस्लाई दिनुपर्छ जे जति जहाँ ❀ सन्तोष मान्दै दिनू ॥२९१॥
काम क्रोध र लोभ मोह ममता ❀ त्याग्नू अहंकार र
ध्यान् गर्दै भगवानका चरणमा ❀ मन्लाइ पार्नू स्थिर ।
साधू सज्जन विज्ञ पण्डित सबै- ❀ लाई गरी स्वागत
आशीवार्द लिनू प्रसन्न मनले ❀ विद्वान् र ज्ञानीसित ॥२९२॥
सुन्नू नित्य कथा पुराण खुशिले ❀ आराधना विष्णुको
जप्नू केवल 'राम-राम' मनले ❀ चर्चा गरी शम्भुको ।
बाटोमा मृगचर्म धारण गरी ❀ पैह्रेर पीताम्बर
बस्नूपर्दछ ब्रह्मचर्य व्रतमा ❀ सम्झी उनै ईश्वर ॥२९३॥
नित्यै भोजन एक छाक पथमा ❀ गर्नू हविष्यान्नको
त्याग्नूपर्दछ मोह-बन्धन सबै ❀ ठानेर बेकामको ।
पत्नी रूपवती लिएर सँगमा ❀ के जानु तीर्थाटन
त्यस्को क्यै फल प्राप्त हुन्न घरमै ❀ बस्नू छ राम्रो सुन ॥२९४॥
अर्काको धन खोस्नु चोर्नु जनले ❀ निंदा नगर्नू स्तुति
त्यो तीर्थाटनले हुँदैन फल क्यै ❀ हो सत्य हे भूपति ! ।
अर्काको उपकार गर्नु जनले ❀ सम्पत्तिले देहले
दुःखी दीन दरिद्र हीन जनमा ❀ गर्नू दया स्नेहले ॥२९५॥

साधू सन्त अनेक तीर्थ स्थलमा ❀ जो मिल्दछन् सज्जन
तिन्को स्वागत गर्नुपर्छ जनले ❀ झर्को नमानीकन ।
डुल्नू तीर्थ र ब्रह्मचर्य व्रतको ❀ गर्नू सदा पालन
त्यस्ले पूर्ण हुनन् मनोरथ गरे ❀ श्रीरामको चिन्तन ॥२९६॥
हिड्नूपर्दछ एक कोश जति नै ❀ सानन्द पैह्लो दिन
बर्ता हिड्नु हुँदैन शास्त्रहरुले ❀ गर्छन् यही वर्णन ।
भोलीपल्ट कपाल खौरनु पनी ❀ मानिन्छ आवश्यक
चोखो वस्त्र लगाउनू नियमको ❀ बन्नू सदा रक्षक ॥२९७॥
हिड्दा सादर 'राम-राम' मुखले ❀ जप्नू स्वयं मन्मन
कैल्यै गर्नु हुँदैन तीर्थहरुको ❀ सम्मान उल्लंघन ।
यात्रा पदैल गर्नु शास्त्र-मतले ❀ त्यस्को छ पूरा फल
थोत्रा गन्थन वा वृथा गफ गरे ❀ होला सबै निष्फल ॥२९८॥
डोलीमा, रथमा र यानहरुमा ❀ जो गर्छ तीर्थाटन
आधा नै फल मिल्छ हे नरपते ! ❀ तीर्थादिको त्यस्कन ।
पादत्राण लगाइ तीर्थहरुको ❀ जो गर्दछन् सेवन
चौथाई फल मिल्छ धर्म-पथको ❀ गर्दै रहे पालन ॥२९९॥
गो-हत्या सरि पाप लाग्दछ कतै ❀ गाडा चढेमा भनी
तेस्रो भाग बटुल्छ धर्म जन जो ❀ बोल्दैन केही पनि ।
आठौं भाग लिनेछ सेवक बनी ❀ जो जान्छ तीर्थादिमा
नाशिन्छन् सब पाप ताप मनका ❀ जो बस्छ सन्तोषमा ॥३००॥
यात्राको यहि हो विधान नृपते ❀ मैले बताएँ सब
त्याग्नूपर्छ हजूरले सकल यो ❀ साम्राज्यको वैभव ।
आफ्ना मानिस बन्धु सेवक जती ❀ छन् ती सबैको पनि
जे-जे वस्तुहरू दिनू छ खुशिले ❀ सुम्पीदिनू लौ भनी ॥३०१॥

गर्नू छैन विलम्ब देहकन यो ❀ जानी सदा अस्थिर
यो तीर्थाटनले पुऱ्याउँछ छिटै ❀ वैकुण्ठमा आखिर ।
यस्तो अर्ति सुनेर भूप पदमा ❀ राखेर आफ्नू शिर
सम्झे श्री हरिलाइ भित्रि मनले ❀ हे राम ! हे ईश्वर ! ॥३०२॥
मन्त्रीलाइ नगीच डाकि नृपले ❀ आज्ञा दिएथे अनि
मेरो उर्दि सुनाउ रैतिहरुमा ❀ लौ तीर्थ जान्छू भनी ।
मन्त्रीले नृपको सुनी हुकुम त्यो ❀ झ्याली पिटाईदिए
त्यो संचार सुनी प्रजागण सबै ❀ तत्काल जम्मा भए ॥३०३॥
हामीले पनि गर्दछौं नृप-सँगै ❀ श्रीरामको दर्शन
आए विज्ञ मुनी ऋषीश्वरहरू ❀ आनन्द मानीकन ।
प्रातःकाल हुँदा उठेर सबले ❀ स्नानादि पूरा गरी
श्रद्धा भक्ति बढाइ राम-पदमा ❀ कीर्तन् गरे राम्ररी ॥३०४॥
जो-जो उत्तम विप्र हुन् सकलको ❀ पूजा गरे भक्तिले
इच्छा पूर्ण हुने सुआशिष दिए ❀ एकेक ती विप्रले ।
पाई आशिष विप्रको खुशि भई ❀ पाऊ परे भूपति
जाऊँ तीर्थ भनी हिडे सब जना ❀ आनन्द मान्दै अति ॥३०५॥
यात्रामा सब एक कोश जतिमै ❀ विश्राम गर्दा भए
रात्रीमा मिलि कीर्तनादि हरिको ❀ सानन्द गर्दै रहे ।
नाचे गान गरेर नाम हरिको ❀ सम्झेर रात्रीभरि
निद्रा पर्न सकेन रात्रिभरिमा ❀ भन्थे सबै हे हरि ॥३०६॥
राजाले पहिले कपाल शिरको ❀ फालेर लौरो लिए
दण्डी झैं सबले कपाल र जनै ❀ तत्काल त्यागीदिए ।
संन्यासी सरि भै गृहाश्रम तजी ❀ वैरागि भै निःस्पृह
माया मोह सबै तजेर गरनू ❀ तीर्थाटनै केवल ॥३०७॥

राम्रो एक कमण्डलू र मृगको छाला गरे धारण
रित्तै पाउ हिडे भजेर मुखले हे विष्णु ! नारायण ।
बाटोमा पनि गर्दथे घरि-घरी विप्रादि वेद-ध्वनि
जै-जैकार गरेर उच्च स्वरले गर्थे ति शंख-ध्वनि ॥३०८॥
भेटिन्थे पथमा अनेक थरिका साना ठुला तीर्थ जो
तिन्मा स्नान गरेर दान द्विजमा चर्चा गरी रामको ।
धैरै तीर्थहरू डुले खुशि हुँदै राजा प्रजाले जब
देखे एक नदी सफा जल हुने अत्यन्त राम्रो तब ॥३०९॥
गर्थे ध्यान त्यहीं बसी ऋषिमुनी ज्ञानी गुणी ब्राह्मण
ढुंगा चक्र स्वरूपका कति थिए मानो ति नारायण ।
शालिग्राम शिला थिए तटभरी पानी थियो निर्मल
देख्दै चित्त हुने प्रसन्न सबले पानीपिए कल्कल ॥३१०॥
राजाले अति स्वच्छ पुण्य-सलिला देखे नदी ती जब
सोधे नाम बताउनोस् यि नदिको ज्ञानी मुनी हो ! सब ।
यस्तो प्रश्न सुनेर ती नृपतिको आनन्द मानीकन
सारा ती तपसी मुनी र ऋषिले गर्दा भए वर्णन ॥३११॥
राजन् ! यी नदिको महात्म्य छ ठुलो ती देवता वा नर
गर्छन् सेवन दान ध्यान खुशिले सद्भक्तिले सुन्दर ।
निस्केकी अघि गण्डवाट विधिकी ऐह्रे त्यसै कारण
भन्दै छन् शुभ नाम गण्डकि भनी यिन्लाइ ज्ञानी जन ॥३१२॥
यिन्को दर्शन मात्रले पनि सबै पापादिका बन्धन
काटिन्छन् अनि स्पर्शले हृदय नै होला सफा कञ्चन ।
गर्नाले जल-पान कोटि जुनिको काटिन्छ दुर्भावना
तिन्लाई सुख शान्ति मिल्छ, यमको पर्दैन क्यै यातना ॥३१३॥

शालिग्राम शिला यि विष्णु-रुपका ❀ पाइन्छ धेरै यहाँ
शालिग्राम र चक्र द्वारवतिको ❀ पूजिन्छ साथै जहाँ ।
गंगा-सागरको समान त्यहि नै ❀ हो मुक्ति-दाता स्थल
यस्मा संशय छैन हे नरपते ! ❀ साहै छ यो उज्वल ॥३१४॥
शालिग्राम प्रसन्न भै दिन-दिनै ❀ जो गर्दछन् पूजन
यो संसार समुद्र-पारि सहजै ❀ जान्छन् तिनै सज्जन ।
पानी मात्र पिए पनी शरिरका ❀ पापादि छन् जे जति
तिन्को नाश हुनेछ, भक्ति मनमा ❀ बढ्ला कती हो कति ॥३१५॥
संसारी र गृहस्थ-धर्म-पथमा ❀ चल्नेहरू छन् जति
सारा पाप पखालि मोक्ष पदमा ❀ पुग्छन् तिनै सद्मति ।
शालिग्राम सहर्ष पूजन गरी ❀ जो गर्दछन् भोजन
हुन्छन् मुक्त अवश्य, देह त्यजि ती ❀ ज्ञानी सुखी ब्राह्मण ॥३१६॥
शालिग्राम नगर्नु पूजन कबै ❀ नारीहरूले भनी
चाहे त्यो विधवा रहोस् कि सधवा ❀ बस्नेछ दुःखी बनी ।
पूजा गर्नु परै रहोस् छनु पनी ❀ हो मूर्खता भन्दछन्
धेरै वर्ष परी ठुलो नरकमा ❀ संकष्ट ती भोग्दछन् ॥३१७॥
भन्छन् वज्र समान पुष्प, विष झैं ❀ श्रीखण्ड नैवेद्य भो
नारीले त नगर्नु पूजन कबै ❀ शास्त्रोक्त यो बात हो ।
शालिग्राम सदैव पूजन स्वयं ❀ गर्छू म जो भन्दछन्
जस्ले रोक्तछ, त्यो ठुलो नरकमा ❀ पर्नेछ यो मान्दछन् ॥३१८॥
शिक्षा नास्तिकलाइ दिन्छ, तिमिले ❀ गर्नू सधैं पूजन
त्यस्को मुक्ति हुनेछ सात कुलको ❀ त्यै हो गुणी सज्जन ।
डाकू चोर अनेक पापहरुमा ❀ छन् गाडिएका जति
शालिग्राम गरेर पूजन छिटै ❀ तर्छन् ठुला दुर्मति ॥३१९॥

शालिग्राम सहर्ष पूजन जहाँ ❀ गर्छन् तपस्वी मुनि
हुन्छन् तीर्थ ति एक योजनभरी ❀ चाहिन्न केही पनि।
पूजा गर्नु हुँदैन भंग अथवा ❀ टूटे फुटेका पनि
चिल्लो उत्तम हेर्नुपर्छ वजनी ❀ हुन् विष्णुरूपा भनी ॥३२०॥
शालिग्राम लिएर राख्नु सँगमा ❀ यो देह त्याग्छू भनी
त्यस्लाई दुख हुन्न क्यै मरणको ❀ भन्छन् ति सुत्रे पनि।
त्यस्को मुक्ति अवश्य हुन्छ भवमा ❀ पर्दैन त्यो जन्मन
हो यो सत्य कुरा र शास्त्र-मत हो ❀ तोड्ला सबै बन्धन ॥३२१॥
चारै वर्ण पुराण शास्त्रहरुको ❀ ज्ञाता गुणी सज्जन
शालिग्राम पुजी गए सुरपुरी ❀ त्यागेर आफ्नू तन।
शालिग्राम र चक्र गोमति नदी- ❀ को गर्छ जो पूजन
त्यस्ले जन्मनु-मर्नु कष्ट कहिल्यै ❀ पर्दैन भोगीलिन ॥३२२॥
पूजामा धन-मोह क्रोध नगरी ❀ शान्ती गरे धारण
इच्छा पूर्ण हुनेछ, क्रोध मनको ❀ हो पापको कारण।
पल्केका पर-नारिमा र धनमा ❀ पापीहरूछन् जति
तिन्ले पूजन यो नगर्नु कहिल्यै ❀ हो नर्क जाने मति ॥३२३॥
पैह्लेका हरिभक्त अम्बरिष जो ❀ राजा थिए सज्जन
दुर्वासा ऋषि चक्रकै अघि परे ❀ ती भूपकै कारण।
यौटा भन्छु कथा म यै विषयको ❀ कोही थिए वैष्णव
पौंचे कीटक देशमा घुमि-फिरी ❀ क्यै कालमा ती जब ॥३२४॥
व्याधा एक रहेछ दुष्ट यमका ❀ क्यै दूत आए लिन
लौरो एक ठुलो छ, पात्र करमा ❀ थाले ति तर्साउन।
व्याधा दुःख परी अनेक थरिका ❀ सन्ताप मानीकन
हेर्थ्यो छक्क परेर बोल्न नसकी ❀ आत्तीरहेथ्यो मन ॥३२५॥

राता तरेर दुइ नेत्र तिखारि हेर्छन्
दाह्रा किटी घरि-घरी ति लतार्न खोज्छन् ।
त्यस्ता भयंकर ति दूत खडा भएर
हप्काउँछन् घरि-घरी नगिचै गएर ॥३२६॥
हत्या गरिस् किन अघी सब जानि जानी
नारी पराइ हरिथिस् किन क्यै नमानी ।
अर्को नगीच गइ भन्दछ दूत फेरि
पापी ठुलो रछ लु बाँध झिकेर डोरी ॥३२७॥
अर्को रिसाइकन भन्दछ काट्नुपर्छ
यस्लाइ त्यो नरकमा लगि जाक्नुपर्छ ।
अर्को उतर्सिकन भन्दछ कुट्नु पर्छ
छाड्नू हुँदैन अब प्राण निकाल्नुपर्छ ॥३२८॥
गर्थे कुरा थरि-थरी यमदूत ताहाँ
क्वै दूत नाग बनि झट्ट गएर वाहाँ ।
खुट्टामहाँ डसिदियो अनि त्यो ढलेर
मूर्च्छा पऱ्यो जमिनमा लडि उल्टि खेर ॥३२९॥
वाणी रुकेर जब बोल्न सकेन त्यस्ले
बाँधे तुरुन्त यमका बलवान दूतले ।
हात्मा लिएर यमदण्ड रिसाइ धेर
पापी ! तँ जा नरकमा नगरी अबेर ॥३३०॥
दुष्कर्म जन्मभरि जो अघि हो गरेको
पर्नेछ भोग्न अब रौरवमा परी त्यो ।
मारिस् अघी जसरि जीवहरू अनेक
ती जीवले अब लिनन् बदला विवेक ॥३३१॥

केही रहेन मनमा बनि निर्विवेकी
पापै गरिस् किन यता-उति ताकि-ताकी ।
नारी र वैभव कतातिर भेट्छु भन्दै
दुष्कर्म नै किन गरिस् सुख-योग्य ठान्दै ॥३३२॥
गोविन्द-नाम जब बिर्सिदिइस् त्यसैले
पर्ने भइस् नरकमा दुख भोग ऐल्हे ।
लौ हिड् छिटै तँ यमका नजदीक पैल्हे
दिन्छन् हुकुम् नरकमा गइ बस्नु तैंले ॥३३३॥
यस्तै अनेक थरिका त कुरा सुनाई
लैजान तत्पर भए उहि व्याधलाई ।
वाणी भएर अवरुद्ध सकेन बोल्न
थाल्यो मनैमन अनेक कुतर्क गर्न ॥३३४॥

व्याधालाइ चुटेर दूतहरुले ❀ लैजान आँटे जब
आए एक मुनी उसै बखतमा ❀ ज्ञानी तथा वैष्णव ।
व्याधाको दुखले र खिन्न मनले ❀ केही नबोले पनि
शालिग्राम शिला पखालि जल त्यै ❀ ख्वाए दयालू बनी ॥३३५॥
फेरी त्यो जलमा तुरुन्त तुलसी- ❀ का पात हालीकन
छर्के त्यै जल व्याधको तनभरी ❀ निष्पाप पारीदिन ।
पढ्दै उत्तम 'ॐनमो भगवते०' ❀ त्यस्का दुवै कानमा
पैल्हे मन्त्र सुनाइ आशिष दिए ❀ तिन्ले दया-भावमा ॥३३६॥
सोधे ती यमदूतलाइ मुनिले ❀ निष्पाप व्याधा भयो
गर्छौं कष्ट दिने कुरा किन वृथा ❀ आश्चर्य लाग्दै छ यो ।
यस्तै ती यमदूतलाइ मुनिले ❀ सोध्दै थिए तापनि
व्याधा बन्धनमै थियो अति रुँदै ❀ निर्दोष छू लौ भनी ॥३३७॥

त्यै वेला सहसा उपस्थित भई ❀ श्रीविष्णुका दूतले
सोधे ती यमदूतलाइ सहसा ❀ हप्काउँदै रीसले ।
व्याधालाइ दियौ अनेक थरिका ❀ सन्ताप ऐल्हे किन
कस्को पाइ हुकुम् अनर्थ यसरी ❀ गर्छौं मलाई भन ॥३३८॥
सुन्दा ती यमदूतले यति कुरा ❀ श्रीविष्णुका दूतको
बोले श्रीयमराजकै हुकुमले ❀ बाँधीलियौं हामिले ।
पापी हो र कुकर्म घोर खलले ❀ जानी अनेकौं गऱ्यो
तेसै कारणले सजाय अहिले ❀ भोग्दै छ, भोग्नेछ यो ॥३३९॥
यस्तालाइ पनी क्षमा गरि सबै ❀ वैकुण्ठ लान्छौं भनी
गर्दै छौ बल व्यर्थमा किन तिमी ❀ ऐल्हे दयालू बनी ।
यस्ता ती यमदूतका सुनि कुरा ❀ श्रीविष्णुका दूतले
शालिग्राम शिला र दिव्य तुलसी ❀ हो श्रेष्ठ यै हेतुले ॥३४०॥
पापी धेर भए पनी मरणको ❀ वेला उपस्थित् हुँदा
शलिग्राम् तुलसी तथा जल लिई ❀ छोई, छुवाईदिदा ।
सारा पाप पखालियो भनि स्वयं ❀ प्रत्यक्ष जानीलिनू
त्यस्तालाइ कुकर्मको फल भनी ❀ हो व्यर्थ सास्ती दिनू ॥३४१॥
यस्को देह भयो पवित्र, हरिले ❀ आज्ञा दिनूभो जब
आयौं हामिहरू र स्वर्गपुरिमा ❀ यस्लाइ लान्छौं अब ।
जाओ भाग तिमीहरू अब छिटै ❀ आज्ञा प्रभूको भनी
पछौं नत्र त कष्टको भुमरिमा ❀ निर्दोष छौ तापनि ॥३४२॥
यस्ता बात सुनेर दूत यमका ❀ तत्काल भागीगए
त्यो सारा यमराजको हजुरमा ❀ बिन्ती चढाईदिए ।
व्याधालाइ विमान स्वर्गपुरिको ❀ आयो अगाडी अनि
पोंचाए सब दूतले विनयले ❀ लौ स्वर्ग जाऊँ भनी ॥३४३॥

जस्ले धर्म गरेन, पापतिर नै ❀ लागी बित्यो जीवन
त्यस्तालाइ मिल्यो पवित्र जलले ❀ नै स्वर्ग जाने क्षण ।
आफ्नू जन्मभरी अनेक थरिका ❀ दुष्कर्म जस्ले गऱ्यो
त्यस्लाई प्रभुको दया हुन गई ❀ संसार-पारी तऱ्यो ॥३४४॥
जस्ले पढ्छ महात्म्य यो दिन-दिनै ❀ श्रद्धा र भक्ती गरी
व्याधा झैं गति मिल्छ त्यस्कन पनी ❀ जानेछ पारी तरी ।
ती रत्नग्रिव भूपले यति सुनी ❀ आनन्द मानीकन
पैह्ले स्नान गरेर पितृहरुको ❀ गर्दा भए तर्पण ॥३४५॥
तिन्ले गण्डकिका शिलाहरु लिए ❀ चौबीस छानीकन
शंालिग्राम भनेर शास्त्रविधिले ❀ गर्दा भए पूजन ।
राजा खूशि भई त्यहाँपछि हिड्े ❀ सानन्द नीलांचल
इच्छा एक थियो, ति विष्णु प्रभुको ❀ दर्शन् हुने केवल ॥३४६॥
गंगा-सागरमा पुगे सब जना ❀ हेर्थे ति चारैतिर
देखेनन् जब नील-पर्वत अनी ❀ सोधे कती छन् पर ।
मैले देख्दिनँ के भयो मकन यो ❀ जान्दीनँ केही पनि
यस्मा कारण के छ हे द्विजपते ❀ भन्नोस् दयालू बनि ॥३४७॥

तिन्को कुरा सुनि भने मुनिले बुझाई
लौ हेर नीलगिरि छन्, नगिचै रमाई ।
आज्ञा सुनेर मुनिको नृप भक्तिसाथ
हेर्दै थिए सब दिशा निहुराइ माथ ॥३४८॥
तिन्लाइ दर्शन मिलेन जसै गिरीको
दुःखी भए मनमनै बढि ताप मन्को ।
तिन्लाइ दुःखित बुझी मुनि एक आए
सानो र उत्तम उपाय छिटै बताए ॥३४९॥

आएँ यहीँ म पनि हे नृप कोहि दिन्मा
पाईनँ दर्शन भयो अति कष्ट मन्मा ।
राजन् ! जहाँ जलधि-भागिरथी मिलेर
ठूलो छ संगम त्यहीँ म गएँ कुदेर ॥३५०॥
आएँ नुहाइ मनमा लिइ भक्ति धेर
बाँधेर आसन बसेँ नगरी अबेर ।
थालेँ म विष्णु प्रभुको अनि ध्यान गर्न
भेटेँ अनी पथ सफा मन भो प्रसन्न ॥३५१॥
गर्नोस् हजूर पनि पूजन ध्यान दर्शन्
मिल्नेछ विष्णु प्रभुको, नगरेर दोमन् ।
यस्तो सुनेर उपदेश ति भूपतीले
आए नुहाइकन संगम शुद्ध मन्ले ॥३५२॥
श्री विष्णुको चरणमा मनलाइ बाँधी
ती ध्यानमा जब डटे बनिगो समाधि ।
रोकेर चंचल हुने निज चित्तलाई
गर्दा भए स्तुति त्यहीँ मनमा रमाई ॥३५३॥
हे नाथ ! हे यदुपते ! करुणानिधान !
त्रैलोक्य-रक्षक, दयामय ! हे प्रधान ।
हे भक्त-रक्षक ! सदा पदमा प्रणाम
गर्छू म बिन्ति सुखका प्रभु दिव्य धाम ॥३५४॥
पर्छन् विपत्ति जब भक्तविषे तुरुन्त
नै जानुहुन्छ हित गर्न भनी समस्त ।
त्यस्लाइ इच्छित दिने वरदान नाथ !
गर्छू प्रणाम पदमा निहुराइ माथ ॥३५५॥

दुर्वासा ऋषि श्राप दिन्छु म भनी ❀ व्यर्थै भए तत्पर
तिन्को तोड्नुभयो घमण्ड, नृपको ❀ रक्षा गरी सादर ।
छोडेथे जब इन्द्रअस्त्र बलियो ❀ श्री इन्द्रले कै दिन
रक्षा गर्नुभयो दिलीप-सुतको ❀ त्यो छातिमा गैकन ॥३५६॥
धेरै यत्नहरू गऱ्यो कशिपुले ❀ प्रह्लाद मार्छू भनी
धारी रूप नृसिंह मारिदिनुभो ❀ त्यो दुष्टलाई पनि ।
रक्षा गर्नुभयो सबै तरहले ❀ प्रह्लादको हे प्रभो !
माग्दै छू म पनी दया हजुरको ❀ पाऊँ भनी हे विभो ! ॥३५७॥
तानेथ्यो गजराजलाइ जलमा ❀ त्यो ग्राहले बेसरी
त्यस्ले बिन्ति गऱ्यो विनम्र स्वरमा ❀ पाऊ परी हे हरि ।
पाल्नूभो दगुरेर त्यो बखतमा ❀ हावा सरी वेगले
रक्षा गर्नुभयो पुगेर करको ❀ त्यो तेजिलो चक्रले ॥३५८॥
ठूलो आपद पर्छ जुन् बखतमा ❀ आफ्नो कुनै भक्तमा
पुग्नूहुन्छ स्वयं सवेग दगुरी ❀ रक्षार्थ त्यै स्थानमा ।
पैह्ले नै अवतार धारण गरी ❀ मारी अधर्मी जति
रक्षा गर्नुहुँदै छ भक्त जनको ❀ धेरै कती हो कति ॥३५९॥
गर्छन् गान हजूरका थरि-थरी ❀ लीलाहरूको जन
तिन्लाई दिनुहुन्छ श्रेष्ठ वरदान् ❀ हुन्छन् सुखी सज्जन ।
ऐह्ले छू म विपत्तिमा हजुरको ❀ पाईनँ ख्वै दर्शन
गर्नूहोस् उपकार यो बखतमा ❀ हे विष्णु नारायण ! ॥३६०॥
ब्रह्मा अग्नि सुरेन्द्र औ वरुणले ❀ जो ध्यान गर्छन् सदा
अर्को छैन दयालु क्वै हजुर झैं ❀ स्वामी, सदा-सर्वदा ।
रक्षा ती सबको र भक्त जनको ❀ भक्ती विचारीकन
गर्नूहुन्छ दया कृपा हजुरले ❀ हुन्छन् सुखी सज्जन ॥३६१॥

मैले जान्दिनँ मूर्ख छू हजुरको ❀ श्रद्धा र भक्ती पनि
यौटै बात म जान्दछू शरणमा ❀ पर्नेछ मौका भनी ।
बारम्बार प्रणाम गर्छु पदमा ❀ पाऊँ छिटै दर्शन
राजाले यसरी गरे थरि-थरी ❀ भक्ती तथा पूजन ॥३६२॥
नित्यै ती नृपले यसै गरि गरे- ❀ थे ध्यान भक्ती जब
निद्रा भोक थकाइ केहि नबुझी ❀ बिर्सीदिएथे सब ।
तिन्को प्रेम बुझी प्रसन्न मनले ❀ दिन्छू भनी दर्शन
इच्छा गर्नुभयो म गर्दछु भनी ❀ कल्याण तिन्को सुन ॥३६३॥
हात्मा दण्ड कमण्डलू र कटिमा ❀ जाज्वल्य पीताम्बर
पैह्रेको छ जनै, खराउ पदमा ❀ देखिन्छ झन् सुन्दर ।
सामुन्ने नृपका उपस्थित भए ❀ मुद्रा हँसीलो थियो
देख्दैमा नृपको भएजति सबै ❀ चिन्ता अशान्ती गयो ॥३६४॥
ती दण्डीकन भूपले मनमनै ❀ विष्णू यिनै हुन् भनी
पूजा आदर भक्तिले गरिलिए ❀ केही नजान्ने बनी ।
दण्डीलाइ भने विनम्र स्वरमा ❀ मेरो छ यस्तो स्थिति
ऐह्रे दर्शन विष्णुकै सरि भयो ❀ आनन्द मेरो मति ॥३६५॥
यस्तो बिन्ति गरेर भूपति बसे ❀ केही नबोली जब
लागे भन्न बुझाइ बात हितको ❀ हाँसेर ती वैष्णव ।
हे राजन् ! मन शान्त राख र दिनन् ❀ श्रीविष्णुले दर्शन
इच्छा पूर्ण हुनेछ स्वर्गपुरिमा ❀ जानू खुशी भैकन ॥३६६॥
अन्तर्धान भए तुरुन्त त्यहिँ नै ❀ ती दण्डधारी जब
को हुन् यी भनि चिन्न-जान्न नसकी ❀ आश्चर्य माने तब ।
सोधेथे मुनिलाइ आदर गरी ❀ को हुन् तपस्वी यिनी ?
बोलेथे अनि भूपको सुनि कुरा ❀ ती ब्रह्मचारी मुनि ॥३६७॥

राजन् ! भाग्य ठुलो रहेछ र मिल्यो ❀ श्री विज्ञको दर्शन
जान्नू विष्णु भनी तिनैकन तिमी ❀ झूठो कुरा बोल्दिनँ ।
पुग्नेछौ जब नीलपर्वतविषे ❀ मिल्ला त्यहीं दर्शन
बस्नेछौ गइ झट्ट स्वर्गपुरिमा ❀ आनन्द मानीकन ॥३६८॥
ज्ञानी ब्राह्मणबाट यो सब सुनी ❀ राजा भए हर्षित
हर्षाश्रू नृपका दुवै नयनमा ❀ टल्पल् भए शोभित ।
इच्छा एक थियो म कुन् तरहले ❀ भेट्टाउँछू दर्शन
ज्ञानी ब्राह्मणले भनेपछि भयो ❀ क्ये शान्त तिन्को मन ॥३६९॥
देखेथे अनि स्वप्न एक निशिमा ❀ यौटा निकै सुन्दर
आफ्नू रूप चतुर्भुजी हुन गयो ❀ आश्चर्य माने तर ।
पाए दर्शन श्रेष्ठ नीलगिरिमा ❀ साक्षात् रमाका पति
हुन्छौ मुक्त भनी स्वयं वर दिए ❀ शंका नमानी रति ॥३७०॥
निद्रा भंग भयो उठे वरि-परी ❀ हेर्दै थिए भूपति
देखी ब्राह्मणलाइ सादर भने ❀ त्यो स्वप्न देखे-जति ।
पाएँ दर्शन स्वप्नमा ति गिरिको ❀ हो टाकुरा जुन् त्यहाँ
साक्षात् विष्णु बसेर दर्शन दिए ❀ खूशी भएँ मन्महाँ ॥३७१॥
राजाले द्विजलाइ स्वप्न निशिको ❀ गर्दै थिए वर्णन
द्यौताले नभबाट पुष्पहरुको ❀ गर्दा भए वर्षण ।
ठूलो उत्सव भो र सोहि दिनमा ❀ आकाशवाणी भयो
राजाले सहसा सुने गिरि स्वयं ❀ लौ हेर ऊ देखियो ॥३७२॥

यस्तो सुनेर नृपती अति हर्ष मानी
सौभाग्य-युक्त सबमा निजलाइ ठानी ।
अत्यन्त उज्वल सफा गिरि टाकुराले
शोभा थियो रवि सरी अति टल्कनाले ॥३७३॥

त्यो पूर्वमा उदय नीलगिरि प्रधान
पाएर दर्शन भने करुणा-निधान ।
प्रत्यक्ष दर्शन मिल्यो कृतकृत्य छू म
गर्छू प्रणाम पदमा प्रभु सत्यकाम ॥३७४॥
पाएँ दर्शन आज नीलगिरिको ❀ हो बात सौभाग्यको
बारम्बार प्रणाम गर्छु पदमा ❀ सम्झी दया नाथको ।
ढोगेथे गिरिराजलाइ मनले ❀ गर्दा भए पूजन
जो-जो पाप थिए समस्त तनमा ❀ धोई पखालीदिन ॥३७५॥
जम्मा पाँच जना मिलेर गिरिको ❀ जाँ टाकुरामा भनी
पक्का दर्शन मिल्छ सोहि स्थलमा ❀ आनन्द मान्दै अनि ।
हुन्छौं मुक्त अवश्य दर्शन मिले ❀ श्री विष्णुको उत्तम
इच्छा पूर्ण हुनेछ धैर्य मनमा ❀ राख्यौं भने संयम ॥३७६॥
यस्तै तर्क गरी हिडे उनिहरू ❀ पाँचै जना ती जब
बाटोमा गुण-गानका सँग-सँगै ❀ जैकार गर्थे सब ।
चाँडै पुग्न गए ति नीलगिरिको ❀ त्यो टाकुरामा अनि
देख्दैमा सबले भने खुशि हुँदै ❀ हे नाथ ! आयौं भनी ॥३७७॥
हेर्थे मन्दिरको छटा तिनिहरू ❀ शोभा अनौठो थियो
खम्बा उत्तम छन् सबै स्फटिकका ❀ चौतर्फमा देखियो ।
मोती माणिकका ति झालरहरू ❀ लर्की रहेका कति
सिंहासन् त्यहिँ एक स्वच्छ सुनको ❀ सिंगारिएको अति ॥३७८॥
आई देवहरू ति स्वर्गपुरिका ❀ जम्मा भएका थिए
तिन्ले चाकरि विष्णुको थरि-थरी ❀ सानन्द गर्दा भए ।
लक्ष्मी चामरले प्रभूकन स्वयं ❀ हम्कीरहेकी थिइन्
खाने वस्तुहरू उपस्थित रही ❀ आफै तिनी हेर्दथिन् ॥३७९॥

रत्नै-रत्न जडाउ मन्दिर ठुलो ❀ देखे अगाडी जब
त्यस्मा तेज परेर स्वच्छ रविको ❀ टल्कीरहेको सब ।
पौंचे मन्दिर-भित्र पाँच जन ती ❀ सौन्दर्य हेर्दै अनि
थाले पूजन गर्न शुद्ध मनले ❀ हे विष्णु, स्वामी ! भनी ॥३८०॥
पैह्ले स्नान गराइ स्वच्छ जलले ❀ पाऊ पखालीदिए
बत्ती धूप सुपारि पान मसला ❀ सानन्द राख्दा भए ।
सारा वस्तु चढाइ न्यूरि पदमा ❀ ढोगे सबैले अनि
राजा नम्र भएर गर्दछु स्तुती ❀ श्री ईशको लौ भनी ॥३८१॥

संसारमा सुजनको दुख ताप हर्ने
कल्याण सत्पुरुषको सुख मानि गर्ने ।
त्री-मूर्ति धारण गरी बनि मूर्ति एक
कल्याणका बखतमा बनि झन् अनेक ॥३८२॥
गर्दै रहूँ हजुरको म सदैव ध्यान
चाहिन्न केहि सुख वा धन कीर्ति मान ।
आएँ यहाँ जुन ठुलो गरि आश आज
पूरा भयो त्यजिदिएँ सब ती समाज ॥३८३॥
जुन् रूप दर्शन मिल्यो अहिले मलाई
हे नाथ ! त्यो रहिरहोस् मनमा रमाई ।
यो शंख चक्र र गदा कर-बीच धारी
चौथो छ पद्म शुभ रक्षक हे मुरारि ॥३८४॥
यै रूपमा म दिन-रात रमीरहन्छु
आउन् जती दुख विपत्ति सबै सहन्छु ।
बुद्धी छ हीन मतिको म छु मूर्ख नाथ
शिक्षा दिनोस् हजुरले अब भक्ति-साथ ॥३८५॥